

# पुँवार सन्देश

अंक ७ वर्ष १

प्रकाशकः

## पुँवार खड्का गुठी
## केन्द्रीय समिति
गोठाटार, काठमाडौं

ग्याँस चुल्होको वर्नर बाल्नु अघि रेगुलेटर, पाइप, तथा सिलिण्डर ठिक छ छैन राम्ररी चेक गरौं । संभावित दुर्घटनाबाट अमूल्य धनजनको क्षति रोक्न बेलैमा होस् गरौं ।





# विजया दशमी

तथा

# दीपावली-२०६९ को

पावन उपलक्ष्यमा सम्पूर्ण उद्योगी, व्यवसायी तथा ग्राहक वर्गहरुमा सुख, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय

# शुभ-कामना



## नेपाल एल.पी. ग्याँस उद्योग संघ

टेकु, काठमाडौं ।

"सिद्धान्त विनाको राजनीति, चरित्र विनाको शिक्षा, मानवता विनाको विज्ञान, नैतिकता विनाको व्यापार बेकारका (काम नलाग्ने) मात्र हैनन् त्यत्तिकै खतरनाक पनि हुन्छन् ।"

-भगवान श्री सत्य साइबाबा


# पुँवार सन्देश

## अंक ७, वर्ष ९, २०६९

**सल्लाहकार**

चन्द्रबहादुर खड्का
रुद्रबहादुर खड्का
दीपक खड्का

**सम्पादक मण्डल**

टिकाध्वज खड्का
भिमबहादुर खड्का
रहर बहादुर खड्का

**प्रकाशक**

पुवाँर खड्का गुठी
केन्द्रीय समिति

**कम्प्युटर डिजाईन/मुद्रण**

सागर खड्का
न्यू ग्राफिक्स प्रिन्टर
चावहिल काठमाडौं
०१-४९२८१०

**सहयोग स्वरुप :**

व्यक्तिगत २५।-
संस्थागत १००।-


## यो अंकमा


| | | |
|---|---|---|
| १. मन्तव्य | | ३ |
| २. समाजसेवा -एक पुण्यकर्म | -चन्द्र बहादुर खड्का | ४ |
| ३. पेट्रोलियम पदार्थको आधारभूत .. | रुद्र बहादुर खड्का | ६ |
| ४. स्वधर्मको सार | बद्री बहादुर कार्की | २२ |
| ५. नेपालका आदिवासी बाहुन-क्षेत्री | सोदनाथ प्रश्रित | ३० |
| ६. लिगलिगकोटका शाहराजा .. | अमित धिताल | ३३ |
| ७. संघीय गणतन्त्र जर्मनीको. | बलदेव खड्का | ३७ |
| ८. महिला अधिकारबारे जानौं .. | टिकाध्वज खड्का | ४१ |
| ९. दुई वटा गधाको सम्वाद: | एरिका के.सी. | ५३ |
| १०. नाम सुहाउँदो काम: समाजमा. | ललितबहादुर खड्का | ५४ |
| ११. नवग्रह शान्तीको उपाय | एलिना खड्का (धिताल) | ५६ |
| १२. आकस्मिक रूपमा सम्पन्न.. | दीपक खड्का | ५८ |
| १३. भगवानको अदालतमा .. | श्रीमती विद्या खड्का | ६५ |
| १४. मानव बिकासमा प्रकृति .. | निरञ्जन खड्का | ७७ |
| १५. देवाली पूजा एक संस्मरण | भरत खड्का | ८८ |
| १६. देश की राज्य ? | अनुराधा थापा | ९२ |
| १७. चिलखे खड्का अचल.. | उद्धव खड्का | ९५ |
| १८. शुभकामना | सुशिला खड्का | ९७ |
| १९. वालकको चेतनामा संचारको .. | रहर बहादुर खड्का | ९८ |
| २० सत्यलाई स्वीकार गरौं | लक्ष्मी बहादुर खड्का निराला | १०३ |
| २१. गुठीको गतिविधिहरू | | १०६ |



Website:www.puwarkhadka.com.np
E-mail:info@puwarkhadka.com.np

# मन्तव्य



नीति शास्त्र पञ्चतन्त्रमा भनिएको छ - "सन्तान भनेको वंशको मर्यादा र प्रतिष्ठालाई उच्च गराउने जिम्मेदार व्यक्ति हो । यदि उसले कूलको सम्मान र गरीमालाई अग्लो बाँसको टुप्पामा बाँधेको झण्डा जस्तै गरी माथि उठाउने खालको कुनै काम गरेन भने उ घातक हो । उसले अरु कुराको मात्र हैन उसलाई जन्माउनका लागि उसकी आमाले गरेको दुःख र त्यागलाई समेत घात गरेको ठहरिन्छ । यस संसारमा जन्मिएको जुनसुकै प्राणी मर्दछ र मरेको जुनसुकै प्राणी उसै गरी जन्मन्छ पनि । यो सास्वत : प्राकृतिक नियम हो । त्यसरी जन्म लिएका व्यक्तिले यदि अर्काको हित हुने काम गर्दछ र दान, सेवा आदि कामबाट अर्काको सहयोग गर्दछ भने उसैको जन्म सफलिभूत भएको मानिन्छ" ।

आज हाम्रो मुलुक वेरोजगारी, अभाव, अनियमितता, असुरक्षा र चरम महँगी जस्ता विकृति र विसंगतिले आक्रान्त छ । यस्ता नकारात्मक प्रवृत्तिलाई निरुत्साहित गर्न कहिं कतैबाट पनि ठोस प्रयत्न भएको देखिँदैन । यस्ता नकारात्मक कृयाकलाप निर्मुल पार्ने प्रथम जिम्मेवारी सरकारको भएतापनि उ आफै उदासिन रहँदै आएको छ । चौतर्फी मारमा परेको कारण जनताको मनोवल खस्केको प्रतित हुन्छ । जनताले लामो समय देखि प्रतिक्षा गरेको संविधान कहिलेसम्म बनिसक्ने हो कुनै टुंगो छैन । हाम्रो राष्ट्रिय स्वार्थ के हो ? हाम्रो राष्ट्रिय लक्ष्य के हो ? र हाम्रा राष्ट्रिय गन्तव्य के हो ? यसको व्याख्या आजसम्म कहिं कतैबाट भएको स्थिति छैन । हामी सबै जातजातिका पुर्खाहरूको अथक परिश्रम, त्याग र बलिदानले जे जति सम्बर्द्धन भएका थिए त्यो पनि हामी भत्काउन पट्टि उन्मुख भएको वर्तमान राजनैतिक परिदृश्यले औंल्याई रहेको छ । मुलुकलाई सडकको यस्तो 'डेड एण्ड' मा पुऱ्याइएको छ जहाँबाट अब कता जाने हो कुनै दिशाबोध निर्दिष्ट छैन । संविधान भनेको मुलुकको सम्बृद्धिको लागि हो मुलुकको अवसानको लागि पक्कै होइन । जातीय राज्यको अवधारणा ल्याई अल्पसंख्यकले बहुसंख्येक माथि शासन गर्ने जस्ता नकारात्मक एवं प्रत्युत्पादक सोचले राज्यको पुनःसंरचनामा प्रश्रय पाएमा हामी कसैको पनि हितमा नहुने प्रष्ट छ । सम्बृद्धिको सपना देख्ने प्रत्येक नेपालीको गतिशिलतालाई स्थान दिने भावनाबाट राज्यको पुनः संरचना गरिएमा मात्र संघिय लोकतान्त्रिक गणतन्त्र सवल र सार्थक हुने आम नेपालीको धारणा रहेको हामी पाउँछौं । परिवर्तन सृष्टिको नियम हो, वाधा व्यवधान परिवर्तनको सूचक हो । यहि मूल मन्त्रलाई अंगाली सकारात्मकता तिर अगाडि बढ्न कोशिस गऱ्यौं भने हामी आफ्नो गन्तव्यमा अवश्य पुग्छौ, यसमा कुनै शंका छैन । सृष्टिको प्रारंभदेखि हामी सबै जातजाति यसै मुलुकमा हातेमालो गरी एक अर्काको सुखदुखमा साथ दिई हुर्के बढेका हौं । हामी नेपालीहरू कुनै जाति विशेषका होइनौ । हाम्रो मुलुक नेपाल हो र हाम्रो जात नेपाली हो ।

जसरी प्रत्येक प्राणीलाई जिवित हुनको लागि अन्न, जल र बायुको आवश्यकता पर्दछ त्यसैगरी कुनै संस्था जिवित रहन उसलाई तन, मन र धनले सहयोग गर्ने सहयोगीहातहरूको आवश्यकता पर्ने हुन्छ । जसरी थोपा थोपा गरेर गाग्री भरिन्छ त्यसैगरी थोरै मात्र आर्थिक सहयोग भएमा पनि हाम्रो पवित्र संस्थालाई जिवित

राख्न ठूलो टेवा पुग्ने हुन्छ । सहयोग गर्ने भनेको अरु कोही होइनन् हाम्रै गुठीका आदरणीय सदस्यहरू हुन् । हाम्रो सम्पत्ति भनेको अरु केही होइन हाम्रै गुठीका आदरणीय दाजुभाई, दिदी बहिनीहरू नै हुन् । अतः हामीले गुठीलाई गरेको र अब गरिने दान हाम्रा प्रातः स्मरणीय पुर्खाको सम्झनामा गरिने विभिन्न धार्मिक एवं सामाजिक कार्यमा नै खर्च हुने भएकोले निस्वार्थ भावले सहयोग गर्दै रहन म सबै पुँवार खड्का वन्धुवान्धवहरू समक्ष हार्दिक आह्वान गर्दछु । सदियौं देखि आफ्ना वंशजहरूले प्रतिपादित गर्दै आएका धर्मसंस्कृति एवं परम्परालाई पालन गर्दै हिजोको अनुभवले भोलिको लागि आजै हामीले बुद्धि विवेक पुऱ्याए र सत्कर्म गऱ्यौं भने अवश्य पनि हामीले जीवनमा आशातित प्रगति गर्न सक्छौं , यसमा कत्ति पनि संदेह नहोला ।

अन्तमा शुभ विजयादशमी तथा दिपावली २०६९को पावन उपलक्ष्यमा प्रकाशन हुन लागेको यस 'पुँवार सन्देश' मार्फत म स्वदेश तथा विदेशमा रहनु भएका सबै पुँवार खड्का दाजुभाई दिदी बहिनी एवं शुभेच्छुकहरू प्रति हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । हाम्रो अनुरोधमा गुठीको सहयोगार्थ अमूल्य विज्ञापन उपलब्ध गराउनु हुने समस्त संघ, संस्था एवं व्यापारिक प्रतिष्ठानलाई धन्यवादज्ञापन गर्दै आफ्नो स्तरीय रचना पठाई पत्रिकाको शोभा बढाइ दिनु हुने समस्त विद्धान व्यक्तिहरूप्रति आभार व्यक्त गर्दछु । साथै "पुँवार सन्देश" पत्रिका प्रकाशन गर्न निरन्तर तत्परता देखाई कार्य सम्पादन गर्ने प्रकाशन समितिलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

(रुद्र बहादुर खड्का)
अध्यक्ष

# समाजसेवा -एक पुण्यकर्म



-चन्द्र वहादुर खड्का

हाम्रो सनातन हिन्दुधर्ममा पुण्य र पाप यी दुई शव्दले विशेष महत्व राख्छन् । पुण्यको फल सुख हो भने पापको फल दुःख हो । पुण्य र पापको परिभाषा हाम्रा विभिन्न शास्त्रहरूले विभिन्न किसिमवाट दिएका छन् तर पनि सारांशमा यसलाई वुझ्न भगवान वेदव्यास को निम्न उक्ति महत्वपूर्ण छ -

*"अष्टादश पुराणेषु व्यसस्य वचन द्वयम्।*
*परोपकारः पुण्याय पापाय परपीडनम्॥"*

अर्थात- व्यासले रच्नु भएको अठारौ पुराणहरूको सार केबल दुई कुरामा छ , परोपकार गर्नु पुण्य हो भने परपिडा दिनु अर्थात अरुलाई दुःख दिनु पाप हो ।

यसबाट के सिद्ध हुन्छ भने पुण्यको साधन परोपकार हो । परोपकारका माध्यम अनेक छन् तापनि तिनमा सबभन्दा सरल रहज माध्यम हो-समाजसेवा । किनभने आजको वृहदसमाजमा व्यक्तिव्यक्तिले व्यक्तिव्यक्तिको उपकार गर्न साध्य छैन। त्यसैले कुनै संघ,संस्थाको माध्यमद्वारा शिक्षा,स्वास्थ्य,अशक्तहरूको सेवा जस्ता क्षेत्रमा मेवाको आशा नराखी निःस्वार्थ भावनाले आफ्नो तन,मन,र धन लगाउनु नै सही अर्थमा परोकार हो, समाजसेवा हो, पवित्र दान हो । दानको महिमा नीतिशास्त्रमा यसरी बताईएको छ-

*"स्नानेन शुद्धिर्नतु चन्दनेन दोनन पाणीर्नतु कंकणेन ।*
*विभातीकाय खलु सज्जनानां परोपकारार्थमिंद शरीरम् ॥"*

अर्थात -शुद्धि भन्नु स्नान हो चन्दन आदि लेपन गर्दैमा शुद्धि हुदैंन , हातको शोभा भन्नु दान हो कंङ्गण , बाला आदि होईन , सज्जनहरूको शरिरको शोभा भन्नु परोपकार हो त्यसैको लागि नै सज्जनहरूको जन्म हुन्छ भनेर परोपकारको महत्व यस प्रकार दर्शाएको छ । यसै अर्थमा दानलाई हातको गहना भनिएको हो -"दानं हस्तस्य भूषणम्"। अब यसको प्रयोजनको सम्बन्धमा यहां प्रश्न उठ्छ ,के आफुले आर्जन गरेको धन सम्पत्ति आदि जे जति सुख सामाग्री छन् ती आफु र आफ्ना स्त्री , पुत्र आदिको पोषण तथा ऐश आराम मा लगाउनु मात्रै धनको एकमात्र प्रयोजन हो ? वा आफ्नो आय आर्जनको केहि अंश परोपकारमा लगाउनु पनी यसको प्रयोजन हो ? आफ्नो आय आर्जन आफू र आफ्नो परिवारको लागि मात्र प्रयोग गर्ने काम त पशु,पन्छिले पनि गरी आएका छन् । आफूले आर्जन गरेको वस्तुहरू केबल आफ्ना लागि मात्र होईन भन्ने कुराको उपदेश नदीनाला , रुखवृक्षहरूले पनि यसरि दिरहेका छन् -

*"पिवन्ति नद्यः स्वयमेव नाम्भ : स्वयं न खादती फलानी वृक्षः।*
*धरा धरो वर्षति नात्महेतवः परोपकाराय सतां विभूतयः॥ "*

अर्थात - नदीहरूले आफ्नो जल आफैं पिउँदैनन्,वृक्षहरूले आफुले फलाएको फल आफैं खादैनन् । वर्षाले पनि स्वयं आफ्नो लागि नै पृथ्वीमा जल बर्षाउदैन , त्यस्तै सज्जनहरूको सम्पत्ति आफ्नो लागिमात्र हुदैंन, परोपकारको लागि हुन्छ ।

शास्त्रमा यज्ञ , दान र तपको ठूलो महिमा छ । यज्ञले मनुष्यको कर्म र वातावरणलाई शुद्ध बनाउछ । दानले आफुले आर्जन गरेको धनलाई शुद्ध बनाउछ र तपले चित्तलाई शुद्ध बनाउछ । यिनीहरूले

समग्रमा चित्तशुद्धि बनाएर मनुष्यलाई पबित्र पार्दछन्। जवसम्म चित्तशुद्ध भएर म र मेरो भन्ने स्वार्थी भावना चित्तवाट हट्दैन त्यतिवेलासम्म मनुष्य परोपकार तर्फ लाग्न सक्तैन। त्यसैले श्रीमद्‌भागवत गीतामा भगवान श्री कृष्ण आज्ञा हुन्छ -

*"यज्ञ दानतपः कर्म न त्याज्यं कार्यमेव तद् ।*
*यज्ञोदानं तपश्चैव पावनानि मनीषिणाम् ॥ "*

अर्थात - यज्ञ, दान र तपरुपी कर्मको त्याग गर्नुहुदैंन , यो त गर्नै पर्ने कर्तव्य हो किनभने यज्ञ,दान र तप यी तीन कर्मले बुद्धिमान पुरुषहरूलाई पनि पबित्र वनाउछन्। दान भन्नाले केवल सम्पत्ति को दान मात्र सम्झनु हुदैंन। दान धेरै प्रकारका हुन्छन् जस्तो हातमुख जोर्न असमर्थ गरीबहरूको लागि द्रव्यदान, बिद्या आर्जन गर्न नसक्नेहरूको लागि विद्यादान ,अशक्त रोगी तथा बृद्धबृद्धाहरूको लागि सेवादान आदि सबै दानै भित्र पर्छन्।

अत : यस्तो कुरा जान्दाजान्दै पनि यदि हामी लोभ, मोह, अहंकारको वशिभुत भएर दानद्वारा समाज र साथसाथै आफ्नो समेत उद्धार हुनेकर्म गर्दैनौ भने हामी पापी हुनेछौं ,दण्डको भागि हुनेछौं। यस कुरालाई श्रीमद्‌भागवत महापुराणमा यसरी वर्णन गरिएको छ-

*"यावृत भ्रियते जठरं तावत् स्वत्वं हि देहिनाम् ।*
*अधिकं यो ऽ मिमन्यत स स्नेतो दण्डर्महति ॥ "*

अर्थात- जति सम्पत्तिले आफ्नो पेट भरिन्छ त्यत्ति सम्पत्तिमा प्राणिहरूको अधिकार हुन्छ । यदि कसैले चाहिने भन्दा बढि धन सङ्कलन गरेर राख्छ भने त्यो चोर हो, त्यसले दण्ड पाउनुपर्छ।

जव हामी त्यस्तो दण्डलायक पापकर्म पट्टि लाग्छौं तब कर्मको फल हामीले तत्काल वा जन्मान्तर सम्ममा भएपनि भोग्नु नै पर्नेछ किनभने शास्त्रको बचन त्यस्तै छ -

*"अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम् ।*
*नमुक्तं क्षियते कर्म कल्पकोटी शतैरपि ॥ "*

अर्थात-हामीले गरेको राम्रा नराम्रा कर्महरूको फल अवश्य पनि हामिले भोग्नुनै पर्छ किनभने नभोगिकन करोडौं कल्प सम्म पनि आफूले गरे को कर्म नाश हुदैंन । शास्त्रले कर्मको विधान यसरी नै गरेको छ । कर्म गर्न मनुष्य स्वतन्त्र छ तर त्यसको फल भोग्न भने उ स्वतन्त्र छैन , आफ्नै कर्मको अधिनमा रहन्छ। यदि हामीले आफ्नो धन, सम्पत्ति , शक्ति ,सामर्थ्य हुँदाहुँदै पनि लोभ र मोहको कारण दानद्वारा परोपकारमा लगाउँदैनैं भने त्यसको परिणाम कस्तो हुन्छ भन्नेवारे शास्त्रले यस प्रकारको वताएको छ -

**"अदत्तदानात् अमवत् दरिद्र दरिद्र भावात प्रकरोति पापम ।**
**पाप प्रभावात् नरकं प्रयाति पुन : दरिद्रि पुनरेव पापीन ॥ "**

अर्थात-यो जन्ममा दान नगर्नाले अर्को जन्ममा दरिद्र भएर जन्मनु पर्दछ, दरिद्र भएर जन्मेको कारण पापै गर्न पट्टि लाग्दछ । त्यसरी पापगरेको कारण नरकमा जान्छ , अनि नरक भोगिसके पछि फेरी दरिद्र भएर जन्मन्छ र दरिद्रताकै कारण फेरी पाप कर्ममै लाग्दछ। यसरी त्यस्तो व्यक्ति दारिद्रय पापको चक्करमा जन्मजन्मान्तर सम्म घुमिरहन्छ ।

परमात्माको सृष्टिमा मनुष्य योनि नै सवभन्दा उत्तम योनि भनिएको छ । किनभने मनुष्यनैं ववेक, विचार, दया, क्षमता, सद्‌भाव,परोपकार आदि गुणहरूले विभूषित छ। यसकारण मनुष्य नै यस्तो प्राणी हो जस्ले चाहेमा आफ्नो उद्धार आफैं गर्न समर्थ छ। यसै कुरातर्फ इँगित गर्दै श्रीमद्‌भागवतगीतामा श्रीकृष्णको यस्तो उपदेश पाईन्छ -

*"उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।*
*आत्मैव हयात्मनो वन्धुरात्मैव रिपुरात्मनः ॥ "*

अर्थात- आफ्नो उद्धार आफैंले गर्नुपर्छ ,आफुलाई अद्योगतिमा पार्न हुदैंन। किनभने मनुष्य आफूनै आफ्नो मित्र हो र आफूनै आफ्नो शत्रु पनि हो ।

अन्ततः यिनै कुराहरूलाई हृदयङ्गम गरेर हामी सम्पुर्ण पुवाँर खड्काहरूलाई आफ्नो क्षमता अनुसार पुँवार खड्का गुठिमार्फत समाजसेवा गर्दै परोपकारी पुण्य कार्यमा अग्रसर हुने प्रेरणा प्राप्त होस् भनि श्री कात्यायनी भगवती तथा श्री कपिलेश्वर माहदेवमा प्रार्थना गर्दछु। अस्तु:

*लेखकः पुँवार खड्का गुठीका*
*सल्लाहकार एवं पूर्व डि.आइ.जी. हुनुहुन्छ ।*



# पेट्रोलियम पदार्थको आधारभूत ज्ञान एवम् यस व्यवसायमा अर्न्तनिहित चुनौतीहरु

-रुद्र बहादुर खड्का

नेपाल पूर्वगा गेची र पश्चिमगगा गहाकाली नदी विच ऐतिहासिक मकवानपुर, बाइसी र चौविसि राज्यहरू, उपत्यकाका कान्तिपुर, भक्तपुर र ललितपुर राज्यहरू तथा पूर्वका वीजयपुर र चौदण्डी राज्यहरू एकिकरण भै बनेको एउटा सुन्दर मुलुक हो । परापूर्वकालदेखि नै दुई ठूला शक्तिशाली राष्ट्र चीन र भारत वीच भूपरिवेष्ठित अवस्थामा रहेर पनि ती दुबै छिमेकीसँग सौहार्दपूर्ण वातावरण कायम गरी स्वतन्त्र तथा सार्वभौम रहेको हाम्रो मुलुक संयुक्त राष्ट्रसँघको सदस्य रहि असंलग्नता र शान्तीप्रति कटिवद्ध रहँदै आएको छ । मध्ये एसियाको प्लेट्यु र भारतीय उपमहाद्विपको मध्य भागमा पू.८०°२'-८८°३' देशान्तर र उ. २६°२'-३०°७' अक्षांस विच पूर्व देखि पश्चिम लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई सरदर १९३ कि.मि भएको हाम्रो मुलुक चार, जात छत्तिस वर्णको सुन्दर फुलबारी हो । यसै भूमिमा हामी सबै जातजाती हुर्केको समाज सप्तरंगी इन्द्रेणी समान भै नेपाली आकाशमा सदा सोभायमान भइ आएका छौं । झण्डै पाँच हजार वर्षदेखि आगमन र बसाई सराई, अन्तर्घुलन र सहकार्य, आपसि भाइचारा र एकता कायम गर्दै आर्य र मङ्गोलहरू, आष्ट्रिक र द्रविडहरू, हिन्दु र बौद्धहरू, मुस्लिम र प्रकृति पुजकहरू, मैदानी र पहाडीहरू हामी सबै नङ्गमासु जस्तै विभन्न रङ्गहरू अंकित संगमरमरको रुपमा रहेका छौं र यहि सिंगो संगमर्मर रुपी ढिक्का नेपाल राष्ट्र बनेको छ । नेपालको भूमिमा संसारमा पाइने हरेक प्रकारको चट्टानी भुवनावट (terrain) र हावापानी पाइन्छन् । उष्ण हावापानी भएको दक्षिणी होचो मैदानी भाग देखि उत्तरमा बरफले बाह्रै महिना ढाकिइरहने हिमालका असंख्य चुचुराहरू वीच हिमाल राज सगरमाथा संसारकै श्रीपेच भएर उभिएको छ । नेपालको भुभाग ८४% पहाडि र हिमाली क्षेत्रले भरिएको छ तापनि परम्परागत रुपको कृषि व्यवस्था यहाँका बासिन्दाको मुख्य व्यवसाय हो । पहाडै पहाड र हिमालै हिमालले बनेको मुलुक भएतापनि भूगर्भविदहरूको भनाइ अनुसार यहाँका पहाडहरू अन्य मुलुकको पहाडका तुलनामा अत्यन्त नयाँ पहाड (young hill) हो । अतः नयाँ भएकै कारण नेपालका पहाडहरूमा धातु तथा पेट्रोलियमजन्य खानीहरूको संभाव्यता खासै नभएको विभिन्न भौगर्भिक सर्वेक्षणले देखाएको छ ।

नेपालको कूल भुभाग मध्ये खेतियोग्य जमिन २८.६%, वनक्षेत्र ३९.६%, चरन क्षेत्र १२%, हिम तथा चट्टानि क्षेत्र १७.२% र जलक्षेत्र २.६% रहेको छ । सन २०१० को जनगणना अनुसार (प्रकाशित भै नसकेको) नेपालको जनसंख्या पौने तिन करोडको हाराहारीमा रहेको अनुमान छ । केहि वर्ष अघि मात्र नेपाल हिन्दु राष्ट्रबाट धर्म निरपेक्ष राष्ट्र बनिसकेको छ । जनचाहना अनुरुप राजतन्त्रात्मक राष्ट्रबाट संघिय लोकतान्त्रिक

गणतन्त्रात्मक राष्ट्रमा परिणत पनि भैसकेको छ। यो मुलुकमा बसोबास गर्ने व्यक्तिको आयु हालका वर्षहरूमा सरदर ५८ वर्षको हाराहारीमा रहेको छ। अत्यधिक गरिबि र विकासको हिसाबले नेपाल विश्वका गरिब मुलुकहरूको समूहभित्रै पर्दछ। जिवनयापनको लागि मानिसहरू मुख्यतया परम्परागत खेतिपातीमा नै निर्भर हुनु पर्छ। उद्योग धन्दाको हकमा तयारी पोशाक, गलैचा निर्यातमुलक उद्योग हुन् भने चिनी, चिया आदि उद्योगहरू घरायसी प्रयोजनका उद्योग हुन्। प्राकृतिक श्रोत साधन, उद्योगमा जल विद्युत र पर्यटन उद्योग प्रमुख हुन्। मुलुकलाई आवश्यक पर्ने वस्तुहरूको आयात र विक्रीको तुलना गर्दा प्रत्येक वर्ष आयात हुने वस्तको मूल्य निर्यात हुने वस्तुको भन्दा अत्यधिक रहने गर्छ। जस्ले गर्दा सोधनान्तर स्थिति ऋणात्मक हुने गर्छ। आफ्नो मुलुकमा रोजगारको स्थिति अत्यन्त नाजुक भएको करण शिक्षित, अशिक्षित सबैखाले युवायुवतीहरू विदेशमा गइ श्रम गर्नु पर्ने वाध्यता दिनानुदिन बढ्दो क्रममा रहेको छ।

## विभिन्न इन्धनको विश्वव्यापि खपत प्रतिशत

विश्वमा प्रयोग हुने विभिन्न इन्धन (energy source) को २००८ को तथ्यांक अनुसार पेट्रोलियम ३३.५% कोइला २६.८% प्राकृतिक ग्यास २०.८% renewable energy (hydro, solar, wind, geothermal र biofuel) १२.९%, आणविक (nuclear) ५.८% र अन्यमा ४% थियो। यसमा पेट्रोलियम र कोइला मात्र जोड्ने हो भने पनि world energy supply मा ६०% प्रतिशत भन्दा बढि यसैले स्थान हासिल गरेको थियो। पेट्रोलियम जसलार्य fossil fuel पनि भनिने गर्छ यसको खपत सन् १९६५ देखि नै लगातार बढ्दै आएको छ। त्यसमा पनि हालका वर्षहरूमा त पेट्रोलियम, प्राकृतिक ग्यास र कोइला तिनै थरी पदार्थ अत्यन्त द्रुतगतिले सबैको चाहनाको इन्धन बन्न पुगेको छ। झन सन् २०११ मा जापानको पूर्वि तटमा आएको सुनामीले धेरै जापानीहरूको धनजनको क्षति पुऱ्याउनाका साथै आणविक इन्धन (atomic fuel) बाट चल्ने विद्युत गृहमा आणविक चुहावट हुँदा सम्पूर्ण जापान र छिमेकी मुलुकमा समेत आणविक असर पर्न सक्ने कारण सन् २०१२ देखि जापानले आफ्नो सबै आणविक भट्टियुक्त power generation centre बन्द गरेको छ। यो बन्दले अब आणविक इन्धनको स्थान fossil fuel ले लिन सक्ने हुँदा पेट्रोलियम र कोइलाको माँग आगामि दिनहरूमा अझ बढ्ने टड्कारो देखिन्छ।

## इन्धन (fuel energy) को महत्व र प्रयोग

जीवनयापनको लागि मानिसको जीवनमा इन्धनको ठूलो महत्व रहि आएको छ। विहान उठेदेखि अवेर बेलुकासम्म मानौ चौविसै घण्टा उसलाई कुनै न कुनै इन्धनको आवश्यकता ति उपकरणहरू संचालन गर्न परि नै रहेको हुन्छ, चाहे त्यो आकाशमा उड्ने होस् वा सडकमा गुड्ने होस् वा पानीमा हिँड्ने होस् वा कलकारखानामा संचालन गर्न होस् वा अस्पताल, नर्सिङ्गहोममा उपचारजन्य उपकरण संचालन गर्न होस, प्रत्येक पाइलामा कुनै न कुनै प्रकारको इन्धन को अत्यावश्यकता परिनै रहन्छ। मानौ इन्धन विनाको जीवन अब निरर्थक मात्र हैन असम्भव प्राय छ। तर हाम्रो दुर्भाग्य नेपालमा जलविद्युत (hydro electric potentiality) बाहेक अन्य कुनै पनि इन्धनको खानी (reserve) छैन। पेट्रोलियम पदार्थ जसलाई अर्थशास्त्रीय भाषामा तरल सुन (liquid gold) पनि भनिन्छ, आजको विश्वमा अत्यन्त महत्वपूर्ण वस्तुमा रुपान्तरित भएको छ। पेट्रोलियमको राजनीतिले ठूलाठूला शक्तिसाली राष्ट्रहरू विभत्स रुपमा धाराशायी भएका छन् भने तेलको राजनीति गर्ने राजनेताहरूको अत्यन्त हृदय विदारक अन्त्य भएको पनि हामी सबैले देखेका

छौं । यस्को ज्वलन्त उदाहरण हालैका लिबिया र इराकलाई हेरे मात्र पुग्छ । उक्त मुलुकहरूमा तेलको राजनीतिले कस्तो दुर्दशा निम्त्याएको छ ।

पेट्रोलियम पदार्थको खानी भएका विश्वका विभिन्न मुलुकले वडो होसियारीका साथ आफ्नो तेल प्रशोधित वा अप्रशोधित अवस्थामा उपत्पादन गरी बिक्री वितरण गर्दै आएका छन् । पेट्रोलियम पदार्थ विश्वमा धेरै लामो अवधिसम्म नरहने र छिट्टै यसको भण्डारण रित्तिने पेट्रोलियम विशेषज्ञहरूको राय रहँदै आएकोछ । नेपालको परिप्रेक्ष्यमा एक त हामी निर्धन राष्ट्र भएकोले विदेशी मुद्राको अभाव सँधै नै खट्कि रहन्छ भने हामीसँग तेलको खानी नभएकोले वाध्यात्मक अवस्थामा विदेशी मुद्रा पेट्रोलियम पदार्थको खरिदमा नै अत्यधिक खर्चिनु पर्ने भइरहेको छ । नेपालको भूपरिवेष्ठित अवस्थाले गर्दा समुद्रसम्मको पहुँच अत्यन्त कठिन छ । विश्वमा भूपरिवेष्ठित राष्ट्रहरू अरु पनि नभएका होइनन् तर ति मुलुकहरूका छिमेकि राष्टहरूको सहायताले गर्दा उनिहरूले समुद्र सम्मको पहुँच सरल रुपमा नै निरन्तर प्राप्त गरिरहेका छन् । उदाहरणको रुपमा स्विट्जरलैण्ड । स्विट्जरलैण्ड युरोपको भुपरिवेष्ठित राष्ट्र मध्येको एक हो । तर यो मुलुकको दक्षिण तर्फ समुद्र सहितको छिमेकि राष्ट्र इटलिले बन्दर्गाहको राम्रो सुविधा दिएकोले स्विट्जरलैण्डले उसलाई आवश्यक पर्ने पेट्रोलियम पदाथको पाइपलाइन इटलीको गेनोआ देखि ३५० किमि टाढा स्विट्जरलैण्ड बोर्डर सहरमा पुऱ्याई पेट्रोलियम पदार्थको समुचित आयात, संचय एवं प्रशोधन निर्वाध रुपमा विना कुनै झंझट गर्दै आएको छ। त्यस्तै गेनोआ देखि जर्मनीको दक्षिणि शहर इंगोलस्टाड सम्म करिव ८०० कि.मि. लामो पाइपलाइन जडान गरी जर्मनीले पनि तेल पम्पिङ्ग कार्य निर्वाध रुपमा गर्दै आएको छ । तर हाम्रो मुलुक नेपाललाई भारतले दिएको कलकत्ता र हल्दिया पोर्ट सुविधा नाममात्रको सुविधा भएको छ । यदि भारतले पनि असल छिमेकिको हैसियतले नेपाललाई पेट्रोलियम व्यवस्थापनको लागि हल्दिया पोर्टमा छुट्टै संरचना विकास गरी सहयोग पुऱ्याई दिने हो भने नेपालको विकासमा कायापलट हुन सक्छ। यस्तो सहयोग एउटा विकासोन्मुख भूपरिवेष्ठित मुलुकको लागि सामुद्रिक सुविधा भएको छिमेकि मुलुकले गरेको सहयोगको उत्कृष्ट उदाहरण हुन सक्छ । तर भन्दा नेपालमा विकाश होस र शान्ती छावस भन्ने तर व्यबहारमा भने त्यसको अनुभूति कत्ति पनि गराउन नसक्ने वर्तमान परिस्थितिलाई मध्यनजर राख्दा यस्ता एक दुई वटा अत्यावश्यक परियोजना बनाएर नेपाललाई सहयोग गरेमा नेपालीको मन जित्न भारतले अवश्य सक्छ र परम्परागत रुपमा रहेको मित्रवत सम्बन्धमा कुनै चिसोपनको प्रवेश भएको छैनहै भन्ने कुरा पुनः प्रमाणित हुनसक्छ ।

## <u>नेपालमा कच्चा तेल (crude oil) को सम्भाव्यता अध्ययन एवं अन्वेषणको प्रयासहरू</u> :

नेपालमा प्राकृतिक ग्यास र कच्चा तेलको खानी विभिन्न स्थानमा रहेका छन् भनेर विभिन्न भौगोलिक अध्ययनका पुस्तकहरूमा पढ्न पाइन्छ। तर व्यापारिक प्रयोजन (commercial exploitation) को रुपमा यि पदार्थहरू ज्यादै नै नगण्य रुपमा रहेको पनि भौगर्भिक सर्वेक्षणका जरनलहरूमा उल्लेख भएको पाइन्छ । प्रकृतिले पनि हामीलाई साँच्चै नै ठगेको हो कि भन्ने हामीलाई कताकता भान पर्नु पनि अस्वभाविक होइन । उदाहरणको रुपमा केहि वर्ष अगाडि काठमाण्डौ उपत्यकाको विभिन्न स्थानमा प्राकृतिक ग्यास (natural gas) को संभव्यता अध्ययन सरकारीस्तरमा विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू मार्फत गराईएको थियो । संस्थाहरूको अन्वैशन विवरणमा देखाइएका ग्यास रिजर्भ लोकेशन मध्ये टेकु पचली क्षेत्रमा निकै नै परिमाणमा प्राकृतिक ग्यास रहेको पुष्टि भएअनुसार ग्यास प्राप्त गर्न उपकरण जडान गरी खन्ने (drilling)

काम गर्दा जमिनमुनि पानीमा ग्यास मिसिएर रहेको नतिजा प्राप्त भयो। यसप्रकार ग्यास मात्र छुट्टै नरहेको र पानीमा मिसिएर रहेको ग्यासलाई पानीबाट छुट्याएर निकाल्नु पर्दा आर्थिक दृष्टिकोणले फाइदाजनक नहुनेदेखि योजना नै बन्द गर्नुपरेको तथ्यांक हाम्रोसागु रहेकोछ।

त्यस्तै २०४५-४६ सालतिर कैलाली जिल्लाको धनगढी क्षेत्र, मोरङ्ग जिल्लाको लेटाङ्ग क्षेत्रमा विश्व बैंकको सहयोगमा बहुराष्ट्रिय कम्पनी सेल इन्टरनेशनलले कच्चा तेल खानीको सम्भाव्यता अध्ययनको लागि 'ड्रिलिङ्ग' कार्य गर्दा प्रारम्भिक रुपमै सम्भाव्यता नदेखिएको कारण उत्खनन् कार्य बिचमै बन्द गरेको थियो। हाल केहि वर्ष यतापनि चितवन जिल्लाको दक्षिणी भागमा winrock नामक अन्तर्राष्ट्रिय कम्पनीले पनि ड्रिलिङ्ग कार्य गर्दा उत्साहजनक रुपमा खानी नभएको रिपोर्ट प्राप्त भएको छ। अतः कच्चातेल खानीको सम्भाव्यता नेपालमा रहेको नदेखिएको कारण मुलुकलाई आवश्यक पर्ने विभिन्न प्रकारका प्रशोधित तेल विभिन्न तेल उत्पादक मुलुकबाट आयात गरेर नै मुलुकको आपूर्ति व्यवस्थापन गर्नुपर्ने एकमात्र विकल्प रहेको छ।


## नेपाललाई आवश्यकपर्ने विभिन्न पेट्रोलियम पदार्थहरू:

नेपालको भुभाग साधारणतया पहाडि र हिमालीक्षेत्र भएकोले हवाई र सडक यातायात नै यहाँको प्रमुख यातयातका साधन हुन्। बढ्दो शहरीकरणले गर्दा वन जङ्गलको विनास अत्यन्त द्रुतगतिले भएको कारण इन्धनको रुपमा प्रयोग हुँदै आएको काठ दाउराको बैकल्पिक व्यवस्थापन हुनु पर्ने पनि टड्कारो आवश्यकता देखिएको छ। रेल यातायातको विकास नभएको र जलविद्युतको विकास पनि नगण्यरुपमा भएकोले इन्धनको लागि पेट्रोलिय पदार्थ बाहेक अन्य भरपर्दो विकल्प केहि पनि देखिंदैन। व्यवसायिक प्रयोगको हिसाबले नेपाललाई वर्तमान अवस्थामा देहाए बमोजिमका विभिन्न पेट्रोलियम ग्रेडहरूको आवश्यकता परिनै रहन्छ। पेट्रोलियम ग्यास (liquified petroleum gas), पेट्रोल (gasolene), डिजल (high speed diesel), मट्टितेल (superior kerosene), हवाई इन्धन (aviation turbine fuel), लाइट डिजल (light diesel) फ्युल आयल (fuel oil) तथा विभिन्न प्रकारका तैल्य पदार्थ (lubricating oil) नेपाललाई नभै नहुने पेट्रोलियम पदार्थहरू हुन्। उपादेयताको हिसाबले सवारी साधन ग्रुपमा पेट्रोल, डिजल र हवाई इन्धन पर्छन भने तताउने इन्धन ग्रुपमा मट्टितेल, लाइट डिजल, फ्युल आयल पर्छन। पेट्रोलियम ग्यास भने सवारी र हिटिङ्ग दुबै ग्रुपमा पर्छन। पेट्रोलियम ग्यासलाई नेपालमा खाना पकाउने ग्यासको नामले पनि चिनिन्छ यो ग्यासको बनावट (composition) तेल प्रशोधनशालाबाट निस्कने प्रोपेन (propane) ग्यासमा ब्युटेन (butane) ग्यास साधारणतया ६०:४० को प्रतिशतमा प्रशोधनशाला मै मिसाएर ठूला ठूला बुलेट ट्रयाा ढुवानी गरी ग्यास उद्योगीहरूले १४.२ के.जी. ग्यास ससाना स्पातबाट बनेका सिलिण्डरमा भर्ने काम गरी ग्राहक समक्ष बिक्री वितरण गरिन्छ। सिलिण्डरमा रहँदा यो ग्यास तरल अवस्थमा रहन्छ भने पाइपको नोजलबाट बाहिर आउनासाथ ग्यासमा परिणत हुने गर्छ। त्यसैले यसलाई liquified petroleum gas भनिएको हो।

## कच्चातेलको प्रशोधन :

पृथ्वीको धरातलमा करौडौं वर्ष पहिलेदेखि मरेका जीवजन्तु, रुखपात आदि कुहिएर कच्चातेलको रुपमा जम्मा भैरहेको अवस्थामा विभिन्न यान्त्रिक उपकरणको प्रयोगद्वारा जमिन बाहिर निकाली प्रशोधनशालाको सहायताले यथोचित उपादेयता एवं प्रयोगको लागि कच्चा तेललाई परिस्कृत गरी प्रयोगमा ल्याइने गरिन्छ। तेल प्रशोधनशाला प्राविधिक हिसाबले कच्चातेलको गुणस्तर हेरी निर्माण गर्ने गरिन्छ। तेल

**Schematic view of Distillation Unit of a Refinery**




कच्चातेल प्रशोधन गर्दा १ देखि ९ सम्मका पदार्थहरु क्रमानुसार निक्लने गर्छ ।

प्रशोधन प्रविधि (refining technology) एउटा छुट्टै प्राविधिक विषय भएकोले साधारण पाठकको लागि त्यति आवश्यक नहुन सक्छ तसर्थ यसबारे यहाँ चर्चा गरिरहनु त्यति सान्दर्भिक नहोला । साधारणतया : कच्चातेलबाट क्रमशः के कुन प्रकारका पेट्रोलियम ग्रेड निस्कन्छ, प्रशोधन सम्बन्धी आधारभूत जानकारी देहाय बमोजिम line diagram बाट बुझ्न सकिन्छ । तेल प्रशोधनशालाको प्रकार (configuration) धेरै थरीको हुने गर्छ । व्यापारीक दृष्टिकोण र माँग तथा आपूर्तिको हिसाबले विकसित मुलुकहरूले तेल प्रशोधन केन्द्रको स्थापना गरेका हुन्छन्

**<u>इन्धन (fuel) का प्रकारहरू :</u>**

हामीले प्रयोग गर्दै आएका energy का source हरूमा परापूर्वकालदेखि प्रयोग हुँदै आएका (conventional) र तिनिहरूको विकल्पको रुपमा प्रयोग हुने वैकल्पिक (alternative) मूख्य दुई प्रकारका source हरू रहेका छन् । conventional source of energy मा काठ, दाउरा, कृषिबाट पैदा हुने भुस, मकैका खोया र खोष्टा (agriculture residue) गाई गोरु, राँगा, भैंसीको गोबरबाट बनेका गुइठा (animal waste) जल विद्युत, पेट्रोलियम पदार्थ, कोइला आदि हुन भने alternative source of energy मा biogas, solar energy र wind energy हुन् । इन्धनहरूमा पनि अस्थाई र स्थाई बर्गिकरण गर्दा सकिँदै जाने र सँधैभरी रहने गरी २ प्रकारका energy का श्रोतहरू रहेका छन् ।

(१) सकिंदै जाने इन्धनका श्रोतहरू (non revevable source of energy) (२) कहिले पनि नसकिने इन्धनका श्रोतहरू (renewable source of energy) पेट्रोलियम पदार्थहरू कोइला, प्राकृतिक ग्यास आदि non-renewable energy हुन भने सौर्य उर्जा (solar energy), wind energy, hydro energy, nuclear energy renewable source of energy हुन् ।

**<u>पेट्रोलियम पदार्थ उत्पादक र निर्यातक विश्वका प्रमुख राष्ट्रहरू:</u>**

आफ्नो मुलुकमा प्रचुर परिमाणमा कच्चातेल खानी रहनाको साथै तेल प्रशोधनशाला समेत भएका मुलुकहरू विश्वमा धेरै छन् तापनि प्रचुर परिमाणमा कच्चातेलका साथै अत्याधुनिक प्रशोधनशाला भएका राष्ट्रहरू मध्ये संयुक्त राज्य अमेरिका, रुस, वेलायत, क्यानडा, भेनेजुयला, साउदि अरेविया, कुवेत, इजिप्ट, कतार, यमन, ओमान, यु.ए.ई., बहराईन, इराक, इरान,

टर्कि, लिविया, चिन, भारत, मलेशिया, अष्ट्रेलिया, नाइजेरिया, मेक्सिको प्रमुख हुन् ।

**पेट्रोलियम पदार्थ निर्यात गर्ने राष्ट्रहरूको संगठन OPEC (organization of petroleum exporting countries)**

यो एउटा स्थाई अर्न्तसरकारी संगठन हो । स्थापनाकालको शुरुमा यसको मुख्य उद्देश्य पेट्रोलियम पदार्थको उत्पादन र विक्रिमा सामञ्जस्यल्याई विक्री मूल्यमा स्थायित्व प्रदान गर्ने रहेको थियो । तर हाल विगतका केहि वर्षहरूदेखि यसले घुमाउरो पाराले तेलको हतियारद्वारा अन्य राष्ट्रहरू माथि तेलमा निर्भरता जगाई उत्पादन र विक्री मूल्य आफ्नो हितमा हुने गरी नियन्त्रण र निर्धारण गरी फाइदा उठाउने रहेको छ। यो संगठनमा विश्वका तेल उत्पादन गर्ने, प्रमुख राष्ट्रहरू मध्ये १२ राष्ट्र सदस्य रहेका छन् । सदस्यहरूमा इरान, इराक, कुवेत, साउदि अरेविया, भेनेजुयला, संयुक्त अरब इमिरेट्स, कटार, अंगोला, लिविया, इक्वैडोर, अंगोला र नाइजेरिया रहेको छ। युरोप, उत्तर अमेरिका र एसियाका पेट्रोलियम उत्पादक राष्ट्रहरू भने यो संगठनमा सम्मिलित भएका छैनन् ।

**नेपालमा पेट्रोलियम पदार्थको आयात, संचय र विक्री व्यवस्था :**

वि.सं. २०२७ पौष २६ गते भन्दा पहिले नेपालमा विभिन्न बहुराष्ट्रिय तेल कम्पनीहरूले नेपालमा पेट्रोलियम पदार्थको कारोवार गर्दथे। इस्सो इन्टरनेशनल, वर्मासेल, ब्रिटिस पेट्रोलियम, मविल, इण्डियन आयल इन्टरनेशनल नामक संस्थाहरूले प्रतिस्पर्धात्मक रुपमा तेलको व्यापार व्यवस्थापन गराई आएका थिए। २०२७ पौष २६ गते नेपाल आयल निगमको विधिवत स्थापना भएपछि ति कम्पनीहरूको राष्ट्रियकरण भयो र स्वत: नेपाल आयल निगममा विलय भए । हाल नेपालमा आयल निगम लि. नामक एकमात्र पेट्रोलियम मार्केटिङ्ग कम्पनी रहँदै आएको छ। मुलुकभर यही एउटा कम्पनी कार्यरत छ जसले सरकारी स्वामित्वको निगमको रुपमा मुलुकलाई आवश्यक पर्ने सबै प्रकारका पेट्रोलियम पदार्थको आयात, विक्री र संचय व्यवस्था निर्वाध रुपमा गर्दै आएको छ । नेपाल सरकारको ९८.३६% र बाँकी १.६४% अंश राष्ट्रिय विमा संस्थान, नेशनल ट्रेडिङ्ग लि., नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंकको सेयर स्वामित्वमा निगम संचालित छ ।

नेपालमा कच्चा तेलको खानी नभएको कारण मुलुकको पुरै आवश्यकता प्रशोधित तेल नै आयात गरी आवश्यकता परिपूर्ति गर्नुपर्ने बाध्यता छ। नेपालले निगमको स्थापनाकालदेखि नै भारत सरकारको पूर्ण स्वामित्वमा रहेको तेल कम्पनी इण्डियन आयल कर्पोरेशनसँग सम्झौता गरी नेपाललाई आवश्यक पर्ने विभिन्न प्रकारका पेट्रोलियम ग्रेडहरू नेपाल भारत सिमा नजिक रहेका भारतीय इन्धन डिपोहरूबाट खरीद गरी आपुर्ति व्यवस्था मिलाई आएको छ । सन् २००२ अगाडिसम्म इण्डियन आयल कर्पोसनसँग भएको सम्झौता वस्तु विनिमय (product exchage agreement) सम्झौता बमोजिम नेपालले अन्तराष्ट्रिय बजारबाट डिजल र मट्टितेल (नेपालमा अत्यधिक खपत हुने पदार्थ) थोक परिमाणमा टेण्डर प्रक्रियाद्वारा खरीद गरी ठूला ठूला जहाजमा ढुवानी गराई इण्डियन आयल कर्पोरेशनलाई उस्ले निर्दिष्ट गरेको भारतीय पोर्टमा डेलिभरि दिने र bill of lading मा उल्लेखित परिमाण र मूल्य बराबरको रकम भारतीय रुपैयाँमा नेपालले फिर्ता पाउने व्यवस्था गरिएको थियो । साथै नेपालको आवश्यकता भने डिजेल र मट्टितेल बाहेक अन्य विभिन्न पेट्रोलियम पदार्थ जस्तै पेट्रोल, हवाई इन्धन, खाना पकाउने ग्यास आदि पनि भएकोले सम्झौतामा उल्लिखत शर्तअनुसार विभिन्न cost component जोडी भारतीय इन्धन डिपोबाट उठाई नेपाल भित्र विक्री वितरण एवं संचय गर्ने व्यवस्था

थियो। सिधा हिसाबले भन्नु पर्दा निगमले समुद्रपारका तेल उत्पादक तेस्रो मुलुकबाट पेट्रोलियम पदार्थ टेण्डर प्रकृयाद्वारा ख्याती प्राप्त सप्लायर कम्पनीबाट खरीद गरी भारतलाई विक्री गर्ने (नेपालमा समुद्र नभएकोले वाध्यतावस) र इण्डियन आयलबाट पुनः उसको उत्पादन भारतीय रुपैयाँमा खरीद गरी नेपालको अन्तर्राष्ट्रिय बजारमा उपस्थितिको निरन्तरता थियो।

तर उपरोक्त व्यवस्था सन् २००२ को अप्रिल देखि पुरै परिमार्जन हुन गयो। कारण २००२ को अप्रिलदेखि भारतमा पेट्रोलियम पदार्थको आयात र विक्रीमा निजिकरण (deregulation) भयो अर्थात एकातिर भारतमा सरकारी स्तरका पेट्रोलियम कम्पनी बाहेक अन्य नीजि क्षेत्रले पनि पेट्रोलियम पदार्थको कारोवार गर्न पाउने व्यवस्था गरियो भने भारतमा यि दुबै क्षेत्रका आयल कम्पनीहरूले तेल प्रशोधन केन्द्रको अत्यधिक विस्तार गरेको हुँदा (हाल भारतमा सरकारी र नीजि क्षेत्र गरी १६ वटा तेल प्रशोधन केन्द्र रहेका छन्) प्रशोधन केन्द्र पूर्ण क्षमतामा चलाई संचालन नाफा गर्न भारतमा कच्चा तेल मात्र आयात गर्ने नियम कायम हुन गयो। यसप्रकार यो प्रणालीबाट नेपाल पनि अछुतो रहन सकेन। भूपरिवेष्ठित भै भारतमाथि निर्भर भएको हाम्रो जस्तो मुलुकले पनि प्रशोधित तेलको सट्टा अब कच्चातेल नै आयात गरी इण्डियन आयललाई उपलब्ध गराउनु पर्ने वाध्यात्मक अवस्थाको सृजना भयो। एक त नेपालको धरातलमाकच्चा तेलको सम्भाव्यता नभएको र अर्कोतर्फ प्रकृतिले समद्रबाट वञ्चित गरेको हुँदा कच्चा तेल चाहेर पनि आयात गर्न नसकिने अवस्थाका साथै प्रशोधनशाला र प्रशोधनशालाबाट निस्कने प्रशाधित विभिन्न पदार्थ कुन निश्चित कच्चातेलको के कति प्रतिशत परिमाण पेट्रोल, डिजल, मट्टितेल, हवाईइन्धन, लाइट डिजल, फ्युल आयल, नाफ्था, प्रोपेन, वेश आयल, जुट व्यचिङ्ग आयल, टर्पेन्टाइन आयल, लोसल्फर हेमिस्टक, पेट्रालियम वाक्स, विटुमिन आदि ज्यावत ग्रेड परिमाण निस्कन्छ हामीमा त्यसको प्राविधिक एवं पेट्रोकेमिकल्सको ज्ञानको कमि हुनाको कारण कच्चा तेल आयात गरेर इण्डियन आयललाई दिएमा उसले जेजस्तो भने गरे पनि त्यसैलाई विश्वास गर्नुपर्ने अवस्था श्रृजना हुन जाने हुँदा नेपाल ठूलो असमञ्जस स्थितिमा पुग्न गयो।

यस्तो परिस्थितिमा ६०% भन्दा बढि विदेशी मुद्रा पेट्रोलियम पदार्थमा खर्चिदै आएको मुलुकको आर्थिक मेरुदण्ड मानिएको नेपाल आयल निगम जस्तो संस्थालाई मुलुकको हितमा उत्तरदायित्व बहन गरी पेट्रोलियम पदार्थ आयात व्यवस्थापन गर्न फाइदामुलक एवं झन्झटमुक्त सक्षम व्यवस्था के कस्तो हुन सक्छ भन्ने बारे विभिन्न तहमा छलफल र विचारविमर्शको आधारमा कच्चा तेल आयात नगर्ने तर इण्डियन आयलसँग उसले आफ्ना रिफाइनरीमा उत्पादन गरेका पेट्रोलियम पदार्थ नेपाललाई विलिङ्ग गर्दा तेल उत्पादक मुलुकबाट खरीद गरेको कच्चा तेल भारतीय रिफाइनरीसम्म ल्याउँदा लाग्ने मालको मूल्य, विमा, ढुवानी तथा अन्य सामूद्रिक खर्च, भंसार महसुल, प्रशोधन गर्दा लागेको प्रशोधन खर्च जोडि रिफाइनरी गेट मूल्यमा इण्डियन आयलको व्यापारिक मार्जिनहरू, रेल्वे फ्रेट आदि थप गरी नेपालको लागि एक्स डिपो मूल्य तयार गरि यसै एक्सडिपो मूल्यमा नेपालले तेल उठाउने प्रावधान रहेको छ। कच्चातेल भारत भित्रंदा तिरेको भंसार महशुलको हकमा भने दोहोरो कर लिनु नहुने प्रावधान अनुसार भारत सरकारले पछि नेपाललाई फिर्ता गर्ने गर्छ। यसप्रकार नेपालको लागि प्रति किलोलिटर विक्री मुल्य (सम्झौतामा उल्लिखित शर्तको अधिनमा रहि) इण्डियन आयलकै उत्पादन खरीद गर्ने व्यवस्था कायम रहेको र यो व्यवस्था केहि परिमार्जन सहित हालसम्म विद्यमान रहेको छ।

**२०४६ सालको भारतीय नाकावन्दी र पेट्रोलियम आयात:**

२०४६ सालमा भारतले अनयास नेपालमाथि नाकावन्दी लगायो । नाकावन्दीले गर्दा निर्वाध रुपमा भारतबाट आइरहेको पेट्रोलियम पदार्थ आउन अब ठ्याम्मै बन्द हुन गयो । नेपाललाई परेको यो संकटमा विभिन्न अन्तर्राष्ट्रिय मुलुकहरू लगायत संयुक्त राष्ट्रसंघले पनि नेपालको पक्षमा भूपरिवेष्ठित मुलुकले पाउनु पर्ने अन्तर्राष्ट्रिय कानून अनुसारको पारवहन सुविधाको हकमा आवाज उठाए । फलस्वरुप नेपालले सिमित नाकाबाट पेट्रोलियम पदार्थ ल्याउन पाउने अवस्था सृजना भयो । भारतले तेल दिन बन्द गरेतापनि निगमले अन्तराष्ट्रिय नियम अन्तर्गत समुद्रसम्मको पहुँच प्रावधान प्रयोग गरी कलकत्ता पोर्टमा निजी क्षेत्रका व्यापारीहरूको स्टोरेज डिपोहरू रातारात भाडामा लिने व्यवस्था गरी सिंगापुरको सप्लायरहरूबाट ससाना पानी जहाज (vessel) बाट पेट्रोल, डिजल, मट्टितेल र हवाई इन्धन आयात गरी संचय गर्ने र टैंकरहरूद्वारा निर्वाध रुपमा वीरगंज नाकाबाट पेट्रोलियम पदार्थ नेपाल भित्र्याउने व्यवस्था गरी सोझै समुद्रपार मुलुकसँग तेलको व्यापार निर्वाध रुपमा सम्पन्न गर्ने व्यवस्था भयो । करिब १ वर्ष जति भैसकेको थियो नेपालको सिधा व्यापार सिंगापुरका अन्तर्राष्ट्रिय तेल कम्पनीहरूसँग विना झंझट र अनिश्चितता । तर विडम्बना भारत माथिको तेलको निर्भरता हट्न गै समुद्र पारका मुलुकसँग भरपर्दो नयाँ व्यवस्था कायम हुँदा हुँदै २०४६ साल पछि बनेको पहिलो सरकारले विना सुझबुझ उपरोक्त व्यवस्थाको अनायास अन्त्य गरी प्राप्त हुन आएको अन्तर्राष्ट्रिय बजारबाट सिधा तेल खरीद गरी नेपाल ल्याउने भरपर्दो एवं दरिलो व्यवस्था सदाको लागि अन्त्य भयो । नेताहरूको अदूरदर्शिताको कारण नेपालको हितमा भएको व्यवस्था अब अतितको सपना भयो । यदि उक्त व्यवस्था हालसम्म कायम रहन गएको भए अन्तर्राष्ट्रिय बजारमा तेल सस्तो हुँदा खरीद गरी भण्डारण गर्ने र महँगो हुँदा सोहि स्टक खर्च गर्न सकिन्थ्यो । जसले गर्दा अहिलेको जस्तो भयावह स्थिति आउने थिएन ।

यसको साथै हाल वीरगंज र विराटनगरमा सुख्खा बन्दरगाह समेत निर्माण सम्पन्न भै कलकत्ताबाट वीरगंजसम्म सोझै broad gauge railway निर्वाध रुपमा संचालन भैरहेको परिप्रेक्ष्यमा निगमको कलकत्ता पोर्टको व्यवस्था र अन्तर्राष्ट्रिय बजारबाट सोझै खरीद गर्ने प्रावधान कायमै भएको भए कलकत्ता र हल्दिया पोर्टबाट ठूलाठूला क्षमताका railway wagon सहितका rake (रेल डिब्बाको समूह) सिधा नेपाल आउन आउन सक्थ्यो र नेपालको विकासको मेरुदण्ड पेट्रोलियमको सुनिश्चित व्यवस्था हुन सक्थ्यो । तर विडम्बना राजनैतिक र आर्थिक सुझबुझ नेताहरूले नपुऱ्याउँदा पेट्रोलियम जस्तो अत्यावश्यक एवं संवेदनशिल वस्तु प्राप्तिको निर्णय अत्यन्त हलुका पाराले लिइदिंदा पुनः भारत माथि नै सदाका लागि निर्भर रहनु पर्ने बाध्यताले निरन्तरता पायो ।

**कच्चातेल (crude oil) को प्रकार र यस्को मूल्य निर्धारण :**

पाँच-छ दशक अगाडि सम्म पनि पेट्रोलियम पदार्थ राम्रो जीवनयापन व्यतित गर्ने सोखको वस्तु रहेको थियो भने हाल आएर यो पदार्थ जीवनयापनको लागि नभै नहुने अत्यावश्यक वस्तुमा परिणत भएको छ । प्राणीमात्रको लागि नभै नहुने हावा र पानी जस्तै पेट्रोलियम पदार्थ पनि नभै नुहने वस्तुको कोटिमा पर्न गएको छ ।

अन्तर्राष्ट्रिय बजारमा तेल उत्पादक राष्ट्रहरूले आफ्नो उत्पादन कच्चा वा प्रशोधित दुबै अवस्थामा विक्रीको लागि छाडिएका हुन्छन् । खरीदकर्ता मुलुकको चाहना बमोजिम fob (frieght on board) cif (cost insurance and frieght) मूल्यमा उपरोक्त दुबै प्रकारका पेट्रोलियमको मूल्य तोकिएका हुन्छन् । अन्तर्राष्ट्रिय प्रचलन अनुसार कच्चातेलको बिक्री त्यस्ता मुलुकलाई मात्र गर्न सकिन्छ जसको

आफ्नै प्रशोधनशाला रहेको छ । तेल प्रशोधनशाला नभएका मुलुकलाई कच्चातेल विक्री गरिँदैनन् । तर प्रशोधित तेलको हकमा प्रशोधनशाला भएका वा नभएका दुबै प्रकारका क्रेता मुलुकलाई न्यूनतम निश्चित थोक परिमाणमा आफुले चाहेको उत्पादक राष्ट्रहरूबाट परिस्कृत पेट्रोलियम प्राप्त गर्न कुनै कठिनाई हुँदैन । कच्चातेलको मूल्य निर्धारण त्यसको गुणस्तरमा आधारित हुने गर्दछ । sweet crude र sour crude गरी संसारमा मुख्य २ किमिसका कच्चातेल उत्पादन हुन्छन् । sweet crude बाट white oil group का पेट्रोल, डिजल, मट्टितेल, हवाइ इन्धन धेरै प्रतिशत निस्कने भएकोले यो कच्चा तेल महंगो हुने गर्छ । sour crude बाट white oil कम र black oil group का फ्युलआयल, लाइट डिजल आयल, LSHS, bitument जस्ता बाक्लो पदार्थ धेरै निस्कने भएकोले यो कच्चातेल सस्तो पर्न जान्छ ।

sweet crude का प्रकार संसारमा मुलुकै पिच्छे धेरै थरिका हुन्छन् जसमध्ये सबैभन्दा राम्रो केहि नाम लिनुपर्दा बेलायतको brent light crude, अमेरिकाको wti, र nymex इजिप्टको gosm कुवेतको kuwait light, एमनको masila', मलेशियाको tapis, साउदिको arabian light र इराकको iraq light प्रमुख हुन् । यिनिहरू राम्रा त्यो मानेमा हुन कि यि कच्चातेलबाट धेरै प्रतिशत पेट्रोल, डिजल, मट्टितेल, हवाईइन्धन, पेट्रोलियम ग्यास निस्कन्छन् । साथै अन्य तेल उत्पादक मुलुकहरूको पनि राम्रा नराम्रा दुबै प्रकारका कच्चातेल उत्पादन हुन्छन् तर तिनिहरूको परिमाण उल्लेख्य धेरै नभएकोले यहाँ उल्लेख गरिएको छैन । क्रेता मुलुकले सबै प्रकारका कच्चातेल सजिलै प्राप्त गर्न सक्दैनन् । कतिपय उत्पादक मुलुकले खरिदकर्तासँग निश्चित अवधिका लागि अग्रिम करार गरी करारका शर्तको अधिनमा रहि विक्री गर्ने गर्छन । कच्चातेल खरीद गरी आफ्नो मुलुकमा प्रशोधन गर्न चाहने मुलुकले कच्चतेल उत्पादक मुलुकको पोर्टबाट निश्चित मूलयमा आफ्नै तेल बोक्ने जहाज प्रस्तुत गरेर वा भाडामा लिइएका जहाज प्रस्तुत गरेर कच्चातेल खरिद गर्छन् । साधारणतया यस्ता थोक परिमाण बोक्ने जहाजको क्षमता तिस हजार मेट्रिक टन देखि पाँचलाख मे.टन सम्म हुन्छन् । कच्चातेलको परिमाण मापन ब्यारेल (bbl) मा मापन हुन्छ । कन्भर्सनको हिसाबले एक मेट्रिकटनमा कच्चातेल ७.३३ व्यारेल हुन्छ र एक व्यारेलमा १५९ लिटर हुन्छ । अन्तर्राष्ट्रिय बजारमा कच्चातेलको औषत विक्री मूल्य यससँग सम्बन्धित 'cnbc wire' वा 'platts crude market wire' भन्ने संस्थाको website बाट प्रत्येक दिन २४ सै घण्टा जान्न सकिन्छ । यि संस्थाहरूनै कच्चातेलको विक्रीमूल्य थाहा पाउने आधिकारिक र भरपर्दो अन्तर्राष्ट्रिय मान्यता प्राप्त माध्यम हुन् । कच्चालेल नेपालमा प्रशोधनशाला नभएकोले आयात गरिन्न । तसर्थ यसबारे यसको अरु चर्चा गर्नु यहाँ सान्दर्भिक नहोला ।

## नेपालमा प्रशोधनशाला (refinery) को सम्भावना

नेपालको पेट्रोलियम खपतको आधारमा ठूला क्षमताका रिफाइनरी आवश्यक नपर्ने र साना क्षमताका रिफाइनरी नाफा मुलक (cost effective) नहुने भएकोले रिफाइनरी बनाउने अवधारणा युक्तिसँगत छैन । यदि कहिं कतैबाट रिफाइनरी स्थापना गरी उत्पादन गर्ने आँट गरेमा पनि कच्चा तेल नेपालमा ल्याउन नेपालको आफ्नै पोर्ट छैन तापनि (refinery) बनाई प्रशोधन गर्ने आँट गरेमा नेपालको नजिकैको भारतीय पोर्ट हल्दियामा डिपो, जेट्टि तथा नेपालसम्मको पाइपलाई पूर्वाधार बनाउनु पर्ने हुन्छ । तर यो योजना अत्यन्त महँगो पर्ने हुँदा रिफाइनरी आर्थिक दृष्टिकोणले कत्ति पनि सम्भव नभएको विज्ञहरू बताउँछन् । यस्तो स्थिति हुँदा हुँदै पनि यदि कसैले नेपालमा रिफाइनरी बनाउँछु भन्छ भने त्यो उसको अत्यन्त महत्वकाँक्षी दिवास्वप्न एवं जनतालाई झुक्याउने योजना मात्र

हुनेछ। वर्तमान परिप्रेक्ष्यमा नेपालमा रिफाइनरी बनाई पेट्रोलियम पदार्थ बनाएर बेच्छु भन्नु बँदेलको टाउको देखाएर सुंगुरको मासु बेच्ने जस्तो हुनेछ।

**अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियमको मूल्य किन बढ्ने घट्ने गर्छ ?**

आजको विश्व बजार अत्यन्त उतार चढाव हुने (volatile) प्रकृतिको छ । संसारको कुनै पनि ठाउँमा राजनैतिक वा आर्थिक घटना घट्ने वित्तिकै पेट्रोलियम बजारमा पत्यक्ष असर परिहाल्छ। केहि वर्ष पहिले इराक युद्धको कारण तेलको बजारमा भाउ आकासिएको थियो भने अहिले अफ्गानिस्तानको युद्धले। त्यस्तै हालैका वर्षहरूमा लिविया र इजिप्टको घटनाले गर्दा तेलको मूल्यमा सिधा असर परिरहेको हामी पाउँछौं। हाल इरानमाथि लागु भएको तेलको नाकावन्दीले गर्दा अन्य तेल उत्पादक मुलुकले तेलको भाउ अत्यधिक मागको कारण बढाउने गर्दैछन्। प्राकृतिक कारणले गर्दा पनि साधारणतया तेलको विक्री मुल्यमा असर पर्ने गर्छ । विकसित मुलुकहरूमा खास गरेर युरोपियन मुलुकहरू र अमेरिकामा धेरै जाडो भए पनि वा धेरै गर्मि भएपनि तेलको माँग र आपूर्तिमा तुरुन्तै असर परिहाल्छ। यति सम्म कि तेल उत्पादक मुलुकको संगठन 'ओपेक'का सदस्य राष्ट्रहरूलाई रकमको आवश्यकता बढि पर्ने वित्तिकै उसले यात भाउँ बढाउँछ या उत्पादन घटाउँछ । भाउ बढाएपनि उनिहरूलाई फाइदा र उत्पादन घटाए पनि बजारको माग सम्बोधन गर्दा जति मुल्य तोकेपनि हुने हुँदा उनिहरूलाई फाइदा पुग्ने हुन्छ। यसको बाबजुद नेपाल, भारत, पाकिस्तान, श्रीलंका जस्ता मुलुकको मुद्रा अमेरिकी डलरमा आवद्ध भएकोले डलरसँगको exchange rate निरन्तर बढ्न जाँदा ति मुलुकहरूलाई exchange rate कै कारण तेल किन्दाको मुल्य महँगो नै पर्न जान्छ। साथै यसबाहेक अन्य धेरै प्राविधिक र आर्थिक कारणहरू छन् जसले निरन्तर तेलको मूल्यमा प्रभाव पारिरहेका हुन्छन ।

**नेपालमा पेट्रोलियम पदार्थको आयात, मूल्य निर्धारण र प्राप्तिको अवस्था :**

सन् २००२ को अप्रिल देखि नेपालले भारतको आफ्नै प्रशोधनशालामा उत्पादित पेट्रोलियम पदार्थ खरीद गर्ने गरेको कुरा माथि उल्लेख भैसकेको छ । विक्री वितरणको हिसाबले इण्डियन आयलको विभिन्न रिफाइनरी, टर्मिनल र डिपोहरूबाट खरीद गरी आफ्नै ढुवानी व्यवस्थाबाट नेपालका पाँचै विकास क्षेत्रमा निर्माण भएका निगमका भण्डारण डिपोमा संचय गरी exdepot वा destination delivery मूल्यमा अधिकृत विक्रेताहरू मार्फत आम उपभोक्ता माझ पेट्रोलियम उपलब्ध गराउने गरिन्छ । पेट्रोलियमको विक्री मुल्य मुलुकको भुभागको अवस्था हेरी फरक फरक तोकिने गर्छ । साधारणतया तराइ बाहेक अन्य स्थानमा ढुवानीकै कारण मूल्य क्रमशः महँगो हुनेगर्छ। विक्री मूल्य तय गर्दा एक्सडिपो मूल्यमा नेपाल भंसार, मूल्य अभिवृद्धि कर, स्थानिय विकास कर, नगरपालिका ढुवानी भाडा, तापक्रमबाट हुने ह्रास, डिलर कमिशन, विमा, डिप्रेसियशन, प्रशासनिक खर्च इत्यादि लागत खर्च जोडिने गर्छ।

अन्तराष्ट्रिय बजारमा प्रशोधित तेल मध्ये मट्टितेल सबैभन्दा महँगो र त्यसपछि क्रमशः डिजल, पेट्रोल र पेट्रोलियम ग्यास महँगो हुने गर्छ। तर नेपालमा कुरा ठिक विपरित छ। सरकारले आफ्नो आम्दानीको राम्रो स्रोत पेट्रोलियम पदार्थमा नै देख्ने परम्परा रहेको छ। सरकारी महशुल तथा करहरू अत्यधिक भएकै कारण पेट्रोलियम पदार्थ महँगो हुने गर्छ। पेट्रोल, हवाइ इन्धन, एल.पि ग्यास अत्यधिक महँगो हुनुमा राजश्वको दरहरू नै मूख्य कारक तत्व रहेको छ । ढुवानीको साधनमा प्रयोग हुने डिजल र आम उपभोक्ताले खाना पकाउन र बत्ति बाल्न प्रयोग हुने मट्टितेल सस्तो पार्न पेट्रोल, हवाईइन्धन र एल.पि.ग्यासमा अत्यधिक मूल्य बृद्धि गरी प्राप्त नाफाबाट डिजल र मट्टितेलमा हुने

घाटापूर्ति गर्ने गरिन्छ । यो प्रणालीलाई cross subsidy को रुपमा लिइन्छ। तर आमजनमानसमा एउटा भ्रम के विद्यमान छ भने सरकारले आयल निगमलाई पेट्रोलिय पदार्थको कारोवारमा अनुदान (subsidy) दिनेगर्छ। साधारण व्यक्तिहरू मात्र हैन ठूला ठूला नेता, पढेलेखेका विद्वान तथा व्यक्तित्वले पनि यो कुरा यसरी नै बुझ्ने गरेका छन्। सरकारले अनुदान दिएपनि निगम घाटामा छ, पेट्रोलियम आपूर्ति गर्न सक्तैन भन्ने प्रश्न उठिरहेको हामी पाउँछौं । तर कुरा त्यस्तो पटक्कै होइन। निगमको स्थापना कालदेखि नै पेट्रोलियम पदार्थमा सरकारी अनुदान दिइएको छैन। आयल निगमले नै आन्तरिक अनुदान (cross subsidy) व्यवस्था गरेर सबै पेट्रोलियम पदार्थको विक्री व्यवस्थापन गर्दै आएकोछ। यो व्यवस्था आर्थिक स्थिति नभएका आम उपभोक्ताको लागि क्रय शक्ति बलियो भएका हुनेखाने र सुकिलामुकिला उपभोक्ताले प्रयोग गर्ने पेट्रोल, हवाईइन्धन र एल.पि. ग्यासमा अत्यधिक मूल्य वृद्धि गरी डिजल र मट्टितेलमा भएको घाटा समायोजन गर्न गरिएको मात्र हो। हालका केही वर्षहरू यता आएर मात्र सरकार आफु ग्यारेण्टी बसेर निगम घाटोन्मुख हुँदा हुँदा उठ्नै नसक्ने गरी थला परिसकेको हुँदा अन्य संस्थाहरू मार्फत ऋण स्वरुप केही रकम तेल किन्ने कार्यको लागि उपलब्ध गराइ दिने व्यवस्था गर्ने गरेको मात्र हो । अत: सरकारी स्तरबाट अनुदान हालसम्म निगमलाई नदिने गरेको कुरा यहाँ सबैले बुझ्न जरुरी देखिन्छ। यदि निगमलाई घाटामा राखेर उपभोक्तालाई सस्तो मूल्यमा तेल उपलब्ध गराईएको अवस्थालाई नै अनुदानको नामाकरण गरिएको हो भने यो अनुदानको नयाँ परिभाषा हुनेछ। प्रकारान्त हिसाबले वार्षिक ८० अर्ब रुपैयाँको हाराहारीमा कारोवार गर्ने निगमको accumulated ऋण तथा घाटा २०६९ आषाढ मसान्तसम्म मात्र पनि तीस अर्ब रुपैयाँको हारहारीमा रहेको निगम श्रोतको भनाई छ।

पेट्रोलियम पदार्थ दिनानुदिन महँगो हुँदै गएको छ। आयल निगम अघोषित रुपमा टाट पल्टिसकेको छ, उसँग ऋण तिर्न परै जावस दैनिक आवश्यक पर्ने तेल किन्ने पैसा छैन, सरकार अनुदान दिन सक्तैन, इण्डियन आयल उधारोमा तेल दिन चाहँदैन र सप्लाई बन्द वा कटौति गर्ने धम्कि दिइरन्छ। गरीब जनताका काँधमा रित्तो सिलिण्डर र हातमा जेरिकेन बोकेर दैनिक काम माया मारी तेल प्राप्तिको लागि घरि यो डिलर त घरि त्यो डिलर कहाँ भौंतारी रहन्छ। पेट्रोल डिजलको लाइन पेट्रोल पम्पमा कहिल्यै खाली हुँदैन मानौ अब हाम्रो विकास भनेको दिनहुँ पेट्रोलियमको खोजिमा नै लाग्ने हो । अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य एक्कासि धेरै बढ्दैन। बढे पनि क्रमश: विस्तारै अलि अलि गरी बढ्ने गर्छ । अन्तर्राष्ट्रिय बजारमा बढेको बेलामा बढाउने गरेमा थोरै थोरै मात्र बढ्ने हुँदा हामीले पनि समायोजन गरेमा खासै फरक पर्दैन। माँग र आपूर्ति सजिलै नियमन गर्न सकिन्छ । तर सरकार त्यसो गर्न चाहँदैन । जन विरोध आउला र कुर्सि गुम्ला भन्ने डरले उ मूल्यलाई स्थिर राखी छाड्छ। जब थेग्नै नसक्ने गरी अन्तर्राष्ट्रिय मूल्य अत्यधिक माथि जान्छ तब सरकार वाध्य भएर अत्यधिक भाउ बढाउँछ । तर विडम्बना के छ भने सरकार भाउ बढाउँछ उसकै विद्यार्थी संगठन विरोधमा उत्रन्छ, चक्काजाम, बन्द हडतालको आव्हान गर्छ अनि बढेको भाउमा सानो रकम घटाए जस्तो गरेर जन आक्रोस सिथिल पार्छ। विद्यार्थीले हड्ताल गराए वापत सहुलियतमा पेट्रोलियमका केहि सुविधा पाउँछन्। गरीब निमुखा जनता भने किंकर्तव्यविमुढ भै अन्यौलमै चित्त बुझाउन बाध्य हुन्छन्।

सरकारले यसरी कति दिन जनतालाई राख्ने ? के सरकारको कर्तव्य जनताको पिर मर्का निराकरण गर्ने हैन ? के सहज र सरल रुपमा पेट्रोलियम पदार्थ पाउने नैसर्गिक अधिकार जनताको होइन ? दिनभर लाइनमा लाग्नु भन्दा अमिलो वाध्यता वश केहि बढि

मूल्य तिरेर सामान प्राप्त गर्न जनता तैयार हुँदाहुँदै उनिहरूलाई अनिश्चितताको शुनरीमा राख्नु नयाँ नेपालको लागि सुहाउने काम हो ? अतः जनताको असन्तुष्टिको ज्वालामुखि फुट्नु अघि सरकार सचेत र दूरदर्शि हुन अत्यन्त जरुरी छ। अहिले जनतामा सामान महँगो भएर पनि सामान समयमा नपाउनु उनिहरूको चिन्ताको विषय हो। पेट्रोलियमको भाउ बढेको केहि दिन नबित्दै फेरि पेट्रोलियम पाइन छाड्छ अनि अनिश्चितताको सिलसिला फेरी शुरु हुन्छ र त्यस्तै परिस्थितिले उसलाई आक्रोशित तुल्याउने गर्छ। अतः लेखकको अनुभवको आधारमा पेट्रोलियम पदार्थ सर्वसुलभ र मुल्य पनि केहि सरल बनाउन सकिने उपायहरू मध्ये केहि तल दिए बमोजिम हुन सक्ने देखिन्छ।

**(१) पेट्रोलियम पदार्थमा एकाधिकार समाप्त गरी निजीक्षेत्रको सहभागिता गर्ने।**

२०६५ सालमा सरकारले नीजि क्षेत्रले पनि पेट्रोलियम पदार्थ आयात गर्न पाउने प्रावधान खुला गरेपनि यसको लागि आवश्यक पर्ने पेट्रोलियम कानून (petroleum act) हालसम्म तयार भै नसकेकोले यो प्रावधान अधुरै रहेको छ। मुलुकमा बढ्दो पेट्रोलियम पदार्थको खपत, गिर्दो आर्थिक अवस्था, अनियन्त्रित बजार भाउ, बिग्रंदो राजनैतिक अवस्था, विकृति र विसंगतिमा डुबेको सरकारी एवं संस्थानतन्त्र र आमजनताको दयनिय क्रयशक्तिलाई मध्यनजर राख्ने हो भने अब पेट्रोलियम पदार्थको आयात, विक्री र संचयमा वैकल्पिक व्यवस्था खोज्नै पर्छ। विभिन्न विकसित मुलुक र हाम्रा छिमेकि विकाशसिल मुलुकहरूमा समेत पेट्रोलियम पदार्थको विक्री व्यवस्थापन नीजि क्षेत्रको हातमा पुगिसकेको छ। नीजि क्षेत्रमा स्थापित विभिन्न तेल कम्पनीहरूले आफ्नो लागतमा न्यूनतम् नाफा जोडि बजारिकरण गर्दैछन्। ति मुलुकहरूका नीजिक्षेत्रले आ-आफ्ना उत्पादनको मूल्य आफै तोक्न सक्ने भएकोले प्रतिस्पर्धात्मक रुपमा गुणस्तरीय तेलको विक्री व्यवस्था गर्दै चाहेको बखत विना कुनै झंझट ग्राहकले माग बमोजिम खरीद गर्न सक्ने भरपर्दो व्यवस्था कायम गराएका छन्। राज्यको हकमा पनि आपूर्तिको खासै जवाफदेहिता विना नै अविच्छिन्न रुपमा सबै राजश्वका दरहरू सजिलै प्राप्त गरिरहेका छन्। उदाहरणको रुपमा नेपाल खाद्य संस्थालाई लिउँ। सरकारी स्वामित्वको नेपाल खाद्य संस्थानले दाल, चामल, पिठो, तेल आदि सहुलियत र अनुदानसहितको मुल्यमा विक्री गर्ने गर्छ तर जनताले आफ्नो इच्छाअनुसार सामान खाद्य संस्थानमा भन्दा अन्यत्रै पाउने भएकोले अन्यत्रैबाट खरिद गर्ने गर्छन। खाद्यको सामान विक्न गाह्रो भएको समाचार पढ्न पाइन्छ भने नीजि क्षेत्रको सामान महँगै भएपनि विक्रि भैरहन्छ। नेपालमा खाद्यान्न पाइन्न भन्ने कुरा विरलै सुनिन्छ। यो नै उदारिकरणको फरक हो। अतः यदि आयल निगमको प्रतिद्वन्दि कम्पनी पनि भएको भए निगम यात राम्रैसँग सुध्रिनु पर्दथ्यो या नसुध्रेमा बन्द भै सक्नु पर्थ्यो। तसर्थ नेपालमा पनि उदारीकरण गरेर आन्तरिकका साथै बाह्य मुलुकका बहुराष्ट्रिय कम्पनीहरूलाई आव्हान गर्दै इच्छुकलाई तेलको कारोबार गर्न खुला गरेमा तेलको वर्तमान अनिश्चितता हट्न गै मुलुकको आर्थिक स्थिति सबल र सक्षम हुनसक्ने निश्चित प्राय देखिन्छ।

**(२) मूल्य संरक्षण कोष (oil pool account)**

मुलुकमा अहिलेकै जस्तो एउटै तेल कम्पनी भैरहेमा वा अन्य कम्पनीहरू थप हुन गएमा पनि यो oil pool account को व्यवस्था लागु गरेमा मूल्य समायोजनमा अत्यन्त हितकारी व्यवस्था सावित हुन सक्छ। आयल कम्पनीहरूले अन्तर्राष्ट्रिय बजारबाट तेल खरीद गर्दा कहिले बढेको मूल्यमा र

कहिले घटेको मूल्यमा खरिद गर्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य थपघटको कारण जहिले पनि आन्तरिक विक्री मूल्य (domestic selling price) मा असर पर्ने गर्छ । तेल कम्पनीहरूले अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ बृद्धि हुँदा आफ्नो उत्पादनको पनि विक्री मुल्य बृद्धि गरी हाल्छन् भने बजार भाउ घट्दा बचत हुने रकमलाई कम्पनीको सञ्चालन मुनाफामा समावेश गर्ने गर्छन्। यसले गर्दा उपभोक्ता वर्गलाई भने जहिले पनि र जुनसुकै अवस्थामा पनि मूल्य वृद्धिको मार सहनु पर्ने हुन जान्छ । अत: आयल कम्पनीहरूले अन्तराष्ट्रिय बजारमा तेलैको भाउ घट्न जाँदा उक्त नयाँ खरीद गर्ने मूल्यमा किनेको परिमाण पहिले बढेको मुल्यमा विक्री गर्दा हुन आउने फरक रकम मूल्य संरक्षण कोष शिर्षकमा जम्मा गर्नु पर्ने हुन्छ र पुन: अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्न गएमा घरेलु मूल्य नबढाई घाटा हुन आउने रकम यही oil pool a/c बाट समायोजन गर्ने गरी oil pool a/c को व्यवस्था गरेमा मूलय वृद्धिको समस्या केहि हदसम्म समाधान हुन जान्छ। यस्तो व्यवस्था छिमेकि मुलुक भारतमा धेरैवर्ष देखि प्रचलनमा रहँदै आएको छ।

**(३) राज्यले लिने करका दरहरू घटाउने :**

सरकारले राजश्व बढाउन प्रत्येक आर्थिक वर्षको अन्त्यमा कुनै न कुनै रुपमा पेट्रोलियम पदार्थमा कर र महशुल शुल्कको दरमा बृद्धि गर्ने गर्छ । यसरी बढेका दरहरू यात प्रति लिटर विक्री मूल्यमा जोडि ग्राहकबाट असुल्नु पर्छ या निगम स्वयंले व्यहोर्नु पर्ने हुन्छ । विक्री मूल्यमा बढेको करका दरहरू जोड्दा उपभोक्त मारमा पर्ने, नजोड्दा निगमको घाटा वृद्धि हुने नमिठो अवस्थाको सृजना हुन्छ । एकातिर राज्यले लिने अत्यधिक करको कारण तेलको मूल्य महँगो हुने र अर्कोतिर अन्तर्राष्ट्रिय बजारमा हुने मुल्य वृद्धिको कारण उपभोक्ता सिधै मारमा पर्ने त छँदैछ यसको अलावा तेलबाट चल्ने ढुवानी साधनको पनि भाडा बढ्न जाने हुँदा सम्पूर्ण उपभोग्य सामानको मूल्य पनि बढ्ने गर्छ। अत: अन्तर्राष्ट्रिय बजारको मूल्य बृद्धिको चापलाई नियन्त्रण गर्ने हो भने राज्यले लिने विभिन्न शिर्षकको करहरूको दायरा र दर घटाउनै पर्छ।

**(४) Port Facility Develop गरेर अन्तर्राष्ट्रिय बजारबाट सोझै तेल खरिद गर्ने व्यवस्था :**

नेपाललाई अन्तर्राष्ट्रिय कानून बमोजिम भारतको कलकत्ता र हल्दिया पोर्टहरूको सुविधा प्राप्त छ। तर ति पोर्टहरूमा हाम्रो छुट्टै संरचना (infrastructure) को विकास भैनसकेको अवस्था छ। समुद्रपारका मुलुकहरूबाट कन्टेनरमा राख्न सकिने ठोस सामानको आयात र नेपालबाट आफ्ना उत्पादन तयारी पोशाक,उनी गलैंचा, विभिन्न खाद्यान्न आदि सामानहरूको निर्यात गर्नेसम्मको सुविधामात्र उपभोग गरिदै आएको छ। मुलुकलाई अत्यावश्यक पर्ने पेट्रोलियम पदार्थ भने भारतबाट मात्र खरीद गरी नेपाल भित्र्याउने प्रावधान रहेको छ । अत: एकाइसौं शताब्दीको द्रुततर गतीमा लम्केको विकाससँग नेपाल पनि सहभागि हुने हो भने अर्न्तराष्ट्रिय बजारमा उत्पादन हुने तेलको अस्थिर मूल्य प्रणालीको फाइदा उठाउन हामीले उपरोक्त पोर्टहरूमा आफ्नै संरचनाको विकास गरी अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य घट्दा ठूलै परिमाण खरीद गरेर भण्डारण गर्ने र मूलय बढेको बेला आयात कम गरी भण्डारबाट खर्च गर्न सकिने हुँदा मुलुकलाई आर्थिक भार पर्नबाट जोगाउन सकिन्छ । नेपाल भित्रै विरगंज, विराटनगरमा सुख्खा बन्दर्गाह बनिसकेको परिप्रेक्ष्य र वीरगंजमा ब्रोडगेज रेल्वे समेतको व्यवस्था भैसकेकोले वीरगंजमा स्टोरेज डिपो बनाएर पेट्रोलियम पदार्थ निर्वाध रुपमा रेल्वे वाइगन को

व्यवस्था गरी ल्याउन सकिन्छ । यस व्यवस्थाले मुलुकलाई आर्थिक रुपमा फाइदा मात्र हैन अपितु बजार व्यवस्थापनमा पनि निरन्तरता कायम भै सँधै हुने अन्यौलको स्थिति अन्त्य गर्न सकिन्छ ।

५. **निगमको आफ्नै ग्यास प्लाण्टको व्यवस्था हुनुपर्ने ।** माथि उल्लेख भएका सबै प्रकारका पेट्रोलियम पदार्थ निगम स्वयंले आयात एवं बिक्रि व्यवस्थापन गरेर आएतापनि एल.पि.ग्यास (liquified petroleum gas) को कारोवार भने पुरै नीजि क्षेत्रको अधिनमा छाड़ेको छ। नीजि क्षेत्रलाई निगमले भारतका हल्दिया, बरौनी र मथुरा रिफाइनरीहरूबाट एक्स रिफाइनरी मूल्यमा ग्यास उपलब्ध गराउने कार्य मात्र गर्ने गर्छ। रिफाइनरीबाट ग्यास उठाई ग्यास उद्योगीहरूले आफ्नो प्लाण्टमा ल्याई १४.२ के.जी. ग्यास ससाना स्टिल सिलिण्डरमा भर्ने काम गरी आआफ्ना डिलर मार्फत ग्राहकसम्म पुऱ्याउने कार्य आफै सम्पन्न गर्छन् । निगमको दायित्व रिफाइनरीबाट ग्यास उपलब्ध गराउने र खुद्रा बिक्री मूल्य तोक्ने कार्यमा सहमति दिनेसम्ममा सिमित रहेको छ। रिफाइनरीबाट ग्यास प्राप्त गरे पश्चात नेपाल भित्र आफ्नो प्लाण्टसम्म ल्याउने सम्पूर्ण खर्चहरू तथा प्लाण्टबाट डिलरसम्म सिलिण्डर पुऱ्याउने सम्पूर्ण खर्चहरू समेत जोडिएका बिक्री मूल्यमा उपभोक्ताले ग्यास पाउने गर्छन। ग्यासमा कालाबजारी, कमतौल भर्ने तथा अन्य हुन सक्ने अवाञ्छित कृयाकलाप बारे ग्यास उद्योगी तथा डिलरको अनुगमन राज्यले तोकेको अनुगमन समितिले गर्ने प्रावधान छ । नेपालमा हाल तिस भन्दा बढि ग्यास कम्पनीहरू कार्यरत छन्। यति धेरै कम्पनीहरू भएपनि ग्यास, आपूर्तिमा भने सँधै नै बाधा व्यवधान हुने गरेको बराबर देख्न सुन्न र भोग्नु परेको छ । पेट्रोलियम ग्यास अत्यन्त प्रज्वलनशिल वस्तु भएकोले ग्याँसका सिलिण्डरहरू अन्तराष्ट्रिय प्राविधिक मापदण्ड अनुरुप बन्ने हुँदा यसको गुणस्तर बिगार्ने धृष्टता कसैले पनि गर्नु हुँदैन। पेट्रोलियम ढुवानीका लागि करारमा दिएको टैंकर भित्र ठूला ठूला ड्रमहरू लुकाई छिपाई डिपोबाट तेल चोर्ने प्रयत्न गर्ने लालची व्यवसायीको जे गरे पनि हुने रहेछ भन्ने मनोविज्ञान अन्य उद्योगीहरूमा नजाला भन्ने कुरा नकार्न सकिन्न । एक दुईवटा यस्ता उद्योगहरूले गर्दा अन्य सबै उद्योगीहरू बदनामीको घेरामा पर्ने हुँदा सबै मिलेर बदमासीमा उत्रने त्यस्ता व्यवसायी तथा उद्योगलाई तुरुन्त तिरस्कार गर्न सक्नुपर्छ ।

अतः ग्यासको बजारमा समय समयमा आइपर्ने अप्राकृतिक बाधा व्यवधान चिर्न र ग्यासको थोक तथा खुद्रा मुल्य बढि विश्वसनीय एवं सरल रुपमा निर्धारण गरी ग्यासको माग र आपूर्तिमा सन्तुलन कायम गर्न ग्यास सुरक्षा नीति (safety regulation) तयार गरी ग्यास उद्योगीहरूसँग सौहार्द वातावरण कायम गरी प्रतिस्पर्धात्मक किसिमले मुलुकको ग्यास व्यवस्थापन सल्ट्याउने हो भने भारतमा इण्डियन आयलले गरे जस्तै निगमले पनि पूर्ण क्षमताको आफ्नो gas bottling plant स्थापना गरिहाल्नु पर्ने आम उपभोक्ताको आकांक्षा एवं मुलुककै हितमा देखिन्छ । साथै प्रयोजनको हिसाबले ग्यासको घरायसी, औद्योगिक र सबारी गरी ३ वटा मूल्य कायम गरेमा ग्यासको बजार व्यवस्थापनमा प्रतिस्पर्धा हुन गै आम उपभोक्ताले ग्यास नपाउने अनिश्चितता सदाको लागि अन्त्य हुने निश्चित प्राय देखिन्छ भने घरायसी प्रयोजनको लागि अनुदान सहितको मूल्यमा दिईने ग्यासको बिक्रि बारे निगम र ग्यास उद्योगीहरू विच राम्रो सामञ्जश्य कायम हुनु पर्ने पनि त्यत्तिकैआवश्यकता देखिन्छ ।

६. **पेट्रोलमा इथानोल(ethanol) मिसाई विक्रि गर्ने :** नेपालमा चीनीमिलहरूको संख्या निकै नै रहेको छ । ससाना खाँडसारि मिलदेखि ठूलाठूला चिनी मिलहरू तराई बेल्टमा छरिएर रहेका छन् । चिनी मिलबाट चिनी निकालिसकेपछि निस्कने छुवा (molasis) बाट केहि परिमाणमा रक्सी बनाउने स्पिरिट ethanol निकालिन्छ भने धेरैजसो छुवा प्रयोग हुन नसकि फ्याक्ने काम गरिन्छ । विकसित मुलुकहरू खास गरेर, ब्राजिल, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, क्युवा, भारत जस्ता मुलुकहरूले खेरजाने छुवाबाट इथानोल बनाई त्यसलाई पेट्रोलमा मिसाएर विक्री गर्ने गरेका छन् । यसरी बन्ने पेट्रोललाई ग्यासोहल (gasohol) नाम दिइएको छ । पेट्रोलमा १०% सम्म इथानोल मिसाएर प्रयोग गर्दा गाडिको चाल (performance) मा कत्ति पनि फरक पर्दैन । यसको प्रयोगबाट एकातिर खेर गैरहेको छुवाबाट इथानोल बनाउन प्रयोग भै चिनी मिलहरूलाई आर्थिक लाभ हुने र अर्को तर्फ पेट्रोलको विक्री मूल्य केही सस्तो हुने भै त्यति नै बराबरको रकम आयात प्रतिस्थापनबाट मुलुकलाई पेट्रोलको आयातमा विदेशी मुद्रा बचत हुने देखिन्छ । राजश्वको हकमा भंसार महशुल वापत प्रापत हुने रकम केही कम हुने भएपनि त्यति नै बराबरको रकम अन्तशुल्कबाट उठ्ने हुँदा राज्यलाई राजश्वमा खासै फरक पर्दैन ।

७. **<u>लागत मूल्यमा निश्चित रकम थप गरी यो एकपटकको लागि मूल्य वृद्धि गर्ने (cost plus concept)</u>**

महंगोमा खरीद गर्ने र सस्तोमा विक्री गर्ने वर्तमान परिपाटीको अन्त्य जबसम्म हुँदैन निगमलाई नाफामा लैजान पेट्रोलियमको भाउ बढाउनु बाहेक अन्य कुनै विकल्प देखिँदैन । वार्षिक खर्चमा कटौति, कर्मचारी सुविधामा कटौति, विकास निर्माणका काममा कटौति वा अन्य कुनै पनि फिना मसिना विकल्पले निगम नाफामा जाने देखिन्न । कारण वार्षिक ८० अरब भन्दा बढिको कारोवार गर्ने संस्थामा यस्ता साना खर्च कटौतीले निगमको आर्थिक स्थितिमा कुनै माने राख्दैन । अत: वर्तमान आयात लागत मूल्यमा केहि निश्चित रकम थप गरी (यसबाट ग्राहकवर्गमा पर्न जाने भार अन्य विकल्पबाट पूर्ति गराउने गरी) बजार मूल्य तोकेमा आपूर्ति विश्वसनिय हुनाको साथै अनिश्चितताको पनि सदाको लागि अन्त्य हुनेछ ।

*लेखक :पुँवार खड्का गुठी, नेपालका केन्द्रीय अध्यक्ष एवं नेपाल आयल निगमका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।*


विजयादशमी तथा शुभ दिपावली २०६८ को सुखद उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग, अभिकर्ता, शुभेच्छुक तथा सम्पूर्ण देशवासीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्तगर्दछौं

**BE INSURED Transfer Your Risk**

**जीवन तथा निर्जीवन बीमा गरी निश्चिन्त हुनुहोस् ।**

**हाम्रा सेवाहरू :**

**<u>जीवन बीमा तर्फ</u>**

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभ समेत) आजीवन अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा बिबाह, म्यादी, सामुहिक, वात्सल्य, वैदेशिक रोजगार, जीवनसाथी बीमा

**<u>निर्जीवन बीमा तर्फ</u>**

अग्नि,मोटर, हवाई, सामुद्रिक, ईञ्जिनियरिङ्, औषधोपचार व्यक्तिगत दुर्घटना, मार्गस्थ नगद, सेंधमारी तथा नकवजनी, श्रमिक मुआब्जा, निष्ठा जमानी, बैंकर्स ब्लैङ्कट, जनदायित्व, ग्राहस्थ, विविध, बिदेश यात्रा तथा औषधोपचार, चिकित्सक र अस्पतालको कानूनी दायित्व बीमा ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

**राष्ट्रिय बीमा संस्थान**

प्रधानकार्यालय, रामशाहपथ, काठमाडौं, फोन नं. ४२६२५२०
पी.ओ. बक्स: ५२७ फ्याक्स: ००९७७-४२६२५२०
इमेल : beema@wlink.com.np/rbsniac@wlink.com.np
वेभ:www.beema.com.np



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**साईबाबा ग्याँस उद्योग प्रा.लि.**

पर्सा ,चितवन





# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गृहलक्ष्मी ग्याँस कम्पनी प्रा.लि.**

पोखरा, कास्की

# स्वधर्मको सार



-बद्री बहादुर कार्की

मानिसले यो जन्ममा धेरै अपूर्व र महत्वपूर्ण भूमिका निभाउन सक्नुपर्दछ । कुनै पनि अपूर्व र महत्वपूर्ण भूमिका निर्वाह गर्नको लागि उसले आध्यात्मिक भावना र चेतनामा डुबी भगवत सेवामा समर्पित हुनुपर्दछ । तर भगवत सेवामा समर्पित हुनको लागि पनि मानिसमा इच्छाशक्तिको जरुरत पर्दछ। पूर्वजन्ममा कमाईको रुपमा धर्म राखेको मानिसको मनमा सुविचार र भावना जागरण हुन्छ र त्यस्तो मानिसमा चेतना जागिरहन्छ। त्यस्तो चेतना जागरण भएको मानिसमा मात्र इच्छाशक्ति आउँदछ । नत्र भने मानिसमा आध्यात्मिक भावना र चेतना पटक्कै रहँदैन । त्यसको लागि भगवान् स्वयम्ले पनि इच्छा गर्नुपर्दछ। अन्यथा त्यस्तो सुर्वण अवसर सबैलाई मिल्दैन ।

मानिसको पतन अहङ्कारबाट शुरु हुने भएकोले यसमा सबै सचेत हुनुपर्दछ। यदि मानिसमा अहङ्कार आयो भने उसका सम्पूर्ण असल काम रोकिन सक्दछ। मानिसमा हुने नकारात्मक सोंच र प्रवृत्ति पनि कर्तव्यविमुख गराउने महत्वपूर्ण तत्व हो भन्ने वास्तविकता मानिसले कहिल्यै पनि भुल्नु हुँदैन । यदि कुनै मानिसमा आशक्तिले जरो गाड्यो भने उसमा विभिन्न खराबीहरू पैदा हुन जान्छन्। मानिसले आफ्नो मन र भावना शुद्ध र चोखो राख्न सक्यो भने कुनै पनि खराबीहरू उसको इन्द्रियहरूमा प्रवेश गरी स्थायित्व पाउँदैनन् ।

मानिस एक सामाजिक प्राणी भएकोले उसले वन्धुत्व, भाइचारा, आपसी मेलमिलाप, आपसी प्रेम, सद्भाव र प्राणी मात्रको भलाई सोंची नि:स्वार्थसँग जे काम गर्दछ भगवत कृपाले गर्दा त्यो काम अवश्य पनि सफल हुन्छ। प्रत्येक मानिसले नि:स्वार्थसँग सर्वप्रथम आफ्नो काम, कर्तव्य र जिम्मेवारी पूरा गरेपछि मात्र देवतीर्थ वा सत्सङ्गमा लाग्नुपर्दछ। अन्यथा कर्तव्यविमुख देवतीर्थ र सत्सङ्ग बेकार सिद्ध हुन्छ । यसै कुरालाई श्रीसत्य साई बाबाको अमृत वचनमा "जसले आफ्नो जिम्मेवारी र कर्तव्य बहन नगरी मेरो नाममा केही गर्दछ भने ती सबै बेकारको कर्म हो" भनिएको छ। बाबाले "मानिसले सर्वप्रथम नि:स्वार्थसँग आफ्नो काम, कर्तव्य र जिम्मेवारी वहन गरेमा मात्र म त्यस्तो मानिसको मनमा सदा बास गर्नेछु। त्यस्तो मानिसले मेरो भौतिक शरीर देख्न पुट्टपर्ती वा ह्वाइटफिल्ड धाउनु पर्दैन। नि:स्वार्थ सेवा, परसेवा र कर्तव्य निर्वाह नै मेरो दर्शन पाउने सर्वोत्तम उपाय हो" भन्नु भएको छ। जुन व्यक्तिले सुशील र शान्त भई उसको कर्तव्य पुरा गर्दछ त्यस्तो व्यक्तिलाई बाबाले मनदेखि नै उसको कर्मथलोमा नै आत्मिकरुपमा अङ्गमाल गर्नु हुन्छ। उहाँको भौतिक शरीर दर्शन गर्नको लागि कतै धाउनु पर्दैन । त्यस्तो मानिसले लिने श्वास प्रश्वासमा स्वर्गको फूलको सुगन्ध आउनेछ। उनीहरूको काम स्वर्गको देवदूतले गरेको सरह अनुकरणीय हुनेछ भनी बाबाले "असल मानिसको आनन्द नै मेरो आनन्द हो" भन्नुभएको छ।

मानव जीवनमा धर्मको आवश्यकता मानवीय जीवन जीउनको लागि आत्मशुद्धि गर्न र इन्द्रियहरूलाई वशमा (आत्मनियन्त्रणमा) राख्नको लागि हो। मानिसमा धार्मिक भावना त्यस बेला सिर्जना हुन जान्छ जब उसमा आध्यात्मिक ज्ञान प्राप्त हुन्छ । आध्यात्मिक ज्ञानले मानिसलाई जन्म र मृत्युको वास्तविकता बुझाउने भएकोले त्यसको प्रभावले गर्दा नि:स्वार्थ सेवामा समर्पित गराउन

प्रेरणा प्रदान गर्दछ । आध्यात्मिक ज्ञानको माध्यमबाट मानिसले आफ्ना् आत्मशुद्धीकरण गर्न सक्ने हुँदा यसले मानिसलाई सन्तोषपूर्ण जीवन बिताउन मौका प्रदान गर्दछ । मानिसले आफ्नो जीवनलाई सुखी बनाउने हो वा दु:खी बनाउने हो ? साथै मानिसको मृत्युवरणपछि स्वर्ग जाने बाटो निर्माण गर्न हो वा नर्क जाने ? भन्ने सम्बन्धमा पनि व्यक्ति स्वयम् आफैं जिम्मेवार हुन्छ । त्यसको लागि घर, परिवार, नातागोता वा इष्टमित्र कोही उत्तरदायी हुँदैनन् र व्यक्ति आफैं जिम्मेवार हुन्छ । जब मानिसले राग, द्वैष, लोभ र तृष्णा त्याग्न सक्छ तब ऊ सदा सुखी र सन्तोषी बन्न सक्दछ ।

चौरासी लाख जुनिमध्ये मनुष्य जुनि सर्वोत्तम जुनि भए पनि मनुष्यले आफ्नो स्वार्थपूर्तिको लागि विभिन्न वहाना बनाई आफ्नो इच्छापूर्ति गर्दछ । मन्दिरमा दर्शन गर्दा आफूमा भएको काम (कामुकता), क्रोध (रिस राग), लोभ (स्वार्थपना) र मोह (माया) भगवान्को आशीर्वाद र कृपाले गर्दा मबाट अहिलेदेखि हटोस् भन्ने प्रतिज्ञा गर्नुपर्दछ । भगवान् मैले ममा भएका ती पशुपनहरू अहिलेदेखि नै पाउमा चढाएँ भनी पुकारा गर्नुपर्दछ । त्यसले भगवान्को पाउमा ढोगी आफूमा भएको काम, क्रोध, लोभ र मोहको वलि चढाएँ भनी पुकारा गरी आफ्ना् खराबीहरू भगवानको पाउमा चढाउनु भनेकोमा मानिसले आफ्नो स्वार्थपूर्ति गर्ने बहाना समेत बनाएका छन् । मासु खाने आफ्नो निहित स्वार्थ राखी कामको रुपमा कामुकता भएको बोका, क्रोध अर्थात रिसाहाको रुपमा राँगो, लोभको रुपमा भेडा र मोहको रुपमा अटल प्रेम भएका परेवाको वलि भगवानलाई दिई मासु खाने जस्ता स्वार्थपूर्ति गर्ने परम्पराको प्रारम्भ मानिसले नै गरेका छन् । तर भगवानले आफ्नो सृष्टिको रगत र मासु खाने भन्ने प्रश्न नै उठदैन । जनावरमा भेंडा अति नै लोभी जनावर मानिन्छ । त्यसैले भेंडाको बथानमा भएको सबैभन्दा अगाडिको भेंडा गल्तीले भिरबाट खस्यो भने वा खोलामा डुब्न पुग्यो भने त्यसभन्दा पछिका भेंडाले अघिल्लो भेंडाले मीठो खानेकुरा वा घाँस सिध्याउन लागेको भनी लोभकै कारणले गर्दा सबै भेंडाहरू केही पनि विचार नगरी हामफाल्दछन् । पुरै बथान सखाप हुन्छन् । त्यसैले प्राणीमा सबैभन्दा लोभी भेंडा हुने भएकोले नै मानिसले आफ्नो लोभको रुपमा भेंडाको थुमो वलि दिन शुरु गरेको मानिन्छ ।

अत: भगवानको पाउमा मानिसले पशुवलि चढाउनु भनेको आफ्नो अन्तरआत्मा र मनमा रहेको पशुको जस्तो लोभ, पाप, मोह घमण्ड र स्वार्थपनालाई वलि चढाई सो वलिबाट आत्मशुद्धीकरण गर्नु भनेको हो । तर त्यसको बदलामा मानिसले भगवानको मन्दिरमा पशु वलि चढाई मासु खाने आफ्नो घृणित स्वार्थ पूर्ति पापकर्म गरिरहेका छन् । मन्दिरमा गई भगवान समक्ष प्रण गर्नु भनेको नै पशुवलि हो । अर्थात आफ्नो पशुबानी आजदेखि चढाएको भनी भगवान् समक्ष पुकारा गर्न भनेको हो । त्यसैले पशु बलि भनेको भगवान्का आफ्ना सृष्टि बोका, थुमा, राँगा, परेवाजस्ता पशुलाई काटेर रगत चढाई मासु मानिसले खानु भनेको होइन ।

आजको विश्व भौतिकवादमा लिप्त भएकोले भौतिक सुख शान्तिको लागि मात्र मानिसहरू लिप्त देखिन्छन् । फल स्वरुप अणु परमाणुजस्ता हातहतियार (अस्त्र सस्त्र) को होडबाजीमा सम्पूर्ण स्रोत साधन खर्चिरहेका छन् । अर्कोतर्फ विश्वका अधिकांश मुलुकका जनताहरू भोकमरी, अकाल मृत्य, आ-आफूमा झैंझगडा र गरिबीका चपेटामा परिरहेका छन् । संसारभरका मानिसहरू वमसँग डराउँदछन् तर वम बमाउने बैज्ञानिकसँग डराउँदैनन् । अर्कोतर्फ मानिस सृष्टिको बारेमा त कुरा गर्दछन् तर सृष्टिकर्ताको बारेमा जान्न कोसिस नै गर्दैनन् भने भौतिकवादले भविष्यमा कस्तो अवस्था ल्याउला ? त्यो सहजै कल्पना गर्न सकिने कुरा पनि हो । सृष्टिको बारेमा पूर्ण जानकारी राख्ने तथा सृष्टिकर्ताको बारेमा जान्न कोशिस नगर्ने सोंचाई जस्तो

ठूलो त्रुटि अरु के हुन सक्दछ ? मानिस भएर जन्मेपछि उसको जन्मको बारेमा र सृष्टिकर्ताको बारेमा जान्नै पर्दछ। श्रीसत्य साईबाबाको दिव्य वचनअनुसार "आजका बैज्ञानिकहरू सृष्टिको बारेमा मात्र अध्ययन गर्दछन् तर सृष्टिकर्ताको बारेमा अनभिज्ञ छन्। सृष्टिकर्ताको बारेमा सन्तले मात्र अध्ययन गरेका छन्" ।

मानिसको दुई थरी इन्द्रियमध्ये मन अत्यन्त र सबैभन्दा चञ्चल एवं बलवान इन्द्रीय हुन्छ । जसले विवेकद्वारा आफ्नो मनलाई नियन्त्रण गर्न सक्दैन त्यस्तो व्यक्ति जीवनमा सफल हुँदैन। मनको लहडमा काम गर्ने व्यक्तिहरू राक्षस स्वभावको हुन्छन् । त्यस्ताले जे मन लाग्यो त्यही गर्ने गर्दछन् । त्यसैले मानिसले विवेकद्वारा आफ्नो मनलाई नियन्त्रण गरी राम्रो ध्येयमा मात्र एकाग्र गराउन सक्नुपर्दछ। आत्मालाई नियालेर काम गर्न सक्ने र मनलाई सधैं दृढविश्वासी बनाई एकचित्त राख्न सकेको खण्डमा मात्र मानिस असल सावित हुन सक्दछ। असल मानिस सधैंभरि आफ्नो शरीर, बुद्धि, मन र आत्मालाई समन्वय गरी कामको थालनी गर्दछ । फलस्वरुप ऊ सदा काममा सफल हुन्छ ।

मानिसले बुझ्नुपर्ने मुख्य कुरा मानव जीवनमा दुःख र सुख नियमित रुपमा आउँदछ भन्ने नै हो। दुःख वा सुखपछि पुनः त्यसको विपरितको सुख वा दुःख आउँदछ । सुखपछि फेरी दुःख र दुःखपछि फेरि सुख आउँदछ र जान्छ पनि। यही नै मानव जीवनको यथार्थ र सत्य हो। श्रीसत्य साई बाबाको दिव्य वचनअनुसार "मन, वचन र शरीर वीच सामञ्जस्य कायम गर्न सक्नु नै धर्मको पालना हो, भने खराब विचार, भावना र कर्मलाई धर्मले मात्र सुधार गरी असल विचार, सकारात्मक भावना र सुकर्मी बनाई दिन्छ"। त्यसको परिणामस्वरुप मानिसमा सुख र शान्ति छाउँदछ ।

मानिस सांसारिक माया मोह एवं मायाजालप्रति लोभियो भने उसले आफ्नो अस्तित्व गुमाउँदछ । मानिसले सधैं विचारधारा र चरित्रमा सुधार गर्ने प्रयास गर्नुपर्दछ । विचारधारा र चरित्रमा सुधार ल्याउन भगवान्प्रति श्रद्धा, भक्ति, चेतना र विश्वास जगाउन सक्नुपर्दछ। जसले भगवान्प्रति विश्वास गर्दछ त्यस्तो व्यक्तिले आफ्नो भविष्य सुधार गर्नको लागि उसलाई मद्दत गर्ने र उसको आवश्यकता पूर्ति गर्नेहरूप्रति सधैंभरि आभार व्यक्त गर्न जान्दछ त्यस्तो मानिस कहिल्यै पनि कृतघ्न बन्न सक्दैन ।

आजको भौतिक विज्ञानले प्रभुत्व जमाएको जमाना एवं कलियुगमा मानिसमा पाप-पुण्य, सत्कर्म-कुकर्म, नैतिकता, अनैतिकता, सत्चरित्रता-दुश्चरित्रता र निःस्वार्थता-स्वार्थताको बीचमा जटिल द्वन्द चलिरहेको पाइन्छ। यसैको फलस्वरुप भौतिक विज्ञानले आध्यात्मिक विज्ञानलाई ओझेलमा पारेझै भएको छ। तर आजको अशान्त र द्वन्दलाई विश्वमा जरैदेखि उखेली स्वच्छ, स्वस्थ, चिरशान्ति एवं परोपकारी विश्व बनाई भौतिक विज्ञानको सदुपयोग गर्नको लागि आध्यात्मिकवादलाई प्रश्रय दिनु नै सर्वोत्तम उपाय हो । अनिमात्र संसारको विकासमा सरलता र सहजता आउने छ र आजको विश्वमा भोग्नु परेका जटिलताहरूको अन्त्य हुनेछ । समाजमा आध्यात्मिक ज्ञान र चेतना जगाई अनुशासित र सुशिल समाजको विकास गर्न सक्नु नै आजको मूल आवश्यकता हो ।

जुन समाजमा चरित्रवान र नैतिकवान मानिसहरूको बाहुल्य रहेको हुन्छ त्यहाँ निःस्वार्थ सेवा र धर्मको आधारमा समाजको विकास हुने गर्दछ। फलस्वरुप त्यस समाजमा मानवसेवा, भाइचारा र विश्वशान्ति यत्रतत्र सर्वत्र कायम भएको हुन्छ। यसबाट नै विश्वका प्रत्येक समाजले मानवीय संवेदना र मूल्य कायम गर्न सक्नेछन्। तर त्यो आज कठिन देखिएको छ। किनभने शुन्यताले प्रश्रय पाएको आजको विश्वमा धर्मको नाममा विखण्डन, जातजातिको आधारमा विखण्डन, हातहतियारमा होडबाजी, आतंकवादको बिगबिगी र राष्ट्रराष्ट्रबीच झैझगडा भएर शान्तिपूर्ण विश्वको

परिकल्पना गर्नु भनेको सपना जस्तो हुन गएको छ । साथै विश्वमा सञ्चित वम बारुदले क्षणभरमा नै सारा विश्व पूरै ध्वस्त गर्न सक्दछ । त्यस्तो अवस्था सिर्जना हुन नदिने र विश्वलाई सुन्दर र शान्त बनाउने काम आध्यात्मवादको विकास र विस्तारबाट मात्र सम्भव छ।

आजको विश्वमा आध्यात्मिकताको विकास र विस्तार गर्न ज्ञान र चरित्रको खाँचो पर्दछ । त्यसको लागि प्रत्येक मानवीय कार्यहरूलाई नैतिकतामा आधारित बनाउनुपर्दछ । यस अभियानमा सफलता पाउनको लागि विद्यार्थीहरूलाई कक्षा एकदेखि स्नातकोत्तर तहसम्म ज्ञान, बुद्धि, विद्या, चरित्र तथा संयम सम्बन्धी विषयको पाठ्यक्रम राखी भावी पिढीलाई असल र अनुशासित बनाउनुपर्दछ। प्राचीनकालमा यस प्रकारको शिक्षाको व्यवस्था थियो। परिणामस्वरुप त्यो युग सुन्दर, शान्त, सुशील, एकता, भाइचारा र मानवसेवामा समर्पित थियो भन्ने कुराको इतिहास साक्षी छ। प्राचीन युगमा नैतिकमूल्यमा आधारित शिक्षा प्रणाली थियो। आजको शिक्षा प्रणाली भौतिकवादमा आधारित छ । त्यसैले यसमा सुधार गर्नुपर्ने आजको खास आवश्यकता भएकोले मानव जीवनमा सुख, शान्ति उज्ज्वलमय भविष्यको कामनामा ऊर्जा मिलोस् भनी आर्जित ज्ञान र अध्ययनको आधारमा केही जीवनोपदेशहरू बुँदागत रुपमा प्रस्तुत गरी देश र समाजको लागि समर्पण गरिएको छ ।

प्राणी मात्रको सेवा र रक्षा गर्ने एवं निःस्वार्थ सेवामा समर्पण हुने कर्मलाई धर्म भन्दछन् । सत्कर्म, सुविचार र सद्भावको अर्को नाम हो धर्म। असल काम र व्यवहारको नामलाई धर्म भन्दछन्। परापूर्वकालदेखि आफ्ना वंशजहरूले मान्दै आएका मान्यता, परम्परा र संस्कृतिको परिपालनाले धर्मको रक्षा हुन्छ । धर्मले नैतिक नियम पालना गरी स्वच्छ, सुन्दर र शान्त विश्वको परिकल्पना गरेको हुन्छ । त्यसैले सत्य र सत्कर्मलाई नै धर्म भनिएको हो। ब्रह्माण्डमा भगवान एक हुनुहुन्छ। तर भगवान्को स्वरुप अनेक हुने भएकोले प्रत्येक समाज, समूह, समुदाय र जातजातिले भगवान्को स्वरुपलाई अनेकताको रुपमा मान्दै आएका छन् । भगवान्को रुप एक स्वरुपमा अनेकता भएजसरी नै धर्मलाई हिन्दु, इसाई, इस्लाम, जैन, बौद्ध, शिख, यहुदी, हिब्रु, सिन्तो र कन्फ्युसियन आदि नाममा वर्गीकरण गरी आ-आफ्नो धारणा अनुसार मानव समुदायको विभाजन भएको छ। ती प्रत्येक धर्महरूलाई पनि समूह उपसमूहमा विभाजन गरिएको छ । तर सबै धर्मको अन्तिम उद्देश्य र लक्ष्य एउटै भएकोले भगवान् एक र स्वरुप अनेक छ भन्ने स्वतः प्रमाणित हुन्छ ।

धार्मिक कर्मले मानिसलाई जीवनमा आत्मसन्तुष्टि दिलाउँदछ। धर्मले व्यक्ति, समाज, देश र पूरै विश्वको भलो गर्दछ। यसले सच्चरित्र, सद्भाव, सुविचार, विवेक, सदाचार र असल व्यवहार गर्ने गराउने कार्यमा जोड दिन्छ। धर्मलाई मानव समुदायले जतिसुकै वर्गमा विभाजन गरे तापनि प्रायः सबै धर्मको उद्देश्य एउटै हुन्छ । यस अर्थमा हेर्ने हो भने धर्म भनेको मानिसको मनको धारणा हो। त्यसैले आफ्नो धारणा र विश्वास अनुसारको धर्म मानिसले अपनाएको हुन्छ।

हिन्दू धर्मशास्त्रानुसार सबै धार्मिक समुदायबीच एक आपसमा सद्भाव र प्रेम हुनुपर्दछ। अन्तरआत्मादेखि नै मानिसको आफ्नो धर्मप्रति आस्था हुने भएकोले कसैले पनि अरुले मान्दै आएको धर्मप्रति अवहेलना वा घृणा गर्नु हुँदैन । साथै कसैले अंगालिसकेको धर्मलाई जुनसुकै बहाना वा लोभलालचमा फँसाई धर्म परिवर्तन गर्नु गराउनु भनेको धार्मिक बलात्कार सरह हुन्छ । त्यसैले आफ्नो अन्तरमन र हृदयदेखि नै स्वेच्छाले व्यक्ति स्वयम्ले धर्ममा परिवर्तन गर्ने अवस्थामा बाहेक कसैले कसैको धर्ममा परिवर्तन गर्नु गराउनु हुँदैन । किनभने भगवान्को रुप एक र स्वरुप अनेक छ भन्ने यथार्थतालाई लुकाई अरुको धर्ममा धावा बोली धर्मको परिवर्तन किन गर्ने गराउने ? यस्तो सत्यता, यथार्थता र वास्तविकताको ज्ञान हुँदा हुँदै धर्म परिवर्तनको

आवश्यकता नै किन पऱ्यो ? अर्कोतर्फ मानिसको परिचय धर्मबाट नै हुने भएकोले धर्म भनेको आत्मा र जीवन भएकोले मानिसको आत्मा र जीवनसँग विभिन्न बहानामा परिवर्तन गर्नेजस्तो कुकर्म र पाप मानव जीवनमा अरु केही देखिँदैन ।

साधारण अर्थमा कुनै सन्त, महन्त वा महापुरुषले उपदेश गरेको मतलाई धर्म (धारणा) भन्ने गरिन्छ तापनि धर्म भनेको भगवानप्रतिको आस्था हो । उदाहरणको लागि वेद, गीता र पुराणहरूले चलाएको मतलाई हिन्दूधर्म, महावीरले चलाएको मतलाई जैनधर्म, इशु ख्रिष्टले चलाएको मतलाई इसाईधर्म, हजरत मुहम्मदले चलाएको मतलाई इस्लामधर्म र नानक शाहीवले चलाएको मतलाई सिखधर्म आदि नामबाट धर्मको अनुसरण गरिएको छ । धर्मको नाम र रुप जेसुकै भए पनि धर्म भनेको नैतिक नियम, शुद्ध आचरण र व्यवहार, सदाचार र लोकहितको लागि गरिने कर्म हो । हिन्दुधर्मको शास्त्रानुसार सदाचार, अहिंसा, सद्विचार, एकता, भाइचारा, लोककल्याण, क्षमा, सहनशिलता, सत्य, दया, मातृसेवा, पितृसेवा, गुरुभक्ति, प्रेम र पारिवारिक सुव्यवहार नै धर्म हो भनिन्छ अर्थात् वेद, गीता, मनुस्मृति र अन्य विधि शास्त्रानुसारको कर्मलाई धर्म भनिन्छ । त्यसकारण हिन्दुधर्म अनुसार धर्म भनेको सुसंस्कृत, परम्परा र व्यवहार हो भने एकता, भाइचारा, सुख, शान्ति र समृद्ध विश्व निर्माण गर्नु यसको मूल उद्देश्य हो ।

हिन्दु सम्प्रदायको लागि सनातन हिन्दूधर्म मूल धर्म हो भने बौद्ध, सिख र जैनधर्म यसका विकसित रुपका शाखा धर्महरू हुन् । बुद्धधर्मको धार्मिक ग्रन्थहरूमा त्रिपिटक मुख्य ग्रन्थ हो । विनय पिटक, सुत्ती पिटक र अभिधम्म पिटक यसका मुख्य खण्डहरू हुन् । बुद्धधर्मका मुख्य सार भनेको प्राणी मात्रको रक्षा गर्नु हो । त्यसको लागि अहिंसाको बाटो अपनाई क्षमादान र परसेवामा समर्पण हुनु यसको लक्ष्य हो । देह त्यागलाई बुद्धधर्ममा निर्वाण प्राप्त गर्नु हो भनिन्छ । चैत्य, स्तूप र बौद्ध मन्दिरमा बुद्ध धर्मावलम्बीहरूले पुजाआजा गर्दछन् । मानिसले जीवनमा मुक्ति पाउनको लागि वेदशास्त्रको विधिअनुसार यज्ञद्वारा वलि चढाएर होइन कि अहिंसाबाट मात्र मुक्ति पाउन सकिन्छ भन्ने बुद्धधर्मको खास मौलिकता हो । श्रावकयान, प्रत्येकयान र महायान समेत तीन भागमा बुद्धधर्मलाई विभाजन गरिएको छ ।

हिन्दुधर्मको अर्को विकसित रुपमा रहेको धर्म हो जैनधर्म । यस धर्ममा ईश्वर र सृष्टिले मान्यता पाउँदैन । बुद्धधर्ममा जस्तो अहिंसा यस धर्मको मूल मर्म हो । मांसाहार यस धर्मले पूर्ण बर्जित गरेको छ । दिगम्बर र श्वेताम्बर गरी दुई सम्प्रदायमा विभाजन गरी यो धर्मको पालना गर्ने गरिन्छ । दिगम्बर समूहका साधुलाई शिव वा महादेव भनिन्छ र उनीहरू निवस्त्र अर्थात नाङ्गै बस्दछन् । कुनै पनि सम्पत्ति सञ्चय नगर्नु यो सम्प्रदायको विशेषता हो । यो सम्प्रदायका मूर्तिहरू नाङ्गै हुन्छन् । श्वेताम्बर सम्प्रदायले सेतो वस्त्र लगाउँदछन् र यो धर्मले तीर्थङ्करलाई इष्ट देवता मान्दछन् । यो धर्मको प्रतिपादक तीर्थङ्कर महावीर हुन् । अहिंसा, त्याग, संयम, दया, परोपकार, क्षमा, सहनशीलता, जप, तप यो धर्मको मूल उद्देश्य हो । पशुवलि पूर्ण वर्जन जैनधर्मको मूल आधार हो । बुद्धधर्मले जसरी नै यस धर्मले पनि मन, वचन र कर्मले हिंसा गर्नु हुँदैन भन्ने मान्यता राखेको छ । भगवान्, भूतप्रेत र राक्षसलाई यो धर्ममा मान्यता छैन । केवल तीर्थङ्कर नै यो धर्मको मुख्य अभौतिक पुरुषको रुपमा मानिएका छन् । यिनीहरू मानिसको आत्मालाई भगवान मान्दछन् । आत्मा र प्रकृतिको संमिश्रणबाट प्राणीको उत्पत्ति हुन्छ । जन्म र मृत्युको चक्र निरन्तर चलिरहन्छ भन्ने यिनीहरू मान्दछन् । जैनधर्मअनुसार जब आत्माले प्रकृतिसँग सम्बन्ध टुटाउँछ तब मात्र मानिसले मोक्ष प्राप्त गर्दछ तब उसले वेदना र दुःखबाट मुक्ति पाउनेछ ।

विश्वास, सदाचार र सच्चा ज्ञानको माध्यमबाट अहिंसा, सत्य, अपरिग्रह(सम्पत्तिको सञ्चय नगर्ने) र

चोरी नगर्नु जैनधर्मको मुख्य सिद्धान्त हो । जीवनमा कुनै भक्त एक पटक श्रावक भइसकेपछि ऊ फेरि गृहस्थ बन्न हुँदैन भन्ने यो धर्ममा मान्यता रहेको छ । साथै बाल्यकालमा यो धर्मको दीक्षा लिएपछि ऊ वयष्क हुँदा पनि उसले यो धर्म छाड्न नपाइने नैतिक वन्धन रहेको छ । जातीय भेदभाव र पशुवलिलाई यो धर्ममा मान्यता छैन । साथै हिन्दुधर्मको धार्मिक ग्रन्थ वेदलाई पशुवलिको कारणले गर्दा जैनधर्मले मान्यता दिइँदैन ।

जब भारतको मुगल शासकहरूले हिन्दु धर्मावलम्बीहरू माथि आक्रमण शुरु गरी मुश्लिम धर्म विस्तार गर्ने र हिन्दु धर्म माथि अतिक्रमण शुरु गरे तब सो मुसलमानहरूको धार्मिक अतिक्रमणबाट हिन्दुधर्मको संरक्षण गर्नको लागि भारतको पञ्जावमा गुरु नानक शाहीवले सिखधर्मको प्रतिपादन गर्ने अभियानको थालनी गर्नुभयो । जसरी वेद, पुराण, गीता र अन्य शास्त्रहरूले भगवान् एक र स्वरुप अनेक छ भने जस्तै गुरु नानकले पनि ब्रह्माण्डमा भगवान् एक मात्र हुनुहुन्छ भन्नुभएको छ । गुरु नानकले अहिंसाको बाटो नै धर्म सर्वोत्तम उपाय हो पनि भन्नु भएको छ । सिख धर्मावलम्बीहरूले सिखधर्मलाई हिन्दुधर्मको विकसित रुप मान्दछन् । सिखधर्मको मुख्य ग्रन्थ भनेको "गुरु ग्रन्थ शाहीव" हो । उक्त ग्रन्थ अनुसार मानिसले आफ्नो मन, वचन र कर्मलाई शुद्ध राख्नुपर्दछ । काम, क्रोध, लोभ, मोहलाई आफ्नो वशमा राख्न सक्नु पर्दछ । प्राणीलाई दु:खकष्ट दिनु हुँदैन । हत्या हिंसा गर्नु हुँदैन । सत्य बोल्नु र सत्य व्यवहार गर्नुपर्दछ । अरु कसैको पनि ईर्श्या र चोरी गर्नु हुँदैन । विश्वका मानिस सबै समान भएकोले आपसी भाइचारा कायम गर्नुपर्दछ भनिन्छ । ब्रह्माण्डमा भगवान् एक मात्र हुनुहुन्छ भन्ने आदर्शता सिखधर्मीहरू मान्दछन् ।

इस्लामधर्मका प्रतिपादक हजरत् मुहम्मदको समयसम्म अरब देशहरूमा व्यापक रुपमा हिन्दुधर्मको प्रचलन थियो । अरब मुलुकहरूमा इस्लामधर्मको प्रतिपादन भएपछि हजरत् मुहम्मदको नाम पैगम्बर हजरत् मुहम्मदमा परिणत गरियो । "कुरान" ईस्लामधर्मको मूल ग्रन्थ हो । "कुरान" पैगम्बर हजरत् मुहम्मदको हृदयमा देवदूत जिब्राइलद्वारा प्रस्फुटित भएको धार्मिक ग्रन्थ हो भन्ने विश्वास गरिन्छ । इस्लाम धार्मिक समाज सिया र सुन्नी दुई समुदायमा विभाजित छ । इस्लामधर्मले पनि ब्रह्माण्डमा ईश्वर एउटै मात्र छन् भन्ने कुरामा विश्वास गर्दछ । दैनिक नमाज पढ्नु आय-आर्जनको निश्चित प्रतिशत गरिबहरूको लागि दान गर्नु, रमजानको समयमा व्रत बस्नु र जीवनमा एकबार अनिवार्य रुपमा हज (तीर्थ) जानुपर्दछ भन्ने "कुरान" को प्रमुख धार्मिक उपदेश हो । त्यसैले सबै धर्महरूमा धेरै कुराहरू समानता छ तापनि इस्लामधर्ममा भने केही भिन्नता रहेको देखिन्छ । त्यो हो इस्लाम धर्मावलम्बीहरू मुसलमानहरूलाई मात्र एकता र भाइचाराको लागि जोड दिन्छन् । इस्लामधर्म अनुसार इस्लाम कानूनको परिवर्तन गर्न पाईंदैन ।

इसाईधर्मका प्रवर्द्धक इसालाई प्रभु यिशु खिष्ट वा जिसस् क्राइष्ट नामले सम्बोधन गरिन्छ । यस धर्मको मुख्य ग्रन्थ बाइबल हो । यस धर्मअनुसार मानिसले मनको साथै शरीर पनि सफा राख्नुपर्दछ । सत्य वचन र व्यवहार गर्नुपर्दछ । मनलाई एकाग्र गरी खिष्ट भगवानको पूजा गर्नुपर्दछ । क्षमा, शान्ति, दया, शुद्ध आचरण र अहिंसा यो धर्मको मूल चुरो हो । अंग्रेजी तारेख २५ डिसेम्बरमा प्रभु यिशु खिष्टको जन्म भएको र पछि प्रभु यिशुलाई सुलीमा चढाई मारेकोमा त्यसको तीन दिनपछि भगवान् खिष्ट बिउँतिएर पुनर्जीवित भई उठ्नुभयो र चालीस दिनसम्म ध्यानमा बसी स्वर्गमा जानुभएको हो भन्ने विश्वास क्रिश्चियनहरूमा रहेकोले इसाईधर्ममा पनि पुनर्जन्मको विश्वास गरिन्छ भन्ने प्रमाणित तथ्य भेटिन्छ ।

इसाईधर्मअनुसार ईश्वरको आदेश पालन गर्नेलाई सच्चा इसाई धर्मावलम्बी मानिन्छ । साथै असल काम

गर्ने व्यक्ति र प्रभु ख्रिष्टको आदेश पालन गर्ने व्यक्ति मात्र स्वर्गमा जान्छ भन्ने विश्वास गरिन्छ । यस धर्ममा आदेश पालना गर्ने व्यक्तिमा ईश्वरको वास रहेको हुन्छ भन्ने भनाई छ । ईश्वरले जगतको भलाई गर्नको लागि मानिसलाई माध्यम बनाउनुभएको हो पनि भनिन्छ । ईश्वरको आदेश पालना गर्नको लागि असल मानिसको सृष्टि गरेको हो र त्यस्तो व्यक्तिले अमरत्व प्राप्तगर्दछ । ईश्वरको आज्ञा पालन गर्नुपर्दछ । ईश्वरले राम्रो काम गर्नेलाई मात्र पुरस्कृत र कुकर्म गर्नेलाई दण्डित गर्नुहुन्छ भन्ने यो धर्मको विश्वास हो । क्रिश्चियनहरू झुठो बोली र व्यवहार गर्नु पाप हो भन्ने पनि विश्वास गर्दछन् ।

समय र युगको परिवर्तनसँगै एकै सन्तानको मानिसहरू विभिन्न महादेश, देश र भूखण्डमा बसोबासको लागि बसाई सर्न थाले । विभिन्न भूबनौट र प्राकृतिक वातावरणमा बसोबास गरे अनुसार एकै आमाबाबुको सन्तानहरूको जन्म पनि विभिन्न भूभागमा छरिन पुग्यो । प्रत्येक पृथक भूबनौट र प्राकृतिक वातावरणमा जन्म लिएका सन्तानको आनीबानी, परम्परा, भेषभुषा, रहनसहन र संस्कृति आ-आफ्नै किसिमको हुन गयो । समयको अन्तरालले गर्दा विभिन्न जातजाति र समुदायमा मानव समाज विभाजित हुन पुग्यो । प्रत्येक जातजाति र समूदायले आ-आफ्नै भाषा र संस्कृति शुरु गर्न थाले । कालान्तरमा प्रत्येक जीवन जुन वातावरणमा जन्म लिन्छ र हुर्कन्छ त्यसै अनुरुपको रुपरङ्ग भएजस्तै प्रत्येक मानिसको शारीरिक बनौट, छालाको रङ्ग आनीबानीमा पृथकता आयो । प्रत्येक समुदाय र जातजातिले पनि आ-आफ्नै संस्कृति विभिन्न जातजाति, वर्ण, धर्म र समुदायअनुसार मानिस मानिसको बीचमा धार्मिक विभाजन आयो । एकै आमाबाबुका सन्तानहरू पृथ्वीभर विभिन्न वर्ग, वर्ण, जातजाति र समुदायमा विभाजन भए जसरी नै मानिसले भगवान्को रुप एक स्वरुप अनेक भन्ने जान्दाजान्दै पनि धर्मलाई विभिन्न फाँटमा विभाजन गरे । तर जुनसुकै नामको धर्म होस् वा जुनसुकै संस्कृतिमा हुर्केको मानव समाज किन नहोस् ? प्राणी मात्रको रक्षा, निःस्वार्थ सेवा, सहनशीलता र क्षमा, सद्विचार र सद्भाव, मानवसेवा, विश्व बन्धुत्व, एकता, सुन्दर र शान्त विश्व कायम गर्नु नै सबै धर्मको सार हो ।

*लेखक: पूर्व महालेखा परीक्षक, ध्याङ्ग सुकाठोकर-१, दोलखा हुनुहुन्छ ।*




# हार्दिक शुभकामना



**विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**गौरीशंकर ग्याँस उद्योग प्रा.लि.**

साँगा, काभ्रे



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**कोशी ग्याँस उद्योग प्रा.लि.**

दुहवी, सुनसरी





## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**मनोज ग्याँस उद्योग प्रा.लि.**

परवानीपुर, पर्सा



# नेपालका आदिवासी बाहुन-क्षेत्री

- मोदनाथ प्रश्रित

नेपालमा विभिन्न जाति जनजातिको प्रसङ्ग चल्दा 'आदिवासी' शब्द जनजातिसँग मात्र जोड्ने व्यापक प्रचलन भइसक्यो । यसबाट के जनजातिय लक्षण हुने समुदायमात्र यो देशका आदिवासी या रैथाने हुन् ? ती बाहेक, बाहुन क्षेत्री, दर्जी, विश्वकर्मा आदि जातीय समुदाय आदिवासी नभई हालसालै भित्रिएका हुन् ? भन्ने जस्तो द्विविधा बढ्दै जाने देखियो । त्यसैले 'आदिवासी' विशेषण कुनु-कुन सन्दर्भमा कसकसका अगाडि लाग्दै आयो, त्यो एकदम सही ढङ्गले लाग्न गऱ्यो कि हचुवामै लाग्यो, त्यो कतिसम्म पुराना जातिले लगाउन उपयुक्त हुने हो आदि प्रश्नमा छलफल चलाउनु सान्दर्भिक जस्तो लाग्यो ।

ईपू दश हजार वर्षभन्दा अघि विश्वका सबै मानिस घुमन्ते सिकारी युगमै थिए । नयाँ ढुङ्गे युगको उत्तरार्द्धमा ज्यादै प्रारम्भिक गाउँबस्ती बन्न थालेका थिए । धनुवाण, झुलो-चकमक्को आगो, दुई ढुङ्गाको जाँतो जस्ता धातु युग पूर्वका प्राचिन आविष्कारले मानिसको सुरक्षा र स्थायी बसोबासको शिलान्यास गरेको थियो । त्यसैले दस हजार वर्षभन्दा पुराना स्थायी आदिवासी मानिस विश्वमा कहिँ पाईदैन । नेपालको बर्दिया, दाङ, सुर्खेत, नवलपरासी, बुढानिलकण्ठ आदिका ताल या खोला छेउमा पाइएका पाँचलाख देखि बत्तिसहजार वर्ष पूराना ढुङ्गे हतियारले मानिसको स्थायी बसोबासको चिनारी दिदैंनन् ।

यो सानो लेखमा धेरै जातजातिको सन्दर्भतिर नलागी, अहिलेसम्म 'आदिवासी' विशेषण नलगाईएका कतिपय जातिको नेपाल बसाइको प्राचिन सन्दर्भ कोट्याउन चाहन्छु । इतिहासको खोजमा, मानव निर्मित भौतिक प्रमाणको अभावमा शास्त्रीय र सांस्कृतिक सुत्रको गोरेटो पहिल्याउनु पर्ने हुन्छ । म शास्त्रीय सन्दर्भका केही तथ्यतिर ध्यान दिन अनुरोध गर्छु । ऋग्वेद सबभन्दा प्राचिन मानव रचित ग्रन्थ हो । त्यसको प्रथम मण्डलको चौहत्तरौं सुक्तदेखि छयासी सुक्तसम्मका १ सय २० ऋचाका स्रष्टा राहुगण गौतम ऋषि मानिएका छन् । यसपछि सतासीदेखि त्रियानब्बे सुक्तसम्मका ८४ ऋचा राहुगणपुत्र गौतम ऋषिका भनि उल्लेखित छन् । यी दुवै ब्राह्मण ऋषि नेपालको मिथिला -जनकपुर का बासिन्दा भएको निम्न सन्दर्भले प्रमाणित गर्छ ।

'शतपथ ब्राह्मण' युजुर्वेदको ब्राह्मण ग्रन्थ हो । रामायण र पुराणहरूभन्दा धेरै पुरानो रचना हो । जसको प्रथम काण्ड, अध्याय चार अनुसार अति प्राचिनकालमा सरस्वती नदी (गंगा-जमुनाको बीच मार्वत बग्ने नदी) किनारबाट गणराज विदेह र उनका पुरोहित राहुगण गौतमको बसाई सराई निम्ति पूर्वतिर लागेर नदी पारी पुग्यो । नदी प्रधान त्यो भूमि चिसो, दलदल र जंगलमय थियो । उनीहरूको पुर्ख्यौली यज्ञकुण्डबाट वेश्वानर अग्नि जतनसाथ ल्याएका थिए । त्यसै अग्निले जंगलको झाडी डढाएर जमिन ओभानो तुल्याई मिथिला बस्ती बसाए । यस कुरालाई श्रीमद्भागवत (९।१३) मत्स्य पूराण -अ.५५) र रामायण आदिले पनि पुष्टि गरेका छन् । विदेह माथवहरू मिथिलातिर आउनुको कारण ऋषि वशिष्ठको धार्मिक एकाधिकारविरुद्ध विद्रोह भएको उपयुक्त ग्रन्थहरूमा उल्लेख छ । त्यस बेलासम्म नारायणी पशिचम वैदिक

आर्यहरूको बसोबास फैलिसकेको थियो । नारायणी तर्ने पहिला क्षेत्रिय विदेह माथव र व्राम्हण राहुगण गौतम प्रमाणित भएका छन् ।

ऋग्वेदका उपर्युक्त १ सय २० मध्ये अधिकांश ऋचा व्राम्हमणमा बशिष्ठसँग टक्कर लिएर आएका युवा पुरोहित राहुगण गौतमले मिथिला भूमिमै रचेको र उनका छोराका ८४ ऋचा पनि यहाँ रचिएको स्वतः प्रष्टहुन्छ । प्राचिन मिथिलालाई 'विदेश' र पछि 'तिरहुत' पनि भनिन्थ्यो । यही भाग विदेहवंशी जनकहरूको गणराज्य थियो । दक्षिण-पश्चिमतिरको गंगानदी नजिकको मिथिला खण्डलाई वैशाली भनिन्थ्यो र त्यहाँ लिच्छविको गणराज्य थियो ।

भागवत (९।१३) अनुसार विदेह माथव (या मिथिजनक) पछि बीसौं पुस्तामा सीताका बाबु सीरध्वज जनक भएका थिए । त्यस अवधिसम्म मिथिलाको जनकपुर क्षेत्र वैदिक र उपनिषद् संस्कृतिको विराट केन्द्र बनेको थियो । यहाँका विख्यात दार्शनिक, याज्ञवल्क्य बाजसनेयले शुक्ल यर्जुर्वेदको प्रणयन गरेका थिए, वृहत आरण्यक उपनिषद्ले 'असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय मुत्योर्मा अमृत गमय' जस्तो विश्वविख्यात उद्घोष यहींबाट गरेको थियो । यहीं विख्यात विदुषी गार्गी, मैत्रेयी ठूलठूला दार्शनिक शास्त्रार्थमा सहभागी हुन्थे । त्यही रचेथे अष्टावक्र ऋषिले आफ्नो गीता । दक्षिण एसियाका ठूलठूला वैदिक र दार्शनिक सभा त्यही हुन्थे ।विभिन्न शास्त्रीय सन्दर्भका संकेत र गणनाअनुसार मिथिलाको स्थापना ईपू २००० तिर भएको थियो । मिथिको बीसपुस्तापछि ईपु १६०० तिर रामायणकाल आएको धेरैको निष्कर्ष छ । त्यसैबेला नारायणीको पूर्वी किनारामा सीता विस्थापित हुँदा वाल्मीकिले संस्कृतको आदिकाव्य रामायण रचेको आश्रम अहिलेसम्म प्रख्यात छ ।

बुद्धभन्दा निकै अघि साख्य दर्शनका प्रणेता कपिल ऋषिको आश्रम भएको ठाउँमा बुद्धका पूर्वज आएर उनकै निर्देशनमा कपिलवस्तु बसाएका थिए । ईपू ५०० तिर त्यस क्षेत्रमा वर्णव्यवस्थाभित्र जातपात छुवाछुत जस्ता व्यापक विकृति देखिएकाले त्यहीबाट बुद्धले मानवतावाद र संस्कृतिको विशाल अभियान चलाए ।

स्कन्दपूराण, हिमवतखण्ड अनुसार नेपाल र हिमाली क्षेत्र वैदिक, जैन, बौद्ध, संस्कृतिका साधक र अन्वेषकका कर्म प्राग्वैदिक युगका दक्ष प्रजापतिको छोरी शिबको विवाह प्रसङ्गका अनेकन डाँडाकाँडासित गाँसिएका छन् । विश्वामित्र नेमुनि, और्व, दुर्वासा, पाणिनी आदि साधनाभूमिका सांस्कृतिक कथा नेपालभर भेटिन्छ । आर्युवेदिक औषधिको खोज र विकट हिमाल निकटको सुन्दर पर्वतमा अश्विनकुमर, भारद्वाज, आर्य , विश्वामित्र अगस्त्य आदि ऋषिहरूको सम्मेलन आयुर्वेदको प्रसिद्ध ग्रन्थ चरक सहिंता (६-१६) मा उल्लेख छ । आवैदिक आर्यमुलका हजारौं वर्षदेखि पश्चिम नेपालको पहाडीमा बसेका छन् । त्यसरी युदवंशी ग्वालले उपत्यकामा पशुपालन गरी गणराज्य पशुपति लिङ्गको पुनरुद्वार गरेको पनि तीन शताब्दी नाधिसकेको छ । शाक्य, लिच्छवि, मल्ल नेपाल पच्चिस सय वर्ष भइसकेको छ । लिच्छवि राज्यलाई कोसी -कणाली पुऱ्याएको पनि सोह्र सय वर्ष वितिसकेको छ ।

वेद, रामायण, महाभारत, पूराण र हिमाली र पहाडी क्षेत्रमा फैलिएका किराँत धेरै ठाउँ अनेक सन्दर्भमा चर्चा गरेका तान्त्रिक धर्मसंस्कृति मान्ने किराँत -पारुहाङ र किराँतेश्वर, किराँत पति, यक्षश्वर नाग गन्धर्व किन्नर, विद्याधर आदिको लामो इतिहास संस्कृतिक परम्परा अविच्छिन्न छँदैछ । इस्वी सात सय वर्ष नेपालको किराती गणराज्यका विख्यात छन् । हिमाली क्षेत्रदेखी तराईको क्षेत्रसम्म फैलिएका किराँत मंगोलवासी चार हजार वर्षदेखि निरन्तर यहाँ छन् । उत्तरबाट मंगोलमुलका कतिपय जाति पाँचसात सय या एक डेढसय वर्ष भएको छ । यी सम्पूर्ण सन्दर्भ तिर ध्यान दिंदा जनजाति रुपमा चिनिने किराँत, मंगोल, आष्ट्रिक, समुदायका नाम अगाडि मात्र आदिवासी विशेषण लगाउने र त्यतिनै पुराना विभिन्न आर्य शास्त्र वैदिक खस, शाक्य, लिच्छवी, मल्ल आदि तिनीहरू भित्रैकै दर्जी, विश्वकर्मा ताम्राकार चर्मकार आदिको प्राचीन इतिहास तिर ध्यान नै नदिई भर्खरै आएका बाहिरिया जस्तो ठान्ने सतही प्रर्वतिलाई कुन रुपमा लिने ?

*साभार: कान्तिपुर राष्ट्रिय दैनिक ।*
*लेखक वामपन्थी बुद्धिजीवी हुनुहुन्छ ।*



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बाबा ग्याँस उद्योग प्रा.लि.**

पर्सा, चितवन





## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सगरमाथा ग्याँस उद्योग प्रा.लि.**

बनेपा, काभ्रे

# लिगलिगकोटका शाहराजा र गोरखाकोटका खड्का राजा (एक ऐतिहासिक रहस्य)



-अमित धिताल

वर्तमान गोरखा जिल्लाको पश्चिमोत्तर भागको आँप पिपल गा.वि.स.मा पर्ने लिगलिग डाँडाको थुम्कोमा करिब चारसय पचास वर्ष पहिले लिगलिगकोट नामक सानो राज्य थियो। थुम्कोमा राजाको दरवार थियो। उसबेला दरवार परिसरलाई चारैतिर ढुङ्गाको पर्खालले घेरेर परिसरभित्र दरवार, भगवतिको मन्दिर तथा सैनिक संरचना निर्माण गरिएपछि त्यसलाई कोट गढी भन्ने गरिन्थ्यो। तात्कालिन लिगलिगकोटमा पनि दरबार, कालिका भगवतीको मन्दिर, सिपाहि परेड खेल्ने र बन्दुक पड्काउने ठाउँ आदि एकै स्थानमा निर्माण भएकोले उक्त स्थानको नाम लिगलिगकोट गढि रहन गएको भन्ने बुढापाकाहरूको भनाई रहेको छ।

लिगलिगकोट गढि समुद्र सतहबाट ४६७० फिटको उचाइमा काठमाण्डौबाट १४० कि.मि. सडक दुरीमा वर्तमान गोरखा जिल्लामा पर्दछ। लम्जुङ्ग जिल्लाको चेपेघाटबाट करिब पौनेघण्टाको उकालो हिंडाईपछि लिगलिगकोट दरवार परिसर पुग्न सकिन्छ। वर्तमान अवस्थामा त्यहाँ दरवारको केही भग्नावशेषमात्र देखिन्छ भने परिसरमा चारैतिर पर्खालले घेरिएको छतविनाको कालिका मन्दिर देख्न सकिन्छ। दरवार परिसरमा वडादशैंको बेला जमरा राख्ने र सिपाहीहरूले बन्दुक पड्काउने ढुंगाबाट निर्मित चवुतरा रहेका छन्। अग्लो डाँडामा अवस्थित लिगलिगकोटबाट मनास्लु, हिमालचुली जस्ता हिमालको मनोरम दृश्य देख्न सकिने भएकोले लिगलिगकोट ऐतिहासिक र प्राकृतिक दुबै रुपमा सुन्दर छ।

साधारणतया: प्रत्येक राजपरम्परामा एउटै वंशका बाबु, छोरा, नाति, पनातिको पुस्ताको हिसाबक्रममा राजा बनाइने प्रचलन हुन्छ। तर लिगलिगकोटमा राजा बन्ने प्रचलन भने अनौठो प्रकृतिको थियो। प्रत्येक वर्ष विजया दशमीको दिन घले थरका मगर युवाहरूको दौड लिगलिगकोटको माथिल्लो थुम्को (कोट) सम्म हुने गर्थ्यो। दौडमा पहिलो हुने व्यक्ति एक वर्षका लागि राजा हुने गर्थ्यो। लिगलिगकोटका अन्तिम राजा द्रव्य शाह हुन जो लम्जुङ्गका राजा यशोब्रम्ह शाहका माहिला छोरा थिए। कैयौं वर्ष पहिलेदेखि चेपे नदिको किनाराबाट दौडको प्रतियोगिता पुरा गरी प्रथमस्थानमा विजयी हुने युवालाई राज्यभिषेक गरी राजा बनाउने प्रथा यिनै द्रव्यशाहले आफु लिगलिगकोटको राजा भएपछि सदाका लागि अन्त्य गरी दिए। लिगलिगकोट राज्यको चिनारी गराउनु अघि लिगलिगकोटका प्रथम शाह राजा द्रव्यशाह कसरी राजा भए भन्ने बारेमा थप जानकारी राख्नु यहाँ सान्दर्भिक हुन आउँछ। इतिहासकारहरूका अनुसार आजभन्दा करिब ६०० वर्ष अगाडि वर्तमान नेपालको भुभाग अनेक राजा रजौटाहरूको अधिनमा विभक्त थियो। त्यसबेला वर्तमान त्रिशुली नदि पश्चिम र काली गण्डकी नदी आसपासका क्षेत्र वीचमा चौविसओटा

ससाना स्वतन्त्र राज्यहरू थिए र तिनिहरूको सामुहिक नाम चौविसि राज्य थियो । त्यस्तै चौविसि राज्य पश्चिम र महाकाली नदी पूर्वका क्षेत्रमा बाइसओटा ससाना राज्यहरू थिए जसलाई बाइसि राज्यबाट चिनिन्थ्यो । त्यस्तै दुधकोसी पूर्व र सिक्किम राज्य पश्चिम ३ राज्यहरू थिए जस्लाई मकवानपुर, वीजयपुर र चौदण्डी राज्य भनिन्थ्यो । त्रिशुली नदी पूर्व र दुधकोसी नदी पश्चिम विच तिनवटा समृद्ध राज्यहरू थिए जसलाई कान्तिपुर, ललितपुर र भक्तपुर भनिन्थ्यो ।

चौविसि राज्यहरू मध्येको लमजुङ्ग राज्य आर्थिक र सामाजिक दृष्टिकोणले छिमेकि तनहुँ, कास्की, पर्वत जत्तिकै शक्तिशाली थियो । विक्रम सम्बतको सोह्रौं शताव्दीमा लमजुङ्गको दुरा डाँडामा राजा हुने योग्य व्यक्तिको कमि हुन गयो । शक्तिशाली मुखियाहरूले राजा बनाउन योग्य व्यक्तिको अन्य राज्यमा गै खोजि गर्न थाले । यसै क्रममा चौधौं शताव्दीमा दिल्लीका सुल्तान गयासुद्दिन तुगलकसँगको लडाईमा पराजय भोगेका तात्कालिन भारतीय उपमहाद्विपस्थित मेवाड, चित्तौड राज्यका राजाका भाइहरू मध्ये जैत खाँणको सन्तान पराजयबाट बच्ने हेतुले आफ्ना राजपरिवार सहित उत्तरतर्फ भागेर आउँदा वर्तमान भिरकोटमा आई आफ्नो चातुर्यले जग्गाजमिन्न आवाद गराई जैत खाँण भिरकोटका राजा भएका थिए । जैत खाँणका छोरा सूर्य खाँण भए । इनका दुई भाई छोरा मध्ये जेठोको नाम खाँचा खाँण र कान्छोको मिचा खाँण थियो । सूर्य खाँणको जेठो छोरा भएकोले भिरकोट खाँचा खाँणको भागमा पऱ्यो भने राजा सूर्य खाँणले आँधी खोला आसपास छेउका खाली क्षेत्रहरूमा आवाद गराई ती क्षेत्रहरू कान्छा छोरा मिचा खाँणलाई दिए । पछि मिचा खाँणले आफ्नो नवनिर्मित राज्यमा किल्ला (कोट) बनाई त्यसलाई नुवाकोट राज्यको नाम दिएका थिए । राजा मिचा खाँणको पनि दुई छोराहरू भएका थिए । जेठा भक्ति खाँण र कान्छा विचित्र खाँण । जेठा भक्ति खाँण त नुवाकोटकै राजा भए भने कान्छा विचित्र खाणले उत्तरतिर छुट्टै राज्य खडा गरे जुन पछि गएर कास्कि राज्यको नामले प्रसिद्ध भयो । राजा विचित्र खाँणका धेरै भाई छोराहरू भएका थिए । तिनमा जेठा नरराज खाँण कास्कि कै राजा भए भने साहिला राजकुमार यशोव्रम्ह खाँणलाई कास्किका पूर्वोत्तरमा पर्ने दुरा, लम्जुङ्गका मुखियाहरूले लगि लम्जुङ्ग राज्यको राजा बनाएका थिए । कास्किका राजा नरराज खाँणले दिल्लीका सुल्तानलाई खुसिपारि शाहपदवि प्राप्त गरेका थिए र यिनैका पालादेखि खाँण थर हट्न गै शाह लेखिन थालियो र यशोब्रह्म खाँण पनि यशोब्रह्म शाह हुन पुगे । यशो बह्म शाहका जेठा छोरा नरहरि शाह लम्जुङ्गका राजा भए भने माइला छोरा द्रव्य शाहलाई पिता यशोब्रह्म शाहले मर्स्याङ्दी र चेपे नदीको दक्षिण पूर्वमा पर्ने रागिनाश क्षेत्रलाई आवाद गराई त्यस क्षेत्रको प्रशासक बनाइदिएका थिए । रागिनाश क्षेत्रमा द्रव्य शाहले एउटा कोटको निर्माण गरे जुन पछि रागिनाश कोटको नामले प्रचलित भयो ।

राजकुमार द्रव्य शाह हट्टाकट्टा खाइलाग्दा जिउडाल भएका अत्यन्तै महत्वाकाक्षी व्यक्ति थिए । उनको त्यस्तो व्यक्तित्व देखेर रागिनाश क्षेत्रका बाहुन, क्षेत्री, दमाई, कामी आदिले एउटा छुट्टै स्वतन्त्र राज्य स्थापना गर्नको लागि राजकुमार द्रव्यशाह समक्ष इच्छा प्रकट गरे र द्रव्य शाह पनि नयाँ राज्य स्थापना गर्ने तर्फ खुसिसाथ अग्रसर हुन थाले । त्यसबेला सो क्षेत्रमा लिगलिगकोट, गोरखाकोट र वारपाक नामक तिन ससाना राज्यहरू थिए । लिगलिगकोटमा घले थर भएका मगर राजाको बोलवाला थियो भने गोरखाकोटमा खड्का थरका राजा थिए । उता वारपाक क्षेत्र भने घले गुरुङ्गहरूको राज्य थियो । त्यतिबेला गोरखाकोटमा प्युठान तिरबाट बसाई सराई गरि आएका गणेश पाण्डे नामक यूवक गोरखाको तल्लोकोटमा बस्ने गर्दथे । यि गणेश पाण्डेको राजकुमार द्रव्यशाहसँग विशेष चिनजान र

सम्पर्क थियो। लिगलिगकोटमा आफ्नो अधिकार स्थापित भएमा यसबाट सम्पूर्ण लिगलिगकोट आसपाका क्षेत्रमा नै अधिकार स्थापित हुने र यसबाट गोरखाकोटमा पनि अधिकार स्थापित गर्न सजिलो हुने देखि घले थरका मगर राजाहरूको यसै परम्परागत प्रचलनबाट लाभ उठाउने निश्चय गणेश पाण्डे र द्रव्यशाहले गरे। तत्पश्चात् सबैजसो युवाहरू दौड प्रतियोगितामा सहभागि हुने दिनको मौका छोपि द्रव्य शाहले आफ्ना सहयोगिहरूको मद्दतले लिगलिगको तल्लोकोटमा अप्रत्यासित तवरले आक्रमण गरी आफ्नो अधिकार स्थापित गरे र तत्कालै माथिल्लो कोटमा पनि विजय गर्न थिनलाई कत्ति पनि गाह्रो परेन। लिगलिगकोटको यस विजयले द्रव्यशाह लिगलिग राज्यको राजा भए र उनले तत्कालै दौड प्रतियोगिताबाट राजा हुने प्रथाको पनि सदाका लागि अन्त्य गरी दिए।

अब राजा द्रव्य शाहको आगामी लक्ष्य गोरखाकोटमा अधिकार स्थापना गर्नु थियो। त्यसबेला गोरखामा खड्का थरका राजा राज्य गर्दथे। लिगलिगकोटमा केही वर्ष राजा भएपछि द्रव्यशाहले वि.सं. १६१६ को भाद्र कृष्ण अष्टमिका दिन गोरखाकोटमा आक्रमण गर्ने गोप्य तयारी गरे। यस आक्रमणको तयारीका लागि द्रव्य शाहले खड्का राजासँग असन्तुष्ट गोरखा तल्लोकोटमा बस्ने केहि मुखियाहरू खास गरेर गणेश पाण्डे, नारायण दास अर्याल, सर्वेश्वर खनाल, भगिरथ पन्त, केशव बोहरा र गंगाराम राणाको सहयोगमा आफ्ना फौजहरूका साथ गोप्य तरिकाले पहिले साँझको बेला पारि तल्लोकोटमा प्रवेश गरे। खड्का राजाको दरवार माथिल्लो कोटमा थियो। रात कै समयमा द्रव्यशाह र उनका सहयोगीहरूले माथिल्लो कोटमा अप्रत्यासित रुपले भिषण आक्रमण गरे। द्रव्य शाह र खड्का राजाको घमासान युद्ध भयो। विना कुनै तयारी बसेका खड्का राजा र पुरा तयारीका साथ आएका द्रव्य शाह बीच धेरै दिन सम्म लडाँई भयो। आफ्नै भारदारहरू आफ्नै विरुद्धमा भएको र द्रव्यशाह पुरा शक्तिका साथ योजना अनुरुप आक्रमणमा उत्रेका कारण खड्का राजाको पराजय भयो र खड्का राजाको द्रव्य शाहको तरवारको चोटबाट मृत्यु हुन गयो। यसप्रकार गोरखामा चलिआएको खड्का राज परम्परा वि.सं. १६१६ भाद्र २५ गतेदेखि अन्त्य भयो। रागिनाशकोट, लिगलिगकोट र गोरखाकोटको राजा भएपछि द्रव्यशाहले त्यस क्षेत्रको नाम गोरखा राज्य राख्न पुगे। पराजित खड्का राजवंशका वचेखुचेका व्यक्तिहरू द्रव्यशाहको कोपमा पर्ने भयले गोरखा छाडी अन्य सुरक्षित स्थानतर्फ पलायन भए।

इतिहासकारका अनुसार ऐतिहासिक लिगलिगकोटमा पहिले पाँच वटा गढि थिए। पाँचवटा गढि मध्ये हाल कालिका भगवती मन्दिर, जमरा राख्ने घर, मूल दरवार र एउटा गढि मात्रै चिन्न सकिने अवस्थामा रहेको जानकारी प्राप्त छ। मूल दरवारभित्र भारदारी सभा बस्ने ठाउँ, द्रव्य शाहको राज्यारोहण भएको स्थान, सैनिकहरूले बन्दुक र धर्नुवाण हान्न मिल्ने गरी बनाइएका दिवालका प्वालहरू अहिले पनि देख्न पाइने अवस्था रहेको छ। गोरखाकोटमा भने राजा द्रव्यशाह तथा उनका सन्ततिहरूले दरवारको क्रमश विस्तार गर्ने क्रममा नयाँ नयाँ संरचना निर्माण भएकोले खड्का राजाकालिन अवशेषहरू अस्तित्वमा हुने अब कुरै भएन। अस्तु।

**सन्दर्भ सामग्री :**


(१) नेपालको संक्षिप्त वृतान्त : इतिहास शिरोमणी बाबुराम आचार्य

(२) Nepal, Growth of a nation- Ludwig F.Stiller, S.J.


*लेखक: लफ्टस, सिडनी/अष्ट्रेलिया निवासी हुनुहुन्छ।*



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**श्री ब्रदर्स आयल स्टोर्स**

नयाँबानेश्वर, काठमाडौं



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**खड्का पेट्रोलियम सप्लायर्स**

बाँसबारी, काठमाडौं



# संघीय गणतन्त्र जर्मनीको भ्रमण-एक अनुभव

बलदेव खड्का

नेपालको नयाँ संविधान निर्माणको क्रममा संघीय जर्मनी सरकारको The Federalism Support Programme जर्मन प्राविधिक सहयोग संस्था जी.टी. जेड्को निमन्त्रणामा संघीय गणतन्त्र जर्मनीको अध्ययन भ्रमणको आयोजना गरिएको थियो। अध्ययन भ्रमणबाट प्राप्त ज्ञानले व्यवस्थापिका-संसद सचिवालयको क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याउने उद्देश्य राखिएको थियो । यसमा खास गरी संघीय गणतन्त्र जर्मनीको संघीय र राज्य संसदको काम कारवाही र संसदीय गतिविधिको सूचना प्रवाह बारे जानकारी लिने मुख्य कार्य थियो ।

भ्रमण कार्यक्रममा मेरो नेतृत्वमा व्यवस्थापिका-संसदका सह सचिव श्री रामशरण घिमिरे, श्री जय नारायण नेपाल, श्री सुदर्शन खड्का, शाखा अधिकृत श्रमिती भवानी घिमिरे र संसदीय मामिला पत्रकार समाजका अध्यक्ष श्री राजकुमार रेग्मी, उपाध्यक्ष श्री विश्वनाथ आचार्य , महासचिव श्री खगेन्द्र पन्त, सदस्य श्री अनिल बोगटी र सल्लाहकार श्री कुलप्रसाद गौतम गरी दशजनाको सहभागिता रहेको थियो । यो भ्रमण दुई वर्ष अगाडि कार्तिक महिनामा भएको थियो । भ्रमणको क्रममा हामी काठमाडौंबाट कतार एयरलाइनबाट दोहा पुग्यौं । दोहा विमानस्थल भित्र करीब ६ घण्टा बस्यौं। विमानस्थलमा सुरक्षा, डिपार्टमेण्ट स्टोर लगायत व्यवस्थापन कार्यमा अधिकांश नेपालीहरू नै रहेछन् । उनीहरूसँग कुराकानी गर्दा निकै रमाइलो पनि लाग्यो । तर विमालस्थल बाहिर केही नेपालीहरू कालो मैलो लुगा लगाएर सरसफाई गरेको र अनुहार पनि धूलो मैलोले ढाकेको देख्दा दुःख पनि लाग्यो । त्यसपछि हामी दोहाबाट फ्रैंकफर्ट हुँदै जर्मनीको साक्सेन राज्यको राजधानी डेस्ड्रेन पुग्यौं । यो ऐतिहासिक शहर एल्वे (Elbe) नदी उपत्यकामा अवस्थित रहेछ । जर्मनीको एकीकरणपछि यो शहर एक सांस्कृतिक राजनीतक एवं आर्थिक केन्द्रको रुपमा विकसित भएको रहेछ । होटेलमा गएर एक छिन आराम गरेपछि हामी शहरको दृश्य अवलोकनको लागि गयौं । निकै रमाइलो लाग्यो । राम्रा सफा र फराकिला सडकहरू थिए । हरिया अग्ला अग्ला रुखहरू पनि थिए । शहरको दृश्य अवलोकन पछि हामी होटल फर्क्यौं । साक्सेन राज्य जर्मनीको १६ राज्य (Laender) मध्ये एक भएको, यसको क्षेत्रफल १८,४१६ वर्ग किमी र जनसंख्या करिब ४३ लाख रहेको र जर्मनीको पुनः एकीकरण हुन पूर्व यो पूर्वी जर्मनी अर्न्तगत रहेको जानकारी पायौं ।

त्यस शहरमा पुगेको दोस्रो दिन साक्सेन राज्य ससंदको काम कारवाहकिो सम्बन्धमा जानकारी लिन साक्सेन राज्य संसदका भवनमा गयौं । साक्सेन राज्य संसदका सभापति (स्पिकर) डा. मात्थीएस रोस्लरसँग भेट्ने कार्यक्रम थियो । उहाँले हामीलाई करिब तीन घण्टा समय दिनु भयो । नेपालको राजनीतिक अवस्था बारे निकै चाख लिएर जानकारी लिनु भयो । उहाँले पूर्व जर्मनीमा संसदीय प्रणालीको शुरुवात र वर्तमान संसदीय गतिविधि बारे जानकारी दिनु भयो । त्यसपछि सम्बन्धित पदाधिकारीहरूबाट राज्य संसदको काम कारवाहीको सम्बन्धमा जानकारी लियौं ।

त्यस राज्यको संसदमा १३२ सदस्यहरू रहेछन् । ती मध्ये ६० निर्वाचन क्षेत्रबाट ६० जना प्रत्यक्ष निर्वाचन पद्धतिको आधारमा र सामानुपातिक निर्वाचनबाट ७२ जना निर्वाचित भएका रहेछन् । कुल सदस्यमध्ये महिला प्रतिनिधित्व ३१ प्रतिशत रहेको पाइयो । साक्सेन राज्य संसदको बैठक समान्यतया वर्षमा २० दिन बस्ने र तर बजेट सम्बन्धी विषयमा छलफल हुँदा १/२ दिन बढ्न पनि सक्ने रहेछ ।

जर्मनी एकीकरण दिवस (3 October) मा सार्वजनिक विदा हुने र त्यस दिन संसद खुल्ला राखी आउने सबैलाई स्वागत गरिने, सांसदहरू सबै बसेर आफ्नो परिचय दिने र जनताले सिधा प्रश्न राख्न पाउने व्यवस्था गरेको रहेछ । त्यस दिन संसदको बैठक कक्षमा बाजा बजाएर नाचगान गरिने पनि रहेछ । डेस्ड्रेन पुगेको तेस्रो दिन हामी डेस्ड्रेनबाट जर्मनीको राजधानी वर्लिनतर्फ प्रस्थान गऱ्यौं । सडक ठूला ठूला भएकाले ट्राफिक जामको कुनै समस्या देखिएन । करीब पाँच घण्टाको मोटर यात्रा पछि वर्लिनको एक होटलमा पुग्यौं । त्यस पछि इण्डियन रेष्टुराँमा खाना खाएर विश्व प्रसिद्ध सांस्कृतिक कार्यक्रम विन्टरड्रिम शो हेर्न गयौं यो ज्यादै रमाइलो कार्यक्रम रहेछ ।

वर्लिन पुगेको दोस्रो दिन संघीय जर्मनीको संसदको तल्लो सदन बुन्डेस्ट्यागको काम कारवाहीको जानकारी लिन बुन्डेस्ट्यागमा गयों । जर्मनकोसंसदको तल्लो सदन बुन्डेस्ट्याग (Bundestag) मा २९९ निर्वाचन क्षेत्रबाट निर्वाचित २९९ जना र सामानुपातिक निर्वाचन पद्धतिबाट निर्वाचित ३२३ गरी जम्मा ६२२ सदस्यहरू रहेछन् । संसदको कुल सदस्यको संख्याको ३२.८ प्रतिशत अर्थात २०४ जना महिलाको प्रतिनिधित्व रहेको पाइयो । समानुपातिक निर्वाचन पद्धतिबाट सदस्य निर्वाचन गर्दा प्रत्यक्ष निर्वाचनमा पाँच प्रतिशत मत पाउने वा कम्तीमा तीनवटा निर्वाचन क्षेत्रमाबाटविजय प्राप्त गर्ने दललेसमानुपातिकमा प्रतिनिधित्व गर्न पाउने व्यवस्था रहेछ । निर्वाचन भएको मितिले १३ दिनभित्र सदनको पहिलो बैठक बस्नु पर्ने प्रावधान रहेछ । सदनको बैठक बुधवार, विहिबार र शुक्रबार बस्ने व्यवस्था रहेछ । कहिले कहीं राति अबेरसम्म चल्ने अवस्था पनि हुँदोरहेछ ।

राजनीतिक दलहरूले निर्वाचनमा प्राप्त मतको आधारमा सरकारबाट रकम पाउने, उनीहरूले कतैबाट चन्दा पाएमा सार्वजनिक गरी सभामुख समक्ष पेश गर्नु पर्ने, सदस्यले निर्वाचित भएपछि आफ्नो सम्पति विवरण पेश गर्नु पर्ने र त्यसपछि वर्षहरूमा थप आर्जन भएमा त्यसको विवरण पनि पेश गर्नु पर्ने रहेको व्यवस्था छ । बुण्डेस्ट्यागमा २२ वटा समितिहरूको व्यवस्था रहेछ । संसदको पूर्ण बैठक थोरै दिनहरूमा मात्र बस्ने र सदनका अधिकांश कामहरू संसदका समितिहरू मार्फत हुने व्यवस्था रहेछ । समितिको काम सदनको भन्दा करिब नौ गुणा बढी हुने कुराको जानकारी प्राप्त भयो । हाम्रो व्यवस्थापिका -संसदको समितिहरूको बैठकमा पत्रकारहरू प्रवेश गर्न सक्ने अवस्था छ । तर जर्मनीको संस्दका समितिहरूको बैठकमा पत्रकार प्रवेश गर्न नपाउने रहेछन् ।

बुण्डेस्ट्यागको भवन अगाडि "बुण्डेस्ट्याग जर्मनीको जनताको लागि" र भित्री भागमा "बुण्डेस्ट्याग जर्मनीमा बस्ने बासिन्दाको लागि" भनेर लेखिएको पाइयो । यसबाट संसद जनताको र जनताको लागि संसद भन्न खोजेको हमीलाई लाग्यो ।

दोस्रो विश्व युद्धमा रुसी सेनाले संसद भवनमाथि आक्रमण गरी विजय प्राप्त गरेपछि संसदको भवनको भित्तामा रुसी सैनिकहरूले विभिन्न अपशब्द लेखेका रहेछन । पछि, जर्मनी सरकारले यो पनि ऐतिहासिक कुरा हो भनेर ती अपशब्दहरूलाई संरक्षण गरि राखेका रहेछ । यसले गर्दा ऐतिहासिक कुराहरूलाई जर्मनी सरकारले ज्यदौ महत्व दिदो रहेछ भन्ने हामीलाई लाग्यो । सोही बेलुका हामीले वर्लिन वाल लगायत विभिन्न स्थानको अवलोकन गऱ्यौं ।

बर्लिन पुगेको तेस्रो दिन हामी संघीय जर्मनीको संसदको माथिल्लो सदन बुण्डेस्याट (Bundesrat) मा गयौं । यसमा ६९ सदस्य रहेको व्यवस्था रहेछ । यी सदस्यहरू १६ राज्य (Laender) का सरकारका प्रतिनिधिहरूको रुपमा रहने व्यवस्था रहेछ । यिनीहरू राज्य सरकारले निर्णय गरी पठाएका मुख्यमन्त्री लगायत अन्य मन्त्रीहरू हुने रहेछन । यो सदनमा राज्य सरकारको प्रतिनिधित्व हुने एक प्रकारका पृथक व्यवस्था दृखिन्छ, जुन अन्य देशमा यस्तो प्रचलन देखिंदैन । राज्यको वर्णानुक्रमानुसार प्रत्येक वर्ष सभाको सभापतित्व परिवर्तन हुने गर्दो रहेछ ।

यसको वैठक वर्षको ११ देखि १३ पटकसम्म बस्ने रहेछ । वैठक खासगरी शुक्रबार बस्ने रहेछ । तथापी आवश्यकता अनुसार अरु बार पनि वैठक बस्न सक्ने रहेछ । यस सदनमा बोल्ने समयको सीमा नहुने र जसले जति समय पनि बोल्न सक्ने रहेछ ।

कानुन निर्माणको लागि कुनै पनि विधेक पारित गर्न यसको सहमति अनिवार्य हुँदोरहेछ । दुई सदनको वीचमा कानुन पारित गर्ने विषयमा मत भिन्नता भएमा मध्यस्थताको लागि सयुक्त समितिमा छलफल हुने रहेछ । यस समितिमा प्रत्येक सदनको १६-१६ गरी ३२ जना सदस्य रहने व्यवस्था रहेछ । सोही दिन बेलुका हामी बुन्डेस्याट भवनको माथिल्लो तलाबाट बर्लिन शहर हेर्‍यौं । त्यहाँबाट शहरको धेरै भाग देखिंदोरहेछ । वर्लिन शहर ज्यादै सुन्दर लाग्यो ।

कार्यक्रमको अन्तिम दिन विहान हामी जर्मनी प्रेस कन्फरेन्समा गयौं । जर्मनी प्रेस कन्फरेन्स जर्मनीको एउटा महत्वपूर्ण सूचना प्रवाह गर्ने थलो रहेछ । यसको कार्यालय संसद भवनको नजिकै रहेछ । यसमा ९३० पत्रकारहरू सदस्य रहेछन् । यसको छ सदस्यीय कार्य समिति पनि रहेछ । यसको अध्यक्ष प्रत्येक वर्ष निर्वाचन हुने व्यवस्था रहेछ । कार्य समितिका पदाधिकारीहरू विना तलब काम गर्ने गरेका मात्र होइन आफैंले शुल्क उठाएर यसको खर्च व्यहोरिने पनि रहेछ । प्रेस कन्फरेन्स हप्तामा तीन दिन मंगलवार, विहिबार र शुक्रवार हुने व्यवस्था रहेछ । कन्फरेन्समा विभिन्न मन्त्रालयका प्रवक्ताहरू आएर आ-आफ्नो मन्त्रालयको काम कारवाहीको सम्बन्धमा जानकारी दिने गर्दा रहेछन् । यसमा पत्रकारको विभिन्न राष्ट्रय महत्वको विषयमा प्रश्न उठाउने र प्रवक्ताहरूले त्यसकोवारे जानकारी दिने व्यवस्था पनि हुँदो रहेछ । चान्सलरले पनि वर्षको दुई पटक त्यहाँ आएर आफ्नो नीति तथा कार्यक्रमको बारे जानकारी दिनेप्रचलन रहेछ ।

जर्मनी मा विविधतामा एकता र सहअस्तित्व एवं पारस्पारिक सहयोगको सिद्धान्तका आधारमा संघीयता फस्टाएको पाइन्छ । १६ वटा राज्य भएको जर्मनीमा संसदीय लोकतन्त्र विकसित अवस्थामा रहेको देखिन्छ । लामो इतिहासमा एउटै दलको बहुमतको सरकार कहिले नभए तापनि राजनैतिक दलहरूको सुझबुझ र सहमतिको कारणले सरकार गठन र संसदीय प्रजातन्त्रको अभ्यास विकसित भएको पाइन्छ । त्यहाँ मिलिजुली सरकारको संस्कार उन्नत रहेको देखिन्छ । सरकार र संसद आ-आफ्नो काम र जिम्मेवारीप्रति सजग भएका र एक आर्काको कार्यक्षेत्रमा कहिल्यै कसैले हस्तक्षेप नगर्ने र संसदले सरकारका काममा अनावश्यक हस्तक्षेप नगरेको जानकारी पाइयो । प्राचीन कला, संस्कृति र सम्पदाको संरक्षण गरी गौरव गर्ने जनर्मनहरूको विशेषता नै रहेछ । जर्मनीको संघीयता विविधतामा एकता Unity in Diversity का साथै Solidarity principle मा आधारित रहेका पाइन्छ । पारदर्शिता, जवाफदेहिता, विगतबाट सिक्ने वर्तमानमा क्रियाशील हुने, भविष्यप्रति आशावादी हुने, आफूले गरेका कामप्रति सन्तुष्ट रहनेविशेषताहरू जर्मनहरूबाट हामीले सिक्नै पर्ने देखिन्छ । यसरी हामी जर्मनीमा भएको विकास र जर्मनी संसदको काम कारवाहीको जानकारी लिएर वर्लिनबाट दोहा हुँदै काठमाडौं आयौं ।

*लेखक पुँवार खड्का गुठीको केन्द्रीय सल्लाहकार एवं संसद सचिवालयका सह-सचिव हुनुहुन्छ ।*



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मैतिदेवी पेट्रोलियम सप्लायर्स**

मैतिदेवी, काठमाडौं





## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सहारा ग्याँस प्रा.लि.**

बासामाडी, मकवानपुर

# महिला अधिकारबारे जान्नै पर्ने कुराहरू



अधिवक्ता : टिकाध्वज खड्का
(एल.एल.एम, अन्तरार्ष्ट्रिय कानून)

**१.अधिकार के हो ?**

अधिकार भनेको व्यक्ति वा समुदायको त्यस्तो आवश्यकता र चाहना हो जुन कानूनमा उल्लेख गरिएको हुन्छ ।'अधिकार' अधिकार हुनको लागि कसको अधिकार, के अधिकार र कसको दायित्व भन्ने प्रश्नको स्पस्ट उत्तर बोकेको हुन जरुरी हुन्छ र कानुनमा उल्लेखित हुन जरुरी हुन्छ । त्यस्तो कानूनमा उल्लेख गरिएको अधिकारको अधिकार हुने व्यक्तिलाई स्वतन्त्र ढंगले उपभोग गर्न दिनु अर्को पक्षको कर्तव्य हुन्छ । यदि कानूनमा उल्लेख गरे बमोजिमको व्यक्ति वा समुदायको अधिकारको उलंघन गरेमा वा प्रयोगमा बाधा अडचन हालेमा अधिकारवाला व्यक्ति उपचारको लागि अदालत समक्ष जान सक्दछ । जुन व्यवस्था समेत कानूनमा नै गरिएको हुन्छ । यसरी कुनै पनि कुरा अधिकार हुनका लागि निम्न तीन कुराहरू हुन आवश्यक छ ।

क) व्यक्ति वा समुदायका त्यस्ता हित,स्वार्थ वा आवश्यकताहरू जुन कानूनमा लेखिएको हुनुपर्दछ

ख) कानुनमा उल्लेख गरिएका व्यक्तिले प्राप्त गरेको अधिकारको उपभोगमा अवरोध सृजना हुने काम नगर्नु अन्य व्यक्तिहरूको कर्तव्य हुन्छ र

ग) त्यस्तो कानूनमा लेखिएका अधिकारको उलंघन भएमा मर्का पर्ने व्यक्ति उपचार प्राप्त गर्ने कुरा कानूनमा नै उल्लेख गरिएको हुन्छ ।

**२. महिला अधिकार के हो ?**

महिला अधिकार भन्नाले हरेक महिलाले समाजमा स्वतन्त्रपूर्वक जीवनयापन गर्न पाउने आधार हो । त्यस्ता अधिकारहरू जुन राज्यवाट निर्मित कानूनमा ब्यबस्था गरी संस्थागत गरिएका तर महिलालाई सम्मानपूर्वक जिउनका लागि प्रोत्साहन गर्ने प्रावधानहरू पर्दछन् । महिला अधिकार, पुरुषप्रधान समाजले वर्षो देखि चलाइआएको पुरुषमुखी सिद्धान्त र महिलालाई अधिकारवाट वञ्चित तथा महिला विरुद्ध हुने भेदभाव विरुद्धको कानूनी प्राबधान हो, जसले हरेक महिलाले पुरुष सरह स्वतन्त्रपूर्वक र सम्मानपूर्वक जीवनयापन गर्न पाउन आधार सृजना गर्दछ । महिला अधिकारमा नागरिकताको हक, हिंसा विरुद्धको हक, प्राकृतिक श्रोत तथा साधानमा महिलाको पहुँच, स्थानीय निकायमा महिलाको उपस्थीति, निर्णायक क्षेत्रमा महिलाको समान संग्लनता, स्वास्थ्य(विशेष गरी प्रजनन् स्वास्थ्य), शिक्षा, रोजगारी जस्ता आधारभूत आवश्यकतामा विशेष अधिकार आदि पर्दछन् । महिला अधिकारले महिलालाई राज्यका हरेक निकायमा समान उपस्थितीको प्रत्याभूती गराई राज्यको हरेक निर्णायक क्षेत्रमा समावेशी सहभागी गराई महिलाको हक प्रत्याभूति गराउन प्रोत्साहन गर्दछ । महिला अधिकारले हरेक क्षेत्रका महिलाको समस्या र त्यसको समाधानको लागि सदैव वकालत गर्दछ ।

महिला अधिकारका सम्बन्धमा रार्ष्टिय तथा अन्तरार्ष्टिय कानूनहरूले कयौं ब्यवस्थाहरू गरेको पाईन्छ यधपी यहाँ केबल रार्ष्टिय कानूनले ब्यवस्था गरेका र महिलाको जीवनमा बढी प्रयोग हुने महत्वपूर्ण कानूनी ब्यवस्थाहरूको निम्न अनुसार चर्चा गरीन्छ :

**क) समानता सम्बन्धी व्यवस्था**

**नेपालको अन्तरिम संविधान, २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ मा महिला अधिकार सम्बन्धी निम्न व्यवस्था गरेको पाइन्छ:-

- देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने (प्रस्तावना)
- सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने (धारा १३ (१))
- सामान्य कानूनको प्रयोगमा कुनै नागरिक माथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने (धारा १३(२))
- राज्यले नागरिकहरू बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा कुनै भेदभाव नगर्ने (धारा १३(३))
- महिला, श्रमिक, बृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने (धारा १८(२))
- महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने (धारा २०(१))
- पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने (धारा २०(४))

**नागरिक अधिकार ऐन, २०१२**

यस ऐन अन्तर्गत महिलाका निम्न अधिकारहरूको व्यवस्था गरिएको छ:-

- प्रचलित नेपाल कानूनको अधिनमा रही कानूनको अगाडि समानता र कानूनको समान संरक्षण कुनै नागरिकलाई पनि इन्कार नगरिने (धारा ३)
- सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने (धारा ४)

**ख) सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था मुलुकी ऐन २०२०**

मुलुकी ऐन २०२०, लोग्ने स्वास्नीको महलको १ (२) नं. अनुसार निम्न अवस्थामा स्वास्नीले लोग्नेसँग सम्बन्ध विच्छेद गर्न पाउँछन् ।

- लोग्नेले अरु स्वास्नी ल्याएमा वा राखेमा,
- स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा वा स्वास्नीको खोज खबर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा,
- स्वास्नीको ज्यान जाने, अङ्गभङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,
- लोग्ने नपुंसक हुन गएमा वा लोग्नेलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा,
- लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा ।
- लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले २७२ दिन भित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्ने कै सन्तान ठहर्छ । (३ नं.)
- महिलाले सम्बन्ध विच्छेद गर्न चाहेमा आफू बसोवास गरेको क्षेत्रको जिल्ला अदालतमा फीरादपत्र दिनु पर्दछ ।
- सम्बन्ध विच्छेदी महिलाले लोग्ने तर्फबाट अंश पाउने व्यवस्था छ ।

**सम्बन्ध विच्छेद पछि नाबालकलाई कसले पाल्ने**

लोग्ने स्वास्नीको महलको ३ नं. अनुसार सम्बन्ध विच्छेदपछि नावालकलाई कसले पाल्ने भन्ने सम्बन्धमा निम्न व्यवस्था छ :

- ५ वर्ष मुनिका नावालकलाई ५ वर्षको उमेर नपुगे सम्म आमा आफैले पाल्न चाहेमा निजले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्दछ ।
- ५ वर्ष देखि माथिका नावालकलाई अर्को विवाह नगरेको अवस्थमा आमा आफैले पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा वा आमाले अर्को विवाह गरेको अवस्थामा बाबुले पाल्नु पर्दछ ।
- आमाबाबु दुवैको मन्जुरी भएमा त्यस्तो नावालकलाई आमाबाबु मध्ये कुनैले वा दुवैले आलोपालो गरी पाल्न पाउँछन् ।

**ग) जवरजस्ती करणी सम्बन्धी व्यवस्था**

मलुकी ऐन जबरजस्ती करणीको महल अनुसार बजरजस्ती करणी सम्बन्धमा निम्न व्यवस्था गरिएको छ ।

- कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा १६ वर्ष मुनिकीलाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै व्यहोरा सँग करणी गरे पनि र १६ वर्ष नाघेकीको राजीखुशी बिना वेमन्जुरीले जुनसुकै तरहसँग भए पनि जोरजुलम गरी वा डर धाक देखाइ वा अनुचित प्रभावमा पारी करणी गरेमा जवरजस्ती करणी ठहर्छ । (धारा - १)

**जबरजस्ती करणी भएमा के गर्ने ?**

- जबरजस्ती करणीसम्बन्धी अपराधको घटना घटेमा नजिकको प्रहरी कार्यालयमा तत्काल उजुरी दर्ता गराउनु पर्दछ ।
- त्यस्तो जाहेरी/उजुरी पीडित आफैले वा अरु जो सुकैले पनि प्रहरी कार्यालयमा दर्ता गराउन सक्छ ।
- जबरजस्ती करणी भए गरेको मितिले पैंतीस दिन भित्र जाहेरी/उजुरी नदिए लाग्न सक्दैन ।

**जबरजस्ती करणी गर्नेलाई हुने सजाय**

- दश वर्ष भन्दा मुनिको बालिकालाई जबरजस्ती करणी गरेको भए दश देखि पन्ध्र वर्ष सम्म कैद हुन्छ ।
- दश वर्ष भन्दा माथि १६ वर्ष मुनिकालाई भए सात देखि दश वर्ष सम्म कैद हुन्छ ।
- १६ वर्ष वा सो भन्दा माथिको महिलालाई भए पाँच देखि सात वर्ष सम्म कैद हुन्छ ।
- महिलालाई सामुहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती वा अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई माथि लेखिएको सजायमा थप पाँच वर्ष कैद हुन्छ ।
- जबरजस्ती करणी गर्नेबाट पिडित महिलाले आधा अंश पाउँछिन् ।
- आफूलाई जबरजस्ती करणी गर्न खोज्नेलाई तत्काल केही नगर्दा आफ्नो धर्म नष्ट हुने खतरा भएमा करणी लिन नपाउँदै वा लिएको तत्काल पछि सोही थलामा वा सो ठाउँबाट लखेट्दै गई एकघण्टा भित्र पिडित महिलाले प्रतिकार गर्दा पिडकको ज्यान गएमा महिलालाई कुनै सजाय हुँदैन ।

**घ) गर्भपतन सम्बन्धी व्यवस्था**

मुलुकी ऐन ज्यान सम्बन्धी महलमा गर्भपतन सम्बन्धी निम्न व्यवस्था गरेको छ :

- कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाईफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन वा गर्भ पतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउन हुँदैन । (धारा - २८ (क) नं.)

➢ तर यसै महलको २८ (ख) नं. अनुसार निम्न अवस्थामा सरकारले तोके बमोजिमको प्रकृया अपनाई इजाजतप्राप्त स्वास्थ्यकर्मी कोया गई र गर्भ पतन गर्न सकिने व्यवस्था गरेको छ:

➢ गर्भ बोक्ने महिलाको मन्जुरीले १२ हप्ता सम्मको गर्भपात गर्न सकिन्छ ।

➢ जवरजस्ती करणी वा हाडनाताकरणीबाट रहन गएको १८ हप्ता सम्मको गर्भ गर्भ बोक्ने महिलाको मन्जुरीले गर्भपात गर्न सकिन्छ ।

➢ गर्भपात नगराएमा गर्भ बोक्ने महिलाको ज्यान खतरामा पुग्न सक्छ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खतरा हुन सक्तछ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानून बमोजिम योग्यता प्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मन्जुरीले गर्भपात गर्न सकिन्छ ।

**गर्भपतन गर्न नपाइने अवस्थाहरू**

- गर्भवती महिलाको मञ्जुरी नलिई गर्भपतन गराउनु हुँदैन ।
- गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन गराउनु हुँदैन ।
- कानूनले तोकेको अवधि र अवस्थामा बाहेक अन्य अवस्थामा गर्भपतन गराउन हुँदैन ।

**गर्भपतन सम्बन्धी मुद्दाको कारवाही**

- गैरकानूनी तरिकाबाट गर्भपतन गरे गराएमा थाहा पाउने जो सुकैले सम्बन्धित नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्छ ।
- गर्भपतन सम्बन्धी मुद्दामा नेपाल सरकार वादि हुन्छ ।
- कसुरदार आफैंले गर्भपतन गरे गराएको कुरामा सावित भएको अवस्थामा जहिले सुकै पनि उजुर गर्न सकिन्छ । सो बाहेक अरु अवस्थामा गर्भपतन भएको मितिले ३ महिना भित्र उजुर गर्नु पर्दछ ।

**गर्भपतन गराएमा हुने सजाय**

- कसैले गर्भ तुहाएमा वा गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कारण भई कुनै काम गर्दा गर्भ तुहिन गएमा निम्न बमोजिम सजाय हुन्छ ।
- बाह्र हप्ता सम्मको गर्भ भए एक वर्ष सम्म कैद ।
- पच्चीस हप्ता सम्मको गर्भ भए तीन वर्ष सम्म कैद ।
- पच्चीस हप्ता भन्दा बढीको गर्भ भए पाँच वर्ष सम्म कैद ।
- गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनेलाई ३ महिना देखि ६ महिनासम्म कैद हुन्छ । गर्भपतन गराउने उद्देश्यले लिङ्ग पहिचान गरी लिङ्गको आधारमा गर्भपतन गराउनेलाई थप एक वर्ष कैद हुन्छ ।
- केही रिसइवीले गर्भवती महिलालाई केही कुरा गर्दा (कुटपिट, लछार पछार वा यातना दिँदा) गर्भ तुहिन गयो भने गर्भ तुहाउने मनसायले नगरेको भए पनि सजाय हुन्छ ।

ङ) **विवाह सम्बन्धी व्यवस्था**

मुलुकीऐन विवाहवारिको महल अनुसार विवाह सम्बन्धी निम्न व्यवस्था गरेको पाइन्छ ।

➢ हाडनाताकरणीको महल अनुसार अजाय हुने नातामा बाहेक आफ्नो इन्छा अनुसार राजी खुशीले विवाहबारी गर्न हुन्छ । (१ नं.)

➢ विहावारी गर्दा महिलापुरुषको उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष र संरक्षकको मन्जुरी नभए बीस वर्ष नपुगी विहावारी गर्न गराउन हुँदैन । (२ नं.)

➢ लोग्ने मानिस र स्वास्नी मानिस दुबैको मन्जुरी विना विवाह गर्न, गरी दिन हुँदैन । (७ नं.)

➢ यसै महलको ९ नं. अनुसार निम्न अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवीत हुँदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्को स्वास्नी राख्न हुँदैन ।

➢ स्वास्नीलाई यौन सम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा

➢ स्वास्नी निको नहुने गरी बौलाएमा

➢ स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा

➢ स्वास्नीको खुट्टा नचल्ने भई हिडडुल गर्न नसक्ने भएमा

➢ स्वास्नी दुवै आखाँ नदेख्ने नेत्रहिन भएमा

➢ स्वास्नीले कानून बमोजिम अंश लिई भिन्न बसेमा

### बहु विवाहमा उजुरी दिने ठाउँ

- कसैले कानून बमोजिम बाहेक बहुविवाह गरेमा सम्बन्धित नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सकिन्छ ।
- कसैले कानून विपरित बहुविवाह गरेमा थाहा पाएको मितिले ३ महिना भित्र उजुर गरी सक्नु पर्दछ ।
- बहुविवाह सम्बन्धी मुद्दा सरकारवादी मुद्दा हुन्छ ।

### बहुविवाह गरेमा हुने सजाय

- कसैले कानून विपरित अर्को विवाह गरेमा वा स्वास्नी राखेमा एक वर्ष देखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैया देखि पच्चीस हजार रूपैया सम्म जरिवाना समेत हुन्छ ।
- महिलाले पनि जानीजानी बहुविवाह गरेमा वा स्वास्नी भई बसेमा पुरुष सरह सजाय हुन्छ ।

### सामाजिक व्यवहार सुधार ऐन, २०३३

- विवाह हुँदा तिलक लिनु दिनु हुँदैन । (दफा ३(१))
- विवाह हुँदा वा विवाह पछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद जिन्सी दाइजो, दानवकस, भेटी दिन भनी दुलाहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुबै पक्षले अगावै तय गर्न हुँदैन । (दफा ४)
- दाइजो दिएन भनी दुलाह पक्षले टण्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलहि विदा गराई साथमा नलग्न हुँदैन (दफा ४)
- यसरी विवाह गर्दा लितक लिने दिने गरेमा तिलक बराबरको बिगो जफत गरी १२ हजार देखि २५ हजार सम्म जरिवाना वा ३० दिन सम्म कैद वा दुबै सजाय हुन्छ (दफा ३(२))

### च) अंश सम्बन्धी व्यवस्था

मुलुकी ऐन अनुसार महिलाको अंश सम्बन्धी निम्न व्यवस्था गरेको छ :

➢ अविवाहित छोरीले पनि छोरा सरह सम्पत्तिमा अंश भाग पाउँछन् । अंशवण्डाको महल १ र २ नं.)

➢ विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछन् । सन्तान नभएमा विधवाले अर्को विवाह गरे पनि निजले आफ्नो अंश आफुखुस गर्न पाउँछन् । (अंश वण्डाको १२ नं.)

### अंश माग्ने अवस्था

➢ इज्जत आमद अनुसार खान लाउन नदिएमा । ( अंश वण्डको १० नं.)

➢ उचित शिक्षादीक्षा र स्वास्थ्य उपचारको व्यवस्था नगरेमा । (अंश वण्डाको १० नं.)

➢ कुटपीट समेतका घेरलु हिंसाबाट पिडित भएमा । (लोग्ने स्वास्नीको ४ नं.)

➢ सासु-ससुरा वा लोग्नेले कुटपीट गरी घरबाट निकाला गरेमा । (लोग्ने स्वास्नीको ४ नं.)

➢ लोग्नेले अर्को स्वास्नी ल्याएमा वा राखेमा । (लोग्ने स्वास्नीको ४ नं.)

- लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा । (लोग्ने स्वास्नीको ४ नं.)
- यस्ता अवस्थामा अंश प्राप्त गर्न चाहने अंशियारले जिल्ला अदालतमा मुद्दा दर्ता गर्नु पर्दछ ।
- अंश मुद्दामा हदम्याद लाग्दैन जहिले सुकै मुद्दा गर्न सकिन्छ ।

छ) **अपुताली सम्बन्धी व्यवस्था**

कुनैपनि व्यक्तिको मृत्यु पछि उसको नाममा रहेको उसको हकको सम्पत्ति नजीकको हकवालाको नाताले उसको सन्तानले प्राप्त पर्दछन् । यसरी कुनै पनि व्यक्तिको मृत्यु पछि उसको नजिकको नातामा सर्ने सम्पत्तिलाई नै अपुताली भनिन्छ ।

- अपुताली पर्दा मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी छोराको छोरा वा निजको अविवाहिता छोरी भए सम्म अरुले अपुताली पाउँदैन । (अपुतालीको २ नं.)
- मर्ने व्यक्तिको छोरा नभई विधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउछिन् । (अपुतालीको २ नं.)
- मर्ने व्यक्तिको छोरा वा विधुवा बुहारी समेत नभएमा विवाहिता छोरी, विवाहित छोरी नभए निजको छोरा वा निजको छोरा पनि नभए अविवाहिता छोरीहरूले अपुताली पाउँछन् । (अपुतालीको २ नं.)
- भिन्न भई बसेका लोग्ने, छोरा, अविवाहित छोरी, छोराका छोरा वा निजको अविवाहित छोरीले हेरचाह नगरी विवाहिता छोरी ज्वाँइ वा त्यस्ता छोरी ज्वाईका छोरा वा अविवाहित छोरीले स्याहारसम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा, सासु, ससुरा वा बाजे बज्यैको अपुताली पाल्ने विवाहित छोरी, छोरी ज्वाई वा नाति नातिनाले पाउछन् । (अपुतालीको ३ नं.)
- अपुताली परेको ३ वर्ष भित्र नालिस नदिई लाग्न सक्दैन ।
- अपुतालीको नालिस जिल्ला अदालतमा दिनपर्दछ ।

ज) **स्त्री अंशधन सम्बन्धी व्यवस्था**

महिलाको स्वामित्वमा रहेको र तीनले चोहेको बखत आफू खुस गर्न पाउने सम्पत्तिलाई स्त्री धन भनिन्छ । महिलाको सम्पत्ति माथिको अधिकारमा भएको पहुँचको आधारमा हेर्दा महिलाले दुई प्रकारका सम्पत्ति प्राप्त गर्न गर्दछन् । जुन निम्न छ :

क) **स्त्री धन:** स्त्री धन अन्तगत महिलाको निजी आर्जनको सम्पत्ति, दाइजो, पेवा वा अन्य माध्यमबाट प्राप्त सम्पत्ति, दान, बकस, उपहार आदिबाट प्राप्त सम्पत्ति तथा अपुतालीबाट प्राप्त सम्पत्ति पर्दछन् ।

ख) **स्त्री अंशधन :** अविवाहित छोरीको रूपमा आफ्नै पैतृक सम्पत्तिबाट प्राप्त अंश वा विवाहित महिलाको रूपमा आफ्नै लोग्नेबाट प्राप्त अंश सम्बन्ध विच्छेद गर्दा प्राप्त हुने अंश समेतलाई स्त्री अंश धन भनिन्छ ।

**दाइजो वा पेवा के हो ?**

**दाइजो :** माइती, मावली मद्दिका नातेदार, इष्टमित्रले दिएको चल-अचल र त्यसबाट बढे बढाएको सम्पत्तिलाई दाइजो भनिन्छ । (स्त्री अंशधनको ४ नं.)

**पेवा :** लोग्ने वा लोग्ने पट्टिका अंशियारले सबै अंशियारको मन्जुरीले लिखत गरी दिएको लोग्ने पट्टिका अरु नातेदार वा इष्टमित्रले दिएको चलअचल सम्पत्ति र त्यसबाट बढेबढाएको सम्पत्तिलाई पेवा भनिन्छ । (स्त्री अंशधनको ४ नं.)

- कन्या, सधवा, विधवा महिलालले आफ्नो आर्जनको चल-अचल सम्पत्ति आफू खुश गर्न पाउँछन् ।(१ नं.)

- महिलाले आफ्नो दाइजो र पेवा पनि आफूखुश गर्न पाउँछन् ।
- आफ्नो आर्जन भित्र आफूले प्राप्त गरेको पारिश्रमिक, ज्याला कोष, सुविधा, भत्ता जस्ता निजी सीप क्षमताबाट आर्जन गरेको सम्पत्ति पर्दछ ।

झ) सहभागीता सम्बन्धी व्यवस्था

- तल उल्लेखित संविधान, ऐन तथा नियमावलीहरूले महिलाको राजनैतिक र सार्वजनिक सहभागिता सम्बन्धी निम्न व्यवस्था गरेको छ :

**नेपालको अन्तरिम संविधान, २०६३**

- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने (धारा २१)
- एकल महिला तथा गरिबीको मारमा परेका महिलाको सामाजिक आर्थिक तथा राजनीतिक सशक्तिकरण गरी सबै क्षेत्रमा उनीहरूको क्रियाशिल सुनिश्चिता गरिनेछ।
- राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुति गर्दा महिला सहित विविधता कायम गर्नु पर्ने । (धारा - १३१ (२))
- समानुपातिक निर्वाचन प्रणालीबाट संविधान सभामा निर्वाचित हुने सदस्यमा राजनैतिक सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाती आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी लगाएतको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने । (धारा ६३ (४))

**स्थानीय स्वायत्त शासन ऐन, २०५५**

- गाउँ विकास समितिको प्रत्येक वडामा एक जना महिला वडा सदस्य रहने (दफा ७(ख))
- गाउँ परिषदमा एक जना महिला मनोनित हुने ( दफा ८, २ (ग))
- गाउँ विकास समितिमा एक जना महिला मनोनित हुने (दफा १२ (२) (ग))
- नगरपालिकाको प्रत्येक वडामा एक जना महिला वडा सदस्य रहने (दफा ७५ (ख))
- नगरपरिषदमा मनोनित हुनेहरू मध्ये कम्तीमा ४० प्रतिशत महिला हुनु पर्ने (दफा ७६ (२) (ग))
- नगरपालिका बोर्डमा एक जना महिला मनोनित हुने (दफा ८० (२) (ग))
- जिल्ला विकास समितिमा एक जना महिला मनोनित हुने -दफा १७६ (२) घ।
- जिल्ला परिषदमा एक जना महिला मनोनित हुने (दफा १७२ (२) (ङ))
- गा.वि.स.ले मध्यस्थताको सूचीमा यथासम्भव महिलालाई समावेश गर्नु पर्ने (दफा ३५ (२))
- नगरपालिकाले मध्यस्थताको सूचीमा यथासम्भव महिलालाई समावेश गर्नु पर्ने (दफा १०३ (३))

**बालबालिका सम्बन्धी ऐन, २०४८**

- केन्द्रीय बाल कल्याण समितिमा महिला सामाजिक कार्यकर्ता रहने (दफा ३२ (१))
- प्रत्येक जिल्लको बालकल्याण समितिमा महिला सामाजिक कार्यकर्ता रहने (दफा ३२ (२) (ग))

ञ) शिक्षा सम्बन्धि व्यवस्था

**शिक्षा ऐन, २०२८**

- जिल्ला शिक्षा समितिमा १ जना महिला सदस्य रहने । (दफा ११ (२) (घ))
- गाउँ शिक्षा समितिमा २ जना महिला सदस्य रहने । (दफा ११ (ट) (१) (ग))
- सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा एक जना महिला सदस्य रहने । (दफा १२ (१) (ख))

- संस्थागत विद्यालयका व्यवस्थापन समितिमा एक जना महिला सदस्य रहने । (दफा १२ (४) (ख))

**शिक्षा नियमावली, २०५३**

- सामुदायिक शिक्षक पदमा नियुक्ति गर्दा व्यवस्थापन समितिको १ वर्ष सम्म परिक्षण कालमा रहने गरी नियुक्ति दिनेछ। तर महिला शिक्षिकाको हकमा ६ महिनामात्र परिक्षणकाल हुनेछ (नियम २२ ङ (१२)
- महिला विद्यार्थी बैबाहिक सम्बन्धको कारणले अन्यत्र स्थानान्तरण हुनु परेमा स्थानतरण प्रमाणपत्र दिने सकिने । (नियम ८० (२) (ख))
- प्राथमिक तहको विद्यालयमा कम्तिमा एक जना महिला शिक्षिकाको पद रहने । (नियम ९१(१))
- सबै पुरुष शिक्षक भएका विद्यालयमा पद रिक्त हुँदा वा शिक्षक दरबन्दी थप हुँदा महिला शिक्षकको पद कायम भएको मानिने । (नियम ९१ (२))
- महिला शिक्षकको पतिले किरिया वस्नु परेमा त्यस्तो महिला शिक्षकले पनि किरिया विदा पाउने छ । ( नियम १०६ (७)।
- संस्थागत विद्यालयले कम्तिमा पाँच प्रतिशत महिला विद्यार्थीलाई छात्रवृति उपलब्ध गरिनु पर्ने । (नियम १५१ (२))
- सामुदायिक विद्यालयले गरिवीको रेखामुनी रहेका महिला लगायतका विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने । (नियम १५२)

**ट) रोजगारी सम्बन्धी व्यवस्था**

**श्रम ऐन, २०४८**

- महिलालाई रात्री समयमा काममा लगाउन निजको मन्जुरी आवश्यक पर्ने । (दफा ५ (३))
- महिला तथा पुरुष कामदारको लागि वेग्ला वेग्लै शौचालयको व्यवस्था गर्ने (दफा २०(ज))
- पचास भन्दा बढी महिला कार्यरत रहेको प्रतिष्ठानमा बालकहरूको लागि स्वास्थ्यपद कोठाको व्यवस्था गर्नु पर्ने । (दफा ४२ (१))
- महिला कामदार तथा कर्मचारिका बालकहरूलाई दुध खुवाउने समय दिनु पर्ने (दफा ४२ (३))
- होटल व्यवसायमा विशेष सुरक्षाको प्रबन्ध गरी महिलालाई जुनसुकै समयमा पनि काममा लगाउन सकिने । (दफा ४८ (क))

**निजामति सेवा ऐन, २०४९**

यस ऐन अन्तरगत महिलाको सवालमा निम्नलिखित व्यवस्था गरेको छ :

- निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताबाट पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्याई उक्त ४५ प्रतिशतलाई शत प्रतिशत मानी उक्त पद मध्ये तेत्तीस प्रतिशत पद महिलालाई छुट्याई उक्त पदमा महिलाहरूलाई मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गराउने व्यवस्था छ। (धारा-७(७))
- महिलाहरू निजामती सेवामा ४० वर्ष सम्म उम्मेदवार हुन योग्य हुने वा पुरुषहरू ३५ वर्ष सम्म मात्र योग्य हुने (१०, १, (ग))
- निजामती सेवामा नयाँ नियुक्ति गर्दा महिलाकर्मचारीलाई ६ महिनाको परिक्षणकाल हुने तर पुरुषलाई १ वर्ष (दफा १६)
- निजामती सेवाका महिलालाई बढुवाको लागि आवश्यक सेवा अवधि पुरुषको भन्दा एक वर्ष कम हुने (दफा २१ (२))

**श्रम नियमावली, २०५०**

- प्रतिष्ठानमा साढे ६ बजे देखि विहान ६ बजे सम्मको समयमा महिलाको सहमतिले मात्र काममा लगाउन सकिने (नियम ४०)
- महिलालाई काममा लगाउँदा सुरक्षाको उपयुक्त व्यवस्था गर्नु पर्ने (नियम ४ (२))
- महिला कामदारहरूलाई ४५के.जी भन्दा बढी वजन बोकाउन नहुने । (नियम ३३ (१))
- नावालिका महिला कामदारहरूलाई २०के.जी. भन्दा बढी वजन बोकाउन नहुने । (नियम ३९ (घ))

**चियाबगान सम्बन्धी श्रम नियमावली, २०५०**

- साँझ ६ बजे देखि बिहान ६ बजे सम्मको समयमा महिला कामदार वा कर्मचारीको सहमतिले मात्र काममा लगाउन सकिने। (नियम ४ (१))
- महिलालाई काममा लगाउँदा सुरक्षाको उपयुक्त व्यवस्था गर्नु पर्ने। (नियम ४ (२))

**प्रहरी नियमावली, २०४९**

- खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशतमानी त्यस मध्ये बसि (२०) प्रतिशत महिला उम्मेदवार बीचमा मात्र प्रतिष्पर्धा गराई पदपूर्ति गरिने। (नियम ११ (३))
- प्रहरी निरिक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा ५ पाँच फिट उचाई भएको महिलाले भागलिन सक्ने। (नियम १३ (१) (६))

**शसस्त्र प्रहरी नियमावली, २०६०**

- सशस्त्र प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यस मध्ये २० (बीस) प्रतिशत महिला उम्मेदवार बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने। (नियम ५ (३))

**ठ) स्वास्थ्य सम्बन्धी व्यवस्था**

**नेपालको अन्तरीम संविधान, २०६३**

- प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्बन्धी हक हुने (धारा २० (२))

**कारागार नियमावली, २०२०**

- थुनुवा वा कैदी सुत्केरीलाई थप सिहार र सामान दिइने (नियम २४)

**बालबालिका सम्बन्धी ऐन, २०४८**

- गर्भिणी र सुत्केरी अवस्थाका आमाहरूको उचित स्वास्थ्य स्याहारको व्यवस्था गर्नमा सरकारले सहयोग गर्ने (दफा ४ (३))

**निजामति सेवा नियमावली, २०५०**

- महिला निजमती कर्मचारी गर्भवतीले प्रसुती विदा पाउने (नियम ५९ (१))
- प्रसुती विदामा बस्दा महिला निजामती कर्मचारीले पूरा तलब पाउने (नियम ५९ (२))

**प्रहरी नियमावली, २०४९**

- महिला प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी ६० दिन प्रसुती विदा पाउने (नियम ५७ (१))
- प्रसुती विदा बस्ने महिला प्रहरी कर्मचारिले पूरा तलब, भत्ता र राशन पाउने। (नियम ५७ (२))
- प्रसुती विदा बढीमा दुई पटक सुत्केरी हुँदा सम्मलाई मात्र दिइने र सो भन्दा बढि बच्चा हुने महिला कर्मचारीले सुत्केरी हुँदा आवश्यक पर्ने विदा निजको पाकेको वा पाक्ने घर विदा र विरामी विदाबाट कट्टी हुने गरी लिनु पर्ने (नियम ५७ (३))

**शसस्त्र प्रहरी नियमावली, २०६०**

- महिला सशस्त्र प्रहरी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी पूरा तलब सहितको ६० दिन प्रसुति विदा लिन पाउने। (नियम १०५ (१))
- प्रसुति विदा सेवा अवधिमा दुई पटक मात्र दिइने। (नियम १०५ (२))

**ड) महिला विरुद्ध हिंसा सम्बन्धी व्यवस्था**

**नेपालको अन्तरिम संविधान २०६३**

- कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानूनद्वारा दण्डनिय हुने (धारा २०(३))

**गाली र वेइज्जती ऐन, २०१६**

- आईमाईलाई अपमानित गरेमा एक सय रूपैयाँ देखि पाँचसय रूपौया सम्म जरिवाना र ६ महिना सम्म कैदको सजाय हुन सक्ने (दफा ८)

**केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७**

➢ सार्वजनिक स्थानमा महिलावर्गलाई हातपात गरी वेइज्जत गर्न नहुने । (दफा २ (घ))

**मुलुकी ऐन, २०२०, आसय करणीको महल**

➢ एघार वर्ष नाघेका कुनै पनि स्वास्नी मानिसलाई करणीका आसयले समातेमा पाँच सय रूपैया सम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुने (१ नं.)

**मुलुकी ऐन, २०२० अदालती बन्दोवस्तको महल**

➢ कुनै अभियोग लागि आएको स्वास्नी मानिसलाई बेमनासित ठट्टा मस्करी सँग सोधपुछ गर्न नहुने । (नं. १३४)

**घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६**

➢ कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना, शब्दले गाली गर्ने, भावनामा चोट पुऱ्याउने कार्य गरेमा "घरेलु हिंसा" ठहर्छ । (दफा २ (क))

➢ वंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूका बीचको सम्बन्ध नै "घरेलु सम्बन्ध" हो । (दफा २ (ख))

➢ कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य "शारीरिक यातना" हो । (दफा ३ (ग))

➢ शारीरिक यातनाको डर धाक देखाउने, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलोज गर्ने, झुठ्ठा वात लागउने, घरबाट निकाला गर्ने, मानसिक चोटपुग्ने सक्ने अन्य कुनै काम गर्ने गराउने, बैचारिक, धार्मिक वा साँस्कृतिक तथा प्रथा परम्परका आधारमा भेदभाव गर्ने कार्य "मानसिक यातना" हो । (दफा २ (घ))

➢ यौनजन्य प्रकृतिको दुर्व्यव्रहार, अपमान, हतोसाह वा आत्म सम्मानमा चोट पुऱ्याउने वा सुरक्षि यौन स्वास्थ्यमा आघात पुग्ने काम "यौन जन्य यातना" हो । (दफा २ (ङ))

➢ सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य "आर्थिक यातना" हो । (दफा २ (च))

**घरेलु हिंसा गर्न गराउन नहुने**

➢ कसैले पनि माथि उल्लेख गरे बमोजिमको घरेलु हिंसा गर्न, गराउन वा सो कुराले उद्योग गर्न वा घरेलु हिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्न हुँदैन । (दफा ४ (१))

**उजुरी गर्ने व्यवस्था**

➢ घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखित रूपमा निम्न स्थानमा उजुरी गर्न सक्दछ । (दफा ४)

क) नजिकको प्रहरी कार्यालय

ख) राष्ट्रिय महिला आयोग वा

ग) पिडित बसोवास गरेको , पिडक रहेको वा घटना घटेको स्थानिय निकाय (गाविस, नगरपालिका, नगरपालिकाको वडा कार्यालय) ।

**मेलमिलाप सम्बन्धी व्यवस्था**

➢ उजुरीका आधारमा अनुसन्धान गर्दा घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस (३०) दिन भित्र दुवै पक्षलाई मेलमिलाप गराई दिनु पर्दछ । (दफा ८)

**सजाय सम्बन्धी व्यवस्था**

➢ कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रूपैया देखि पच्चीस हजार रूपैयाँ सम्म

जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ । (दफा १३)

- ➢ घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुन्छ । (दफा १३ (२))
- ➢ घरेलु हिंसाको कसुरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ । (दफा १३ (३))
- ➢ सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले घरेलु हिंसा गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ । (दफा १३ (४))
- ➢ घरेलु हिंसाको कसुरमा भए गरेको मितिले नब्बे दिन भित्र उजुरी दिनुपर्छ ।

**मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४**

- किन्ने वा वेच्ने उद्देश्यले मानिसलाई विदेशमा लान नहुने (दफा-२,क)
- दफा २ (ख) अनुसार वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले निम्न कार्य गरी कसैलाई पनि तल उल्लेख गरे बमोजिम लग्न वा राख्न हुँदैन ।

कसैलाई पनि कुनै प्रकारले ललाई, फकाई, प्रलोभनमा पारी, भुक्याई, जालसाज गरी, प्रपन्च मिलाई, जवरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी निम्न कार्य गर्न हुँदैन ।

(क) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्न वा

(ख) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई आफूसँग राख्न वा

(ग) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई आफ्नो नियन्त्रणमा लिन वा

(घ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई कुनै स्थानमा राख्नमा

(ङ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा लान

(च) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई विदेशमा लान वा

(छ) बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई अरु कसैलाई दिन

**माथि उल्लेख गरे बमोजिमको कार्य गर्नेलाई हुने सजाय**

- मानिस किन्ने वा वेच्नेलाई बीस वर्ष कैद र दुईलाख रूपैया जरिवाना (दफा १५, १, क)
- वेश्यावृत्तिमा लगाउनेलाई १० देखि १५ वर्ष सम्म कैद र ५० हजार देखि १ लाख रूपैया सम्म जरिवाना (दफा १५, १, ख)
- वेश्यागमन गर्नेलाई एक महिना देखि तीन महिनासम्म कैद र दुई हजार रूपैया देखि पाँच हजार रूपैया सम्म जरिवाना ।
- किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई

(क) विदेश लैजानेलाई दश वर्ष देखि पन्ध्र वर्ष सम्म कैद र ५० हजार रूपैया देखि १ लाख रूपैया सम्म जरिवाना

(ख) बालबालिका विदेश लगेको भए १५ वर्ष देखि २० वर्ष सम्म कैद र १ लाख रूपैया देखि दुई लाख रूपैया सम्म जरिवाना ।

(ग) नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँ लैजानेलाई दश वर्ष कैद र ५० हजार रूपैया देखि एक लाख रूपैया सम्म जरिवाना ।

(घ) बालबालिकालाई नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँ लगेको भए १० वर्ष देखि १२ वर्ष सम्म कैद र एक लाख रूपैया जरिवाना

- मानव वेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दा सरकारवादीहुन्छ ।
- मानव वेचविखन तथा ओसारपसार सम्बन्धी घटना घटेमा जो सुकैले नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्छन् ।

**मुलुकी ऐन, अदलको महलको १० (ख) नं.**

- बोक्सो बोक्सीको आरोप लगाउनेलाई सजायको व्यवस्था: बोक्सो बोक्सीको आरोप लगाउने वा त्यस्तो आरोप लगाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने वा अन्य अमानवीय वा अपमानजनक वा यातना दिने काम गरेमा ३ महिना देखि २ वर्ष सम्म कैदको सजाय वा ५ हजार रूपैया देखि २५ हजार रूपैया सम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था गरेको छ।
- बोक्सो वा बोक्सीको आरोप लगाएको वा आरोप लगाई यातना दिएको मुद्धा सरकारवादी मुद्धा हुने हुँदा पिडितले यस्तो घटना घटेमा नजिकको प्रहरी कार्यालयमा जाहेरी दिन सक्दछन्।

*लेखक: पुँवार खड्का गुठीका केन्द्रीय सहसचिव हुनुहुन्छ*

## चुटकिला

### दुई वटा गधाको सम्बाद:



एकपटक गाउँको एउटा छाडा गधा र धोबिको घरमा काम गर्ने गधाको जम्काभेट भयो। गाउँको गधा हेर्दै मोटोघाटो र फुर्तिलो थियो भने धोबिको गधा दुब्लो पातलो र जिङ्गरिङ्ग परेको देखिन्थ्यो। धोबिको गधाको यस्तो अवस्था देखेर गाउँको गधाले सोध्यो - मित्र, तिमी किन यस्तो दयनिय अवस्थामा देखिन्छौ ? म त हेर गाउँमा काम पनि गर्नु पर्दैन, इच्छा अनुसारको हरियो घाँस खान पाउँछु, साह्रै नै मज्जा पो छ त मलाई भनेर धोबिको गधालाई धाक लगायो। धोबिको गधाले भने आफु दिनभरी भारी बोक्नु पर्ने, खान पनि पेटभरी नपाउने साह्रै नै दुःख पाएको कुरा सुनायो। तब गाउँको गधाले भन्यो - त्यसो भए त्यस्तो दुःख गरी तिमी त्यो धोबिको घरमा किन बसिराखेको ? यतै गाउँमा आउ न। यहाँ त काम पनि गर्नु पर्दैन, खान पनि छानी छानी पेट भरी पाइन्छ भन्यो। यो कुरा सुनेर धोबिको गधाले तिम्रो कुरा त ठिकै हो तर केहि समय पर्ख न, त्यहाँ मलाई एउटा ठूलो फाइदा हुनेवाला छ, त्यो फाइदा हुनासाथ म तिमी कहाँ नै आउँछु भनेर जवाफ दियो। यो कुरा सुनेपछि गाउँको गधाले कौतुहलबस सोध्यो - तिमीलाई त्यस्तो ठूलो फाइदा के हुने रैछ त्यहाँ ? धोबिको गधाले पनि फुर्तिले जवाफ दियो - त्यो धोबिले सधैं भरि आफ्नी छोरीलाई यदि तैंले फेरी पनि काम विगारिस भने म तँलाई एकदिन त्यो गधासँग विवाह गरिदिने छु भन्छ, त्यसैले म अनेक दुःख सहेर पनि त्यो दिन कहिले आउला भनि कुरेर बसिराखेको छु।

### आमा र छोरी

एकजना आइमाई आफ्नी सानी छोरीलाई लिएर आफ्नो लोग्नेले भेट्ने भनेको ठाउँमा गएर घण्टौ कुरेर लोग्नेको बाटो हेरेर बसेकि थिइन। तर घण्टौं कुर्दा पनि लोग्ने नआएको हुँदा रिसले भुतुक्क भइरहेकि थिइन। त्यतिकैमा एउटा बौलाहा मानिस त्यतैतिर आइरहेको थियो। त्यसलाई देखेर सानी छोरीले आमा, आमा त्यो को हो भनेर सोधिन। आमाले रिस उठिरहेको हुँदा रिसको झोंकमा त्यो तेरो बाउ हो भनेर झर्किइन। बच्चिले तुरुन्त त्यस बौलाहाको छेउमा गएर त्यसको औंला समातेर भनि बाबा, बाबा तपाईलाई अघिदेखि आमाले कुरिरहनु भाको छ, किन ढिलो आउनु भाको ?

संकलक: **एरिका के.सी.**
बानेश्वर हाइट



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण पेट्रोलियम व्यवसायी तथा दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघ**

विजुलीबजार, काठमाडौं




## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**टौदह ट्रेडिङ्ग प्रा.लि, टौदह,**
**भ्यालि रिकेश सप्लायर्स तिनकुने**
**प्रविन आयल स्टोर्स, गट्ठाघर,**
**जय श्रीचन्द्र आयल स्टोर्स, कालोपुल**

# नाम सुहाउँदो काम : समाजमा सम्मान



-ललितबहादुर खड्का

अभिभावक आफन्तजन, गुरुपुरोहित जो भएपनि नवजात शिशुको उज्ज्वल भविष्यको चाहना र कामना गरकै हुनछ । यो नैसर्गिक र मानविय स्वभाव नै हो । यही चाहना र कामनालाई सफलिभूत तुल्याउन शिशुको नामाकरण गर्दा विशेष ध्यान पुऱ्याएको हुन्छ । विशेषगरी धार्मिक, सामाजिक वा साहित्यकि जस्ता अवधारणा सहित सम्बन्धित शब्द्धहरू मध्येबाट चयन गरेर नामकरणको संस्कार पुरा गर्न गरेको पाइन्छ । तर विडम्वना नभै भन्नु पर्छ, नामकरण गरिए जस्तै सबैको नाम सार्थक र सफलीभूत भएको पाईदैन । समाजमा हेर्दा अजर, अमर अविनाशी जस्ता नाम भएका मानिसहरूको अल्पायु मै मृत्युवरण गरिरहेका र कुँवेर धनपति लक्ष्मी पति जस्ता नाम भएका मानिस पनि आर्थिक दृष्टिले बडो कष्टकर जीन्दगी व्यतित गरिहरको देख्न सुन्न पाइन्छ । आफ्नो नामलाई सार्थक बनाउने प्रयत्न गर्न र त्यस प्रयत्नको माध्यमबाट सफलता हासिल गर्न सक्नु एउटा सुखद् संयोग अथवा उपलब्धी मान्नु पर्दछ ।

माथि उल्लेख गरिएको प्रसंग प्राय: स्मरणीय दाजु स्व. दीपबहादुर खड्काको जीवनीसँग जोडेर केही चर्चा गर्ने प्रयास गरेको छु । मानिसको जीन्दगीलाई सफल बनाउने सातित्वक असर पार्ने विभिन्न तत्वहरू मध्ये उसको वाल्यकालमा भएको लालपालन र शिक्षा दिक्षाको प्रमुख भूमिका रहेको पाइन्छ । स्व. दीपबहादुर खड्काका पिताजी स्वं हर्कबहादुर खड्का रहन सहनमा सादगीपन रुचाउने र घरको कामकाजमा कडापरिश्रम गर्ने व्यक्तिको रुपमा निनु हुन्थ्यो । यही स्वभाव र आचारण अपनाउन आफ्ना सन्तति र आफन्तजनहरूलाई आर्ति उपदेश दिने र असल कार्य गर्नेलाई सक्दो सहयोग उपलब्ध गराउने उहाँको जीवन शैलीनै बनेको थियो । यही समय क्रममा छिमेकी भारतमा महात्मा गान्धीको नेतृत्वमा अंग्रेज शासक विरुद्धको अवाज उठिरहेको थियो । यसको असर खुला सिमाना भएको नेपालमा नपर्ने कुरै थिएन । विदेशी वस्तुको बहिष्कार स्वदेशी वस्तुको प्रयोग, रहन सहनमा सादगी जस्ता आदर्शवाणीका प्रचार प्रसारले पिताजी हर्कबहादुर खड्का जस्ता सात्विक विचार राख्ने मानिसलाई प्रभाव पार्नु स्वभाविकै थियो । फलस्वरुप वाल्यावस्थाका जेठा छोरा दीपबहादुर खड्कालाई गान्धीवादी दर्शनद्वारा प्रभावित तुलसी मेहर श्रेष्ठको शंखमुल आश्रम मा भर्ना गरियो । विराशतको रुपमा प्राप्त गरेको 'सदा जीवन , उच्च विचार' जस्ता अर्ति उपदेश । गान्धी आश्रमको सत्संगको प्रभावबाट उहाँ जीवन पर्यन्त विचलित हुनुभएन । सुविधा सम्पन्नन ओहदामा पुगी आधुनिक रहन सहन र सुख सयल उपभोग गरिसकेको व्यत्तिले आफू जन्मे हुर्केको गाउँ समाजमा घुलमेल गरेर सम्मानित जीवन विताउनु सक्नु उहँको समाजप्रतिको कतर्व्य साथ महानता हो भन्ने मैले बुझेको छु ।

पराम्भिक शिक्षा दिक्षा तत्कालीन भाषा पाठशाला र गान्धीवादी दर्शनमा आधारित शिक्षण संस्थाबाट सम्बन्य भएकोले वैचारिक पक्षमा ती संस्थाहरूको प्रभाव रहनु स्वभाविक थियो, तर उहाँको व्यवसायिक जीवनको अधिकांश समय न्याय सेवामा

व्यति भएको छछ। न्या तथा कानुनको क्षेत्रमा प्रवेश गरेर न्यायकर्मीको ओहदामा पुग्ने उहाँको मनोकांक्षा भएको बुझिन्छ। यस्तो मनोकांक्षा जागृत हुनमा मुख्यतया दुई कारण देखा पर्दछन्। तत्कालिन समाजमा 'डिठ्ठा' पद ज्यादै प्रतिष्ठित भएको र उहाँ स्वयं डिठ्ठ लालसिंह खड्काको जेठो नाति भएकाले न्यायसेवा प्रति झुकाव हुन पहिलो मनोवैज्ञानिक कारण थियो भने समकालिन आफन्त नातेदारहरू यही सेवामा संलग्न रहेकाले उनीहरूको सरसल्लाह र सहयोग प्राप्त गर्न केही सुविधा पनि रहेको थियो। न्याय तथा कानुनी सेवामा भएको लामो अध्ययन र अनुभवको परिणाम स्वरुप नै मान्नुपर्दछ उहाँ २०२५ सालमा न्याय तथा कानु सहायक मन्त्रिको ओहदा संभाल्न पुग्नुभयो र यही कानूनी पृष्ठभूमिको आधारमा अभिवक्ताको रुपमा कानुन व्यवसायीमा दर्ज हुनुभयो। आफू रहेबसेको समाजमा आइपरेको कानुनी समस्या समाधानको लागि निस्वार्थ सेवा सल्लाह प्रदान गर्नु र न्यायिक दृष्टिले हेर्दा देखिने सत्य तथा प्रस्तुत गर्न उहाँ सदैव तत्पर रहनु भयो। यही सरल र सहज व्यवहारको कारणले पनि समाजमा उहाँको स्थान सम्मानित रहेको छ र रहने पनि छ।

दुई पटक धवलागिरी अञ्चल सभापति र राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित हुँदै सहायक मन्त्रीको ओहदासम्म पुगेको भएतापनि उहाँको व्यक्तित्वलाई केवल राजनीतिमा मात्र सीमित राख्न न्यायसँगत हुने छैन। समाज सेवाको लागि अपनाइने विभिन्नमा माध्यमहरू मध्य एउटा माध्यम राजनीति पनि हो भन्ने मान्यता राखेर राजनीतिक क्षेत्रमा प्रवेश गरेतापनि अन्तिम घडिसम्म कुनै दलको सदस्यता ग्रहण नगरी स्वतन्त्र जीवन व्यतित गर्नु भयो। शिक्षा स्वास्थ्य, यातायात जस्ता समाज विकासका पूर्वाधार तयार गर्ने काममा विशेष रुचि दर्शाउने भएकै कारणले उहाँलाई समाज सुधारकका रुपमा सम्मान गरिएको छ। उहाँकै सक्रियतामा वि.सं. २००९ सालमा स्थापना भएको मंगला प्राथामिक विद्यालयको क्रमिकरुपमा स्तरवृद्धि हुँदै २०६६ सालमा मङ्गलाशिक्षा क्याम्पसमा परिणत भएको छ। वृद्धावस्थाको कारणले कम्पन भैरहेको उहाँको हातबाट सो क्याम्पसको उद्घाटन सुसम्पन्न भएकोमा समारोहमा उपस्थिति सबै जनालाई हर्षित मुद्रामा देख्नपाइन्थ्यो। सरकारी सेवाको सन्दर्भमा विभिन्न जिल्लामा रहँदा बस्दा देखे भोगेको विषयवस्तु र राष्ट्रिय पंचायतको सदस्यको हैसियतले चीनको भ्रमण गर्दा जाने बुझेको सबै विषयवस्तुहरूलाई समेटेर तयार गर्नुभएको मेरो आत्मकथा र चीन भ्रमणको स्मरण" नामक कृतिहरूमा वर्णनात्मक शैलीमा उल्लेख गर्नु भएको छ। यसका अतिरिक्त समय समयमा दर्जनौं छापाहरूमा प्रकाशित अध्ययन तथा मननयोग्य रचनाहरूले उहाँलाई एउटा सफल साहित्यकारको रुपमा स्थापित गरेको छ। पुँवार खड्काहरूको उत्थान, संस्कृति, परम्परा जस्ता विषयहरमा बडोरुचिकासाथ सुन्ने–सुनाउने र आफ्ना रचनाहरूमा पनि चर्चा गर्नु भएको छ। संवत १९७५ श्रावणदेखि यो धर्तीमा अविरल रुपमा प्रज्ज्वलित 'दीप' सम्बवत २०६८ पौष २४ गते विहान कालचक्रको आँधीहुरीमा परी अस्त हुन गएकाले उहाँको शुभचिन्तक भाइबन्धु नाता कुटुम्व र गाँउ सामाजका सबैजानालाई वियोग वेदनीले मर्माहत बनाएको छ। विधिको विधानलाई शिरोधार्य गरी उहाँको मार्गदर्शनलाई अनुशरण गर्नु सिवायहरू विकल्प रहेका छैन। अन्त्यमा उहाँको पुण्य स्मृतिदिवसको स्मरण गर्दै श्रद्धा सुमन अर्पण गर्दछु। अस्तु।

*लेखक: गुठीको पूर्व अध्यक्ष एवं कर विभागका पूर्व महानिर्देशन हुनुहुन्छ।*

# नवग्रह शान्तीको उपाय



-एलिना खड्का (धिताल)

प्रत्येक मानिसलाई जीवनमा कुनै न कुनै ग्रहको प्रभाव परिनै रहेको हुन्छ। कुनै ग्रह शुभ फल प्रदायक हुन्छ भने कुनै ग्रह अनिष्टकारक हुन्छ। अतः ज्योतिष शास्त्रले अनिष्टकारक ग्रहहरुको प्रभाव न्युन गर्न वा शुभ फल प्रदायक ग्रहबाट अनुग्रह पाइरहन विभिन्न मुल्यवान पत्थरहरु तथा ग्रहधातुहरुको प्रयोग गर्नु उत्तम हुने सल्लाह प्रदान गर्छ। पत्थर ज्योतिषहरुको सल्लाह अनुसार सुन, चाँदी वा अन्य धातुमा औंठी बनाई वा लकेटको रुपमा प्रयोग गर्न सकिन्छ। प्रत्येक ग्रहका आफ्नै योगिनीहरु हुन्छन्। योगिनी पनि शुभ फल वा अशुभ फल दिने हुन्छन्। पत्थरको तौल मानिसको तौलको आधारमा के कति रत्ति प्रयोग गर्नु पर्ने हुन्छ, ज्योतिषहरुले निर्धारण गर्छन। नवग्रहशान्तिका लागि साधारणतया: देहाय बमोजिम ग्रहको लागि देहाय बमोजिम पत्थर/तौल हुन पर्ने विभिन्न धामिर्क पात्रोमा ज्योतिषहरुले उल्लेख गर्ने गरेका छन्।

| ग्रह | योगिनी | पत्थर | तौल |
|---|---|---|---|
| सूर्य | पिंगला | माणिक (ruby) | ३-५ रत्ति |
| चन्द्र | मंगला | मोती (pearl) | २,४,६,११ रत्ति |
| मंगल | भ्रामरी | मुगा (coral) | ५,१४ रत्ति |
| बुध | भद्रिका | पन्ना (emerald) | ३,६ रत्ति |
| वृहस्पति | धान्या | पुषराज (golden sapphire) | ६,११,१५ रत्ति |
| शुक्र | सिद्धा | हिरा (diamond) | २,७ रत्ति |
| शनि | उल्का | निलम (blue sapphire) | ३,६,७ रत्ति |
| राहु | संकटा | गोमेदक (hassonite) | ३-६ रत्ति |
| केतु | बिकटा | वैदुर्यमणी (cat's eye) | ६,३ रत्ति |

**सन्दर्भ सामग्री विभिन्न धार्मिक पात्रोहरु**

*लेखिका लफ्टस, सिडनी/अष्ट्रेलिया निवासी हुनुहुन्छ।*



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ओम ग्याँस उद्योग प्रा.लि.**

धादिङ्ग





## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**दिनबन्धु गोयल**

विराटनगर

# आकस्मिक रूपमा सम्पन्न तीर्थहरूको दर्शन र ऐतिहासिक स्थलको अवलोकन



-दीपक खड्का

व्यक्ति बढि यात्रा गर्छ उ अन्य भन्दा अलि बढी चलाख हुन्छ । पहिले पहिले बाबु आमाहरूले आफ्नो छोरालाई गाउँबाट अन्यत्र घुम्न पठाउँथे । यसरी टाढा पठाउँदा छोराले देश विदेश देखे पछि टाठो वाठो हुन्छ भन्ने बाबु आमाको सोचाई हुन्थ्यो । व्यवहारमा हामी पनि देख्छौं जुन व्यक्तिले देश, विदेश बढि घुमफिर गरेको हुन्छ त्यो वाठो नै हुन्छ । जुन व्यक्ति एकैस्थानमा बसि राखेको हुन्छ त्यो अलि सिधा नै हुन्छ । युरोप अेमरिकाका मानिसहरू काम गरेपछि पाउने विदामा नियमित रुपमा भ्रमणमा निस्कने निश्चित कार्यक्रम नै बनाउने प्रचलन छ । उनीहरू प्राय नयाँ नयाँ ठाउँमा भ्रमण गर्दछन् र आफ्नो छुट्टी मनाउँछन् । यहाँसम्मकी हाम्रै छिमेकी देश भारतमा पनि त्यो प्रचलनको सुरुवातात भइसकेको छ त्यहाँ विदाको समयमा सामर्थहुने व्यक्तिहरू विदेश भ्रमण गर्छन भने अन्य व्यक्तिहरू स्वदेशकै विभिन्न स्थानमा भ्रमण गरी राखेका हुन्छन् । भारत ठूलो देशभएको र विभिन्न राज्यमा आफ्नो भाषा संस्कृति र फरक भुवबनोटको कारण एक राज्यका व्यक्तिहरू अर्को राज्यमा भ्रमण गर्दा नयाँपन पाउने हुँदा हटाइदिने भ्रमणको मञ्जा लिन्छन् । त्यसैले भारत आन्तरिक पर्यटनले पनि निकै ठूलो स्थान ओगटेको छ ।

'पढेर' भन्दा परेर जानिन्छ सुनेर भन्दा देखर थाहा पाइन्छ भन्ने लोकोक्ति पनि यथार्थ नै हो कि जस्तो लाग्दछ । सुन्न भन्दा देख्ने इच्छा म मा पनि जागृत हुन्छ । यसो हुनुमा मेरो सर्कलका साथीहरू यात्रा गर्न अत्यन्त रुचाउने व्यक्ति मध्ये पर्छन जसको संगतबाट म पनि यात्रा गर्न मनपराउने भए । मलाई अन्य देशको यात्राले भन्दा भारतको यात्रा बराबर आर्कषण गरेको छ । भारतको तीर्थस्थल होस् वा पर्यटकीय स्थल सबै मलाई मन पर्ने स्थानहरू हुन । विविध कारणले विगत ५, ७ वर्ष देखि मलाई भारतमा यात्रा गर्ने मौका मिलेको थिएन ।

गत वर्ष मेरो काकाकाकीहरूले मथुरा ब्रिन्दावन, कुरुक्षेत्र, दिल्ली, हरिद्वार, ऋषिकेश लगायत केही स्थानको भ्रमण गरेको वर्णन मेरो बुबा मुमालाई सुनाउनु भएछ । उहाँहरूको वर्णनले बुबा मुमालाई प्रभाव परेपछि एक दिन काका काकी भ्रमण गरेका स्थानहरू हामीलाई पनि घुमाई दिएत हामी पनि तिमिहरू प्रति धन्य हुने थियौं भनेर भन्नु भएको थियो ।

बुबा मुमाको यो आग्रहलाई मैले पुरा गर्नुपर्ने दायित्व ठानेका थिए । तर कहाँ कहाँ कहिले कसरी जाने भन्ने बारेमा म असमाज्यस्मा परेको थिए । फागनुको पहिलो साता तिर एक दिन घुम्दै कमलपोखरी एउटा ट्राभल एजेन्सी (जँहा भारतीय रेल्वेको टिकट पनि काटिन्छ) मा टिकट बुझ्न पसे । पूर्ण योजना त थिएन तर पनि मथुरा, वृन्दावन कुरुक्षेत्र हरिद्वार ऋषिकेशसम्म गएर फर्कनु पर्ला भन्ने विचार थियो । यी सबै स्थानको सेन्टर दिल्ली नै पर्ने भएको हुँदा गोरखपुरबाट दिल्ली र

फर्किदा हरिद्वारबाट फर्किने टिकट सोधें तर एजेन्सीले आगामी बैशाख अन्त्यसम्ममा दिल्लीका टिकट छैन बरु चैत्रको ९ गतेको हरिद्वारबाट टिकट सोधें फर्किने एक दिन मात्रको रेल्वे टिकट छ भन्यो ।

दिल्लीको अहिले प्लेन टिकट धेरै सस्तो छ भनेर ट्रभल्स एजेन्सीले भन्यो । टिकट सम्बन्धी सामान्य जानकारी लिएपछि यो सबै कुरा श्रीमतीलाई बताए । उनले घर हेरचार गर्नुपर्छ म जान मिल्दैन भोलि नै बुबा मुमा हजुर (अर्थात म) लाई टिकट लिनु भन्ने सल्लाह दिइन् । मलाई उनी नजाने कुराले खल्लो बनाएको थियो । यात्रामा जाने सम्बन्धी श्रीमतीसँग भएको कुरा बुबा मुमालाई सुनाए तर मुमाले घरमा केटा केटी बस्न सकिहाल्छन् खान पकाउन देखि सबै गर्ने मानिस छदैछ तसर्थ रेखा (मेरी श्रीमती) पनि जानु पर्छ भनि जोड गरेपछि मेरी श्रीमति पनि जान तयार भईन । भोलिपल्ट नै गएर काठमाडौं दिल्लीको हवाई टिकट र फर्किदा हरिद्वारबाट गोरखपुरसम्म रेलको टिकट लिए ।

टिकटको निर्धारित समय अनुसार चैत्र २ गते काठमाडौंबाट दिल्ली प्रस्थानको एयरपोर्ट समय १ बजे थियो भने उडान ३ बजे । समयमै एयरपोर्ट पुगे पनि बेलुकी ७ बजे मात्र उडान भयो दिल्लीको लागि । "पहिलै गाँसमा नै ढुंगा भने झैं जहाज कुर्दा एयरपोर्टमा बसी राख्नु पर्दा निकै कष्ट भयो । त्यो दिन उत्तरी भारतमा भारी बर्षाको कारण हामी चढ्ने जाहज लखनउमा अवतरण गर्नु परेकाले काठमाडौं आउन ढिलो भएको रहेछ । जहाज निर्धारित समय भन्दा झण्डै ४ घण्टा अर्थात ७ बजे त्रि.वि.स्थालमा अवतरण भयो । हामी जहाजमा बस्दा झण्डै ७:३० भैसकेको थियो । लगभग ९ बजे दिल्ली एयरपोर्टमा उत्रियौं । एयरपोर्ट क्लियरेन्स गरेर बाहिर निस्केर होटल जान ट्याक्सी लियौं । झण्डै १ घण्टा एयरपोर्ट देखि दिल्ली शहर पुग्न समय लाग्यो । होटलमा पुगेर सामान्य खाना खाई रात्री विश्राम गऱ्यौं ।

भ्रमणको पहिलो दिन दिल्लीको पुरानो चाँदनी चोक क्षेत्रमा अवस्थित लाल किल्ला प्रसिद्ध जामा मस्दित चाँदनी चोक बजारको सुक्ष्म भ्रमण गरे पश्चात हामीहरू करोलवाग हुँदै दिल्लीको प्रसिद्ध अक्षरधाम मन्दिर हेर्ने मेट्रो चढियो । करालेवाबाट अक्षर धामको मेट्रो चढेर अक्षरधाम उत्रने बेलामा आफैं अल्मलिदा छुट्न गयो । दिल्ली मेट्रो स्टेशनमा १ मिनेट पनि रोकिदैन भन्ने मलाई त थाहा थियो तर बुबा मुमाहरूलाई छिटो उत्रनुपर्छ भन्ने अनुभव नभएको हुँदा स्टेशन छुटेको थियो फर्कदा मेट्रोबाट अक्षरधाममा उत्रिनु भन्दा पहिलानै सबैलाई सतर्क गराएर समयमै उत्रियौं ।

धार्मिक पर्यटकलाई लक्षित गरे बनाइएको अक्षरधाम मन्दिर निकै विशाल रहेछ । विभिन्न देवता एवं देवीहरूको मूर्ति एउटै मन्दिरमा रहको संक्षेपमा देवीदेवताहरू बारेमा मूर्तिमा वर्णन गरिएको छ । ठूलो क्षेत्रफल भएको त्यस मन्दिर निकै कलात्मक किसिमले निर्माण गरिएको छ भन्ने दशनार्थीहरूलाई सुरक्षा र सुविधा दुवैको अनुभुति हुन्छ । मन्दिरको परिसर निकै सुसज्जित भएको हुँदा त्यहाँ घुम्दा मन निकै आनन्दित हुन्छ । भर्खर निर्माण गरिएको त्यस मन्दिरमा पनि दशनार्थीहरू ठूलो संख्यामा आउँदा रहेछन् । मन्दिर बाहिर निस्कनु भन्दा पहिला क्यानन्टिन रहेछ । त्यस क्यान्टिनमा भारतका विभिन्न प्रदेशहरूमा पाइने विहान बेलुकाको खाना, नास्ता मिठाई देखि आइसक्रिमसम्म पाइने रहेछ । दशनार्थीहरूलाई मन्दिर घुमेपछि भोक प्यास लाग्न सक्छ भनेर पूर्व अनुमान गरेर सायद क्यान्टिन बनाइको हुनुपर्दछ । हाम्रो विहानको खाना खाने समयले नेटो काटेर भोक लागिसकेको थियो । हामीले विहानको खाना रुचि अनुसार त्यहि क्यान्टिनमा खायौं ।

दिल्ली बसाइको क्रममा केही महत्वपूर्ण स्थानहरू बजारहरू घुम्ने र मौका मिलेमा किनमेल गर्ने हाम्रो योजना मुताविक दिल्लीको कनाट प्लेस, पालिकाबजार चाँदनी चोक लालकिल्ला, करोलवाग र

सरोजनी मार्केट घुमियो भने कुनै बजारमा मुमा तथा श्रीमतीहरूले आ-आफ्नो आवश्यकता अनुसारको सामानहरू खरीद गर्ने काम पनि भयो। दिल्लीमा अन्य बजारमा वार्गेनिङ्ग हुँदैन तर पालिका बजारमा भने प्रशस्त वार्गेनिक चल्दोरहेछ। जमीन मुनि रहको पालिका बजार ३, ४ तह घुमेको छ। जता गएपनि उस्तै लाग्छ। बजार घुम्ने क्रममा मेरी श्रीमतीलाई ठूलो लेडिज व्याग किन्न मन लागेछ पसलेलाई सोधिहालिन 'कितना है' पसलुले पनि हामी भारतीय होइनौं भन्ने थाहा पाएर बेपत्ता मूल्य लगायो हामी फर्किन लाग्यौं त्यतिकै एउटा नेपाली जस्तो देखिने त्यस पसलमा बसेका व्यक्तिले ए दिदि यति दिनोस् भनेर निकै घटाएर भन्यो श्रीमतीले अझ झारेर वार्गेनिङ्ग गर्दै थिइन। अलि अलि मदिरा सेवन गरेका त्यो व्यक्तिले हुन्छ भनी दियो। पहिला पसले त्यो व्यागको मूल्य १५०० भारु भनेको थियो त्यो अर्को केटोले १००० भन्यो मेरी श्रीमतीले ५०० भनेर एकछिन गलफत्ति गरे पछि त्यसले दिने भयो। उनले एउटा होइन ५ वटा किनिन। यस वीचमा त्यो पहिले मूल्य लगाउने साहूले त्यो नेपाली जस्तो देखिने मदिरा सेवक केटालाई अरे दारु खा के ऐसे बोलदिया भनेर हकारेको पनि सुन्यौं यो तिनीहरूको नाटक थियो कि वास्तविकता मैले बुझ्न सकिन। यता श्रीमतीले ५ वटा व्याग किनको देपछि मैले श्रीमतीलाई सोधें किन किनेको ५ वटा आफूलाई मात्र भए पुग्दैन। बोक्न पनि भ्याउ हुने भन्दै थिए तर उनले यति सस्तोमा पाइयो अनि किने ? भनिन। मैले विवाद गर्न उचित ठानिन, त्यो व्याग वास्तवमा सस्तो हो कि ? महँगो मैले बुझ्न सकेको छैन। पालिका बजारमा किनमेल गर्दा होस चाही पुऱ्याउनु पर्ने निक्यौंलमा म पुगे। दिल्ली वरपर घुमेपछि बेलुकी होटलमा आयौं। होटल रिशेप्शनमा मथुरा आग्रा जस्ता थुप्रै ठाउँको बुकिङ्ग प्याकेज टुर बारमा सूचना टाँसिएको थियो। मैले मथुरा र आगरा प्याकेज टुरको बारेमा सोधें होटल वालाले संक्षेपमा बतायो। हामी त्यही प्याकेज टुरमा मथुरा विन्द्रावन आगरा जने निधो गरी बुकिङ्गको लागि होटल वालालाई रकम बुझायौं। भोलिपल्ट विहान हामी बसेको होटल भन्दा १५, २० मिनेट दुरीमा गाडी लाग्ने रहेछ। विहानै ट्राभल्स एजेन्सीवाला आई गाडीमा चढायो। विहानको ७ बजे तिर दिल्लीबाट प्रस्थान गरियो। दिल्ली सकिनासाथ हरियाणा राज्यको फरीदावाद हुँदै उक्त रुटमा पर्ने विभिन्न स-साना शहर टेक्दै लगभग १० बजे तिर एउटा ढावामा गाडी रोकियो। ढावामा नास्ता गराउन रोकिएको थियो। हाम्रो प्याकेज टुर रहेका अन्य यात्रीमध्यले केहीले आफूले ल्याएको नास्ता खाए, कसैले ढावामा खानै खाए कसैले नास्ता गरे हामीले पनि परौठा र चिया खायौं। मैले त्यो परौठा र चिया हामी ४ जनाले खाएको बढिमा २ सय जति मूल्य होला भन्ने अन्दाज गरेको थिए तर ५ सय भन्दा माथिको विल ल्यायो म चकित भए अनि सम्झिए काठमाडौंबाट बाहिर जाने बसहरूले खाना खुवाउन ठाउँमा यात्रुहरूबाट होटलहरूले जसरी अनुचित मूल्य लिएर यात्रुहरूलाई फसाउँछन् त्यहाँ पनि त्यस्तै लाग्यो।

विहानको नास्ता् पछि करीब १ बजे आगरा पुगियो, हामी चढेको टुरिष्ट बसमा धेरै जसो पूर्वोत्तरी भारत अर्थात आसाम, मणिपुर तिरका सहयात्री थिए भने अन्य ३ जना नेपाली महिलाहरू पनि थिए। बस स्टेण्डमा रोकिना साथ अदबैसे गाइड आएर आगरा फोर्ट र ताज महल बारेमा संक्षिप्त वर्णन गर्न हामीलाई एकत्रित गरायो। अनि प्रवेश टिकटको निम्ति पैसा माग्यो र भन्यो भारतीयहरूलाई ३० र नेपालीलाई ३०० र अन्य मुलुकका व्यक्तिलाई २० डलर भारतीयहरू पैसा दिए हामी र अन्य ३ जना नेपालीहरूसँग "आप नेपाली हे इस लिए हर आदमीका ३०० सो दर से दिजिए भन्यो" म गाइडको यो व्यवहार देखेर द्विविधामा थिए एक छिन पनि कुना लगेर पर आदमी ३०० लागेगा लेकिन हम तुमको हेल्प करेंगे इसलिए सौ दिजिए भनेर माग्यो र उसले यो पनि भन्यो गेटके

आसपास नेपाली मे मत वात करो। पैसा दिएको केही समयपछि प्रवेशको टिकट दियो।

गणतन्त्र भारतको धार्मिक पर्यटकिय एवं ऐतिहासिक स्थलको बारेमा भन्नु पर्दा उत्तरी भारतमा अवस्थित आगराको नाम प्रथम पंक्तिमा आउने गर्छ। आग्रा शहर मुगल साम्राज्यको उदयहुँदा अत्यन्त वैभवशाली राजधानी रहेको इतिहासमा पढ्न पाइन्छ। तेस्तै द्वापरयुगमा भगवान श्रीकृणको जन्मस्थल एवं राज कंशको राजधानी मथुरा, श्रीकृष्णको लिला, वालकृडास्थल र वृन्दावन भगवान हुर्केको स्थान गोकुल तथा राधारानीको बासस्थान बर्सानाको महिमा थाहा पाउँने हामी जस्ता पौराणीक क्षेत्र भ्रमण गर्दा पाइने ज्ञान र आन्निदको सिमा अन्यन्त्र कहाँ पाइन्छ र ? रोचक मुगल शासनको क्रममा निर्मित वादशाह अकवरको फतेहपुर सिक्री, आगारा फोर्ट र भारदारी समास्थल वादशाह, अकवरको नवरत्न मध्येको प्रसिद्ध मन्त्री वीरवल गाथा, वादशाह शाहजहाँद्वारा निर्माण गर्न लगाइएका विश्वविख्या आठौं आश्चर्य बनेको ताजमहल तथा बादशाह शाजहाँलाई उनका अत्यन्त क्रुरपुत्र औरगजेवले आजीवन काराबासमा राखको रेठफोर्ट हेर्न र बुझ्न हामीलाई अत्यन्त कौतुहलता जागिरहेको थियो।

ताजमहल बारेमा पनि गाइडले आगरा फोर्टको प्रवेश टिकट शुल्क जस्तै नियम रहेको दोहोऱ्यायो। ताज महलको गाइड गर्न त्यो गाइडले सहयोगीलाई पठायो टिकट चाही हामी आफै लाइनमा बसेर किन्यौं भारतीयहरूको वर्णसँग मिल्दो जुल्दो भएकोले होला भारतीय शुल्कमा नै टिकट दियो। टिकट लिएर प्रवेशको लागि लाइनमा त बस्यौं तर ढोकामा रहेको सुरक्षाकर्मीले नेपाली भएर भारतीय शुल्कको टिकटगा आउने भनेर समाउला भन्ने मनमा डर चाही थियो त्यसैले चुपचाप लाइनसँगसर्दै सुरक्षा जाँच क्रस गरेपछि बल्ल ढुक्क भयो। संसारको आठौं आश्चर्यमा पर्ने ताज महलको नजिकबाट अवालेकन गर्न पाउँदा ज्यादै आनन्दको अनुभूति भयो। दिनुहुँ हज्जारौं पर्यटकहरूले अवलोकन गर्ने र ताजमहललाई नजिकबाट फोटो खिच्दा रहेछन। हामीले पनि विभिन्न पोजिसनमा फोटोहरू खिच्ने काम बाँकी राखेनौं। गाइडले १ घण्टा अवलोकन कार्यक्रम राखेको हुँदा हतार हतार गाडी रोकिएको ठाउँमा आइपुग्दा गाडी नै देखेनौं सयौं गाडीको लाइनमा वर देखि परसम्म खोज्दा-खोज्दा वल्ल फेला पऱ्यो। हामी सब भन्दा पहिला नै आइपुगेछौं। विस्तार विस्तार अरुहरू आए हामी पुगेको १ घण्टा पछि पनि १ जोडी आइपुगेन। त्यहाँ ढिलो भयो भने मथुरा दर्शन गर्न समय वित्छ भनेर गाइड भन्दै थियो। ती जोडी खोज्न सबैले बाटोको चारैतिर आँखा तन्काए अलिपरसम्म हेर्न पुगे तैपनि आईपुगेनन। गाइड जितना देर होगा आप लोगोको मथुरा कार्यक्रम प्रभावित होगा भन्दै वरबराउन लाग्यो। हामीलाई पनि मथुरा पुगेर भगवान श्री कृष्णको जन्मस्थान हेर्न आतुर थियो। लगभग २ घण्टा पछि त्यो जोडी आइपुग्यो समय व्यर्थ खेर जाँदा त्यो जोडीसँग हामी सब यात्रीहरू रिसायौं ती नत दम्पत्ती हनीमुनको लागि पाकिस्तानबाट आएका रहेछन्। सबैजनालाई असुविधा पारेर सामान्य क्षमा नमागेकोमा ती जोडीको व्यवहारले पाकिस्तानीहरूमा समान्य पनि शिष्टता हुँदैन कि भन्ने मलाई लाग्यो। प्याकेज टुरको समय निर्धारित समय भन्दा निकै घर्की सकेको हुँदा अबलोकन गर्न बाँकी रहेको स्थानहरूमा प्रभाव पार्ने निश्चित नै थियो।

आगरा फोर्ट मुस्लिम वादशाहले निर्माण गरेका रहेछन कलात्मक र रक्षात्मक हिसाबले बनाइएको उक्त फोर्ट हेर्न लायक छ। भारतीय र विदेशी पर्यटकहरू प्रशस्तले अवलोकन गर्दा निकै भिडभाड हुँदोरहेछ। आगरा फोर्टको अवलोकन पछि सबैलाई भोक लागेको हुँदा खान खाने भनेर गाइडलाई आग्रह गऱ्यौं। उसले पहिले कुछ

सपिंङ किजिय वाद मे खाना खाएगे. भन्यो उसले भनेको कुरा नमान्नुको अन्य विकल्प पनि थिएन ।

आगराबाट प्रस्थान गर्दा साँझनै परिसकेका थियो । झण्डै २ घण्टा पछि मथुरानगर प्रवेश गऱ्यौं । श्री कृष्ण जन्मस्थान मथुरामा पुगेपछि गाइडले हमलोग पहुचने मे देर होगया इसिलिए बाहर से दर्शन कीजिए भन्यो । मथुरा पछि विन्द्रावनमा पनि त्यस दिन कुनै मन्दिरको दर्शन अवलोकन गर्न नपाइने निश्चित नै थियो जसले गर्दा हाम्रो यात्राको महत्वपूर्ण कार्य अधुरो हुने भयो । त्यसैले हामीले प्याकेज टुरको गाडीलाई त्यही छोडी मथुरा नै बस्ने निधो गऱ्यौं । एउटा होटल खोजेर रात्री विश्राम गर्नु भन्दा पहिला होटल वाला श्री कृष्ण जन्मस्थानको दर्शन र विन्द्रावन बारेमा जानकारी लियौं । होटलवालाले भने मुताविक भोलिपल्ट विहानै कृष्णाजन्मस्थानको दर्शन गरी त्यस मन्दिरमा विहानै गरिने सम्पूर्ण कार्यक्रममा सहभागी हुनु पायौं । यो सहभागिताबाट मुमा बुबा निकै प्रफुल्लित हुनु भयो । त्यसपछि एउटा ट्याक्सी लिएर विन्द्रावन प्रस्थान गरियो । विन्द्रावनमा विभिन्न सन्तहरूले श्री कृष्ण भगवानलाई समर्पित गरेर विभिन्न मन्दिरहरू निर्माण गरेका रहेछन । सयौं मन्दिर भएको विन्द्रावनमा मुख्य मुख्य मन्दिर मात्र दर्शन गर्ने निर्णय गऱ्यौं । जसमध्ये सबै भन्दा महत्वपूर्ण मन्दिर बाँके विहारी मन्दिर थियो । शहरको गल्ली बीचमा रहेको त्यस मन्दिर भन्दा ३,४, कि.मी परबाटै मानिसको लाइनको भीड देख्दा म छक्क परे अन्य मन्दिरहरू भन्दा त्यहाँ दशनार्थीहरूको श्रद्धा देख्दा निकै महत्वपूर्ण मन्दिर भएको मैले अनुमान गरें । जेनतेन भीडवीच छिचोल्दै दर्शन भयो । विन्द्रा वनको सबै मन्दिरहरूको दर्शन गर्ने हो भने कम्तीमा पनि १ महिना समय लाग्ने मैले अनुमान गरे । विन्द्रावन वारेमा एउटा कुरा उल्लेख गर्न मन लाग्यो । हामी जब मथुराबाट ट्याक्सी लिएर विन्द्रावन जादैं थियौं बाटोमा मेरो बुबाले कुनै जंगल देख्नु भएन अनि ट्याक्सी ड्राइभरलाई सोध्नु भयो अब कति टाढा छ ड्राइभरले नजदीक हे भन्यो केही समय पछि मन्दिर र आश्रमहरू सुरु हुन थाल्यो र हम विन्द्रावन पुँहच गए कौन कौन मन्दिर जाना हे बताइए भन्दा बुबा छक्क पर्नुभयो । उहाँ छक्क पर्नुको कारण चाही के रहेछ भने विन्द्रावनमा सबै तिर जंगलै जंगल होला र विचमा कुनै स्थानमा मन्दिर होला भन्ने अनुमान गर्न भएको रहेछ तर विन्द्रावन शहर नै देखेपछि उहाँले कल्पना गरेको स्थान भन्दा विपरित देखेपछि उहाँ छक्क पर्नु भएको रहेछ ।

मथुरा विन्द्रावनको भ्रमण पछि हामी दिल्ली फर्कियौं, दिल्ली मा १ दिन घुमघाम गरेर भोलिपल्ट टुरिष्टबसबाट हरिद्वार प्रस्थान गऱ्यौं । दिल्ली देखि हरिद्वार वीचमा अधिकांश उत्तर प्रदेश राज्य पर्दछ राष्ट्रिय राजमार्ग भएको हुँदा बाटोमा कुनै ट्राफिक समस्या पर्दैन । बाटोको वीच बीचमा उ.प्र को विभिन्न साना देखि ठूला शहरहरू पर्दछ । दिउँसोको १ बजे तिर गाडीले एउटा होटलमा खाना खान रोक्यो । होटल निकै सफा र सुसज्जित थियो खाना पनि स्वादिष्ट नै रहेछ । त्यहाँको खानालाई पैसा तिर्दा हामीलाई चित्त दुखेन । खाना खाएर हिंडेको १ घण्टा पछि उत्तराञ्चल राज्य शुरुहुन्छ त्यसको केही समयपछि योग गुरुस्वामी रामदेवको पत्तञ्जली योग पीठ त्यही राजमार्गमा परेको हुँदा बाहिरबाट अवलोकन गर्दै दिल्लीबाट हिंडेको झण्डै ६ घण्टा पछि हरिद्वारा नगर प्रवेश हुन्छ शहरको कुनै भागमा बस रोकेपछि हामी गंगा नदीकै किनारापर्ने एउटा होटल लिन्छौं । यस बेला साँझको ५ बजिसकेको हुन्छ । होटलवालाले गंगा आरती सुरु हुन लाग्यो भन्छ हामी आरती हेर्न गंगामा जान्छौं । गंगाजीको किनारामा हुने साँझाको आरती हेर्न दर्शनार्थीहरूको निकै ठूलो भीड लाग्ने रहेछ यही भीडको वीचमा रहेर हामी पनि सहभागी हुन्छौं ।

पौराणीक ग्रन्थहरूमा लेखिएका वर्णन अनुसार हरिद्वार अत्यन्त पावन क्षेत्र रहेको हामी पाउँछौं । भगवान

श्रीमन नारायण विष्णुको सल्लाह अनुसार शक्तिशाली दावनहरूलाई परास्त गर्न देवताहरूले दानवहरूसँगमिलेर समुन्द्र मन्थन गर्दा प्राप्त भएको अमृत मोहिनीरुपी भगवान् विष्णुले छलद्वारा पहिले देवताहरूलाई मात्र पान गर्न दिएको र दानवहरूले अमृत पान गर्ने पालो आउँदा उक्त घडामा (कुम्भ) बाँकी रहेको सबै अमृत आकाश मार्गबाट भगवान् विष्णुले बद्री धाममा लैजाने क्रममा केहि थोपाहरू नाशिक, उज्जैन, प्रयाग (वर्तमान इलाहवाद) र हरिद्वारमा चुहिएकोले यि स्थानहरूमा पौराणिक काल देखि नै प्रत्येक १२ वर्षमा कुम्भ मेला लाग्ने वर्णन विष्णुपुराणमा उल्लेख भएको पाइन्छ । हरिद्वारको नामकरण बारे धार्मिक ग्रन्थहरूमा लेखिए अनुसार यो स्थान धर्तीमा भगवान नरायण (श्रीहरी)को वासस्थान मानिएको श्रीबद्रीकाश्रममा जाने पहिलो द्वारको रुपमा भएकाले हरिद्वार भनिएको र यसै स्थानमा अवस्थित अर्को पावनस्थल हरकिपैडि भगवान शिवशंकर भोलेनाथ ( श्रीहर) वन विहार गर्न केदार जाने बेला भगवानको पाउँ परेको हुँदा उक्त स्थलको नाम हरकिपैडि रहन गएको हुँदा हरकिपैडि अत्यन्त पावन स्थलमा गनिएको विभिन्न पुराणहरूमा उल्लेख छ। साथै राजा भगिरथले आफ्ना पूर्वजहरुको पितृ उद्धारको लागि पवित्र गंगालाई यस धर्तिमा अवतरण गराएको स्थल, श्रीस्वास्थानी महात्म्येमा देवाधिदेव श्री महादेवले माता सतिदेवीको कारण पापिष्ट दक्षप्रजापतिको शिरच्छेदन गराई अग्नीकुण्डमा होमेको र पछि दक्ष पत्नी विरणीको स्तुतिबाट प्रंशन्न भई दक्षप्रजापतिलाई बोकाको टाउको जोडि जीवनदान दिएको स्थल कनखल पनि यसै क्षेत्रको गंगा किनारमा भएकोले हरिद्वारको अत्यन्त ठूलो धार्मिक महत्व रहिआएको छ ।

गंगाको तीरमा हुने गरेको यस आरतीबाट प्रभावित भई केही धर्मभिरुहरू उत्साही युवकहरू काठमाडौं प्रसिद्ध पशुपति मन्दिरको पूर्वपट्टी केही वर्ष अघिदेखि साँझ आरती सुरु गरेका हुन भन्ने अनुमान मैले गरेको छु। आरतीको अवलोकनपछि विचमा बजार हुँदै होटल आउने क्रममा बजारमा मेरो मुमा र श्रीमतीहरू सामान हेर्न पसल छिर्छन र केही खरिद गरेका हुन्छन्। बजारमा बुबालाई एउटा लठ्ठीले आकर्षित गरेछ । उहाँले मुल्य सोध्नु भयो । दुई सय भने पछि लठ्ठीलाई पनि यतिधेरै पैसा भन्दै फर्केर फर्किनु भयो। म यो दृश्य देखरहेको थिए। पछि बुबालाई रहर लागेको लठ्ठी मैले किनदिएँ। हरिद्वार बजार धुम्दै केही खरीददारी पछि होटल आई खाना खाएर विश्राम गर्‍यौं। भोलिपल्ट विहानै गंगामा स्थान, पूजापाठ, संकल्प गरेर मनसादेवी मन्दिर दर्शनको लागि केवलकार स्टेशनमा पुग्छौं । हरिद्वारमा रहको मनसादेवी मन्दिर जाने त्यस केवलकारलाई भारतीयहरू "उड्न खटौला" भन्छन्। मनासा देवीमन्दिरको दर्शन पश्चात् हामी एउटा सानो गाडी रिर्जभ गरी हरिद्वारका अन्य मठमन्दिर आश्रमको अवलोकनपछि ऋषिकेशको लागि प्रस्थान गर्छौं । हरिद्वारबाट लगभग ३० कि.मी. टाढा ऋषिकेश पनि पुण्यभूमि मानिन्छ रामायण कालखण्डमा वर्णन गरिने स्थानमध्य ऋषिकेशको स्थान पनि आउँछ । भगवान रामका भाई तरेको पुल लक्ष्मण झुला यही पर्दछ भने विभिन्न ऋषिमुनि सन्तहरूको तपोभूमिको रुपमा पनि प्रख्यात छ । ऋषिकेशको भ्रमण पश्चात पुनः हरिद्वार फर्किए बेलुकाको रेल्वे भएको हुँदा स्टेशन पुग्छौं सन्त महन्त महापुरुषहरूको आश्रम प्रसिद्ध मठ मन्दिर जोगीका अखडा, रहेको पुण्यभूमि हरिद्वार र ऋषिकेशमा जति दिन बसेपनि धित मर्दैन तर समयअभावका कारण बस्न सकिएन ।

मैले केही वर्ष पहिले आत्मिय विनोद दीक्षित (पत्रकार तथा साहित्यकार)दाईसँग दिल्लीबाट हरिद्वार देहारादुनको यात्रा गरेको थिए। दिल्लीबाट हरिद्वार जुन रुट हामी अहिले हिडेका थियौं त्यस समयमा पनि त्यही नै रुट थियो तर त्यतिबेला र अहिलेमा अकाश

जमिनको फरक पाए । पहिला सडक सानो थियो दिल्ली देखि हरिद्वारसम्म बीच बीच स-साना शहर मात्रै १-२ वटा पर्दथ्यो । उद्योगहरू देखिदैनथ्यो भव्य महलहरू देखिदैन्थ्यो राजमार्ग पनि थोरै मात्रामा गाडी भेटिन्थ्यो । तर यो पटक ठूलो राजमार्ग प्रशस्त सहायक सडक शहरनजिकै भव्य हाउजिङ्ग र अपार्टमेण्टहरू केही ठाउँ ठाउँमा विभिन्न उद्योगहरू राजमार्ग र सहायक मार्गमा प्रशस्त गाडीहरू चलेको देख्दा छक्क म परें र विकासले फड्को मारेको भनेको सायद यहि नै होला भन्ने अनुमान गरे । त्यस्तै मठमन्दिरहरूमा पनि पहिलेको तुलनामा श्रद्धालुहरू लाखौं संख्याले बढेको देखियो । हरेक मठ मिन्दरमा सुरक्षा देखि आवश्यक चीजहरू व्यवस्थित गरिएको छ यहाँसम्मको दान भेटीमा पनि रसिद काटिदो रहेछ । सबै तिरबाट बुझ्दा लाखौं लाखको संख्यामा भारतीय धार्मिक पर्यटकहरू भारतका मठमन्दिरमा यात्रा गर्छन ।

हामीले पनि भारतीयहरूको धार्मिक पर्यटनको माध्यम बाट प्रशस्त फाइदा लिन नसक्ने प्रचुर संभावना छ जसबाट मुलकुमा धार्मिक पर्यटन विकास भई मुलुकलाई आर्थिक लाभ राम्रो हुन सक्ने थियो । यसको संभावनामा बारेमा नीति निर्माताहरूको कहिले ध्यान जाने हो त्यो भने हेर्न बाँकी छ । यसप्रकार अपर्झट तय भएको अत्यन्त उपयोगी ठहऱ्याउँदै करीब आठ दिनको भ्रमण समाप्त गरी पाशुपत क्षेत्र काठमाडौं फर्कियौं ।

*लेखक पुँवार खड्का गुठीका महासचिव हुनुहुन्छ ।*


"ग्याँसको चुल्होको वर्नर वाल्नु अधि रेगुलेटर, पाइप तथा सिलिण्डर चेक गर्न कदापी झन्झट नमानौं । संभावित दुर्घटनाबाट अमूल्य जीवन बचाउन बेलैमा होस् पुऱ्याऔं । "



हार्दिक

शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को पावन उपलक्ष्यमा हाम्रा सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, समृद्धि सुस्वास्थ एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

**नेपाल आयल निगम लि.**

बबरमहल, काठमाडौं

"पेट्रोलियम पदार्थको शुद्धता, हाम्रो प्रतिवद्धता"

# भगवानको अदालतमा पाप र पुण्यको लेखाजोखा भएरै छाडछ



-श्रीमती विद्या खड्का

द्वापरयुगको पौराणिक महाभारत कथा अनुसार कौरव र पाण्डव सेना बीच कुरुक्षेत्रमा चलिरहेको महा संग्रामको परिणाम पाण्डवहरूको पक्षमा जाँदै गरेका दृश्यहरू दिव्य दृष्टि पाएका संजयद्वारा अन्धा राजा धृतराष्ट्रलाई जस्ताकोतस्तै जानकारी भैरहेको थियो। कौरब सेनाको संहार भैसकेको र दुर्योधन पराजयको संघारमा पुगिसकेको अवस्थाको वर्णनले राजा धृतराष्ट्र र रानी गान्धारी अत्यन्त चिन्तित भैरहेका थिए। रानी गान्धारी आफ्नो प्यारो पुत्र अजेय होउन भन्ने चाहन्थिन। गान्धारीको भगवान प्रतिको भक्तिभाव र पतिपरायणताबाट खुसी भएर भगवानले उनलाई यस्तो वरदान दिएका थिएकि उनले आफ्नो आँखाको पट्टि खोलेर जुन व्यक्ति वा वस्तुमाथि प्रथम दृष्टि दिन्छिन त्यो वस्तु वा व्यक्ति वज्रसमान बलियो हुने थियो। उता कौरब सेना पराजय उन्मुख भएपछि दुर्योधनलाई आफ्नी ममतामयी आमा गान्धारीको दर्शन गर्ने प्रवल इच्छा भयो र आमा भेट्न उनि गान्धारी समक्ष पुगे। गान्धारी आफुलाई भगवानबाट प्राप्त वरदानको फल छोरा दुर्योधनले उपयोग गरोस भन्ने चाहन्थिन। मातृमिलन पछि गान्धारीले दुर्योधनलाई बिहान सवेरै सरोवरमा नुहाएर सर्वाङ्ग नाङ्गो अवस्थामा आफ्नो सामु उपस्थित भै वरदान प्राप्त गर्न आदेश दिइन। माताको आदेशानुसार दुर्योधन सरोवरमा नुहाएर नाङ्गै शरीर माता गान्धारीको दर्शनार्थ जाँदै गर्दा बाटोमा त्रिलोकदर्शि भगवान श्रीकृष्णले दुर्योधनलाई देख्नुभयो। भगवानले दुर्योधनलाई यो दशामा देख्ने वित्तिकै तिमी नाङ्गै यसप्रकार कहाँ जान लागेको हो भनेर तुरुन्तै दुर्योधनलाई सोध्नु भयो। दुर्योधनले पनि आफ्नी माता गान्धारीको आदेश बमोजिम यस्तो गर्नु परेको हो भनि भगवानलाई जानकारी गराउना साथ यसको दूरगामी प्रभाव बारे बुझ्न अन्तर्यामी भगवानलाई कत्ति पनि गाह्रो परेन। अत: यसबाट भविष्यमा पाण्डवहरू माथि पर्न सक्ने संकटको निराकरण तत्कालै गर्नुपर्ने भगवानले सोच्नु भयो र तुरुन्तै दुर्योधनलाई भन्नुभयो - दुर्योधन! आमाको हृदयमा छोराछोरी सँधै नै बालक समान नै हुन्छन् तर त्यसो भन्दैमा यस्तो लक्का जवान वयस्क भैसकेको व्यक्ति आमाको सामु सर्वाङ्ग नाङ्गो अवस्थामा प्रस्तुत हुन तिमिलाई लाज लाग्दैन ? आगें तिम्रो मर्जि। यत्ति भनि दुर्योधनको मनमा संसय उत्पन्न गराई भगवान अगाडि बढ्नु भयो। दुर्योधनले पनि यो कुरा त ठिकै हो, आफु यत्रो लक्का जवान, वयस्क भैसकेको व्यक्ति माता गान्धारी स्त्री जातिको अगाडि सर्वाङ्ग नाङ्गो कसरी जाउँ भन्ने सोचि, सर्वाङ्ग नाङ्गो जाने आँट गरेनन् र नजिकै रहेको केराकोबोटबाट पात टिपेर कम्मर वरिपरि वेरेर माता भएतिर लम्के।

दुर्योधनले आमाको अगाडि पुग्नासाथ उनलाई ढोग दिए र आफु आदेश बमोजिम नुवाईधुवाई न्यासध्यान पश्चात आमा सम्मुख उपस्थित भएको अवगत गराए। तत्पश्चात गान्धारीले आफ्नो आँखाको पट्टि खोलेर पहिलो दृष्टि छोरा दुर्योधनको सम्पूर्ण शरीरमा दिइन। दृष्टि पर्नासाथ दृष्टिमा परेका शरीरका नाङ्गा भागहरू वज्रसमान कडा हुन गयो भने केराको पातले

छोपेको भाग भने जस्ताको तस्तै पूर्ववत नरम नै रह्यो। त्यसरी आफ्नो वरदान खेर गएको देखि गान्धारीले दुर्योधनलाई किन यस्तो गऱ्यौ तिमीले भनि प्रश्न गर्दा उनले बाटोमा श्री कृष्णसँग भेट भएको र उनकै सल्लाह अनुसार शरीरको उक्त भाग केराको पातले छोपेर प्रस्तुत भएको जानकारी गराए। तदन्तर अत्यन्त कुपित गान्धारीले भगवान् श्री कृष्णलाई बोलाउन पठाई रिसले उनलाई भनिन् - 'हे कृष्ण तिमीले चाहेको भए यो महाभारतको युद्ध रोकिन सक्थ्यो, मेरो कौरव वंशको यस्तो दर्दनाक विनाश हुने थिएन, मेरो वरदानले दुर्योधनको सम्पूर्ण शरीर वज्रसमान हुन्थ्यो त्यसो पनि तिमीले हुन दिएनौ। अतः तिमीलाई पनि श्राप दिन्छु। तिम्रो यादव वंश पनि आजको ३६ वाँ वर्षमा एक आपसमा लडेर विनाश हुने छन् र तिनीहरूको यस्तै दर्दनाक अन्त्य हुनेछ। तर भगवानले उक्त श्राप प्राप्त गरे पनि कत्ति पनि विचलित नभै यो दैवले गरेको नियति हो माता भन्दै खुशी मुद्रामा गान्धारीलाई पूर्ववत श्रद्धापूर्वक अभिवादन गरी पाण्डहरूको शिविरमा फर्कनु भयो।

तदनन्तर आफ्ना सबै महारथिहरू र योद्धाहरू पाण्डहरूद्वारा रणभूमिमा मारिएपछि बाँकि बचेका ३ महारथिहरू अश्वत्थामा, कृपाचार्य र कृतवर्मा पनि पाण्डवहरूको भयले अन्यत्रै गई केहि समयको लागि लुकेर बसे। रणभुमिमा दुर्योधन एक्लो बाँकी भएको र युद्ध लड्दा लड्दा अत्यन्त थकित भएकोले उनि पनि कैहि समय कसैले नदेख्ने ठाउँमा कुरुक्षेत्रको पूर्वपट्टि रहेको एक विशाल सरोवरमा लुकेर थकाई मेटाउँदै थिए कि यत्तिकैमा पाण्डवहरूले दुर्योधन लुकेको उक्त ठाउँ पत्ता लगाई आफुहरू र श्री कृष्ण समेत भै दुर्योधनलाई सरोवरबाट बाहिर ल्याई मार्ने प्रयत्न गर्न लागे। तर दुर्योधन मायावि पनि भएको हुँदा सरोवरको सम्पूर्ण जललाई मायाले बाँधेर आराम गरिरहेको बेला सरोवरका डिलबाट पाण्डवहरूको आफु उपर प्रहारित तिक्ष्ण अपशब्दहरू सुन्न नसकि पाण्डवहरूसँग गदा युद्ध गर्न सरोवर बाहिर आए। तदनन्तर गदा युद्धको दौरान दुर्योधनको पल्ला भारि भैरहेको अवस्थामा भगवान श्री कृष्णको इशारामा नियम विपरित भिमसेनले दुर्योधनको जंघा (जहाँ माता गान्धारीले वरदान दिंदा आँखाको दृष्टि परेको थिएन) मा जोडदार गदा प्रहार गरे। गदा युद्धमा कम्मरदेखि तलको भागमा प्रहार गर्न वर्जित भएतापनि अघि द्रौपदी चिरहरणको समयमा दुर्योधनको जङ्गा तोडी उसलाई मृत्युको मुखमा पुऱ्याई प्रतिशोध लिनेछु भन्ने भिमको प्रतिज्ञा जुन थियो सो यसबाट साकार भयो र यसै पिडाले गर्दा दुर्योधनको पनि मृत्युपूर्वको अन्तिम श्वास मात्र बाँकि रहन गयो। उता लुकेर बसेका ३ महारथीहरू क्रमशः अश्वत्थामा कृतवर्मा र कृपाचार्यहरू दुर्योधनलाई खोज्दै आउँदा अन्तिम सास लिइरहेको अवस्थामा दुर्योधनलाई देखि यो कसरी हुन गयो भनि सोध्दा दुर्योधनले पाण्डवहरूसँग भएको गदा युद्ध र आफुलाई छल गरी भिमले अधर्म पूर्वक जङ्गामा हिर्काई यो अवस्थामा पुऱ्याएको दर्दनाक वृतान्त सुनाए र महारथिहरूलाई पाण्डवहरूको समुल विनाश गराई वदला लिने आदेश दिए। अश्वत्थामालाई तत्काल सेनापति नियुक्त गरी कृपाचार्यद्वारा जलको घडाले अभिषेक गराए। दुर्योधनको हृदय विदारक अवस्थाले ति तिन महारथीहरूलाई अत्यन्त विचलित गरायो। तिनैजनाले एकान्त स्थलमा वसि पाण्डवहरूसँग कसरी बदला लिने भनि विचार विमर्श गरे र रातको समयमा पाण्डव शिविरमा सवैजना सुतिरहेको समय पारि आक्रमण गर्ने निश्चय गरे। कृतवर्मा र कृपाचार्य सैनिक पालको दुबै ढोकामा पालो बसे भने अश्वत्थामा पालभित्र पसि मस्त निद्रामा रहेका द्रौपदीका सबै छोराहरूलाई पाण्डवहरू हुन भन्ने सम्झी छपाछप छप्काई मृत्युको वरण गराए र सेनापति धृष्टध्युम्न, शिखण्डी आदि अनेक महारथिहरू र वीर योद्धाहरू सबैलाई एक एक गरी मृत्युको घाटमा पुऱ्याए। पाण्डव छातीमा यो जघन्य आपराधिक घटनाले ठूलो कोलाहल

मच्चियो। पापिष्ट अश्वत्थामाको निकृष्ट हरकतले सबै पाण्डवहरू र भगवान श्रीकृष्णलाई अत्यन्त शोकाकुल बनायो। पाण्डवहरूको क्रोधको सिमा रहेन। अश्वत्थामालाई उसको यस्तो निकृष्ट एवं जघन्य अपराधको सजाय दिन महावली अर्जुनको अश्वत्थामासँग भिषण वाणयुद्ध भयो। अर्जुनको अगाडि अश्वत्थामाको केही जोड चलेन र उसले देवाधिदेव श्री महादेवबाट प्राप्त गरेको अनेकौं शस्त्रअस्त्रको साथै आफ्नो पिता गुरु द्रोणाचार्यले दिएको ब्रम्हास्त्र पाण्डव उपर प्रहार गरे। उक्त ब्रम्हास्त्र यस्तो शक्तिशाली थियो कि त्यसले सम्पूर्ण विश्वलाई नै तहसनहस बनाउन सक्थ्यो। गुरुवर द्रोणाचार्यले उक्त ब्रम्हास्त्र चलाउने विद्याको साथै ब्रम्हास्त्र छोरालाई दिए तापनि ब्रम्हास्त्र बारेको शिक्षा भने प्रिय शिष्य अर्जुनलाई पनि दिएका थिए। अश्वत्थामा असहनशिल, अस्थिर एवं क्रुर स्वभावका थिए र यसै कारण पिता द्रोणाचार्यले छोरा अश्वत्थामालाई जस्तो सुकै आपत विपत आइपरेपनि ब्रम्हास्त्रको प्रयोग मानव जाति उपर कदापी प्रयोग नगर्न सल्लाह दिएका थिए। तर त्यसको वावजुद अश्वत्थामाले उक्त ब्रम्हास्त्र पाण्डवहरूलाई लक्षित गरेर प्रहार गरे नै। महाशक्तिशाली ब्रम्हास्त्र बारे अविनाशी, एवं अन्तर्यामी भगवान श्रीकृष्णलाई सबै ज्ञान थियो र तुरुन्तै उनले पनि अर्जुनलाई आफ्नो ब्रम्हास्त्र छोडेर अश्वत्थामाको ब्रम्हास्त्र रोक्न सल्लाह दिनु भयो। अश्वत्थामाले प्रहार गरेको ब्रम्हास्त्र विनाशको लागि थियो भने अर्जुनले प्रहार गरेको ब्रम्हास्त्र विनाश रोक्नको लागि थियो। अश्वत्थामालाई सत्कार्यमा मात्र ब्रम्हास्त्र प्रहार गर्ने शिक्षा प्राप्त थियो तर दुष्कार्यकोलागि प्रयोग गरेको हुँदा ब्रम्हास्त्र फर्काउने ज्ञान प्राप्त थिएन। जुन दुस्कार्यको लागि प्रयोग भएको थियो त्यसले ठूलै अनिष्ट गरेर मात्र शान्त हुने थियो। अत: समुल कुरु वंशको नाश गर्नको लागि छाडिएको यो ब्रम्हास्त्र कुनै न कुनै रुपमा पाण्डवहरू मध्ये कुनै एकको प्राण लिएर मात्र शान्त हुन सक्ने हुँदा भगवान श्रीकृष्णको आज्ञानुसार यसको प्रहार पाण्डव वीर अर्जुन तथा सुभद्राको बुहारी उत्तराको गर्भगा रहेको पाण्डवहरूको एकमात्र सन्तानको प्राण लिएर मात्र निस्तेज भयो। प्रजापालक भगवान श्री कृष्णले तुरुन्तै प्रकृतिको जन्म र मरणको नियमलाई क्षणभर रोकि उत्तराको विलाप उपर दया राखी कुरु वंशको धरोहर उक्त मृत वालकलाई विउताइदिनुभयो। यहि बालक महाभारत युद्ध समाप्ति भएको धेरै वर्षपछि पाँचै भाई पाण्डवहरू पत्नी द्रौपदी सहित स्वर्गको महा-प्रस्थानमा जाँदा राजा परीक्षीतको नामले हस्तिनापुरको राजगद्दीमा अभिशिक्त भएका थिए। तदनन्तर महाभारतको महा संग्रामको अन्त्य भएपछि युधिष्ठिरलाई राजगद्दीमा आसिन गराई सबैसँग विदा भै भगवान श्रीकृष्ण पनि द्वारका प्रस्थान गर्नुभयो।

महा तपस्विनी रानी गान्धारीले भगवान श्रीकृष्णलाई वंशनासको श्राप दिएको ३६ वर्ष के पुगेको थियो घुम्दै द्वारका पुगेका महर्षि विश्वामित्र, ऋषि कण्व, तपोधनादि ऋषिहरूलाई यादव वीरहरूले अवहेलना गरी जिस्काएको कारण ऋषिहरूले मुसल उत्पन्न गरी श्रीकृष्णका सबै पुत्र साम्व, वृष्णी र अन्धक तथा अन्य यादव कुलका पुरुषहरूको मुसलद्वारा संहार हुनेछ भन्ने श्राप दिएका थिए। सोहि श्रापको कारण भगवान श्रीकृष्णका यदुकुल अन्तर्गतका शिनि, भोज, अन्धक र वृष्णी वंशका महारथिहरू अत्यधिक मदिरा सेवन गरी एक अर्कालाई गाली गलौच गर्दै हातहतियार लिई एक आपसमा लड्न भिड्न लागे र कैयौं वीरहरूको अनायास ज्यान त गयो नै त्यस भिडन्तमा भगवान श्रीकृष्णका पुत्र रुक्मिणी नन्दन प्रद्युम्नको समेत ज्यान गयो। त्यो देखि भगवान श्री कृष्ण श्रापको कारण रिसले चुर भई एक मुठी 'ऐर' नामको घाँस जमिनबाट उखेलेर त्यसलाई मुसलमा परिणत गरी मुसलद्वारा बाँकी वीरहरूको सफाया गर्न थाल्नु भयो र हेर्दा हेर्दै सारा यदु वंशको भयङ्कर नाश भयो। मुसलको संहारले यादव वंशका भगवान श्रीकृष्ण

र वलभद्र बाहेक अन्य कोहिपनि वचेनन् । आफ्नै आँखा अगाडि सारा यदुकुलका वीर पुरुषहरूको अन्त्य भएपछि सम्पूर्ण द्वारका नगरीमा केवल स्त्रिहरू मात्र देखिन थाले । पुरुषहरूको शुन्यताले गर्दा चोर, डाँका, लुटेराहरूबाट नगर, स्त्री तथा बालबच्चाहरूको समेत रक्षा हुन सकेन । भगवानलाई अब द्वापरको अन्त्य भयो, यस धर्तीमा भइरहेको लिलाको अवधि पनि समाप्त भयो भन्ने निश्चितता हुन गयो । भगवानले अब कृष्ण अवतार छोडेर वैकुण्ठ सम्हाल्न फर्कनु नै ठिक हुने भन्ने दृढ संकल्प गर्नु भयो । द्वारकाको यस्तो दयनिय परिस्थितिलाई सम्हाल्न भगवानले हस्तिनापुरमा आफ्ना बालसखा अर्जुनलाई तुरुन्त द्वारका आई द्वारकाको रक्षा गर्न खबर पठाई भगवान आफु र दाई बलभद्र पिता बसुदेवसँग विदा भै एकान्त जङ्गल तर्फ लाग्नु भयो । जङ्गलमा भगवान वलभद्रले वासुकि, कर्कोटक र तक्षक नागहरूको रुपमा प्राण निकालि समुद्र विचमा समाधि लिनु भयो भने भगवान श्री कृष्ण जो सम्पूर्ण जगतका मालिक, तत्ववेत्ता र अविनाशी थिए तिनै लोकको रक्षाका लागि महायोग (समाधि) को अवलम्बन गर्न थाल्नुभयो । त्यतिकैमा 'जरा' नाम गरेको व्याधाले भगवानको पाउलाई मृग सम्झी वाण चलायो । वाण लाग्ने वित्तिकै आकाश र पृथ्वी भगवानको दिव्यकान्तिले ज्वाजल्लेमान भयो, भगवान परमधाम हुनु भयो । भगवान अन्तरीक्षमा पुगेपछि देवराज इन्द्र, अश्विनिकुमार, रुद्र, आदित्य, वसु, मुनि, सिद्ध र अपसारा आदिले भगवानको प्रेमपूर्वक स्वागत पुजा एवं अभिनन्दन गरे ।

भगवान श्रीकृष्ण र अर्जुन नरनारायणको रुपमा यस धर्तीमा विद्यमान थिए । भगवानको परमधाम गमन पश्चात भगवानबाट प्राप्त अलौकिक एवं दीव्यशक्ति अर्जुनमा अब रहेन । स्थिति यहाँसम्म भयो कि अर्जुन आफुले पराक्रमी शत्रुहरूको नाश गर्न प्रयोग गर्दै आएको 'गाण्डिव धनुष' मा वाण चढाउन त परै जावस उठाउन पनि हम्मे हम्मे हुने अवस्थामा पुगे । यता कुरुराज युधिष्ठिर पनि द्वारकामा वृष्णि वंश लगायत सम्पूर्ण यादवकुलको महान शंहार भएको र भगवान वासुदेव र वलभद्र समेतले समाधी लिएको दुःखदायी खबरले अत्यन्त विचलित भए र आफु पनि राजपाठ छोडि महा-प्रस्थानमा जाने अठोट गरी अर्जुनलाई भने - भाई अर्जुन समयचक्र (काल) अत्यन्त वलवान छ, यसले प्राणीलाई चौतर्फि घुमाइरहेको हुन्छ, समयले नै प्राणीलाई विनाश तर्फ धकेलि रहेकोछ, अत हामीले कालको वन्धनलाई स्विकार गर्नै पर्छ । महाशक्तिशाली परमात्मा पनि भविष्यको काल ग्रषित बन्नै पर्ने वाध्यतालाई हामिले नर्कान हुँदैन । अतः यसबारे तिम्रो भनाई के छ ? आफ्नो विचार निर्धक्क भएर प्रकट गर । दाज्यू धर्मराज युनिष्ठिरको यस्तो भनाई प्रति अर्जुन पनि कालको महिमा उपर सहमत भए र दाज्यूको विचार अत्यन्त राम्रो मानि उनको विचारलाई अनुमोदन गरे । साथै युधिष्ठिरको यस विचारलाई भिम, नहकुल, शहदेवले पनि सहर्ष समर्थन गरे । तत्पश्चात युधिष्ठिरले युयुत्सुलाई (युयुत्सु धृतराष्टका छोरा र दुर्योधनका सौतेनि भाई हुन, यिनी महाभारतका युद्धमा दुर्योधनको अधर्मको विरोधमा पाण्डवतर्फबाट लडेका थिए) बोलाई सम्पूर्ण राज्यको देखभालको भार सुम्पे र राजसिंहासनमा पनाति परीक्षितलाई अभिषेक गरे । उता भगवान श्रीकृष्णको वंशनास र भगवानका साथै वलभद्र र वृद्ध पिता बसुदेवले पनि परमधाम अवलम्बन गरेपछि द्वारका नगरी पुरै समुद्रमा विलिन हुन पुगेको थियो । अतः युधिष्ठिरले अर्जुन पत्नी बुहारी सुभद्रालाई बोलाई पनाति परीक्षितलाई कुरु राज सिहासन हस्तिनापुरका राजा र वचेखुचेका यदुवंशियहरूको लागि भगवान श्रीकृष्णको नाति वज्रलाई इन्द्रप्रस्थको राज सिंहासनमा इन्द्रप्रस्थको राजा बनाउन अह्राए र आफु, भिम, अर्जुन, नहकुल, सहदेव, पत्नी द्रौपदी तथा एक कुकुर सहित महाप्रस्थान तर्फ उन्मुख भए । पाण्डवहरू महात्मा थिए भने द्रौपदी यसस्वीनी थिइन । उनिहरू सबै योगमुक्त महात्मा र त्याग धर्मका

पालन गर्ने प्रकृतिका थिए । महाप्रस्थान गर्दा बाटोमा पर्ने अनेक देश, नदी र समुद्रपार गर्दै अगाडि जाँदा सबैभन्दा अगाडि राजा युधिष्ठिर र त्यसपछि क्रमश भिम, अर्जुन, नहकुल, सहदेव, द्रौपदी र कुकुरको लस्कर थियो । उनिहरू अविरल हिंडदा हिंडदा लाल सागरको छेउ के पुगेका थिए उनिहरूको सामुन्ने अग्निदेव सहर्ष उपस्थित भएको देखे र उनिहरूले अग्निदेवलाई प्रणाम गरे । अग्निदेवले पनि वडो आदरपूर्वक पाण्डवहरूलाई अर्जुनले आफ्नो साथ लिई आएका गाण्डिव धनुष र तरकस भगवान श्रीकृष्ण र अर्जुन नरनारायणका रुपमा रहँदा अग्नि देव स्वयंले भगवान वरुणबाट प्राप्त गरी अर्जुनलाई दिएको र पाण्डवहरू अब महा-प्रस्थानमा हिंडेको हुँदा उक्त गाण्डिव धनुषको कुनै आवश्यकता नहुने भएकोले अब बरुणलाई नै फिर्ता गर्नुपर्ने कारण दर्शाए । तत्पश्चात सबै भाइहरूले अर्जुनलाई उक्त धनुष फिर्ता गर्ने सल्लाह दिए । गाण्डिव धनुष प्राप्त गरी पाण्डवहरूसँग विदा भई अग्निदेव त्यहाँबाट अर्न्तध्यान भए ।

पाण्डवहरू अब पश्चिमको दिशाबाट उत्तरतर्फ बढ्दै गर्दा महागिरि हिमालय पर्वतमाला र त्यसपछि विशाल बालुवै बालुवाको पर्वतमाला र अन्तमा सुमेरु पर्वत श्रृंखला पार गरी अगाडि बढ्दै जाँदा द्रौपदी लडखडाई भुईंमा लडिन । द्रौपदीको यो दशा देखेर भिमले धर्मराज युधिष्ठिरसँग - दाइ ! राजकुमारी द्रौपदीले कहिल्यै पनि कुनैपनि प्रकारको पापकर्म गरेकी थिइनन् तैपनि जमिनबाट यति तल खस्न पुगिन, यस्को के कारण होला भनि सोधे । युधिष्ठिरले पनि भिमलाई भने - भाई ! द्रौपदी मनमा अर्जुनप्रति विशेष पक्षपात राख्ने गर्थिन, त्यसैको फल आज उनि भोग्दैछिन भने । यत्ति भनि धर्मात्मा युधिष्ठिर द्रौपदीलाई हेर्दै नहेरि चित्त एकाग्र गर्दै अगाडि बढे । केही समयपछि सहदेव पनि द्रौपदी जस्तै गरी लड्न पुगे । सहदेव गिरेको देखि भिमले दाज्यू युधिष्ठिर सँग पुनः प्रश्न गरे - दाई ! माद्री नन्दन सहदेव सधैं हामीहरूको सेवा गर्ने र कत्तिपनि अहंकार गर्ने उनको स्वभाव थिएन अतः उनि यसप्रकार धराशायी हुनाको कारण के होला भनि दुखी मनले जिज्ञासा प्रकट गरे । युधिष्ठिरले पनि सहदेवमा आफु जस्तो विद्वान अरु कोहि पनि छैन भन्ने घमण्ड थियो त्यसैको फलस्वरुप उनि गिर्न गएका हुन भन्ने जवाफ दिई अगाडि बढे । द्रौपदी र सहदेव गिरेको देखि बन्धु प्रेमी शुरवीर नकुल शोकले अत्यन्त व्यकुल भए र र उनि पनि भूमिमा गिर्न पुगे । यो देखेर भिमले पुनः राजासँग प्रश्न गरे- दाई ! संसारमा नकुलको रुपसँग समानता राख्ने अरु कोही थिएन, जसले धर्ममा आँच आउने कुनै काम गरेन, जो सदा हाम्रो आज्ञापालक थियो, त्यस्तो हाम्रो प्रिय भाई पनि जमिनमा गिर्न पुग्यो, किन यस्तो हुन गयो ? भिमसेनको यस्तो प्रश्न आएपछि युधिष्ठिरले भने भिमसेन ! नकुल सँधै नै आफु भन्दा रुपवान यो संसारमा कोहि पनि छैन आफु नै संसारको सबैभन्दा रुपवान व्यक्ति हुँ भन्ने हरहमेसा सोचाई राख्ने गर्थ्यो, त्यसैले उसलाई पनि गिर्नु पर्‍यो भने । तदनन्तर अगाडि बढ्दै जाने क्रममा भिमले आफ्नो पछि पछि आएको भाई अर्जुन पनि एक्कासि जमिनमा लडेको देखि उनलाई अत्यन्त नरमाइलो लाग्यो र अर्जुन जस्तो पराक्रमी, महात्मा र ठट्टा गर्दा पनि कहिल्यै भुट्टो नबोल्ने भगवान श्री कृष्णको अत्यन्त प्रियतम सखा पनि यसप्रकार पृथ्वीमा गिर्नु परेको कारण दाई युधिष्ठिरलाई सोधे । जवाफमा युधिष्ठिरले अर्जुनलाई आफ्नो शुरवीरतामा ठूलो अभिमान थियो, उसमा आफ्ना शत्रुहरूलाई एकै दिनमा भष्म गर्न सक्छु भन्ने घमण्ड विद्यमान थियो जुन उसले गर्न सकेको थिएन त्यसैले उ आज यस्तो परिस्थितिमा धाराशायि हुन पुग्यो । त्यतिमात्र हैन उसले सबै धर्नुधरहरूको अपमान गर्ने गर्दथ्यो जसले गर्दा उ आज यो दशामा गुज्रिन पुग्यो । अतः आफ्नो कल्याण चाहने व्यक्तिले कहिल्यै पनि अरुको अपमान गर्नु हुँदैन । यति भनि राजा

युधिष्ठिर अगाडि बढे। राजा युधिष्ठिर केहि कदम मात्र के अगाडि बढेका थिए। स्वयं भिमसेन घडाम्म जमिनमा लडे र धर्मराज युधिष्ठिरलाई पुकारे। राजन ! एक पटक म पट्टि फर्केर हेर्नुहोस् म तपाईंको प्रिय भिम हुँ, मलाई पनि दैवले जमिनमा लडाउन पुग्यो। यदि कारण थाहा छ भने मलाई म लड्नाको कारण बताई दिनुहोस्। यत्तिकैमा युधिष्ठिरले भने - भिम तिमी धेरै खाने बानी भएको र अरुलाई कमजोर सम्भेर सँधै आफ्नो बाहुवलको घमण्ड गर्दथ्यौ, त्यसैले तिमी पनि जमिनमा गिर्न पुग्यौ। यति भनेपछि युधिष्ठिर भिमपट्टी हेर्दै नहेरि अगाडि बढे। अगाडि बढ्ने क्रममा अब उनको साथमा केवल एउटा कुकुर मात्र पछि पछि थियो।

तत्पश्चात आकाश र पृथ्वीलाई प्रतिध्वनित गर्दै देवराज इन्द्र रथमा सवार भै महात्मा युधिष्ठिरको सम्मुख प्रकट भए र युधिष्ठिरलाई भने - 'कुन्तीनन्दन' तपाईं यो रथमा चढेर स्वर्ग जानुहोस्। देवराज इन्द्रको यस्तो आग्रह सुन्ने वित्तिकै धर्मराज युधिष्ठिरले आफ्ना जमिनमा गिरेको भाइहरू तथा पत्नी उपर दृष्टि दिए र अत्यन्त शोकसन्तप्त भै इन्द्रसँग भन्न थाले - देवेश्वर ! मेरा भाइहरू र राजकुमारी द्रौपदी बाटोमा गिरेका छन् कृपया उनिहरूलाई पनि मेरो साथै जाने अनुमतिका साथै व्यवस्था गरिदिनुहोस् अन्यथा म आफ्ना भाइहरू र राजकुमारी द्रौपदी विना स्वगर्मा पनि जान चाहन्न। युधिष्ठिरको यस्तो वचन सुनी भगवान इन्द्रले भन्नु भयो - भरतश्रेष्ठ ! तिम्रा सबै भाईहरू र द्रौपदी तिमी भन्दा पहिल्यै स्वर्गमा पुगी सके। शोक नगर। तिमी त्यहाँ पुग्ने वित्तिकै उनिहरू सबैसँग भेट हुने नै छ। उनिहरू मनुष्य शरीरको परित्याग गरी स्वर्गमा गएका हुन्। तर तिमी अत्यन्त धर्मात्मा र पाप रहित भएकोले तिमीले भने जिउँदै यही शरीरमा स्वर्गजान पाएका छौ। युधिष्ठिरले फेरी देवराज इन्द्र समक्ष विन्ति गरे - भगवान ! यो कुकुर मेरो परम भक्त हो यसले सदा नै मेरो साथ दिएको छ तसथ यसलाई पनि मेरो साथ जाने अनुमति दिनुहोस्। यो कुरा सुनि इन्द्रले भन्नुभयो - राजन ! तिमीलाई अमरता, मेरै बराबरको ऐश्वर्य, पूर्ण लक्ष्मी र अरु धेरै सिद्धि प्राप्त भएको छ र तिमीलाई स्वर्गिय सुख पनि सुलभ भएको छ। अत: यो कुकुरलाई यही छोडेर मेरो साथ लाग। यसमा कुनै कठोरता महशुस नगर। इन्द्रको यस्तो वचन सुनि युधिष्ठिरले भन्नुभयो - भगवान आर्य पुरुषहरूबाट निम्न श्रेणीको काम हुन सम्भव छैन र मलाई त्यो ऐश्वर्य कहिल्यै प्राप्त नहोस् जसको लागि भक्त पुरुषको त्याग गर्नु पर्ने हुन्छ। इन्द्र भगवानले फेरी भन्नुभयो - धर्मराज कुकुरपालकलाई स्वर्गमा स्थान छैन, शुभ कार्यमा कुकुरबाट विघ्न बाधा हुने भएकोले गरिएका सबै शुभ कार्यहरू क्रोधवश नामक राक्षसले हर्ने गर्छ। तसर्थ सोच विचार गरेर काम गर। यो कुकुरलाई यही छाडि देउ - यसो गर्नाले कुनै पनि निर्दयता मानिदैन। युधिष्ठिरले फेरी आग्रह गर्नुभयो - महेन्द्र ! आफ्ना भक्तहरूको त्याग गर्नु भनेको महापाप गर्नु हो। यसो गर्नु भनेको ब्रम्हहत्या गर्नु बराबर हुन्छ। म आफ्नो सुखको लागि कुनैपनि हालतमा यो कुकुरलाई परित्याग गर्न सक्तिनँ। आर्तभावबाट मेरो शरणमा आउनेहरू, आफ्नो रक्षा गर्न असमर्थ हुनेहरू, दुर्वल र प्राण बचाउन मेरो सहारा खोज्नेहरूको लागि म प्राण गए पनि छोड्न सक्तिन - यो मेरो सदाको लागि व्रत हो। देवराज इन्द्रले फेरी भन्नुभयो - वीरवर ! तिमीले आफ्ना भाइहरू र प्रिय पत्नी द्रौपदीको परित्याग गरेर आफ्नो पुण्य कर्मको फलस्वरुप देवलोक प्राप्त गरेका छौ तसर्थ यो कुकुर भने किन छोड्न सक्दैनौ ? सबै कुराहरू छोडिसकेपछि यो अदना कुकुरको मोहमा किन परेका हौ ? देवराज इन्द्रको यस्तो वचन सुनेपछि युधिष्ठिरले भन्नु भयो - भगवान ! संसारमा यो कुरा निश्चित होकि मरेका मनुष्यको साथ न कुनै प्रकारको मेल हुन्छ न विरोध नै। द्रौपदी तथा भाइहरूलाई जिवित गर्न

सक्ने कुरा मेरो वशमा छैन तसर्थ मरिसकेपछि मैले उनिहरूलाई त्याग गरेको हुँ, जिवितावस्थामा होइन। शरणमा आएकाहरूलाई डराउनु, स्त्रि जातिको वध गर्नु, ब्राम्हणको धन लुट्नु र मित्रहरूसँग द्रोह गर्नु - यि चार अधर्म एकातिर र भक्तको त्याग अर्कोतिर राखिएमा पनि भक्तको त्याग नै ठूलो अधर्म मानिएको छ।

यसप्रकार कुकुरको शरीर धारण गरेका धर्मस्वरुपी भगवान धर्म युधिष्ठिरको कुरा सुनेर अत्यन्त प्रशन्न हुनु भयो र मधुर वचनमा बोल्नु भयो - राजेन्द्र तिमीले आफ्नो सदाचार, बुद्धि र सम्पूर्ण प्राणीहरू प्रति दर्शाएको दयाको कारण आफ्नो कुललाई उज्ज्वल गराएकाछौ। यसभन्दा पहिले पनि तिमीहरू बनमा लुकेर बस्दा परीक्षा स्वरुप पानी लिन सरोवर गएका बेला तिम्रा सबै भाइहरूलाई मैले मारेको थिएँ। पछि तिमी आफ्नी आमा कुन्ती र माद्री दुबै आमालाई बराबर व्यवहार गरी आफ्ना शक्तिसाली भाई भिम र अर्जुनलाई छोडी, माद्री नन्दन नकुललाई जिवित गर्न चाहेका थियौ र अहिले पनि आफ्नो भक्त कुकुरको लागि देवराज इन्द्रको रथ परित्याग गर्‍यौ। अतः स्वर्गलोकमा तिम्रो समानता गर्न सक्ने कोहि पनि छैन। यसर्थ तिमीलाई यही भौतिक शरीरको साथ अक्षयलोकको प्राप्ति भएको छ, तिमीले परम उत्तम दिव्यगति प्राप्त गरेका छौ। यति भनि धर्म, इन्द्र, मरुद्गण, आश्विनिकुमार, देवता र देवर्षिहरूले पाण्डव नन्दन युधिष्ठिरलाई रथमा विराजमान गराए र आ-आफ्ना विमान चढेर स्वर्गलोक तर्फ लागे। इन्द्रको रथमा आरुढ राजा युधिष्ठिर आफ्नो तेजका कारण पृथ्वी र आकाश दुबैलाई देदिप्यमान गर्दै अत्यन्त तेजका साथ स्वर्गलोकमा पुग्नु भयो र पृथ्वीमा रहँदा गर्नुभएको आफ्नो सुयशका कारण स्वर्गमा जति पनि राजर्षिहरू आए उनिहरू सबैभन्दा उच्च स्थानमा कुरुराज युधिष्ठिर विराजमान हुनुभयो। आफ्नो यश, तेज र सदाचार रुपबाट तिनैलोकलाई आवृत्त गर्दै भौतिक शरीर सहित स्वर्गलोकमा आउने पाण्डुनन्दन युधिष्ठिर बाहेक अन्य कुनै पनि राजाहरूलाई सौभाग्य प्राप्त भएको थिएन। तर यस्तो हुँदा पनि आफ्ना भाइहरू र पत्नीको वियोगबाट उनि मुक्त हुन सकेनन् र देवताहरू तथा आफ्ना पक्षका राजाहरू जो स्वर्ग पुगिसकेका थिए उनिहरू सबैको आज्ञा लिएर राजा युधिष्ठिरले भन्नुभयो - मेरा भाइहरूलाई राम्रो वा नराम्रो जुनसुकै स्थान प्राप्त भएको भएतापनि त्यही स्थान म पनि पाउन चाहन्छु। यो बाहेक म अर्को लोकमा जान कत्ति पनि चाहन्न। राजा युधिष्ठिरको यस्तो विचार सुनिसकेपछि देवराज इन्द्रले कोमल वाणीमा भन्नुभयो -महाराज! तिमी आफ्नो सुकर्मद्वारा प्राप्त भएको यही स्वर्गलोकमा निवास गर। मनुष्यलोकको स्नेहपाश अहिलेसम्म किन खिचि रहेका छौ ? तिमीलाई यो उत्तम सिद्धि प्राप्त भएको छ जुन अर्को मानिसको लागि दुर्लभ छ। तिम्रा भाइहरूलाई यस्तो स्थान प्राप्त भएको छैन। किन अहिलेसम्म मनुष्यलोकको पिण्डले तिमीलाई नछोडेको हो ? यो त स्वर्गलोक हो; यहाँ स्वर्गवासि देवर्षिहरू, सिद्धहरू र आ-आफ्ना सुयशका कारण स्वर्ग प्राप्ति गरेका राजर्षिहरूको लोक हो। देवेन्द्रको यस्तो वाणि सुनिसकेपछि युधिष्ठिरले फेरी भन्नु भयो - देवराज ! यो स्वर्गलोक भएपनि आफ्ना प्यारा भाइहरू विना मलाई यहाँ बस्ने कत्ति पनि उत्साह छैन। म त त्यहि जान चाहन्छु जहाँ मेरा भाइहरू छन् र जहाँ सत्वगुण सम्पन्न द्रौपदी देवी विराजमान छिन। युधिष्ठिरले यत्ति भनिसकेपछि भगवान इन्द्रले युधिष्ठिरलाई महाभारत युद्धमा वीरगति प्राप्त पाण्डवहरू, कौरवहरू र अन्य महारथिहरू भएतर्फ लिएर जानु भयो।

धर्मराज युधिष्ठिर स्वर्गमा पुग्नु भएको मात्र के थियो सबैभन्दा पहिले उहाँले दुर्योधनलाई स्वर्गिय शोभाले सम्पन्न भै अन्य साध्यगणहरूका साथ दिव्य शिंहासनमा सूर्यसमान देदिप्यमान भएर बसेको देख्नुभयो। दुर्योधनको यस्तो ऐश्वर्य देख्ने वित्तिकै युधिष्ठिरमा सहसा ठूलो खिन्नता प्रकट भयो र ठूला

ठूला स्वरमा भन्न लाग्नु भयो - आदरणिय देवताहरू ! जसको कारण हामीहरूले आफ्ना समस्त सुहृदयहरू तथा बन्धुहरूको लडाइमा संहार गर्नुपर्‍यो, जसको कारण धर्मपरायण पान्चाल राजकुमारी द्रौपदीको सभाभवनमा मान्यजनहरूको सम्मुख ल्याएर बेइज्जत गरियो । यस्तो पापी दुर्योधनको साथ म यो स्वर्गलोकमा बस्न कत्ति पनि चाहन्न । युधिष्ठिरको यस्तो वचन सुनि त्यहाँ उपस्थित नारदजीले भन्नुभयो - महाबाहु ! स्वर्गमा आएपछि मृत्युलोकको वैर-विरोध रहँदैन । स्वर्गलोकमा जति पनि श्रेष्ठतम राजाहरू छन् उनिहरू र देवताहरू सबैले दुर्योधनको विशेष सम्मान गर्ने गर्छन् । यो सत्य हो कि दुर्योधनले सदा नै तपाईंहरूलाई दुःख कष्ट दिएका थिए तथापि उनले आफ्नो शरीरको आहुति दिएर यो वीरलोक प्राप्त गरेका हुन् । अतः मनुष्यलोकमा भएको वैर छाडिदिनुहोस र यहाँ न्यायपूर्वक मिलेर बस्नुहोस् । यो स्वर्गलोक हो, यहाँ आएपछि पहिलेको बैरभाव रहँदैन ।

नारदजीको यस्तो वचन सुनेपछि केहि हदसम्म आफ्नो व्याकुल चित्त बुझाउन प्रयत्न गर्दै पुनः सोधे - ब्राम्हण ! मेरा महान ब्रतधारी, महात्मा, सत्यप्रतिज्ञ, विश्वविख्यात, वीर र सत्यवादी प्यारा भाइहरूले कुन लोक प्राप्त गरे ? म उनिहरूलाई देख्न चाहन्छु । यस बाहेक सत्य प्रतिज्ञ कुन्तीपुत्र महात्मा कर्ण, महारथि, धृष्टधुम्न, महारथि सात्यकि तथा क्षत्रिय धर्म अनुसार जसले युद्धमा वीरगति प्राप्त गरेका थिए, उनिहरू कहाँ छन ? राजा विराट, राजा द्रुपद, धृष्टकेतु, पान्चाल कुमार शिखण्डी, द्रौपदीका पाँचपुत्रहरू तथा पराक्रमी अभिमन्यू सबै सँग म भेट गर्न चाहन्छु । युधिष्ठिरले देवताहरू समक्ष फेरि भन्नुभयो - 'देवगण'! यहाँ युधामन्यू र उत्तमौजा जस्ता वीर महारथिहरू र ती सबै महान वीरहरू, राजाहरू, राजकुमारहरू जसले महायुद्धको अग्नीमा शरीको आहुति दिएका थिए ति सबै बीरहरू कहाँ छन् ? यदि ति सबै वीरहरूले यहि स्वर्गलोकको अधिकार प्राप्त गरेका छन् र ति सबै यहि आइसकेका छन् भने म ति महात्माहरूका साथ यहि रहनेछु । अन्यथा ती सबै भाई बन्धुहरू विना म यहाँ सुखपूर्वक कदापी बस्न सक्तिन । महात्मा कर्ण जसले युद्धमा वीरगति प्राप्त गरेपछि मात्र उनी मेरा जेष्ठ भ्राता हुन भन्ने कुरा माता कुन्तीबाट थाहा पाएँ । त्यसबेला देखि म भ्राता कर्ण प्रति अत्यन्त विह्वल छु र उनको मृत्यु प्रति म सदा पश्चाताप गरिरहन्छु । यदि कर्ण हाम्रो साथमा भएको भए इन्द्रले पनि हामीलाई लडाईंमा परास्त गर्न सक्ने थिएनन् । ती सूर्यनन्दन कर्ण अहिले कहाँ छन् ? म उनको दर्शन गर्न चाहन्छु । आफ्नो प्राणभन्दा प्यारा भिमसेन, अर्जुन, नकुल, सहदेव तथा धर्म परायण द्रौपदीलाई पनि देख्न चाहन्छु । म आफ्ना प्यारा भाइहरू तथा पत्नीसँग विछोड भएर यहाँ अलग बस्न सक्तिन, जहाँ मेरा भाइहरू छन् त्यही मेरो लागि स्वर्ग हुन्छ । म यो लोकलाई स्वर्ग कदापी मान्दिन । युधिष्ठिरको यस्तो वचन सुनिसकेपछि देवताहरूले इन्द्रको आज्ञा अनुसार युधिष्ठिरलाई उनका सहृदयहरू भएका ठाउँमा लगि उनिहरूको दर्शन गराएर फिर्ता लिइ आउन देवदुतहरूलाई अह्राए ।

तत्पश्चात राजा युधिष्ठिर र देवदुत त्यहाँ जान अगाडि बढे जहाँ भिमसेन आदि वीरहरू थिए । उनिहरू हिँडने बाटो घोर अन्धकारमय थियो । बटो अत्यन्त खराब भएकोले हिँड्न साह्रै कठिन थियो । जताततैबाट फोहर सडेगलेको मुर्दाहरूको दुर्गन्ध आउँथ्यो, तिखा तिखा चुच्चा भएका विचित्रका गिद्धहरू मडारीरहन्थे र सियोको टुप्पा जस्ता चुच्चा भएका भयङ्कर प्रेतात्मा यताउता घुमिरहेका थिए । ति प्रेतात्माका शरीरबाट कुहिएको रगत र पिप बगिरहेका थिए । प्रेतको हात, पाउ र उदरहरू काटिएका विभत्स रुपमा देखिन्थे । कतै उम्लेका पानीको नदी थियो भने कतै छुराको धार जस्तो पात गरेका रुख थिए । कहिं तातो बालुवाको पहाड थियो भने कहिं तातो फलामको पहाड

। कहिं उम्लेको तेल भएको कराई थियो भने कहिं पापीहरूलाई ठूला ठूला सजाय दिएका हृदयविदारक दृश्य देखिन्थे । अतः यस्तो भयङ्कर अवस्था देखेपछि युधिष्ठिर त्यहाँ टिक्न नसकि देवदुतलाई सोधे - भाई ! अब हामी अरु कति टाढा हिंड्नु पर्छ ? धर्मराजको कुरा सुनेपछि देवदुतले भने - महाराज ! अब यही सम्म मात्र हो । देवताहरूले धर्मराज युधिष्ठिर थाकेपछि फिर्ता लिइ आउनु भनेका छन्, अतः म अब तपाईलाई फिर्ता लिएर जाँदैछु । युधिष्ठिरलाई पनि त्यहाँ भएको दुर्गन्धित र घोर अन्धकारमय वातावरणले गर्दा घवराहट भयो र तुरुन्त फर्कने निश्चय गरे । उनि त्यसै फर्कन मात्र के लागेका थिए त्यहाँ सजाय पाउँदै गरेका दुःखी जिवात्माहरूले एकै स्वरमा अत्यन्त दयनिय भएर युधिष्ठिरलाई पुकार गरे - हे धर्मनन्दन ! तपाई हामी उपर दया राखी केहि क्षण भएपनि यहि बसिदिनुहोस् । तपाई आउने वित्तिकै हामीलाई सुगन्धित सास फेर्ने अवसर प्राप्त भएको छ । तपाई क्षणभर यहाँ बसी दिनाले हामीलाई यहाँ दिइने कष्टले पनि आनन्द ि दइरहेछ । तपाईको सान्निध्यले हामीलाई ठूलो सुख भइरहेछ । ति पापी जिवात्माहरूको यस्ता भाँति भाँतिका दिन वचन सुनेर युधिष्ठिरले उनिहरूलाई सम्बोधन गरी भन्नुभयो तपाईहरू को हुनुहुन्छ ? र यहाँ किन कुन कामको लागि बस्नु भएको हो कृपया मलाई भन्नुहोस् । यत्तिकैमा ति जिवात्माहरू भएतिरबाट आवाज आउन थाल्यो - म कर्ण हुँ, म भिमसेन हुँ, म अर्जुन हुँ, म नकुल हुँ, म सहदेव हुँ, म धृष्टध्युम्न हुँ, म द्रौपदी हुँ, हामीहरू द्रौपदी पुत्रहरू हौं । यति भनि ति सबैले विलाप गर्न लागे । यो सुनेर राजा युधिष्ठिर मनमनै विचार गर्न लागे - दैवको यो कस्तो विधान हो ? मेरा महात्मा भाई भिमसेन आदि कर्ण, द्रौपदीका पुत्र तथा स्वयं द्रौपदीले पनि त्यस्तो कुन पाप गरेका थिए जसको कारण उनीहरूलाई यो दुर्गन्धपूर्ण भयानक स्थानमा रहनु पर्‍यो । यिनिहरू त सबै नै पुण्यात्मा थिए । जहाँसम्म मलाई थाहा छ यिनिहरूले कुनै पनि प्रकारका पापकर्म गरेका थिएनन, फेरी कुन पापकर्मले गर्दा यिनीहरू यो नरकमा बस्न बाध्य भए । मेरा भाइहरू सम्पूर्ण धर्मका ज्ञाता, सुरविर, सत्यवादी तथा शास्त्र अनुकुल आचरण गर्ने व्यक्ति थिए । यिनिहरूले क्षेत्रीय धर्ममा तत्पर रहेर ठूला ठूला यज्ञादी गरेका थिए तैपनि यिनीहरूको यस्तो दुर्गति किन हुन गयो ? यस प्रकार सोच विचार गर्दै युधिष्ठिरले देवदुतसँग भन्नुभयो तिमी जसको दुत हौ उनि कहाँ फर्केर जाउ म तिमीसँग फर्कन्न । तिमी आफ्नो मालिकलाई भनिदेउ, युधिष्ठिर यही नरकमा बस्छन् रे । म यहाँ बस्नाले यहाँ रहेका मेरो सबै भाइबन्धुहरूलाई सुख प्राप्त हुन्छ । युधिष्ठिरले यति भनिसकेपछि देवदुत देवराज इन्द्रकहाँ गएर युधिष्ठिरले भनेका र गर्न खोजेका सबैकुरा निवेदन गरे । युधिष्ठिर त्यस नरकमा बसेको एकछिन पनि भएको थिएन कि इन्द्र आदि सम्पूर्ण देवताहरू त्यहाँ आइपुगे । साक्षात धर्म पनि शरीर धारण गरेर राजालाई भेट्न त्यहाँ आइपुगे । देवताहरू आउने वित्तिकै त्यहाँको अन्धकार हट्यो र पापीहरूले भोग्दै गरेका दृश्यहरू अब त्यहाँ कतैपनि थिएन । त्यहाँ उपस्थित सबै देवताहरूको सम्मुख इन्द्रले युधिष्ठिरलाई सान्त्वना दिँदै भन्नुभयो तिमीलाई यो नरकलोक देख्नु पर्‍यो भनेर कत्ति पनि क्रोध नगर । मनुष्य आफ्नो जीवनमा शुभ र अशुभ दुबै प्रकारको फल उपभोग गर्छ । यदि शुभको फल धेरै छ भने अशुभको फल पहिले भोग्नु पर्ने हुन्छ तसर्थ तिमीले थोरै मात्र अशुभको फल भोग्नु पर्ने भएकोले पहिले तिमीलाई नरकको दर्शन गराएको हुँ । तिमीले युद्धको दौरान महारथि अश्वत्थामा मरेको कुरा छलद्वारा गुरुवर द्रोणाचार्यलाई उनको पुत्र मरेको विश्वास दिलाउनु भएको थियो । यसैकारण तिमीलाई छलद्वारा नै नरकलोकको दर्शन गराइएको हो । तिम्रो पक्षमा युद्ध गर्ने जति पनि राजाहरू मरेका थिए ति सबै स्वर्गलोक पुगिसकेका छन् । महान धनुधर, कर्ण, तिम्रा अन्य

भाइहरू पाण्डव पक्षका अन्य राजाहरू सबैलाई उत्तम सिद्धि प्राप्त भै स्वर्गलोक पुगिसकेका छन् । अतः तिमी उनिहरू सबैलाई स्वर्गमा पुगेर हेर र तिमीले राजसूय यज्ञ तथा अन्य तपस्याबाट प्राप्त महान फल स्वर्गमा मेरासाथ उपभोग गर ।

यत्तिकैमा शरीर धारण गरेर आएका साक्षत धर्मले पनि युधिष्ठिरलाई भन्नुभयो - पुत्र तिम्रो धर्म विषयक अनुराग, सत्य भाषण, क्षमा तथा इन्द्रियसंयम गुणहरूको कारण म तिमीसँग अत्यन्त प्रशन्न छु । यो म बाट तिमीसँग गरिएको तेस्रो परीक्षा हो । तिमी कुनै पनि अवस्थामा आफ्नो स्वभावबाट विचलित भएनौ । पहिलो पल्ट द्वैतवनमा मेरो सरोवरमा पानी पिउँदा यक्षको रुपमा प्रश्न गर्दा, दोस्रो पटक महाप्रस्थानको क्रममा द्रौपदीसहित तिम्रा भाइहरूको मृत्युहुँदा कुकुरको रुप धारण गरेर तिम्रो परीक्षा लिंदा र अब यो तेस्रो पटक आफ्नो सुखको गरवाह नगरी भाइहरूको सुखको लागि भाइहरूका साथ नरकमा बस्न चाहने कुराले तिमी हरतरहले महान एवं पापरहित शुद्ध प्रमाणित भएका छौं । तिम्रा भाइहरू तथा पत्नी द्रौपदी नरकको योग्य कदापी होइनन् । तिमीले जसलाई नरकको भोग गर्दै गरेको देखेका थियौ त्यो त देवराज इन्द्रद्वारा गरिएको माया मात्र हो । अर्जुन, भिम, नकुल, सहदेव र सत्यवादी शुरवीर कर्ण कोहि पनि नरक जान योग्य होइनन् ।
तिमी र तिम्रा भाइहरू, राजकुमारी द्रौपदी, सत्यवादी राजर्षि मान्धाता, राजा भगिरथ, दृष्यन्त कुमार भरत जहाँ गएका छन त्यहि स्वर्गलोकमा जान अब तिमी त्रिभुवन पवित्र गर्दै बगेकी देवनदी मन्दाकिनीको साथै त्रिलोक गामिनी गंगाजीमा स्नान गर जसबाट तिम्रो मानव स्वभाव, शोक सन्ताप, ग्लानी र शत्रुताको सबै दोष मेटिनेछ । धर्मले यति भनेपछि राजा युधिष्ठिरले देवनदी मंदाकिनीका साथै गंगाजीमा स्नान एवं दर्शन गरे । स्नान गर्ने वित्तिकै मानव शरीर त्याग भै दिव्य देह धारण भयो । दिव्य देह धारण हुनासाथ उनको हृदयको शोक संताप र बैरभाव हराउँदै गयो । तदनन्तर देवताहरूको विचमा महर्षिहरूको स्तुति सुन्दै युधिष्ठिर त्यो स्थानमा पुगे जहाँ उनका भाइहरू विराजमान थिए । त्यहाँ उनले भगवान श्री कृष्णलाई पनि मर्त्यलोकमा हुँदा कै विग्रह र भेषभुषामा देखे जसबाट दिव्य ज्योति प्रस्फुटित भैरहेको थियो । चक्र आदि विभिन्न भयंकर दिव्यास्त्रहरूले शरीर धारण गरेर भगवानको सेवा गरिरहेका थिए । तेजस्वी वीरवर अर्जुन पनि भगवानको आराधनामा लागिरहेका थिए । अर्जुनले युधिष्ठिरलाई देख्ने वित्तिकै पूर्ववत सम्मान प्रकट गरे । यसपछि युधिष्ठिरले चारैतिर नजर घुमाउँदा श्रेष्ठ धनुर्धर सूर्यपुत्र कर्ण, वायु देवताका साथ बसेका भिम, आश्विनीकुमारका साथ बसेका नकुल र सहदेवलाई देखे र अत्यन्त प्रशन्न भए । यत्तिकैमा इन्द्रले द्रौपदीलाई देखाउँदै भने - युधिष्ठिर ! यो अत्यन्त लोककमनिय र सुगन्ध प्रस्फुरित रुपमा जो देखिएकि छिन यिनी साक्षात भगवती लक्ष्मी हुन । यिनीलाई त तिमीहरूको प्रशन्नताका लागि मनुष्यलोकमा भगवान शंकरले राजा द्रुपदको कुलमा प्रकट गराउनु भएको थियो । इन्द्रले अगाडि भन्दै जानु भयो - अग्निको समान तेजस्वी पाँच गन्धर्व जो यहाँ देखिइरहेका छन् यिनिहरू तिमीहरूको विर्यबाट उत्पन्न भएका द्रौपदीका पाँच पुत्र हुन्, यिनी परम बुद्धिमान गन्धर्वराज धृतराष्ट हुन जो तिम्रा पिताको दाजु थिए । यिनी धनुर्धर कर्ण हुन जो महाभारत युद्धमा दुर्योधनको साथ थिए, उता हेर यिनीहरू वृष्णि, अन्धक, भोजवंशक सात्यकि, कृतवर्मा आदि महारथीहरू हुन, यि चन्द्रमाको साथ बस्ने तिम्रो भतिज महान धर्नुधर सुभद्राकुमार अभिमन्यु हुन्, उता हेर - कुन्ती र माद्रीको साथ बस्ने तिम्रो पिता महाराज पाण्डु हुन्, यि वसुहरूका साथ बस्ने तिम्रा पितामह शान्तनु नन्दन भिष्म हुन्, यि गुरु वृहश्पतीको साथ बस्ने गुरुवर द्रोणाचार्य हुन् । त्यता हेर जो असंख्य संख्यामा छन् तिनीहरू विभिन्न राजगन्धर्व, यक्षहरू

हुन्, जो युद्धमा तिम्रो लागि लडेर आफ्नो शरी त्याग गरेर आएका हुन् । यिनीहरू सबैलाई स्वर्गलोक प्राप्त भएको छ भनेर युधिष्ठिरलाई भगवान इन्द्रले सबैको टाढैबाट दर्शन गराउनुभयो ।

ईश्वरको लिला अपरम्पार छ । विधिको विधानमा सृष्टि स्थिति र संहार निरन्तर चलिरहने प्रकृया हो । माथि वर्णन गरिएका भगवान श्रीकृष्ण लगायत सम्पूर्ण राजाहरू रानीहरू गुरुहरू महारथिहरू र वीर योद्धाहरू मनुष्य लोकमा आआफ्नो कार्य समाप्त गरी सत्कार्य गर्नेहरू मात्र स्वर्गलोक पुग्ने र अन्य कुकृत्य गर्नेहरू विभिन्न योनिहरू भोग्न नरकलोकको वास गर्ने विभिन्न धर्मशास्त्रहरूमा वर्णन गरिएको छ । मनुष्यलोकमा सद्गुण, सद्विचार, धर्मविषयक अनुराग, सद्वचन, क्षमा र इन्द्रियंसंयम कार्य गर्ने महानआत्माहरू मात्र स्वर्गलोकमा कतिसमयसम्मका लागि बस्छन् भन्ने सम्बन्धमा महाभारत ग्रन्थमा लेखिए अनुसार आत्मा स्वर्ग पुगेपछि सबै वीर विरांगनाहरू अन्ततोगत्वा आफ्नो मुलस्वरुपमा नै विलय हुन जान्छन् । जसप्रकार महान तेजस्वी भिष्म वसुहरूमा प्रविष्ट भए, आचार्य, द्रोण बृहस्पतिमा, कृतवर्मा मरुदगणमा, पद्युम्न, नकुल र सहदेव सनतकुमारमा, धृतराष्ट्र र गान्धारी देवी कुवेरको दुर्लभलोकमा, राजा पाण्डु दुबै पत्नीका साथ इन्द्रलोकमा, विराट, द्रुपद, धृष्टकेतु, निसठ, अक्रुर, साम्व, भानु, कम्प, बिदुरथ, भुरिश्रावा, शल, भुरि, कंस, उग्रसेन, वसुदेव, आदि विश्वदेवमा विलप भए । अभिमन्यू चन्द्रमामा प्रविष्ठ भए । कुरुश्रेष्ठ कर्ण सूर्यलोकमा, सकुनि द्वापरमा र धृष्टध्यूम्न अग्निमा प्रवेश भए । धृतराष्ट्रका सबै पुत्रहरू राक्षस लोकमा, सत्यवक्ता विदुर र राजा युधिष्ठिर धर्मलोकमा, भगवान बलराम रसातलमा, भगवान श्रीकृष्ण जो भगवान नारायणको नामबाट प्रसिद्ध हुनुहुन्थ्यो जसको अंशबाट कृष्ण अवतारमा जन्मनु भएको थियो उहाँ बैकण्ठ लोकमा पुगि भगवान नारायणमा प्रविष्ट हुनु भयो । अतः भगवानको अदालतमा न्याय निसाफ अवश्य हुन्छ । सति गान्धारीको श्रापबाट जसरी भगवान श्रीकृष्ण बच्न सक्नु भएन त्यसै गरी सानो झुट बोल्ने धर्मराज युधिष्ठिरले पनि छोटै अवधि भएपनि नरकलोकको भोग गर्नुपर्‍यो । तसर्थ हामीले पनि सत्कर्मद्वारा प्राणी मात्रको निस्वार्थ सेवा गरेमा सबैको लागि स्वर्गको ढोका खुल्ने नत्र भयङ्कर नरकलोकको यातना भोग्नु पर्ने तथ्य सबैले बुझ्न प्रस्तुत लेखको उद्देश्य रहेको छ ।

सान्दर्भ सामग्री :

संक्षिप्त महाभारत खण्ड - २ गिता प्रेस, गोरखपुर

(लेखिका : पुँवार खड्का गुठीका आजीवन सदस्यहुनुहुन्छ)




# हार्दिक शुभकामना

विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**होटल इको प्रा.लि.**

ठमेल, काठमाडौं



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण आदरणीय अभिभावक, विद्यार्थी तथा शिक्षकहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**एड् मार्क एकेडेमी**

कलंकी, काठमाडौं





## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**हरदिन बचत तथा ऋण सहकारी संस्था लि.**

बानेश्वर, काठमाडौं

# मानव बिकासमा प्रकृति र धर्मको प्रभाव



-निरञ्जन खड्का

१. परिचय

मानव सभ्यतालाई बुझ्नु पर्दा उस्को उत्पत्ति, जन्म, बिकास कसरी भयो भन्ने बारेमा जानकारी लिनु पर्ने हुन्छ। मानव आज के छन ? तिनीहरू कहाबाट आए ? पृथ्वीको बिभिन्न गोलाद्धमा बस्ने एउटै मानवजाति पनि किन रुप, रंग, जात जातिमा बिभाजित भए ? कोही अति धर्मात्मा दयाबान त कोही अति घिन लाग्दा, महापापी, अपराधी, हिंस्रक कसरी भए ? कोही अति आष्तिक भने कोही महानाष्तिक कसरी भए ? मानब सबै इश्वरकै सन्तान हुन भने एक र अर्काबीच किन यत्रो भेदभाव र फरक भएको हो ! विश्वका मानव जातिले इश्वरलाईनै अंसबण्डा गरी समुह समुहका बिभाजित छन्। मानिसले अनेकौ वाद, शिद्धान्तको बिकास गरेर मानिस मानिसबीचमा बिवाद सृजना गरी धर्मयुद्ध, जातिययुद्ध, काटाकाट गर्द मर्दै पनि छन् र जन्मदै पनि छन्।

२. मानव को हुन ?

मानव यो ब्रह्माण्डको यस्तो प्राणी हो जो करिव ७० केजी तौल भएको एक वयस्क मानिसमा ४३ केजी (६५%) अक्सिजन, १६ केजी (१८%) कार्वन ( खरानी), ७ केजी(१०%) हाइड्रोजन, १.८ केजी (३%)नाइट्रोजन, १.२ केजी(१.५%) क्याल्सियम, ७८० ग्राम(१%) फस्फोरस र बाँकि सल्फर, पोटासियम, सोडियम (नुन), क्लोरिन, म्याग्नेसियम, फलाम, जिंक (जस्ता), सिलिकन आदि जस्ता जल, जमीन र वायुमा पाइने तत्वहरूबाट बनेको शरीर हो। बहुकोषीय (Multicellular), मेरुदण्डधारी (१०६ वटा हड्डीका टुक्राहरूबाट बनेको स्तम्भ), स्तनधारी, करिव १ खर्ब मस्तिष्क कोषिकाबाट बनेको अतभूत शक्तिशाली मस्तिष्क (एक जनाको मस्तिष्कले बिश्व र पुरा ब्रह्मण्डलाई समेत हल्लाउन सक्दछ), चारैतिर घुमाउन सक्ने, काम गरेर खाने बलिया दुई हातहरू, शरीरलाई बलियोसंग उभ्याउन, दौडाउन, नाच्न, रुख चढ्न, शरीर भन्दा बढि तौलको भारी बोक्न सक्ने मजबुद बलिया खुट्टाहरू, धेरै टाढासम्म हेर्न सक्ने र प्रकृतिमा भएका सबै रंगहरू छुट्टाउन सक्ने एक जोडा आँखाहरू भएका प्रकृति प्रदत्त स्तनधारी अतभूत प्राणीनै मानिस हुन। मानिसको शरीरमा ७० प्रतिशत पानी हुन्छ। मानवका पुर्खा Homosapiens) हुन।

३. मानिसको जन्मका बिषयमा आध्यात्मिक पक्ष (Theological Aspect)

यो संसार पहिले अन्धकार (तम) थियो। यो अन्धकार मेटाउन अव्यक्त स्वयम्भू प्रभुले पञ्चमहाभूत सहित परब्रम्ह स्वयंनै प्रकट भए। प्रभुलाई अनेक शरीरको रचना गर्ने इच्छा गर्दै आफ्नै देहबाट पहिले पानी उत्पन्न गरी त्यसमा बीज राखे। सूर्य जस्तै चम्कने उक्त बीज सुनको अण्डा जस्तो बन्यो र त्यसबाट सर्वलोक पितामह ब्रह्माजी उत्पन्न भए। प्रभुले आफ्नो शरीर दुई भाग गरी आधा पुरुष र आधा स्त्री बनाई सोही स्त्रीबाट बिराट् पुरुषको सिर्जना गरे। उक्त बिराट पुरुषले इश्वरको रुप भएर प्रजा सृष्टि गर्ने इच्छाले प्रजाका पति १० महर्षिहरू उत्पन्न गरे। ती महर्षिहरू मरीचि, अत्रि, अगिरा, पुलस्त्य, पुलह, क्रतु, प्रचेता, बशिष्ट, भृगु, र नारद हुन्। यी अति तेजस्वी मुनीहरूले

सात मनु, देवगण, यक्ष, राक्षस, पिशाच, गन्धर्व, अप्सरा, असुर, नाग, सुपर्ण र पितृहरूका अलग अलग गण रचे । ( रघुनाथ अधिकारी, मानव र जाती, पेज २७ ) तिनै ऋषिका नामबाट गोत्रको सुरुवात भएको अनुमान गर्न सकिन्छ । तर अन्य धर्मालम्वीहरूले गोत्र प्रथालाई मान्दैनन् ।

इसाई धर्मालम्वीहरूको पवित्र बाइवलका अनुसार सुरुमा इश्वरले स्वर्ग र पृथ्वीको रचना गरे । खाली स्वरुपबिहीन पृथ्वी थियो । इश्वरले भने हामी हाम्रो स्वरुपको, हाम्रो चाहना बमोजिमको मानिस बनाउ र तिनीहरूलाई समुद्रका माछामाथि, आकाशका पंक्षीहरूमाथि, जमीनका पशुहरूमाथि र पृथ्वीका साथै सबै जीवहरूमाथि मानिसहरूले शासन गरुन । इश्वरले आफ्नै स्वरुमका मानिसको रचना गरे र पुरुष र स्त्रीको रचना गरे । आजका मानिस तिनीहरूकै सन्तान हुन भनि बिश्वास गर्दछन् र त्यहि तथ्यलाई इस्लामहरू पनि मान्दछन् । बिभिन्न धर्मै पिच्छे यसरी बिपरीत शिद्धान्तको बिकास भयो कि साच्चिकै मानिसको जन्म कसरी भयो भन्ने बहस ती धर्मालम्बीहरूबीच राख्यो भने बिचार नमिलेर झगडानै हुने अबस्था छ । कसैसंग स्पष्ट तर्क छैन न त प्रमाणनै छन् । हिन्दु बाहेक अन्य धर्महरू त्रेता युग पछि मात्र जन्मिएका हुनाले ती धर्मालम्बीहरूले मानव बिकासको बिश्वासिलो प्रमाण दिन सकेका छैनन् । यसरी आध्यात्मिक दृष्टिकोणबाट हेर्दा इश्वरबाटनै दैवेच्छाबमोजिम बह्माण्ड लगायत सम्पूर्ण चराचर जगत्को सृष्टि भएको मानिन्छ ।

## ४. बैज्ञानिक पक्ष (Scientific Aspect)

तथ्य र प्रमाणका आधार, परीक्षणबाट पुष्टि भएका शिद्धान्तहरू, नियमहरूका आधारमा तयार भएका बिषयहरू, शिद्धान्तहरूलाइनै बैज्ञानिक पक्षका रुपमा लिन सकिन्छ । प्रयोगशालामा भौतिक तथा रासायनिक प्रतिक्रियाबाट परीक्षण भएका उपलब्धिहरू नै बैज्ञानिक हुन । विश्वका बिभिन्न भूभागमा पाइएका नरवानरका हड्डीहरू, अवशेष (Fossils) र आजका युगसंम्म पनि जीवनयापन गरी रहेका बिश्वका बिभिन्न भौगोलिक क्षेत्रहरूमा पाइने बन मान्छे, कुसुण्डा, जंगलीअबस्थामा रहेका मानिसहरूको जीवन यापनका साधनहरू, जीवनचर्या र तिनीहरूको संस्कृतिको अध्ययनबाट पनि मानिसको उत्पत्ति कसरी भयो र यो कुन क्रममा बिकसित हुदै आयो भन्ने बिषयमा जान्न सकिन्छ । पृथ्वीमा जीवको उत्पत्ति करिव साढे चार अरब बर्ष देखि तीन अरव बर्षकाबीचको प्रिकेब्रियन (Precambrian) कालमा पहिलो पटक पृथ्वीमा व्याक्टेरिया जस्तो देखिने एक कोषीय जीवहरूको उत्पत्ति भएको जीव (Protozoa) वैज्ञानिक Charles Darwin ले उल्लेख गरेका छन । करोडौ बर्षको अन्तरालमा ती एक कोषीय जीवहरूको बिकास हुदै हड्डी भएका प्राणीको बिकास भएको थियो । Paleozoic युगमा करिव ४१ करोड बर्ष पहिले पानीमा बाच्न सक्ने प्राणी माछाको बिकास भएको थियो । मेरुदण्डधारी जीवहरूमा जमीनमा घिस्रेर हिड्ने जीवको बिकास हुने क्रममा छेपारा जातीका प्राणीका रुपमा करिव २४ करोड बर्ष पहिले Triassic कालमा पृथ्वीमा सबै भन्दा ठूलो प्राणी डायनासोर्सको उत्पत्ति भएको थियो र हाल यो लोप भइसकेको छ । आज पनि मानिसलाई एकै झम्टामा मार्न सक्ने ठूला क्षेपाराहरू, पानीमा बस्ने गोहीहरू, अति बिसालु सर्पहरू घिस्रने प्राणीका रुपमा पृथ्वीमा यथावत छदैछन् । यसै गरी करिव दुइ करोड चालिस लाख बर्ष अगाडी ढेडु बादर (Apes) को उत्पत्ति भएको थियो । सोही बाँदरको बंश लामो अन्तरालमा प्राकृतिक छनौट (Natural Selection)को शिद्धान्त अनुसार पुच्छर लोप हुदै शारीरिक स्वरुपको परिबर्तन र दिमागको थप बिकास हुदै करिव २५ लाख बर्ष अगाडी Plesistocene युगमा आई पुगे पछि मात्र मानिसका

रुपमा (Primates) दुई खुट्टा टेकेर हिड्ने, शरीरभरी रौहरू भएका बनमान्छे जस्ता मानवको उत्पत्ति भएको हो । आज पनि चिम्पान्जी र गुरिल्ला बाँदरहरूको मानिससंग नजिकको नाता छ । ती बाँदरको शारीरिक बनौट र अंगहरूले गर्ने कार्य मानिससंग मिल्दछ । हजारौ बर्षको अन्तरालमा प्रकृतिमा हुने परिवर्तन संग संगै मानिसको रुप, रंग परिबर्तन र मष्तिष्कको थप बिकास हुदै गएको हो । आजका मानिस र १००० बर्ष पहिलेका मानिसको स्वच्न सक्ने क्षमतामा कैयो गुणा फरक परी सकेको छ। लामो अन्तरालमा भाषा, संस्कृति, रहन, सहन पनि पुरै परिवर्तन हुन्छन । यसैगरी हुने क्रमिक परिवर्तनलाई मानव बिकास भन्दछन् । मानिसको बुद्धिको बिकास संगसगै सुरक्षित र सहज जीवन निर्वाहका लागि बिभिन्न युग पार गर्दै सोही अनुसार बिकास पनि गर्दै आएका छन् । Lewis Henry Morgan अमेरिकन मानव उद्‌बिकास शिद्धान्त (Evolutionary Theory) का प्रणेताका अनुसार मानव र संस्कृतिको बिकासलाई सात भागमा बिभाजन गरेका छन् ।

क) निम्न जंगली अबस्था (Lower savagery stage) - जंगलमा पाइने फलफूल र कन्दमुल खाएर बाच्ने अवस्था ।

ख) मध्ये जंगली अवस्था (Middle savagery stage) - माछा मारेर खाने र आगोको उत्पत्ति भएको अवस्था ।

ग) उच्च जंगली अवस्था (Upper savagery stage) - धनुषबाणको आविष्कार र सिकारगरी जीवन निर्बाह गर्ने अवस्था ।

घ) निम्न बर्बरताको अवस्था (Lower barbarism stage) - माटाका भाडाकुडा बनाउने कलाको आविष्कार ।

ङ मध्यम बर्बरताको अवस्था (Middle barbarism stage) - खेतीगर्ने, जनावरहरूलाई घरमा पाल्ने, ढुंगाले घर बनाउन सुरु गरेको अवस्था ।

घ) उच्च बर्बरताको अवस्था (Upper barbarism stage) - फलाम पगालेर हतियार र औजार बनाउन सुरु गरेको समय ।

च) सभ्यताको अवस्था (Civilization stage) - अक्षरको आविष्कार र लेखनकार्य सुरु भएको समय ।

उच्च बर्बरताको अवस्थासम्म पनि मानिसहरू एकैस्थानमा स्थाई भएर बस्दैन थिए । जंगल ओडारमा बसेर कन्दमूल, फलफुल, र जनावरको सिकार गरेर घुमन्ते जीवन निर्वाह गर्दथे । खेतीगर्न थालेपछि मलिलोमाटो भएका जमीन खोज्दै जंगलफाडेर खोरीया खेतीगर्ने चलन जव सुरु गरे त्यस पछिमात्र घुमन्ते जीवनमा रोक लाग्दै गयो र बस्तीको बिकास हुदै गयो । एकै समुहका मानिसहरू एउटै क्षेत्रमा बस्न थाले र सामुहिक संकृतिको बिकास गरे । बस्तीलाई व्यवस्थितगर्ने क्रममा सहरको बिकास हुन थाल्यो र सहरलाई अझ बिकास गर्दै बिशाल सहर (Mega City) बनाए र यसरीनै बिकास हुदै आजको अवस्थासम्म आई पुगेको छ ।

जव मानिसले अक्षर लिपिको प्रयोग गरी पढ्न सुरु गरे त्यस पछिको समय मानिसका लागि चमत्कारीक युगको सुरु भएको अवस्था छ । अक्षरको आविष्कार पछि मानिस अध्यारोबाट उज्यालोतर्फ उन्मुख भए र अनेकौ बिद्वान र बैज्ञानिकहरूको जन्म हुन पुग्यो र तिनीहरूबाट हजारौ मानव कल्याणकारी अध्ययन अनुशन्धान हुन थाले र आजको अवस्थाको साघुरो बिश्वको परिकल्पना गर्न पुगे । मानिसले आफ्नो बंशको बिकास संगसगै संस्कृतिको पनि बिकास गरेका छन् । मानिसको बिकासक्रममा सभ्यताको अवस्थामा आएर

मात्र व्यवस्थित बिवाह बिधिमार्फत जोडा छनौट गरी सन्तानको जन्मदिने गरेको पाइन्छ र सो भन्दा पहिले जंगली अवस्थाका र कैयौं युगसम्म यद्यपी बर्बर अवस्थामा पनि जस्ले जोसंग शारीरिक संसर्गगरी सन्तानको उत्पादन गर्ने भएकाले बाबुको पहिचान नहुने र आमामार्फत मात्र बच्चाको पहिचान हुने हुदा बंश बिकासमा पुरुषको भूमीका गौण थियो भने महिलाको भूमीका प्रधान (प्रमुख) हुने युग थियो । सभ्यताको युगमा आएरमात्र पुरुषले महिला माथि नियन्त्रण गरी जन्मेका सन्तानको पहिचान बाबुपट्टि सारेर पितृसत्तात्मक (बाबुबाट सन्तानको थर राख्ने चलन) युगको थालनी गरेका थिए । त्यही समयबाट मात्र गोत्रको बिकास भएको अनुमान गर्न सकिन्छ । विश्वको जनसंख्या ७ अरवमा एक अरव हिन्दू मध्ये आधा जतिले गोत्रको प्रयोग गर्ने हुदा यो प्रणाली बैज्ञानिक छ भन्ने आधार देखिदैन ।

हवार्ड बिश्वविद्यालयका जीव वैज्ञानिक प्राध्यापक Edward O Wilson ले गरेका अनुशन्धानबाट के प्रमाणित हुन्छ भने ११ वटा प्राणीहरू मध्ये मानव लगायत ६ बाँदरका जातिहरूनै चतुर प्राणीमा पर्दछन् । ती हुन (क्रमैसंग) १. मानिस २. चिम्पान्जी ३.गुरिल्ला ४. ओराङउटान ५. बबुन ६ गिबोन ७. बाँदर ( यी सबै बाँदरका जाति हुन) ८. ह्वेलमाछा ९. डल्फिन, १० हात्ति र ११. सुगुर । यो अनुशन्धानबाट के प्रमाणित हुन्छ भने मानिसका नजिकका नाता भएका बाँदरहरू चिम्पान्जी, गुरिल्ला, ओराङउटान, बबुन र गिबोन मानिस पछिका बिकसित हुने क्रममा रहेका जीवहरू हुन् । प्राणी जगतमा मानिसमात्र यस्तो प्राणी हो जस्ले श्रम गरेर खान्छ । गास, बास, कपासको व्यवस्था गर्दछ, भविष्यलाई जगेर्ना गरेर राख्दछ र उद्यमी हुन्छ । आफु बाच्छ र अरुको पनि बाच्ने आधार तयार बनाउछ । तर अन्य कुनै प्राणीहरू मानिसको जस्तो श्रम गर्दैनन् । अपवादका रुपमा मौरी जस्ता प्राणीले केही श्रम गरेको पाइन्छ तर बुद्धि र बिवेक प्रयोग गरेर होइन ।

## ५. प्राणीहरूको उत्पत्ति र बिंकासमा प्रकृतिको प्रभाव

हालसम्मको अध्ययनमा पृथ्वीमात्र यस्तो ग्रह हो जहा जीवहरूको अस्तित्व छ । पृथ्वीको सतहबाट आकासमा करिव १२० कि.मी. सम्म वायुमण्डलको प्रभाव देखिन्छ त्यो भन्दा बाहिर पुगे पछि पृथ्वीको जीव, वनस्पती, जल, वायुमण्डल आदिलाई सूर्यबाट निस्कने खराव विकिरण (Ultraviolet solar radiation) बाट जोगाउन Ozone तह हुन्छ । Ozone ले सूर्यको खराव विकिरणलाई छानेर पृथ्वीका जीवनचक्रका लागि आवश्यक तत्वमात्र पृथ्वीमा पठाई वातावरणलाई न्यानो बनाउने र प्राणीको जीवनचक्र सहजहुने ताप पठाउछ । तर मानव निर्मित बिश्वका ठूला उद्योगहरूबाट उत्पादनहुने बिभिन्न रासायनिक तत्व, Air Condition, Refrigerator वा आणविक भट्टिबाट निस्कने Cloroflurocarbon ले बिस्तार Ozone तहलाई नष्ट पार्दै गएका कारण सूर्यबाट निष्कने खराव विकिरणले पृथ्वीको सबैजीवलाई नष्ट पार्ने निश्चित छ । अमेरिका, जापान, जर्मन, फ्रान्स, बेलायत, चीन, भारत आदि जस्ता ठूला देशमा भएका आणविक भट्टिबाट उत्पादित वायुमण्डलाई नष्ट पार्ने Carbondioxide (Co2) र Carbonmonoxide (CO), Cloroflurocarbon युक्त धुवा, आणविक र जैविक हतियार जुन सत्रुका नाममा मानवले मानवमाथि प्रयोग गरिने हुनाले वायुमण्डल, जमीन, जीवहरू, र जल सबै नष्ट पार्न सक्ने, इश्वरको उत्कृष्ट जीव, धर्मको पालन कर्ता मानिसनै अन्तिममा पृथ्वीको सबै चक्रको बिनासक हुन भन्ने पूर्ण बिश्वास गर्न सकिन्छ ।

वायुमण्डलमा ७४-७८ प्रतिशत नाइट्रोजन, २१-२५ प्रतिशत अक्सिजन, ०.९ प्रतिशत आर्गन, ०.०४

प्रतिशत कार्वनडाइअक्साइड र भौगालिक अवस्था हेरी १ देखि ३० प्रतिशत सम्म आद्रता वा वायुमा पानीकोमात्रा हुन्छ जस्ले प्रकृतिको जीवनचक्रलाई सन्तुलनमा राख्दछ। अक्सिजन समुन्द्र सतहमा भन्दा जति उचाई बढदै गयो उति कम हुदै जान्छ जस्ले गर्दा होचो भूमीमा बस्ने मानिस हिमालमा बस्न कठिन हुन्छ। जीवहरूले अक्सिजन लिन्छन र कार्वनडाइअक्साइड फाल्दछन्। वनस्पतीले दिउसोको समयमा कार्वनडाइअक्साइड लिन्छ र अक्सिजन फाल्दछ र रातीको समयमा अक्सिजन लिन्छ र कार्वनडाइअक्साइड फाल्दछ त्यसैले रातीको समयमा रुखमुनी सुत्नु, बस्नु राम्रो होइन। बोट बिरुवाले जमीनबाट पानी सोसेर लिन्छ र पातबाट वाहिर फाल्दछ जस्ले गर्दा गर्मीका समयमा जंगलमा बस्दा चिसोको महसुस हुन्छ। पृथ्वीमा दुई तिहाई भागमा पानी छ त्यसै गरी बाँकी रहेको जमीनमा पनि दुई तिहाई भूमीमा जंगल हुनु पर्दछ वा हरियाली हुनु पर्दछ। जीव र वनस्पती एक अर्काका जीवन हुन। जीव त वनस्पतीबिना बाच्नै सक्दैनन्। वनस्पतीले उत्पादन गरेको अक्सिजन, इन्धन, जडीवुटी, फलफूल, सागपात, अन्न आदिका आधारमा मानिसको जीवन चलेको छ। वनस्पतीमा जीवित रहेका जनावरको मासु, दूध खाएर मानिस बाच्दछन्। जल बिना कुनै पनि प्राणी र वनस्पती बाच्दैनन् वा जीवको अस्तित्व रहदैन।

जीव र वनस्पतीलाई बचाई राख्न वायु, जल, जंगलमा जुन जुन तत्वहरू जति जति मात्रामा हुनु पर्ने हो त्यो प्रकृतिले आफै निर्धारण गरेको छ त्यो अवस्था सधै रहनु पर्दछ। आज मानवमात्रले आकाशमा अतिक्रमण गरी वायु प्रदूषण, जल प्रदूषण, जंगलको बिनास, उर्भर भूमीलाई मरुभूमीकरण गर्दै छन जुन मानव लगायत सम्पूर्ण सृष्टिको अन्त्यको बाटो बन्दैछ। प्रकृतिको चक्रमा खरावी आउनाले नँया नँया रोगका किटाणुको बिकास, मानिसको भ्रुणमा रहदा देखिनै जीन (Gene)मा गडवडी, बोटबिरुवामा युरिया मल, किटनासक बिषादि, हाइब्रिड वीउको प्रयोगले मानिसमा शारीरिक तथा मानसिक समस्या देखिनुका साथै शरीको प्रतिरक्षात्मक क्षमतामा नकारात्मक असर पर्दै गएको छ। घर पालुवा जनावरहरूलाई रोगबाट बचाउन एन्टिवायोटिक वा अन्य औषधिको अधिक प्रयोगले ती जनावरको दूध र मासु प्रदूषित हुदा मानिसको स्वास्थ्यमा घातक प्रभाव आदि जस्ता समस्याहरू देखिएका छन्। मानिसले कुन कुन उमेरमा के के कति कति मात्रामा खाने, र कुन चिज खान हुने कुन नहुने अनि खाएको खाना पचाउन कतिमात्रामा शारीरिक कसरत गर्नु पर्ने भन्ने अज्ञानताले आज उच्च रक्तचाप, मधुमेह, मृगौला बिग्रने, कलेजोका क्यान्सर आदि समस्याले ग्रस्त हुने गरेका छन्। वायुमण्डलको तापक्रम बढ्दै जादा प्राणी जगतमा अनेकौ समस्याहरू देखिन थालेको छ। वायुमण्डलको तापक्रम बढाउने काम मानवमात्रले गरेका हुन। प्रत्येक मानिसमा मलाई सुख हुनु पर्दछ र म बाच्नु पर्दछ भन्ने भावना हुन्छ त्यस पछि मात्र हाम्रो भन्ने सोच्दछ। म बाच्नलाई प्रकृति बाच्नु पर्दछ र मैलेनै प्रकृतिलाई बचाउनु पर्दछ। अनि हामी सबैले हामी बाच्नका लागि प्रकृतिलाई बचाउनु पर्दछ अनि मात्र धर्मात्मा हुन्छ अन्यथा प्रकृतिको बिनासक सबै अधर्मी हुन।

## ६. जात जातिको उत्पत्ति

जंगलमा बिरालो जाती भन्ने बित्तिकै साना बिराला, बन बिराला, निगाले चितुवा, ठूला चितुवा, बाघ, सिंह आदि पर्दछन। जात एउटै रुप, रंग, आकार, शक्ति फरक फरक। यस्तै हो मानव जातीमा पनि। मानव बिकास संगसंगै बिभिन्न भूभागमा बसाई सर्दै अनेकन झुण्डमा बिभाजित भएका समुहहरूको अनेकन जातजातिहरूमा बिभाजित भएका थिए। भौगोलिक आधारमा उत्गम स्थलको पहिचानको आधारमा हेर्दा मानिसका तीन जातहरू भएको अनुमान गर्न सकिन्छ

१. मंगोलियन वा चीनको उत्तरी भूभाग मंगोलियाको आसपासबाट फैलिएका नाक थेप्चा, आखा चिम्सा, होचा, गोरा भएका भोटे जातिहरू ।

२. आर्यन : चीनको दक्षिणी भूभाग, अफगानिस्थान र पाकिस्थानको उत्तरी भूभाग वा पाहाड़ी भूभाग ककेसियन (हिन्दूकुस) पहाडको वरीपरी उत्ताम स्थल भई त्यहीबाट दक्षिणतिर, नेपालका बिभिन्न भूभाग, भारत, खाडीक्षेत्र र युरोपतिर फैलिएका चुचा नाक ५ देखि ६ फुट सम्म अग्ला, गहुगोरा, गोरा, रुप रंग हेर्दा राम्रा आर्य जातिहरू (कसैले खस जाति पनि भन्दछन्) ।

३. अफ्रिकामा बसोबास गरि भूमध्यसागरीय क्षेत्र, उत्तरी तथा दक्षिण अमेरिकातिर फैलिएका ठूलो ओठ भएका, कपाल घुम्रीएका, कुरुप अनुहार देखिने, अग्ला, पातला, बलिया अन्धमुष्ट काला नेग्रो जातिहरू ।

भौगोलिक कारणले मानिसको रुप, रंग फरक पर्ने गरेको छ जस्तै सीत प्रदेश वा उच्च हिमाली भागमा कम अक्सिजन हुने हुदा त्यहा बस्ने मानिसहरू ठूलो शरीर, गोरो बर्ण, फौक्सोको आकार ठूलो, रातो रक्त कोषिका अधिक (Red Blood Cells-RBC) जस्ले धेरै अक्सिजन ग्रहण गर्न सक्दछ र उ उक्त हावापानीमा सजिलै जीबित रहन सक्दछ । उष्ण प्रदेश वा गर्मी भूभागमा बस्ने मानिसहरू काला, कपाल कालो, पातलो, सानो फोक्सो, अधिक सेतो रक्त कोषिका (White Blood Cells-WBC) हुन्छन जस्ले कम अक्सिजन ग्रहण गर्दछ । भौगोलिक आधारमा हिमाली, पाहाडी, मधेसी आदि जातिमा छुट्टिएका छन् । मानिस धार्मिक आधारमा पनि बिभिन्न जातमा बिभाजन भएका छन् जस्तै हिन्दू, क्रिष्चियन, मुसलमान, वौद्ध, बोन आदि । यिनीहरू प्रत्येक धर्म भित्र पनि हजारौ हजारौ प्रजाति र उपजातिहरू उदय भएका छन् । सबै भन्दा बढि जात जाति भएको धर्म हिन्दू हो जहा छुवा छुतको प्रथाले समाजनै बिघटन भई परधर्म ग्रहण गर्ने प्रचलन बढेर गएको छ । मध्ये कालिन युग, वा नवपाषाढयुग वा बर्बरताकोयुग सम्म पनि मानिसहरू खोरिया खेतीको खोजीमा अति उर्भर भूमी नाइल नदीको किनार र अन्य उर्भर भूमी, सिंचाइको लागि पानी, सदावहार जंगलको नजिक गएर बस्ने गर्थे । औद्योगिक युग आउनु भन्दा पहिले मानिसहरू भूमीको छनौट गर्दा पानी र जंगललाई महत्व दिन्थे ।

माथि उल्लेखित तीन जातिहरूमा जंगली अवस्था देखि आजसम्म पनि बिभिन्न समुहहरूबीच युद्ध हुदा जस्ले जित्यो जित्ने पुरुषहरूले हार्ने पक्षकाको सबै सम्पत्ति जफत गर्ने र महिलाहरू सबैलाई गर्बवती बनाइदिने कारण युगौं युग सम्म पनि रक्तमिश्रण भई नँया नँया जातिको उदय भएका उदाहरणहरू मानिसका सबै समुदायमा पाइन्छन् । उदाहरण दोश्रो बिश्वयुद्धताका जापानी सैनिकहरूले कोरियाली, कम्बोडियाली हजारौ महिलाहरूलाई गर्बवती बनाइदिएका थिए । नेग्रो जाति र आर्यन गोरा जातीबीचको युद्धमा गोराले नेग्रो जातिका महिलालाई गर्बवती बनाइदिए पछि जन्मीएका बच्चा हल्का कालो र राम्रो रुप लिएर जन्मीएका हुदा तिनीहरूको जात फरक पर्न गयो र तिनीहरूको छुट्टै जातको समुदाय बन्न पुग्यो । चिम्सा आखा, थेप्चो नाक भएका जापानीले आर्यन युवतीलाई गर्बवती बनाएर जन्मीएका बच्चा न आर्यन न भोटे तर फरक जातमा बिकसित भई नयाँ समाजको बिकास भएको हो । अत: यस पृथ्वीमा मेधावी (Homosapiens) मानवको उत्पत्ति भई यो लामो बिकास क्रममा एक जाति र अर्को जातिबीच रक्तमिश्रण भई वा अन्तरजातिय रक्तसम्बन्धबाट सृष्टि भएका मानवका लाखौ जातिहरू यस पृथ्वीमा हजारौ बर्षहरूको अन्तरालमा शारीरिक तथा मष्तिष्कको बिकासले सोचमा बिकास, शरीरमा परिबर्तन, रुप रंगमा परिबर्तन हुदै बंश चलाई रहेका छन् ।

मानिसहरूलाई स्वरुपका आधारमा तहगत बिभाजन गरिएका छन् जस्तै परिवार, कुल वा गण, कबिला (Tribe), जाति, समुदाय, र राष्ट्र । एउटै मानव पुर्खाका सन्तान किन यसरी अनेकौ जात जातिमा बिभाजन भए ? युद्ध, मानव भुण्डको नेतृत्व गर्ने नेताको स्वबिवेक अधिकार, शासकको नियति, मानव समुदाय आफै छुट्टिएर जाने प्रचलन आदि कारणहरू हुन । उदाहरण काठमाण्डौमा जयस्थिति मल्लले एउटा नेवार जातिलाई अनेकन जातिमा बिभाजन गरेका थिए । बिभिन्न जातजातिमा बिभाजन गर्ने काम शासकनै हुन भन्ने उदाहरण नेपालका अति उग्रवादी राजनीतिक समुहले बिभिन्न जातिलाई उचालेर समाजलाई टुक्रा टुक्रा बनाएर, मानिस मानिस जुधाएर शासन गर्ने उद्देश्यले आजको युगमा समेत यो धृष्टता गरी रहेका छन । आधुनिक समयमा एउटै जाति भित्र रक्तसम्बन्ध बर्जित गरिएको हुन्छ, साभा संस्कृति, परम्परा र पहिचानको भावना रहेको हुन्छ । जातिनै पिच्छे संस्कृति र सस्कारमा आ-आफ्ना मान्यता, धारणा हुन्छन् । यसै गरी समाज एकबाट अनेक, सरलबाट जटिल हुनेक्रम संगै बिध्वंस, युद्ध, महामारी, दमन, शोषण आदि बिध्नबाधाबाट बिकसित हुदै आएको छ । समाज क्रमिक रुपमा निम्न स्वरुपबाट बिकसित स्वरुपमा परिबर्तन हुने गर्दछ । कसैले छलाङ्ग मार्नु पर्छ भन्दै बिभिन्न जात जातिलाई बिथोल्न खोज्यो भने उसैको अन्त्य हुन्छ । जाति प्रथा र भेदभाव बिस्तार अन्त्य हुन्छ । मानिसमा एक पुस्ताबाट अर्को पुस्तामा पुगे पछि सोच फरक पर्दछ र सोच फरक भए पछि पुराना असमान बिचारको अन्त्य भई नँया बिचारको क्रमिक रुपमा उदय हुन्छ । कसैले समाजलाई १९औं सताव्दीमा फर्काउछु भनेर सक्दैन र कसैले एकै चोटी ५० बर्ष अगाडी लान्छु भनेर सक्दैन । यो आफ्नै गतिमा दोडन्छ ।

नेपालमा हाल ११८ जात जातिहरूले बसोबास गर्दछन् । प्रारम्भिक अवस्थामा यहा बसोबास गर्ने मानवहरूमा **हब्सेली** (Negrito) – जो पुरा पाषाढकालमा यो भूमी प्रयोग गरेका हुन सक्ने बताइएको छ । यीनै जातिहरूले बर पिपलको पूजा गर्ने भएकाले कुनै कालमा नेपालको भूखण्ड भएर गुज्रिएका हुन सक्ने बताइएको छ । **आग्नेली** (Austro Asiatic ) - यो प्रजाति उत्तरपूर्वी अफ्रिका देखि दक्षिण एसिया सम्म फैलिएको हुदा यसलाई आग्नेली प्रजाति भनिएको हो । अहिले नेवार जातिभित्र ज्यापू (किसान), सापू ( गोपालबंशी) र म्हेपू (महिसपाल बंशी) भनेर चिनिने मध्ये धेरैजसोको वर्ण कालो देखिएकाले उनीहरू आदि आष्ट्रिक मुलका हुन सक्ने बताएका छन् । अथवा काला वर्णका मानिसहरूमा ती आग्नेली जातको रक्तमिश्रण भएको हुन सक्दछ । डा.सुनीतिकुमार चटर्जीले प्राचिन आष्ट्रिक र मंगोलहरूको रक्तमिश्रणबाट किरात जातिको उत्पत्ति भएको बताएका छन् । **द्रविड-** यो जाति भारतको पश्चिमबाट नेपालको सुदूर पँश्चिम हुदै पूवसम्म अनेक भागमा फैलिएको मानिन्छ । सुनसरी जिल्लाको कोसी नदी किनारको क्षेत्रदेखि बाराको सिमरा क्षेत्रसम्म बसोबास गर्ने भाँगड जातिनै द्रबिडको अंश मानिन्छ । **आर्य** - यो जातिमा खसहरू र ककेसियाली (हिन्दूकुस पनि भनिन्छ) पाहडबाट आएका अल्पाइनेली, दिनारी, अर्मेनियाली आदि बाह्मण र खसहरू क्षेत्रीहरू यो बर्गमा पर्दछन् । **किरात** - नेपालमा ठूलो संख्यामा रहेका प्रजातिमा किरात मङ्गोलोइडहरू पर्दछन् । यो जाति नेग्रोइट र मंगोलको रक्तमिश्रणबाट उत्पत्ति भएको मानिन्छ । नेपालमा किरात भन्नाले राई, लिम्बु, मगर, गरुङ्ग, सेर्पा, याक्खा, कोइच (सुनुवार) आदि भएको पाइन्छ । हालका ब्राह्मण, क्षेत्री वा सबै खस जातिहरू ककेसियन पाहाडबाट पाकिस्तान भारत हुदै मानब बिकासको सुरुका समयदेखिनै नेपालमा आएर बसेका भनिन्छ । डा.विपिन अधिकारीले, नेपालमा खस जाति पुस्तकमा उल्लेख गरे अनुसार हिन्दू धर्म बौद्ध धर्मका उदय हुनु अगावैदेखि आर्य, खसहरू र किरातहरू

नेपालमा बस्तथे । कति जातिहरू त भारतमा मुसलमानहरूको अतिक्रमण पछि भागेर नेपाल पसेका पनि इतिहासमा उल्लेख छ । महाभारत काल र पछि धेरै बर्ष सम्म भारतबर्ष भनि नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेश र बर्मासम्मलाई चिनिन्थ्यो । देशहरूको निश्चित सिमाना नभएका कारण कुन मानिस नेपालका आदिवासी हुन कुन होइनन् भनेर छुट्टाउने कुनै आधार छैन ।

## ७. धर्मको उदय र प्रयोग

पृथ्वी मात्र होइन यो ब्रह्मण्डलाई इश्वरले नियन्त्रण, सन्चालन र प्रयोग गरेका छन् भनि बिभिन्न धर्मालम्वीहरू भन्दछन् । हिन्दूहरू ब्रह्म, बिष्णु, शिव र अन्य शक्तिभएका देवी देवताहरूको पूजा आरधना गर्दछन् । एउटै धर्म मान्नेहरू अनेकौ बिधिहरूको प्रयोग गर्दछन् । एउटाले अधर्म भनेको कुरा अर्काकालागि धर्म हुन्छ । मानब जातिमा प्रचलनमा रहेका ठूला धार्मिक समुदायहरू मध्ये इसाई, इस्लाम, हिन्दू, बौद्ध, बोन (चाइनिज जनताले मान्ने) लाई मानिन्छ । सबै भन्दा पुरानो धर्म हिन्दू हो र यो धर्म भित्र अरु हजारौ समुहहरू वा उपधर्महरू जन्मिएका छन् । यी सबै बिभिन्न काल खण्डमा जन्मिएका महामानवका आफ्ना बिचारका आधारमा बिकास भएका धर्महरू हुन । जस्तै कृष्णका नाममा कृष्णप्रणामी, राधाको नाममा राधे राधे, शिव मार्गी, ॐशान्ति, रजनिस धर्म, जैन धर्म, साहिराम धर्म, इसाई धर्ममा क्याथोलिक, प्रोटेष्टन्ट र यहुदी, इस्लाममा सुन्नि र सिया, बुद्धमा टिबेटियन र शाक्यमुनीबीच फरक आदि अनेकौ उपधर्महरूमा मानिस बिभाजन भएका छन् र एकले अर्काको खण्डन, अनास्था, होच्याउने, समुदायमा बर्जित गर्ने जस्ता कार्यहरू भई बिवाद, र युद्ध समेत भएका छन् ।

जंगली अवस्थामा वा पुरा पाषाढ युगमा पृथ्वीमा प्राकृतिक बिपत्ति, मानवका भुण्डहरूको बिनास, घाम लाग्दा न्यानो अस्ताएपछि जाडो, पानी पर्दा हरियो, नपर्दा सुख्खा, बन जंगल नभए खान नपाइने आदि अनेकन समस्यामा बनमा रहेका ती मानवहरूले भोगेका र सूर्यको तेजको महत्वलाई बुझ्न थाले पछि शक्ति मानेर पूजा गर्न थाले, पानीको महत्व बुझि जलदेवताको रुपमा पूजागर्न थाले, एवं रीतले बनलाई, वायुलाई शक्ति मानेर पुजा गर्न थाले जसका कारण बहुदेवताबाद (Polytheism)को बिकास भयो । जल, थल, आकासको पूजामा अनेकौ धारणा उब्जन थाल्यो र मानव भुण्डका शक्तिशाली नेताले धर्म कसरी मान्ने भन्ने बिषयमा प्रथा बसाले त्यसैको स्वरुप धर्मको उदय हुन पुग्यो । हजरत मुहमद (मुसलमानका भगवान अल्लाहका दुत ) ले सुतेका बेलामा अल्लाले भेट्न आएका र उनले धर्मका बारेमा सबैकुरा बताएका बिषयमा देखेका सपनाका आधारमा जन्मिएको इस्लाम धर्म बहुदेवता मान्ने, मुर्ति पूजागर्ने अरवियन क्षेत्रका जातिहरू तत्कालिन शासकको आदेशका र दमनका आधारमा सबै बहुदेवतालाई पूजागर्ने नीति छाडेर एक देवता (Monotheism) वा इस्लामिक धर्मको अनुसरण गरेका थिए । अथवा कुनै शासकले कुनै सपना देख्यो भने त्यो बास्तवमा व्यवहारमा देखाउनु पर्दथ्यो त्यसैगरी जेसस क्राइष्टको प्रदुर्भाबले गर्दा युरोपमा इसाई धर्म फैलियो र आज सन्सारमा इसाई धर्म जनसंख्याको आधारमा पहिलो हुन पुगेको छ । नेपालमा नेवारहरूले मनाउदै आएका जात्राहरू कुनै न कुनै शासकले सपना देखेकै आधारमा चलाएका हुन । त्रेता र द्वापर युगको समयमा तन्त्रज्ञान वा दैवी शक्तिको प्रादुर्भाव अधिक भएको बिभिन्न धर्म शास्त्रमा पाइन्छ । हिन्दूहरूमा भगवानका पालादेखिनै धर्म युद्ध हुने गरेका कथा सुन्न पाइन्छ । रावण र रामको युद्ध, महाभारतको युद्ध, शिव पार्वती र राक्षसहरूबीचको युद्ध देखि आजका दिन सम्म पनि हिन्दु मुसलमान, इसाई र इस्लाम धर्मालम्वीहरूबीच संसारमा युद्ध भइरहेका छन् ।

धर्म प्रारम्भिक समयमा सूर्य र प्रकृतिको पूजागर्ने हेतुले उत्पत्ति भएको थियो । पछि धर्मलाईनै अनुशासनको आधार बनाइयो र धर्मकै आधारमा शासकहरूले धेरै लामो समयसम्म यस धर्तीमा शासन पनि गरे । बिभिन्न ऋषिमुनीहरू र धार्मिक गुरुहरूको उदय भए पश्चात तिनीहरूबाट प्रतिपादित शिद्धान्त, धार्मिक नीतिले मानवनै सबै भन्दा पीडित भए । धर्म गुरुहरूकै सल्लाहमा १७ औ १८ औ शताव्दी सम्म पनि युरोप र एसियाका बिभिन्न भागमा नारी र दास कहिलै देशका नागरिक हुन सक्दैनन् भन्ने प्रथा चलाएका थिए र तिनीहरूमाथि क्रुर व्यवहार गरिन्थ्यो आज पनि इस्लामिक धर्ममा महिलालाई दमन गरेर राखिने गरिन्छ । फ्रान्सका राजा लुइस १४औले म नै भगवान हु, मनै राज्य हु मनै संसारको ठूलो मानिस हु भनि उनको भक्ति नगाउनेलाई क्रुर तरिकाले मारिने गरिन्थ्यो । सोही समय भन्दा पहिले युरोपमा दासहरूका श्रीमतीलाई सरकारी राजकाज गर्ने ठूला ठालुले गर्ववती बनाउथे भने बच्चाको नाम दासहरूकै हुन्थ्यो । १८औ सताव्दी भन्दा पहिले करिव पाँच हजार बर्षको अबधिमा यस पृथ्वीमा धर्मका नाममा सामान्य मानिसलाई किनबेच गरिन्थ्यो, वली चढाइन्थ्यो भने खान नदिई साङ्लाले बाधेर राखी २० घण्टासम्म काममा लगाइन्थ्यो । आज पनि इस्लामिक देशहरूमा महिलाले परपुरुषलाई हेर्‍यो मात्र भने मृत्यु दण्ड समेत हुन्छ भने पुरुषले चारवटी सम्म बिवाह गर्न पाउछन् । उन्नाइसौ सताव्दी भन्दा पहिले करिव १० हजार बर्ष सम्म समाजलाई धार्मिक शिद्धान्तले नियन्त्रण गर्‍यो, इश्वरको इच्छा बेगर कसैले केहीगर्न हुदैन भन्ने भय श्रृजना गरियो । कति विद्वाहरू जन्मिए होलान तिनीहरूलाई शासकले वा धर्म गुरुहरूले केही उत्कृष्ट कार्य गर्न दिएनन् । १६औ सताव्दी पछि जब संसारमा शिक्षाको बिकास हुन थाल्यो मानिसले काल्पनिक कथालाई त्यागेर तथ्य र प्रमाणका आधारमा हरेक बस्तुको अध्ययन, अनुशन्धान गर्न थाले त्यस पछि कर्मयुग वा विज्ञानको युगको सुरुवात भयो अनिमात्र यस पृथ्वीमा अनेकन चमत्कारिक कार्यहरू हुन थाले । यो धर्तीमा केवल २०० बर्षकोबीचमा यति धेरै चमत्कारिक कार्यहरू भएकि मानव आज संसारलाई कोठामा बसेर देख्न पाएका छन् । पृथ्वीको एउटा ध्रुवबाट अर्को ध्रुवका मानिस दैनिक रुपमा कुराकानी गर्न र एकले अर्कालाई देख्न सक्दछन् । चन्द्रमामा मानवनै पुगे र मंगलग्रहमा Curiosity नामको मानव रहित यान भर्खरै नौ महिना पछि पुगेर आफ्नो कार्य गर्दै छ । बैज्ञानिकहरूले व्यापक रुपमा आकाशका ताराहरू र ब्रह्मण्डको अध्ययन गरी रहेका छन् । ठूला देशहरूले अन्तरिक्षमा भूउपग्रह छाडेर पृथ्वीको हरेक गतिबिधि अवलोकन गरी रहेका छन् । जसअनुसार सञ्चारलाई चमत्कारिक रुपमा मानिसले उपभोग गरी रहेका छन् ।

### ८. इश्वर, मानव र दानवको सम्बन्ध

भगवानले यस धर्तीमा आएर मानव र जीवको सृष्टि गरी कसरी जीवन निर्बाह गर्ने भनि नियम बनाई त्यसको पालन कर्ताका रुपमा मानवलाई जिम्मा लगाइएको हो भनि सबै धर्मालम्बीहरूको एउटै मत छ तर बिभिन्न कालमा भगवानका दुतका रुपमा जन्म लिएका धर्म गुरुहरूले नियमलाई आफ्नो अनुकुल व्याख्या गरेर एउटै इश्वरको रुपलाई नै अनेक रुप बनाई मानब मानबबीच किचलो, भ्रम, अविश्वास, झगडा उत्पन्न गराएका छन् । इश्वरले मानवमात्र बनाएनन् दानब पनि बनाएका छन् भनि सबै धर्मालम्बीहरूको एउटै बिश्वास छ । हो यो चाहि बिश्वास गर्नु पर्ने

अवस्था छ किनकि सबै कालखण्डमा कैयौ मानवहरू अति हिम्स्रक, क्रुर स्वभावका भई आफ्नो स्वार्थका लागि नरसंहार, जीवसंहार, प्रकृतिको बिनास गर्दै आएकाले ती मानवहरू पक्कै दानव (राक्षस)का नै सन्तान हुन भन्न सकिन्छ । धर्म युगमा पनि देवता र राक्षसकाबीच जीवहरूको बिनासलाई रोक्न लडाइहरू भएका कुरा बिभिन्न धर्मशास्त्रमा उल्लेख गरिएको पाइन्छ । दानबलाई हिम्स्रक, रक्तपिपासु, अधर्मी, अपराधिका र प्रकृतिको बिनासकका रुपमा लिइन्छ । आज पनि त्यही स्वभाव भएका मानव राजनीतिमा, समाजमा पाइन्छन् जस्ले हिंसा मार्फत सत्ता प्राप्ति, समाजमाथि नियन्त्रण र सम्पत्तिमाथि अधिपत्य गर्ने उद्देश्य राख्दछन् । आजको युगमा इश्वरको अष्तित्व त समाप्तनै भैसकेको महशुस हुन्छ भने मानवका हुलमा सरावरी दानवको उपस्थितिले समाजमा उदण्ड, हत्या, हिंसा, चोरी, डकैती, अपहरण, भ्रष्टाचार, दुराचार, यौन दुराचार, लुटपाट, नातावाद, कृपावाद, लोभि, पापी, अधर्मी आदि जस्ता अति दुर्गुणहरूको उदयका कारण सर्बसाधारण बाचेर हिड्न र सृष्टिलाई निरन्तरता दिन कठिन प्राय: भइसकेको छ ।अत: मानिस लगायत सम्पूर्ण जीवहरूको प्रकृतिको गर्वमा रहेर अनुशासित भई आ-आफ्ना जीवनचक्रलाई निरन्तरता दिने हेतुले अदृश्य शक्ति भगवातको अनुशरण गर्दै बिकास भएको मानव धर्म, संस्कृति धर्मकै रुपमा पालना गरिरहनु पर्दछ । अनुशासनहीन भै प्रकृतिलाई चुनौति दिदै जल, जमीन, बायुमण्डललाई प्रदुषित पार्ने धृष्टता कुनै मानवले गर्दछन भने यस पृथ्वीबाट सबै जीवको अस्तित्व समाप्त हुने छ ।

**<u>निष्कष</u>**

मानिसलाई प्रकृतिबाट अगल गर्न उसले मान्दै आएको धर्मबाट अलग गर्न सकिदैन जुन मानवको बुद्धिको बिकास भए देखि मान्दै आएका हुन् । मानिसको सम्बन्ध प्रकृति र मानव सृजित धर्मकाबीच गहिरो छ । प्रकृतिको सन्तुलन बिग्रियो भने कुनै धर्मको केही लाग्दैन । अरु पृथ्वीका सबै जीवहरूले प्रकृतिको चक्र अनुसारनै जीवन निर्वाह गरी रहेका छन् तर इश्वरको उत्कृष्ट रचना भनिएका मानिसनै प्रकृतिको बिनास गर्ने कर्ताका रुपमा देखिएका छन् । जे जसरी मानवको उत्पत्ति भए पनि जंगली अवस्थाका मानव भ्कुण्डका नाइकेको दमन, प्राकृतिक बिपत्ति, जनावरहरूबाट खतरा हुदै, धर्म युगमा आएर आम मानिस माथि धर्मको नाममा भएका क्रुर शासन, भेदभाव, दमन, जात जातिमा बिभाजन गरी शोसण, यातना आदि जस्ता समस्याहरू देखिए । जात जातिको उत्पत्तिमा धर्मको पहिलो भूमीका छ साथै भौगालिक आधारमा र बिभिन्न समुहबीच रक्तमिश्रण भई नँया नँया जातिहरूको बिकास भएको पाइन्छ । मानवकै लागि अति चतुर मानवले सृष्टि गरेका धर्मका शिद्धान्तका आधारमा बिकसित अनेक जटिल नीति र नियमको बिकसित संस्कृति र सस्कारका कारण मानवले मानवमाथि शोषण गर्दै आए, कष्ट दिदै गए, कष्ट पाउदै गए र आज आएर विश्वमा देखिएको बहुरुपी (अनेक रुप भएको) धर्मले सृजना गरेको धर्म युद्धका कारण मानवकै विनास भैरहेको छ । केहीबर्ष पहिले सम्म अदृश्य शक्ति भगवान देखि मानिस डराउथे तर अव यो अवस्थाको अन्त हुदै मानव अप्राकृतिक काम गर्दै स्वतन्त्रताका नाममा छाडा हुदै छन् र एक पराकाष्टको विन्दुमा पुगेपछि तिनीहरूको बिनास निश्चित छ । मानव लगायत सम्पूर्ण प्राणीहरूले प्रकृतिको चक्र अनुसार वा नियम अनुसार चल्न सकेनन् भने कुनै पनि इश्वरले यी जीवहरूलाई बचाउन सक्दैनन् र मानिसको बंश बिकासमा नै तगारो लाग्ने निश्चितछ ।

*लेखक: पुँवार खड्का गुठीका केन्द्री सचिव हुनुहुन्छ ।*



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुगम ग्याँस उद्योग प्रा.लि.**

नौविसे-२, धादिङ्ग



## हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**आर.एम.एस इन्टरनेशनल प्रा.लि.**

सुविधानगर, कोटेश्वर, काठमाडौं

कृपया उच्चस्तरीय जेनेरेटर चाहिएमा हामीलाई सम्झनुहोस् ।

# देवाली पूजा एक संस्मरण



भरत खड्का

२०२५/२०२६ साल तिरको कुरा हो मेरो बुबाको मित अर्थात मितबुबा हाम्रा घर झापामा आउनु भएको थियो। केही समय घरमा बसेर वहाँले आफ्नो घर फर्कन लाग्नु भयो। वहाँको घर भोजपुर जिल्ला दिङला भन्ने ठाउँमा थियो। वहाँको रुद्राक्ष लगायत भोजपुर एवं संखुवासभाको उत्तरी क्षेत्रमा पाइने प्राय सबै जडिबुटीहरूको थोक व्यापारका साथै कपडाको व्यापार पनि थियो। विशेष गरी रुद्राक्ष र चिराइतो नै प्रमुख व्यवसाय थियो। उक्त व्यापारले गर्दा यि दुई जिल्लाको उत्तरी भेगका प्राय: सबै मानिसले वहाँलाई चिन्थे। सोही व्यापारको सिलसिलामा वाहाँ धरान बजार पनि आइरहनु हुन्थ्यो र सोही क्रममा केहि दिन मेरो बुबासँग भेटघाट गरी फर्कने बेलामा म पनि वहाँसँगै भोजपुर हेर्न जान्छु भने। मलाई विशेष पहाडको जनजीवन कस्तो हुन्छ भनेर हेर्न र जान्न उत्सुक थियो आखिर म पनि वहाँसँगै भोजपुर दिङला जाने भएँ।

त्यस समयमा पूर्व पश्चिम राजमार्ग बन्दै थियो। राजमार्गमा गाडीहरू त गुड्न थालिसकेको थियो तर खोलातथा नदीहरूमा पूल बनेको थिएन। पानी कम भएको बेला हिडेर खोला तर्नु पर्दथ्यो। यसरी नै हामी धरान पुग्यौं। केहि दिन धरान बसेर हामीले पैदल यात्रा शुरु गर्‍यौं दिङलाको लागि। त्यतिबेला हवाई सेवा पनि थिएन। धरानबाट ३ दिनको लगातार हिडाई पछि दिङला पुगियो। त्यहा बस्दा बस्दै स्कूल जाने समय आयो तर मलाई झापा फर्कनुको सट्टा त्यही बसेर पढ्न मन लाग्यो। सोही क्रममा मैले दिङला बजार स्थित अरुण इंग्लिस हाई स्कुलमा कक्षा ८ मा भर्ना भएँ। म मितबुबा कै घरमा बस्थे।

केहि महिना पछि मित बुबालाई खबर आएछ मधेशबाट हाम्रा खड्का बंशको एउटा केटो आएको छ अरे हाम्रो वंश हो उस्का बाजेहरू यहिबाट मधेश गएका हुन तसर्थ यसपटकको वैशाखमा हुने पुँवार खड्काको देवालीमा जसरी भएपनि पठाइदिनु भन्ने सन्देश प्राप्त भएछ। मितबुबाले हाम्रो बाजेका सन्तान तथा पुर्खाहरू पनि केहिलाई चिन्नु हुन्थ्यो। एक दिन मलाई मितबुबाले भन्नु भयो लौ तिमीहरूको देवाली यसै वर्ष परेको रहेछ तलाई बोलाएका छन्। सबै व्यवस्था मिलाई दिन्छु जा है भन्नु भयो।

त्यस समयसम्म मलाई देवाली भन्ने नै थाहा थिएन। अनि मैले के हो देवाली कस्तो हुन्छ यो भनेर सोधें, पछि मलाई बुझाउनु भयो देवाली भनेको कुल देवताको पूजा हो। प्राय: सबै जातका मानिसहरूले यो कुल पूजा (देवाली) गर्ने चलन छ।

यो थाहा पाएर मलाई कुल पूजा हेर्ने इच्छा जाग्यो। २०२७ सालको बैशाख पूर्णिमामा हाम्रो देवाली रहेछ। देवालीमा टाढा टाढाबाट पनि पूजा सामान सहित लिएर देवालीमा जाने चलन रहेछ।

मैले कसैलाई पनि चिनेको थिइन। केवल हाम्रो हजुरबुबा भोजपुरबाट झापा सर्नु भएको भन्ने सुनेको थिएँ। अझ मेरो बुबाले भोजपुर देख्नु भएको थिएन मैले त्यहाँका पुर्खा तथा नातेदारहरूलाई चिन्ने कुरै भएन।

समय आए पछि २ दिन पहिले मितबुबाका एक जना छोरा जुन मेरो दाई हुनुहुन्थ्यो र एक जना बोका डोर्‍याउने मानिस साथ लगाएर मलाई देवालीमा पठाउनु भयो। व्यापारिक काममा वहाँ पोख्त हुनुहुन्थ्यो

। वहाँलाई सबैले अत्री दाई भन्थे। हामी पनि अत्री दाई भन्थ्यौं। वहाँलाई सबैले चिन्ने भएकाले बाटोमा मलाई कुनै समस्या भएन।

दिङलाबाट विहान हिँडेका थियौं। कालो बोका पनिसँगै लगेका थियौं, चामल पैसा भेटी आदि पनिसँगै लगेका थियौं। कहिले काही बोकालाई पनि बोक्नु पर्दथ्यो। दिङलाबाट उत्तर तर्फ गए जस्तो लाग्छ, बाटोमा चिरखुवा खोला तरेर बेलुका हामी बौलिया पोखरे भन्ने गाउँमा पुग्यौं। त्यहाँ म कसैलाई चिन्दिन थिएँ। अत्री दाईले सिधैं एक जना पुँवार खड्काको घर मा लैजानु भयो। वहाँको नाम अहिले मलाई सम्झना छैन। वहाँ लगभग ५०-५५ वर्षको हुनुन्थ्यो। वहाँहरूले हामीलाई नै पर्खनु भएको रहेछ। पुग्ने वित्तिकै लौ मधेशको हाम्रो छोरो आएछ भन्न थाल्नु भयो, कसैले नाती कसैले भतिज आदि आदि भन्नुहुन्थ्यो। मलाई आफ्नै घरमा गए जस्तो लाग्यो। नचिने पनि सबैले माया दर्शान भयो मैले पनि आद सम्मान दर्शाए।

त्यहाँ बौलिया पोखरे भन्ने गाउँमा खड्काहरू धेरै र हेछन्। बेलुका अबेरसम्म विभिन्न कुराकानी भएँ। आफ्नो ३ पुस्ते लगायत सामान्य परिचय दिएँ। मैले त केवल वहाँहरूको कुरा सुने मात्र। त्यहाँ पुगेपछि थाहा भयो प्रत्येक ३/३ वर्षमा वैशाख पूर्णिमाका दिन पुँवार खड्काहरूको देवाली पूजा गर्ने प्रचलन रहेछ। बेलुकाको गफमा वहाँरुले भनेको सुन्दा अचम्म पनि लाग्यो। वहाँहरू भन्दै हुनुहुन्थ्यो। पहिले भोजपुर के दामा भन्ने ठाउँमा देवाली हुन्थ्यो अरे तर सो ठाउँमा धेरै खड्काहरू भएको र पूजामा ठूलो भीड भएकोले बौलियामा देवाली शुरु भएको रे। वहाँहरू भन्दै हुनुहुन्थ्यो दामाको खड्काहरू सबै मधेश झरीसके अब १५०० घर मात्र छन् अरे भनेको सुन्दा अचम्म लाग्यो। दामाली खड्का भने पछि सबैले चिन्छन् अरे।

भोलिपल्ट विहान नुहाई धुवाई गरी कपाल खौरेर फलफुल मात्र खाई निराहार बस्नु पर्ने रेहछ। मलाई पनि विहान कपाल खौरी दिनु भयो। आजबाट चोखो बस्नु पर्छ। देवालीको लागि पूजा घरमा जानुपर्छ त्यहाँ सबै बोकाहरू पर्सने काम हुन्छ भन्नु भयो।

म पनि बोका लिएर त्यहाँ गएँ। प्रत्यके परिवारबाट कम्तिमा एक एक बोका लानुपर्ने चलन रहेछ। बोका शुद्ध हुनु पर्छ अरे कुनै चोट पटक नभएको कुनै धर्का नभएको चाहिने रहेछ। यदि कुनै परिवारमा भाकल गरेका-भए भाकलको बोका पनि चाहिने रहेछ, कसैको विवाह भएको रहेछ अथवा जाय जन्म भएको र हेछ भने सो वापत पनि एक बोका थप्नु पर्ने चलन र हेछ त्यसैले कुनै परिवारबाट २/३ बटा सम्म बोका ल्याएका थिए। बोका पर्सने घर विशेष ख्याल गरी सर सफाई पारिएको थियो। आँगन समेत गोबर र माटो लिपपोत गरिएको थियो। बोका पर्सने घरमा कँहि कतै फोहर थिएन अनि अन्य जातिहरूलाई प्रवेश निषेध नै गरिएको थियो। अझ भन्नु पर्दा कपाल खौरेर फलाहार गरेका मानिसलाई मात्र प्रवेश पाइने रहेछ। एक जना मुल पूजारी (धामी) हुँदा रहेछन् अनि उनका चेलाहरू पनि आँगन भरी थर थर काम्दै उफ्रिरहेका थिए। मुलधामीको हातमा चमर र घण्ट थियो। एक नाससँग कामीरहेका थिए। हेरेहेर म आदीबारा हुँ भन्थे। त्यो दृश्य देखेर डर पनि लाग्यो। अलिकति कसैले केहि गल्ती गऱ्यो भने त्यहि घण्ट र चम्मरले हिर्काउथे।

विहानबाट अरुको बोका पर्सने काम बेलुका मात्र सकियो। बोकामा केहि खोट देखियो भने यो हुँदैन अर्को ल्याउ भन्दा रहेछन। तर धन्न मैले लगेको बोकामा कुनै खोट देखेनन्। बोका पर्सेको हेर्नेको भीड पनि कम थिएन। सबै आफन्त नाता गोता इष्टमित्र छरछिमेकीहरू बाहिर टाढै बसेर यो सबै दृश्य हेरिर हेका थिए।

बेलुका सबै काम सकेर आपू: आफ्ना घरमा गए। भोलिपल्ट खास देवाली पूजा हुने रहेछ। एकै दिन बोका पर्सने र पूजा तथा बली दिने काम नभ्याएर

भोलिपल्ट मात्रै बलि दिने परम्परा रहेछ । लगभग ५०० भन्दा पनि बढी बोकाहरू हुने रहेछन् ।

खासमा पूजा तथा बलि दिने स्थान गाउँ भन्दा केहि टाढा थियो । त्यो लगभग मेरो अन्दाजमा १० रोपनी जति थियो होला, विच भागमा बाहिरबाट नदेखिने गरी पूजा घर अर्थात देवता स्थापना गरिएको थियो । त्यसको बाहिरी सिमाना जस्तै गरी बाँसले बार घेरा गरिएको थियो ता कि अन्य मानिस भित्र प्रवेश नगरुन । इष्टमित्रहरू सबै त्यो बाराको घेरो भन्दा बाहिर बसेर दर्शक बनिरहेका थिए ।

म पनि बोका डोऱ्याएर भित्र प्रवेश गरें । मुलधमी र अन्य ४/५ जना जोडसँग थर थर काम्न थाले । मूल पूजारीले भित्री भागको पूजा सकेर थर थर काम्दै बाहिर काम्न थाले । चेलाहरू कोही अलि अलि बोल्थे कोही कामी मात्रै रहन्थे । मूलधमीले प्रश्न सोधी रहन्थे त को होसे लौ भन आदि बारा होस कि भूत प्रेत होस भन्थे एवं रीतले केहि समय चलेपछि बोका बलि शुरु हुन लाग्यो । आईमाईहरूले शुद्ध चोखो भएर नैवेद्यको परिकार बनाई रहेका थिए ।

बलि दिने क्रममा एउटा मूल भेडो हुँदोरहेछ । त्यसको बलिबाट नै सो क्रम शुरु भयो । बोका बलिका लागि मार हान्ने हतियार तयारी अवस्थामा थियो । एकै पटकमा मार छिन्नु पर्ने नत्र मार हान्ने मानिसलाई घण्ट र चम्मरले हिर्काउँछन् भनेको सुने ।

म सँग आएका २ जना बारघेरा भन्दा बाहिर बसको थिए । बलि दिए पछि शिर देवता थानमा राख्दा रहेछन् अनि बाँकी गीड (शरीर) चै जुरुक्क उचालेर गर्धन मुखमा राखेर एक पटक देवता थान परिक्रमा गरेर बाराघेरा भन्दा बाहिर फ्याक्दा रहेछन् । अनि बाहिर बस्ने आफन्तले आफ्नो बोका चिने र ल्याई र ाँ उखेलेर सफा गरी भित्री मासु र दाहिने फिला भित्र दिनु पर्ने रहेछ । पूजा स्थलको एकपट्टी खोल्सो थियो अरुतिर चै सबै दृश्य हेर्न बसेका थिए । बलि दिएपछि मुलधामीले बोकाको खुन चुस्छन् भन्थे तर खोई त्यत्रो ५०० भन्दा बढी बोकाको खुन कसरी चुसे होलान अचम्म लाग्यो ।

लगभग आधा घण्टा भित्रै २०/२५ वटा बोका बलि दिएर गिँड खोल्सामा फ्याकि सकेका थिए, मानिसहरू खोल्सा धरी गिँड चिन्न र समाउन बसेका थिए । त्यत्रो भिडभाडमा चिन्न पनि गाह्रो । मेरो बोकोको पनि बलि दिइयो र त्यसरी नै गिँड खोल्सामा फ्याके । २ जना सहयोगीले टिपेर ल्याए अनि बाराघेरा बाहिर भुत्ल्याएर भित्री मासु र दाहिने फिला लिएर भित्र चढाए । त्यही भित्र चढाएको मासु पकाएर सबै बाहिर बस्ने इष्ट मित्रहरूलाई वितरण गर्दा रहेछन् ।

लगभग बेलुकासम्म नै यो बलि दिनेक्रम चल्यो अनि भित्र बस्नेले भित्र नै बसेर प्रसाद खाए अनि बाहिर बस्नेले बाहिर नै । पूजा समाप्त भएपछि बेलुका हामी पनि बाँकीको मासु लिएर आफ्ना आफ्ना ठेगाना तिर हिड्यौं ।

मैले अहिले सम्म देखेको त्यहि नै एकमात्र देवाली पूजा हो । त्यसपछि यस्तो संयोग कहिल्यै परेन । हुन त त्यसको धेरै वर्ष पछि मोरङ जिल्लाको धोक्राधार भन्ने ठाउँमा पूर्वी तराईको जिल्लामा बस्ने पूँवार खड्काहरूले देवाली शुरु गरेका थिए अरे भन्ने सुनेको थिएँ । त्यसका १/२ पटक हाम्रो घरबाट पनि बोका लगिएको थियो भन्ने सम्म सुनेको छु ।

त्यस मोरङको देवालीमा पूर्व भारतको आसाम बंगालमा रहेका पुँवार खड्काहरू पनि आउँछन भन्ने सुनेको थिएँ । मोरङमा देवाली शुरु गरेको केहि वर्ष पछि लौ यहाँ ज्यादा भीड भाड तथा टाढा पर्ने भयो भनेर झापा कै सुरुगा गा.वि.स.को प्रजापति भन्ने गाउँमा अर्को देवाली शुरु भएको छ भन्ने सुनेको छु तर त्यसबारे सत तथ्य थाहा छैन । यस बारे बुझेर तथ्य सार्वजनिक गर्ने प्रयास गर्नेछु । वास्तवमा देवाली पनि भाई बन्धु एवं बंशजहरूको भेटघाट गर्ने

माध्यम रहेछ । को कुन को सन्तान हो भन्ने थाहा पाउने सजिलो हुने माध्यम रहेछ ।

यसरी देश भित्र तथा बाहिर रहेका खड्का बन्धुहरूको पहिचानमा यस्ता कार्यक्रमले महत्वपूर्ण काम गर्ने मैले ठानेको छु र देश भित्र यस्तो देवाली कहाँ कहाँ गर्ने चलन छ र कसरी गर्ने चलन छ बुझ्नु आवश्यक छ । पुँवा खड्काहरूकै हित एवं भाईचारा अभिवृद्धिका लागि स्थापित यस पुँवार खड्का गुठी केन्द्रीय कार्यालय ले विभिन्न जिल्ला तथा क्षेत्रमा सम्पर्क गर्ने प्रयास गरी यस्ता कार्यक्रम गर्ने ठेगाना पत्ता लगाएर यस्तै पूँवार सन्देश मार्फत सूचना प्रशारण गरोस भन्ने आग्रह गर्न चाहन्छु । अहिलेको समयमा केहि परिवर्तन पक्कै भएको होला । काँही धामी नहोला केही विधि नहोला कहि सोचमा परिवर्तन पनि भएको होला यस्तै यस्तै प्रकारले देवाली प्रथा ठीक हो केवल विधि चै परिवर्तन गर्दा पनि हुन्छ कि ? जस्तो कि पहिलेको जस्तो बोका लिएर टाडाबाट आउनु जान अफ्ठेरो पनि हुन्छ । साथै अन्य विभिन्न कारणले सम्भव पनि नहोला तसर्थ पुँवार खड्का गुठीको केन्द्रीय कार्यालयमा अवस्थित कूल देखी कात्यायानी भगवतीको मन्दिरमा देवालीको तिथी मिति जुराएर ३/३ वर्षमा नरिवंल, पान, बोका, बलि दिएर प्रसाद ग्रहण गर्ने चलनको थालनी गर्ने हो कि ? अथवा नरिवल मात्र चढाएर प्रसाद दगर्ने हो ? छलफलको विषय बनोस र एउटा प्रथाको शुरुवात होस भन्ने कामना राख्दै २०६९ सालको विजया दशमीको उपलक्ष्यमा नव दुर्गा भवानीले सबै खड्का बन्धु एवं समस्त नेपालीहरूमा सुख शान्ति एवं समृद्धि प्रदान गरुन यहि मेरो शुभकामना ।




हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण अभिभावक, विद्यार्थी, एवं शिक्षकहरूमा सुख,समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गोल्डेन गेट इन्टरनेशनल कलेज**

बत्तिसपुतली, काठमाडौं



# देश की राज्य ?

-अनुराधा थापा

यहाँ आमालाई (देश) गुमाएर भएपनिराज्य चाहिएको छ । जब देश नै नरहेमा राज्य कहाँ अडिने ? हामी किन यति मुर्ख भएर गइरहेका छौं ? एकाइसौं शताब्दीमा आएर पनि हामी जातिका कुरा गर्छौ । सदियों देखि जातिय सद्भाव रहँदै आएको हाम्रो जस्तो मुलुक जहाँ विभिन्न भाषा भेष संस्कृतिका बाबजुद पनि हाम्रो देशमा एकता थियो भरपुर सहिष्णुता मै हाम्रो देश अखण्ड थियो । तर यहाँ कुनै एक राजनीतिक व्यक्तिका निजी स्वार्थबाट प्रेरित भई आफनो सिङगो नेपाललाई टुक्रयाउने वातावरण तयार पारीरहेको जस्तो देखिन्छ । हाम्रो जस्तो उपनिवेस नभएको देशमा को ? पहिला आएको र को ? पछि आएको भन्ने विवाद र को आदिवासी हो ? भन्ने विवाद ल्याउनुनिर्थक हो । हाम्रो जस्तो उपनिवेश नभएको देशमा हिजो आएर बसोबास गरेका पनि आदिवासी नै हुन्छ । यहाँ हामीले देशलाई के दिन सक्छौ भन्ने ? भन्दा पनि हामीलाई यो चाहियो त्यो चाहियो भनेर झोली फैलाउने काम मात्र हामीबाट भएको छ । हामलि यो जात त गुण र कर्मको आधारमा निर्धारण भएको कुरालाई किन यति ठूलो इस्यु बनाई जात मेरो या तेरो भन्दै जातमा अल्झीन्छौं । जात यहाँ एक मानव जात मात्र हो कुनै छैन जात हाम्रा । हौं हामी वीरका सन्तती हो, तर हामी त्यो पुर्खाको गौरवगाथालाई आफ्ना सम्पत्ति ठानी शत्रु आइलागेमा विरता देखाई पुर्खाका गौरवगाथा बढाई सदुपयोग गर्नु पर्नेमा आफ्नै देशका दाजुभाई दिदिबहिनी विच लड्ने मनस्थिति पैदा गरिरहेका छौं । हाम्रो समस्या भनेको गरिबी, वेरोजगार, अशिक्षा हो । यसलाई हामी सबै जनता मिलि उन्मुलन गरि यहाँ शिक्षाको चम्किलो घाम र देश विकासमा हामी सबैको बुद्धि, विवेक, धन, बल लगाई समृद्ध नेपालको परिकल्पना गरौं यहाँ संघीय शासन प्रणाली र जातिय राज्य जस्तो आफ्नो खुट्टामा बञ्चरो हान्ने काम हामीबाट हुनु हुँदैन, मानवताको पुल बनाई हामी सबै अटाउने मात्र नभै सबैको मुहारमा हासोका फुलहरू फुलाउने काम गर्नुपर्दछ । यहाँ जब संविधानको अन्तिम दिनतिर यदि संविधान ननिस्किएको देशमा के हुने हो अराजकताले जताततै ढाक्ने पो हो कि भन्ने भय विद्यमान थियो तर जब १४ गतेको भोलिपल्ट १५ मा संविधान आएन तर सबैले सोचे भन्दा फरक वातावरण देशमा देखियो । यहाँ शान्त वातावरण थियो यहाँ संविधान नभएपछि न कानुन थियो न नीति नियम नै, जनता आफैं संयमित भई आपसमा मेलमिलापको आभास हुन्थ्यो भने शुभसंकेतको केही झल्को देखिन्थ्यो । यसले के देखाउ छ भने राजनीतिक दलहरूको असहमत अमेलहरू जस्तो र आफ्नो स्वार्थको लागि जहिले पनि देश र जनतालाई बलिको बोका बनाउने नियतबाट परिचित जनताले अब कसैको बहकाउमा नलागि भाइ फुटे गवार लुटे भन्ने उखानलाई गौर गर्दै एकता र मेलमिलापका वातावरण बनाई देशको हितमा काम गर्ने प्रण गर्नुपर्दछ भन्ने अनुभुतिका साथ सबैले संयमितता देखाएको जस्तो लाग्दछ । आज अन्तर्राष्ट्रिय सर्वेक्षणले पनि नेपाल कोल्याप्स हुँदैछ यसलाई बचाउन हाम्रो भूमिका आवश्यक

छ भनि संकेत गरिरहेको अवस्थामा पनि हामी यदि नेपाली हौ भने आन्तरिक द्वन्द्वमा नफसी देश र जनताको हितमा लाग्नै पर्दछ।

अति गरे खति हुन्छ उखानलाई पनि राजनैतिक व्यक्तित्वहरूबाट गौर गर्नै पर्दछ, राजनैतिक व्यक्तित्वहरू जवसम्म आफ्ना स्वार्थबाट माथि उठेर काम गर्दैनन् तबसम्म यो अन्यौल र त्रासको स्थितिबाट बाहिर निस्कन गाह्रो पर्दछ । अब हामीले सोच्ने बेला आएको छ हामीलाई देश की राज्य चाहिएको ?

हामी नेपाली भनेर गर्व गर्दछौं नेपाल नै नरहे हामी कसरी नेपाली हुन्छौं । अब त विउझौं हामीलाई देश चाहिएको हो कि राज्य ? यदि हामीले अबपनि बहकाउमानै विश्वास राख्ने हो भने पश्चाताप बाहेक हामीसँग केही बाँकी रहँदैन फेरी हामीले नेपाल आमाको सन्तान हौ भनेर गर्व गर्ने ठाउँ बाँकी रहनेछैन ।

के राजनीतिक व्यक्तिको मात्र हो यो देश ? किन हामी राजनीतिक व्यक्तिले गरेको र भनेको नै सही हो भनेर त्यसैमा लाग्छौं । हाम्रो देशमा विकास र समृद्धताको खाँचो छ, यहि कुरालाई ध्यानमा राखेर हाम्रो गाउँ नै गाउँले भरिएको देश शहर गाउँको आपसी समन्वयबाट हाम्रो देशको एकता र सहिष्णुताबाट नै सुखी सम्पन्न बनाउन सक्दछौं. । मुट्ठीलाई खोलेर औंलामा परिवर्तन गर्ने हो भने कमजोर भएर भाँचिन सक्दछ ।

नेपाल जस्तो बहुजातिय, बहुभाषिक, बहु सांस्कृतिक देशमा एक जातिको राज्य बनाएर फेरि बाईसे चौविसे राज्य, सङ्घीयतामा फर्किन, अन्तर्राष्ट्रिय मुलुकबीच हामी संकीर्णतातिर लम्किरहेका छौं. । पौराणिक कालदेखि नै सहिष्णुता रहँदै आएको हाम्रो देश आज आएर किन जातीयता र भागवण्डामा अल्मलिरहेको छ । जातिय सद्भाव कायम नै राखी देशलाई कुनै एक जातिको राज्य नबनाई स्वतन्त्र राख्नु पर्दछ । हाम्रो समस्या गरिबी, अशिक्षा र वेरोजगारी हो । बुद्धिमानले देखेर चेत्दछन् रे भने परेर पनि नचेत्नेलाई के भनेर सम्बोधन गर्ने आदरणीय नेता नारायणमान विजुक्छेले काठमाडौं नेवार राज्य बनाएमा यहाँ काट मार हुन्छ भन्नु भएको छ। हामीले गहिरिएर सोच्नुपर्दछ । आमाको भागवण्डा हुँदैन र गर्नु पनि हुँदैन । आमाको नजरमा सबै सन्तान बराबर हुन्छन् त्यसैले आमालाई कुनै एक सन्तानको भएर रहु भनी वाध्य बनाउनु हुँदैन । स्वतन्त्रतामा बाँच्न दिनुपर्दछ । देश भनेको आमा हो । कुनै पनि सन्तानबाट विमुख गराएमा आमाको अन्तरात्मा रोइरहनेछ ।

जातीय राज्य बनाउन जरुरी छैन, धारणा फराकिलो बनाउनजरुरी छ। यो देशको सम्पत्ति यो देशको पहिचान यस देशमा सबै जनताका होइनन् र ? राज्य र सङ्घीय शासन प्रणाली लागु गरेर देशलाई विखण्डनतिर धकेल्ने सोच हामी कुनै पनि नेपालीले गर्नुहुँदैन, देशको समस्या हामी समग्र जाति, समग्र भाषि मिलेर फटेर होइन जुटेर समाधानतिर लाग्नुपर्दछ । यो देश हाम्रा वीर पुर्खाहरूको धरोहर हो, कुनै एक जातको राज्य र सङ्घीयताबाट समाधान हुँदैन, त्यसको सट्टामा जातीय राज्य बनाएको खण्डमा भयावह स्थिति पैदा भएर मुलुक भर अशान्त तरल अवस्थाको सृजना हुन्छ । यसको असरले देशलाई घायल बनाउँछ ।

त्यसैले समयमा नै हामी संवेदनशील भएर मातृभूमिको हित हुने कार्य गर्नु पर्दछ । यो देश जातीय राज्य र सङ्घीयतामा नगई स्वतन्त्र र एकीकृत राज्य हुनुपर्दछ । हाम्रो मूल समस्या गरिबी, अशिक्षा र वेरोजगारीलाई मध्यनजर राख्दै विकासका कार्यहरू गाउँ गाउँमा पुर्याई सरकारी काम कारवाही पनि सबै अनियमितताबाट मुक्त छिटो छरितो र सेवा मुलक हुनुको साथै निष्ठावान हुनु अत्यन्त जरुरी छ ।

*लेखक क्षेत्री समाज महासंघको उपाध्यक्ष हुनुहुन्छ।*



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Kasthamandap Development Bank Ltd.
your business is our pride

## काष्ठमण्डप डेभलपमेन्ट बैंक लिमिटेड

पाको, न्यूरोड, काठमाडौं



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहकवर्गहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## पिस सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड

वट्टु, काठमाडौं

# चिलंखे खड्का अचल सन्तती समाज

- उद्धव खड्का



वि.सं. २०४४ साल वैशाखमा डा. श्री रामबहादुर खड्काको संरक्षकत्व र स्व श्री ईश्वर बहादुर खड्काको अध्यक्षतामा स्थापित चिलंखे खड्का गुठी वि.सं. २०५३ सालको चिलंखे खड्का गुठीको नवौं साधारण भेलाको निर्णय र अन्य क्षेत्र वा जिल्लाको पुँवार खड्काहरूले कार्यक्षेत्र विस्तार गर्नुपर्ने अनुरोध गरे अनुसार वि.सं. २०५४ सालमा सर्वश्री स्व. श्री ईश्वर बहादुर खड्का चिलंखा -४ दोलखा (विजयश्वरी काठमाडौ) को अध्यक्षतामा "पुँवार खड्का गुठी" को केन्द्रिय कार्य समिति स्थापना भयो । उक्त कार्यसमिति निर्माण गर्दा भएको साधारण भेलामा झापा, मोरङ्ग, भोजपुर, उदयपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, भक्तपुर, ललितपुर, काठमाडौं, स्याग्दी र दाङ्ग लगायतको जिल्लाहरूको काठमाडौंमा रहेका पुँवार खड्काहरूको उपस्थिति थियो ।

यसरी चिलंखे खड्का गुठी "पुँवार खड्का गुठी"मा परिणत भएपछि चिलंखे खड्का परिवारहरूले आफ्नो सानो पारिवारिक संस्था हराएको र एकाएक टुहुरो भएको अनुभव गर्नुको साथै आपतकालिन पारिवारिक दुःख सुख सरसल्लाह कोसँग गर्ने? जस्ता कठिनाइहरू हुन थाल्यो । यसैक्रममा चिलंखे खड्का परिवारका सदस्यहरूको एक आपसमा भेटघाट र छलफल हुने क्रम चल्यो । स्व. श्री केन्द्रबहादुर खड्का, श्री देवेन्द्रबहादुर खड्का, श्री कमलबहादुर खड्का, डा श्री रामबहादुर खड्का, श्री नविनबहादुर खड्का, श्री वलदेव खड्का, श्री कल्याणध्वज खड्का र अन्य चिलंखे खड्का परिवारका सदस्यहरूको विशेष सक्रियतामा वि.सं. २०५७ साल श्रावण ७ गते पारीवारिक गुठी पुनः स्थापना गर्ने सम्बन्धमा छलफल भयो । उक्त छलफल कार्यक्रममा आफ्नो क्षेत्रको छुट्टै पहिचान पूर्वजहरूको अस्तित्व, गहिरो भातृत्व सम्बन्ध, समन्वय, समझदारी कायम गर्ने आवश्यकताको पहिचान गर्दै काठमाडौमा बसोबास गर्ने अचल सन्ततीहरूले फेरी डा. श्री रामबहादुर खड्काको संरक्षकत्वमा र स्व. श्री केन्द्रबहादुर खड्काको अध्यक्षतामा " चिलंखे खड्का समाज" नामक चिलंखे खड्काहरूको पारिवारिक संस्थाको पुनः स्थापना गर्‍यो र वि.सं. २०५९ साल चैत्र २४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौमा "चिलंखे खड्का समाज" को नामबाट दर्ता भयो । चिलंखे खड्का भन्नाले दोलखा जिल्लाको उत्तरी भेकमा पर्ने चिलंखे गाउँ विकास समिति क्षेत्र भित्रका पुँवार खड्काहरू मात्र नभै उक्त जिल्लाको उत्तरी भेकमा बसोबास गर्ने हिमु खड्काको सबै सन्तानहरू चिलंखा, लादुक, बुलुङ्ग, खोपाचागु, विगु, सुरी, सुनखानि गाविसको मलेपु र सिन्धुपाल्चोक जिल्लाको फुल्पिङ्गकट्टी गाविसका नारायणस्थानमा बसोवास गर्ने सम्पूर्ण पूँवार खड्काहरूलाई जनाउँदछ । आ-आफ्नो बसोबास भएको क्षेत्र र पुर्खाको नामबाट संस्थाको नाम राख्ने क्रममा केशी मनमुटाप तथा विवाद भएपछि दुईवटा संस्थाको जन्म भयो "चिलंखे खड्का समाज" र अचल सन्तति समाजको नामबाट । केही समय पछि एउटै संस्था बनाउनको निमित्त अचल सन्तति समाजले चिलंखे खड्का समाजसँग वार्ता गर्नका निमित्त श्री चित्र गजाधर खड्काको संयोजकत्वमा मुरारी खड्का, श्यामराज

खड्काको ३ सदस्यीय वार्ता टोलि गठन गऱ्यो उक्त वर्ता सफाल पारेर संस्था एउटै बनाउनको निमित्त श्री चत्रगजाधर खड्का, श्री गजेन्द्रबाहादुर खड्का, कमलबहादुर खड्का, श्री डा. रामबहादुर खड्का, श्री नविनबहादुर खड्का र श्री वलदेव खड्काको ठूलो योगदान रहेको छ। उक्त वार्ता सफल भएपछि यस समाजको वि.सं २०६२ साल मंसिर १८ गते बानेश्वरमा बसेको साधारण सभामा चिलंखे खड्का समाजलाई " चिलंखे खड्का अचल सन्तती समाज" मा परिवर्तन गरियोस भनी श्री हेमगजाधर खड्काले राख्नु भएको प्रस्ताव बहुमतद्वारा अनुमोदन भएको निर्णयलाई वि.सं २०६३ साल जेष्ठ २९ गतेका दिन जिल्ला प्रशासन कार्यालय, काठमाडौले समाजको संशोधित विधान स्वीकृत गऱ्यो। हाल यो समाज "चिलंखे खड्का अचल सन्तती समाज" को नाममा आफ्नो उद्देश्य अनुरुपकार्य गरिरहेको छ । श्री चन्द्रबहादुर खडकाद्वारा लिखित वंशावली सहितको पूँवार खड्काहरूको पुस्तक "चिलंखे खड्का एक छोटो चिनारी" दोस्रो संस्करण २०६३ मा प्रकाशित गरेको छ। यो संस्था समाज कल्याण परिषदमा पनि आवद्ध छ।

हिमुका सन्तान चिलंखे पुँवार खड्काहरूलाई सदस्यता प्रदान गर्ने, परिवार बिच भातृत्व लाई जीवन्त राखी पूर्वजले कमाएको प्रतिष्ठा वृद्धि गर्ने, ख्यातिप्राप्त खड्का परिवारका सदस्यहरूलाई सम्मान गर्ने, धार्मिक तथा सामाजिक सेवा गर्दै जाने, अचल सन्ततिहरू बिच आपसि समन्वय र सूचनाको आदनप्रदान गर्ने, औषोधपचार एवं मृत्यु संस्कारमा सहयोग गर्ने, जेहेन्दार छात्रछात्राहरूलाई छात्रवृद्धि प्रदान गर्दै जाने,प्रत्येक नवबर्षको प्रारम्भमा परिवारहरूको भेटघाट एवं मनोरन्जनको लागि वनभोज कार्यक्रम गर्ने, घर घरमा चिलंखे खड्का समाजको भित्तपात्रो पुऱ्याउने, टेलिफोन डाइरेक्टरी, देउढुङ्गा पारिवारिक पत्रिका प्रकाशित गर्ने, वडादशैको उपलक्ष्यमा शुभकामना आदानप्रदान गर्दै, सामुहिक टिका ग्रहण गर्ने, पुँवार वंशजहरूको अध्ययन तथा अनुसन्धान गर्ने, चिलंखे खड्का बसोवास गरेका क्षेत्रहरूमा क्रमशः समाजका शाखाहरू विस्तार गर्दै जाने, समाजका लागि आर्थिक स्रोत संकलन गर्नको लागि चौसी भैलोको आयोजना र चिठ्ठा कार्यक्रमहरू हरेक वर्ष निरन्तर रुपमा गर्दै आएको छ।

शैक्षिक बर्ष २०६८ मा दोलखा जिल्लाको उत्तरी भेकको ५ ओटा गाविसको माध्यमिक विद्यालय र शैक्षिक बर्ष २०६९ मा थप २ ओटा गाविस गरी ७ ओटा गाविसको ७ ओटा माध्यमिक विद्यालयमा छात्रवृत्ति प्रदान गरियो। यसरी छात्रवृत्ति प्रदान गर्दा कक्षा ८ को अन्तिम परिक्षामा प्रथम भएर जो कक्षा ९ मा अध्ययनरत छ उसैले कक्षा १० सम्म २ बर्ष निरन्तर छात्रवृत्ति पाउने छ । साथै शैक्षिक बर्ष २०७० मा थप एक प्रस्तावित मा.वि.गरी ७ गाविसको ८ ओटा माध्यमिक विद्यालयहरूमा छात्रवृत्ति प्रदान गरिने छ जुन क्रमशः श्री गौरीशंकर मा.वि.विगु डोल-विनोद छात्रवृत्ति, श्री हिमालय मा.वि. खोपाचागु चिलंखे खड्का अचल सन्तति समाज शैक्षिक छात्रवृत्ति, प्रस्तावित श्री देविटार माध्यमिक विद्यालय लोटिङ्ग नन्दा-केन्द्र छात्रवृत्ति, श्री हिमालय माध्यमिक विद्यालय चिलंखा सोम-भक्त छात्रवृत्ति, श्री शान्ति आदर्श उच्च मा.वि.लादुक कृष्ण-प्रचण्ड-वदम छात्रवृत्ति, श्री सारदा माध्यमिक विद्यालय बलुङ्ग दीप-विष्णु छात्रवृत्ति, श्री हलेश्वर उच्च मा.वि. सुरी चिलंखे खड्का अचल सन्तति समाज शैक्षिक छात्रवृत्ति, श्री निलकण्ठेश्वर उच्च मा.वि. जुँगु रत्न-डबल छात्रवृत्ति। जेहेन्दार छात्रवृत्तिको मासिक रकम रु ५००/- रहेको छ।

संस्था चलाउन र छात्रवृत्तिको व्यवस्था गर्न चिलंखे खड्का अचल सन्तती समाजले अक्षयकोषको व्यवस्था गरेको छ । अक्षयकोषमा हाल रकम रु १६,७९,२१५/- र कमल खड्का लोटिङ्ग हाल बानेश्वर काठमाडौले प्रस्तावित श्री देविटार माध्यमिक विद्यालयमा

छात्रवृत्तिको लागि प्रदान गर्नु भएको रकम रु १००,१०१/- गरी जम्मा रु १७,७९,३१६/- रहेको छ। छात्रवृत्तिको लागि रकम रु ४,००,०००/- अक्षय कोषमा जम्मा हुन बाँकी छ। हाल उक्त रकमको ब्याज मात्र प्राप्त भएको र सो रकम प्राप्त भए पछि कोषमा जम्मा रु. २१,७९,३१६।- हुनेछ। यस बाट रकम रु. ८,००,०००।- को ब्याजबाट छात्रवृत्ति प्रदान गरिने छ भने १३,७९,३१६।- को ब्याजबाट समाज सञ्चालनको लागि कार्यसमितिले तोकिएको शिर्षक अनुसार निर्णय गरेर खर्च गर्न सक्नेछ। साथै अन्य खड्का दाताहरूबाट पनि रकम उपलब्ध गराउने आश्वासन प्राप्त भएकोछ।

उक्त समाजको १२ औं साधारण सभा श्री चित्रगजाधर खड्काको अध्यक्षतामा र संरक्षक श्री चन्द्रबहादुर खड्काको प्रमुख आतिथ्यमा सम्पन्न भयो। उक्त साधारण सभामा ८४ औं बसन्तपार गरिसकेको अचल सन्तती समाज परिवारका वयोवृद्ध श्री पदमबहादुर खड्का (८८) सुरी, पूर्व अध्यक्ष पुँवार खड्का गुठी श्री हेमगजाधर खड्का (८५) वुलुङ्ग, श्री तिलक बहादुर खड्का (८५) लादुक, श्रीमती बालकुमारी खड्का (८६) लादुकलाई अभिनन्दन र शैक्षिक क्षेत्रमा विशेषज्ञता हासिल गर्नु भएकोमा सुश्री डा. ज्वलन खड्का चिलंखालाई सम्मान गरियो। यस समाजको कार्यविधि २ बर्षको छ। प्रत्येक बर्ष साधारण सभा, लेखा परिक्षण र मासिक रुपमा कार्य समितिको बैठक गर्दै आएको छ। यस समाजको वर्तमान अध्यक्ष श्री नविनबहादुर खड्काले उपलब्ध गराउनु भएको घर पिंगनस्थान गौशालामा कार्यालय रहेकोछ।

*पुँवार खड्का गुठीका आजीवन सदस्य हुनुहुन्छ।*

## शुभकामना



-सुशिला खड्का

**शुभकामना छ, विजयादशमीको**
**हामी सबै महिलालाई ॥**
**उन्नती होस, प्रगति होस् आजको जस्तै**
**भोलि पनि रहोस्, अझ अरु बढोत्तरी होस्**
**हिजो गुमेको अधिकार,**
**हराएको हाम्रो समानता**
**अनि, गरीमा र स्वतन्त्रता ......!**
**विस्तारै भए पनि हाम्रो हातमा आउदैछन्**
**विस्तारै हाम्रा दिनहरु फेरिदैं छन्**
**हल्का हल्का गुलाबी पाराले ...........**
**अहा, हुन्न हुन्न**
**हाम्रा मुहारमा फेरिएका तेजिला रङ्गहरुले**
**कसैको गरिमा र स्वतन्त्रतालाई धक्का दिनुहुन्न**
**पाएको अधिकार कलंकित पार्नु हुन्न**
**हामीसँग वीरता छदै थियो**
**अब पाएको अधिकार**
**अनि-स्वाधिनताको अविरे रङ्गमा अक्षता मुछेर**
**आफ्ना सन्ततिहरुलाई आर्शीवाद दिऊ.....**
**"चिरिञ्जिवी भव" देशको माया गर**
**हाम्रो सबैलाई शुभकामना छ, दशैंको, विजय होस् सधैं...२**

*लेखिका गुठीका केन्द्रीय सदस्य हुनुहुन्छ।*

## चुटकिला

डाक्टरले विरामी जाँचेर: आमा, औषधि लखिदिएको छु, पानीमा हालेर दिनको दुइ पटक खानु होस् र एक हप्ता पछिफेरि आउनुस है !

विरामी : हस

एक हप्ता पछि : डाक्टरसाप जाँच्दै: ल ठिक हुनुभएछ आमा, खैं त्यो अस्तिको कागज दिनुहोस त औषधि थप घट गरिदिन्छु।

विरामी: कागज ! ......कागज त डाक्टर सापले भने जस्तै गरेर पानीमा हालेर खाएको नि त : !

डाक्टरसाप : हँ ....!!!



# वालकको चेतनामा संचारको प्रभाव

-रहर बहादुर खड्का

हामीलाई सुन्दा सामान्य लाग्छ तर यहाँ हरेक आमा बाबुलाई आफ्नो कार्य व्यस्तताको बेर्फुसतिले गर्दा आफ्ना नानी बाबुहरूलाई प्रति गहिरिएर सोच्नँ र उनीहरूको आफ्नो दैनिक अनि बानी, जीवन शैली के कस्तो किसिमले बिताइ रहेका छन् कस्तो किमिसको शिक्षा पाएको छन् कस्तो सोचको विकास भएको छ। भन्ने तर्फ हामी आमाबाबु (अभिभाबक)कति चिन्तित छौ भन्ने बिषयमा सोच्नु पर्ने अबस्था आएको देखिन्छ । किनभने हाल आएर बिभिन्न किसिमको बिकास तिब्र गतिले अगाडि बढेका पाइन्छ। तर कुन किसिमको बिकास हाम्रो जीवन ब्यबहारमा आबश्यक पर्छ । र आफ्नो जीवनको दैनिक ब्यवहारमा काम कार्य देखि राष्ट्रको महत्वपूर्ण काममा योगदान गर्न सक्ने ज्ञानको बिकास हुन जरुरी देखिएको छ। यहाँ हाम्रो देशमा द्रुतगतिमा सूचना तथा सञ्चारको बिकास भएको छ । त्यपछि चेतनामूलक कुराहरूको विकास भएको छ र अर्को भनेको एक आपसमा त भन्दा म ठूलो भन्ने सोचको विकास भएको छ भन्ने अन्य महत्वपूर्ण विषयमा समान्य विकास मात्र मान्न सकिन्छ ।

(१) सूचना तथा संचारको विकासबाट भएको राम्रो तथा नराम्रो बालविकासमा पर्नसक्ने असरहरू :

(क) नेपालमा सूचनाको विकास भए पश्चात संसार भरका नागरिकले आफ्नो सूचनाको हक एक ठाउमा बसेर सूचना प्राप्त गर्न सक्ने भएकोछ। यसलाई महत्वपूर्ण पक्ष मान्न सकिन्छ । जस्तै टेलिफोन, टेलिभिजन, इमेल, इन्टरनेट, कम्प्युटर लगायतका संचार उपकरणहरूको विकासको माध्यमबाट आफ्नो सूचनाको हक एक ठाउँमा बसेर संसार भर के भइरहेको छ भन्ने विषयमा जान्न बुझ्न सकिने भएको छ तर सँगसँगै यस्ता चिजहरूलाई कसरी कुन किसिमले प्रयोग गर्ने भन्ने विषयमा हामी अझैं प्रष्ट हुन सकिरहेको छैनौं यस्ता किसिमको विकासले हाम्रा नानी बाबुहरूप्रति कस्तो किसिमको शिक्षा प्रदान भइरहेको छ ? त्यसतर्फ हामीले कतिको सोच विचार गरेका छौ एक पटक साच्चै फर्केर हेर्ने बेला भएको छ र आफूले पनि कस्तो शिक्षा प्राप्त गरियो भन्ने विषयमा हामी अभिभावक वर्गले पनि सोच्नु पर्ला कि ?

(ख) नेपालमा सूचना तथा संचारको विकासले बालिकाहरूलाई नयाँ नयाँ कुराको ज्ञान प्राप्त भएको छ तर आफ्नो देशको प्राकृतिक कुराहरूलाई भने विर्सन वाध्य पारेको देखिन्छ । किन भने अहिले हाम्रा नानी बाबुहरूलाई आफ्नो देशेको मौलिक कुराहरू भन्दा फरक कुनै वैज्ञानिकले लेखेको लेखको मात्र घोकाई हरेक नीजि विद्यालय तथा कलेजहरूमा बढी महत्वका साथ जोड दिएर पढाएको पाइन्छ र विस्तारै सरकारी विद्यालय हरूमा पनि यसैको प्रभाव पर्न थाली सकेको छ। अझ् भनौ गाउँले जीवन आफै पनि आफ्नो प्राकृतिक स्रोत सम्पदालाई चट्ट विर्सन सक्ने अवस्थामा देखिंदैन । तर शहरिया जिवन भनेको

आमा बाबुका जिवन आर्थिक अभावले सधैं जीवन गुजाराका लागि भनौं या आर्थिक मोह व्यस्त भइरहने र नानी बाबुहरूलाई स्कुल जान जबरजस्ती मात्र गर्ने। अनि आफैले करतो संस्कार सिकाउनु पर्छ । स्कुलबाट कस्तो शिक्षा प्राप्त गरिरहेको छ भन्ने तर्फ ध्यान दिन नसक्नु जस्ता कारणले गर्दा हामी अभिभावहरूले आफ्ना नानी बाबुहरूलाई हामी आफैंले त बिगारी रहेको छैनौं किन कि शहरमा कुनै पनि कडा परिश्रम गर्ने किसिमको काम कम हुन्छ हलुका काम मात्र गर्ने बानीपरेको हुन्छ। शहरीया जीवन भनेको मान्छेले एक अर्काको काम गरेको भरमा बाच्ने हुन्छन् । एक दिन काम गर्न नपाएको खण्डमा सबै परिवार भोको हुनु पर्छ भन्ने बुझेको हुन्छन अनि अरु सबै कुरा विर्सन पुग्दछ मात्र पैसा

हामीले धेरै अधिको कुरा गर्नु भन्दा पनि २० देखि २५ वर्ष अधिकै कुरा गर्दा पनि थाहा हुन्छ। अहिले नेपाल सरकारमा रहेका उच्च पदस्थ कर्मचारी भनौ राजनीतिज्ञ भनौ विशिष्ट विद्वान व्यक्तित्वहरू सबैमा धेरै थोरै सबै आफ्नो जिम्मेवारी परिस्थिति अनुसार पुरा गर्न सक्ने सामार्थ्य र क्षमता भएको देखिन्छ तर शैली शहरिया जीवनको विदेशी वैज्ञानिकले लेखेको लेखलाई मात्र अध्ययन गरेको आधारमा विदेशी कुराहरू जान्न त सकिएला तर आफ्नो मौलिकता सास्कृतिक प्राकृति, नैतिक अनुशासन भन जोगाउन सकिने छैन । त्यसैले मेरो भनाई विदेशी कुराको खोजी नगरौं भन्ने खोजेको होइन आफ्ना स्वदेशी परम्परागत सम्पूर्ण कुराहरूलाई पनि संरक्षण गर्दै हालका विकासे छलाङहरूको साथमा हाम्रा नानी बाबुहरूलाई अगाडि बढाउन सकियो भने मात्र साँच्चै भोलिका राष्ट्रका कर्णधार युवा हुनेछन् । नत्र आफ्नो देशको विषयमा प्राकृतिक ज्ञान सिप हासिल गर्न नसक्दा आफूले आफूलाई जान्न नसक्दा अहिलेको राजनैतिक अवस्था जस्तै भोली हाम्रा नानी बाबुको अवस्था नहुनु के बेर त्यसले बेलैमा होस पुऱ्याएर आफ्ना नानी बाबुहरूको भोलिको भविष्यको लागि विदेशी विज्ञानको साथमा स्वदेशी प्रकृतिक, सांस्कृतिक नैतिक अनुशासनको विषयमा अध्ययन अध्यापन भएको छ कि छैन आ-आफ्नै नानी बाबुहरू पढ्ने विद्यालयहरूमा सामुहिक छलफल गरी स्वदेशी कुराहरलाई संरक्षण गर्न र विदेशी विज्ञानकोलेखलाई पनी पाठ्यपुस्तक मार्फत अगाडी बढाउनु सके स्वदेशी तथा विदेशी सबै पक्षको संरक्षण गर्दै हाम्रा नानी बाबुहरूको मनोबल उच्च राख्न सकेमात्र भोलिका राष्ट्रका कर्णधार उत्पादन गर्न सकिन्छ ।

हामीले जहिले पनि आफूले प्रयोग गर्न सक्ने शीपको विकास गर्न आवश्यक हुन्छ किनकी आज सिकेको शीप भोलि उस्को लागि जीवन उपयोगी बन्न सकोस अनि मात्र उस्ले सिकेको ज्ञान सिपको सार्थक हुनेछ । जस्ले आज आर्जन गरेको ज्ञान सिपले भोलि आफ्नो जीवनमा प्रयोग गरेर आत्मनिर्भर बन्न सकिदैन भने त्यस्ता सीप ज्ञान प्राप्त गरेको महत्व हुने छैन ।

(ग) संचार क्षेत्रमा बालबालिकाहरूलाई कस्तो चेतनशील कार्यक्रम रोचक किसिमले प्रस्तुत गरी जनचेतना जगाउन सकिन्छ बाललिकालाई कुन समयमा कस्तो शैक्षिक कार्यक्रम प्रस्तुत गर्ने कुन कार्यक्रम बालबालिकाको लागि जविन उपयोगी बन्न सक्छ त्यस तर्फ नेपाल सरकारबाट नै विद्युतिय प्रसारण माध्यमहरू टेलिभिजन, रेडियोबाट रुटीन बनाई प्रसारण गर्दा उनीहरूको एउटा महत्वपूर्ण पाठ हुने थियो। तर अहिले जति प्रसारण भइरहेको विद्युतिय संचार माध्यमबाट के सिक्न सकिन्न छ भने झगडा गर्न छुरा चक्कु प्रहार

गर्न, कुट्न पिट्न लुट्न अपहारण लगायतका घटनाहरू प्रसारण हुने हुँदा कतिले त्यस्तै किसिमको चरित्र सिक्ने र आफ्नो जिवनमा प्रयोग गर्नाले समाजमा नराम्रो शिक्षा प्रदान हुने हुँदा कति टेलिफिल्महरू प्रसारण गर्दा बालबालिका लगायत समाजमा कस्तो प्रचार गर्दा राम्रो सन्देश जान्छ त्यसता किसिमको नीति नियम कडाईका साथ लागु गर्ने हो भने आम समाजमा नैतिक अनुसशान कायम हुने थियो । यस समाजमा कहीं कतै पनि नैतिक अनुशासन भएको कमै पाइन्छ । छोराले बाबुलाई आफ्नो मान मर्यादा गर्न नसक्नु, चेलाले गुरुको आज्ञापालना नगर्नु, नजान्नेले जान्नेको सिको गर्न नमान्नु सबै भन्दा ठूलो मै हो भन्नु, को ठूलो को सानो छुट्याउन नसक्नु नै अहिलका विकृतिहरू हुन । यसलाई हामीले रोक्न नस्कने हो भने भविष्यमा समाजको ठूलो रोग यहि हुनेछ ।

२. जन चेतना सम्बन्धमा : कुनै समय यस्तो थियो नेपालमा कसैले एक आपसमा खुलेर कुरा गर्न पाउँदैन थिए, कसैले कसैसँग कुनै कुराजान्न सिक्न पाउँदैन थिए । यो ठूलो त्यो सानो भन्ने भेदभाव गरिन्थ्यो । एकले अर्काको श्रम शोषण शारिरिक यातना मानसिक यातना दिने गरिएकै कारण परिवर्तनको महशुस गरी विगतमा धेरै चरणका आन्दोलनहरू भए राजनैतिक चेतना जगाउँदै गए कैयौ सपुतहरू सहिद भए कैयौं वेपता भए तर पनि एकोहोरो चेतना मात्र जगायो । राजनीति पनि स्वच्छ र स्वस्थ हुन सकेन । नेपालमा अहिले गाउँ टोल देखी जिल्ला सदरमुकाम हुँदै ठूला शहर राजधानी सम्मका व्यक्तिको जनचेतना जगाउने काम त भयो तर सही ठाउँमा प्रयोग हुन पाएन । कसैले बोल्न सक्दैनथे बोल्न सक्ने भए कोही ठुला थिए कोही साना थिए । कसैको अधिकार बढी थियो कसैलाई अधिकारनै थिएन हाल सबै बराबर भएका छन अधिकार सारा नेपालीको बराबर भएको छ । तर अर्को कुरा के हराएको छ भने नैतिक अनुशासन भने समाप्त भएको छ किन भने यहाँ सबै बराबर छन कस्ले भनेको कस्ले मान्ने को ठूलो को सानु भन्ने इगो बढेको छ साना ले ठूलाको आदर गर्ने नजान्नेले जान्नेसँग सिक्न र जीवन व्यवहारमा प्रयोग गर्ने राम्रो काम जुन सुकै विचार समूहले गरे पनि मूल्यांकन गरी सम्मान गर्ने सकरात्मक सोचको जनचेतना भने जाग्न सकेन त्यसै कारण पनि भोलिको सवल राष्ट्र निर्माण गर्न अहिले को बालबालिकाहरूलाई आफ्नो जीवन राष्ट्रप्रति बढी जागरुक बन्नको लागि चेतनामूलक शिक्षाको माध्यमबाट आफ्नो जिम्मेवारी दायित्व बोध हुने गरी जनचेतनामुलक कार्यक्रमबाट प्रशिक्षित गर्नुपर्ने देखिन्छ । चेतना जगाउनु समाजमा ठूलो उपलब्धी हो तर गलत ठाउँमा प्रयोग हुँदा स्वयंम व्यक्ति लगायत राष्ट्र असफल बन्न सक्छ त्यसैले सफल व्यक्ति बनि सफल राष्ट्र निर्माण गर्नका लागि आजका बालबालिका भोलिका कर्णधार हुन भने आज देखि उनिहरूको आचरण अनि बानी व्यवहारिक जीवन उपयोगी शिक्षा साथै विकसित युगको विदेशी वैज्ञानिकशिक्षा समेत समाबेश गरी शैक्षिक पाठ्य सामाग्रीमा जोड दिउ र विकसित साधन स्रोतसही सदुपयोग गरौं ।

३. तँ भन्दा म ठूलो भन्ने सोचको विकास सस समाजमा सबै भन्दा ठूलो रोगको रुपमा कसैलाई नमान्ने म ठूलो भन्ने सोचको विकास सबैभन्दा छिटो भएको छ । यस किसिमको समस्याले गर्दा समाजमा भित्र भित्र क्यान्सर फैलिएरहेको अनुभव भइरहेको छ । यसलाई समयमा उपचार गर्न सकिएन भने रोकथाम गर्न सकिएन भने सिङ्गो समाज प्रदुषणको सिकार बन्नेछ । त्यस कारण

पनि कहिल्यै पनि हाम्रा नानी बाबुहरू म ठूलो भन्ने अहमबाट टाढा राख्ने वातावरण आफ्नो घर समाज र स्कुलमा विकास गरौं ।

मानिसमा विचार र विवेक मात्र ठूलो हुन्छ । बुद्धि र व्यवहारले ठूलो हुन्छ भन्ने विषमया प्रशिक्षित गर्नु नै आजको महत्वपूर्ण उपलब्धी हुनेछ । यहाँ कोही पनि मानिस उस्को भौतिक शरिरले ठूलो हुँदैन । कुनै पनि मानिस उस्को सम्पतिले ठूलो हुँदैन । र समाजमा सही बाटो नदेखाउने ठुलो हुने छैन यहाँ जहिले पनि महाकवि लक्ष्मीप्रसाद देवकोटाले कवितामा उल्लेख गरे झैं "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन" भन्ने मूल मन्त्र हाम्रो छोरा छोरीलाई सिकाउन जरुरी छ नत्र यहाँको राजनीतिक चेतना र विदेशी शिक्षा भित्र रही रहन दिने हो भने उनिहरूको भविष्यको जीवन जिउने आधार अन्धकार मात्र हुनेछ किनकी हामी देखि रहेका छौं । विदेशी वैज्ञानिकहरले लेखेको किताबी घोकाई घोकेकै कारण उसले सानै उमेर देखि विदेशकै विषयमा बढी चासो राख्ने गरेको र एस.एल.सी. भन्दा माथिको शिक्षा विदेशमा आर्जन गर्ने र विस्तारै उनिहरू त्यहाँको वातावरणमा मिलेरे आफ्नो देशलाई परदेश सरह मान्नेहरू पनि देखिएको छ । आफ्नो देशको जनशक्ति वर्षे पिच्चे यो वा त्यो कारणबाट विदशे पलायन भएकै छन् । यहाँ गाउँका युवा शहर र शहरको युवा विदेश वर्षे पिच्छे ठूलो संख्यामा बाहिरिएकै छन् । गाउँमा बढाबुढी २/४ जना सोझा सिधा भन्दा अरु कोही भेटिदैन । हुन त आफ्नो देश छाडेर परदेश धेरै ठूलो हुन्छ होला र आफू पनि ठूलो भइन्छ होला तर पनि आफु जन्मेको देश भन्दा ठूलो परदेश कहिल्यै हुन सक्तैन भन्ने कुरा भुलेका छन् । हामीलाई आफ्नो देशमा निर्धक्कसँग सम्मान साथ बाँचने अधिकार छ । तर विदेशमा हामी जति ठूलो भए पनि दोस्रो दर्जाको नागरिक भएर बाँच्नु पर्नेछ । त्यसैले हामी एक आपसमा कोही ठूला तथा साना छैनौं विचार र व्यवहार नै हुनेछ भन्ने कुरामा गर्व गरौं यसैमा सबैको भलाई हुनेछ ।

लेखक पुँवार खड्का गुठीका केन्द्रीय सदस्य हुनुहुन्छ ।






## धन

धनले किताब पाइन्छ
तर ज्ञान पाइदैन
धनले आभूषण पाइन्छ
तर रुप पाइदैन
धनले सुख पाइन्छ
तर शान्ति पाइदैन
धनले विछ्याउना पाइन्छ
तर निन्द्रा पाइदैन ।
धनले साथी पाइन्छ
तर असल मित्र पाइदैन ।



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**उद्धव के.सी. (खड्का)**
अधिवक्ता
जनचेतना ल फर्म, डिल्लीबजार, काठमाडौं





# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्रद्धा इन्स्टिच्युट अफ हेल्थ साइन्स**
बालकुमारी-१२,ठिमी, भक्तपुर, फोन नं. ६६३१६१३,६६३२३९४
संचालित कार्यक्रम:
पि.सी. एल. नर्सिङ्ग ३ वर्षे ,डिप्लोमा इन फार्मेसी ३ वर्षे



# सत्यलाई स्वीकार गरौं

-लक्ष्मी बहादुर खड्का 'निराला'

दोश्रो जनआन्दोलनको रुपमा मान्यता प्राप्त २०६२/०६३ को आन्दोलनको भावना भित्र समेटिएका विषय वस्तुलाई नियालेर हेर्दा वास्तवमा त्यो आन्दोलन किन भयो भन्ने कुरो बुझ्न कस्ता मानिसहरूको सहभागिता रह्यो त्यो जान्नु सर्वाधिक महत्वपूर्ण छ भन्ने कुरो आज पनि सान्दर्भिक छ। जनआन्दोलनको विषयमा आजसम्म चर्चा नै भएन भन्ने मेरो भनाई होइन बल्कि जुन कोणबाट हेर्ने प्रयास गरेको छु संभवतः त्यस कोणबाट अहिले सम्म अध्ययन वा विश्लेषण भएको छैन।

श्री ५ महाराजधिराज विरेन्द वीर विक्रम शाह र मौसुफको सम्पूर्ण परिवारको जसरी हत्या निर्शश थियो त्यसमा आज मात्र हैन भविष्यमा पनि विवाद हुन सक्तैन। एउटा राजा वा व्यक्तिको हत्या मात्र नभै राष्ट्र र राष्ट्रियता माथीकै प्रहार थियो भन्ने कुरो समय र परिस्थितिले निर्विवादरुपमा पुष्टि गर्दै आएको अवस्था छ। आज देश सञ्चालनको चावी अन्तै छ भन्ने देशको सम्माननीय प्रधानमन्त्रीज्यूबाट अभव्यक्ति आउनुले पनि उक्त उल्लेखित अवधारणलाई पुष्टि गर्दछ। आज देश दिशाविहीन अवस्थामा गतिशील भएको जस्तो देखिन्छ। जुन दिशामा गतिशील भएको देखिन्छ त्यसले राष्ट्र र राष्ट्रियताको संरक्षण तथा समबर्द्धन गर्ने ठाउँमा पुऱ्याउँछ जस्तो लाग्दैन। यस्तो अवस्था आउनमा दोषी को ? भन्ने प्रश्नको जवाफ खोज्दा अरुलाई दोष दिनुभन्दा आत्म परीक्षण गरी अन्तर्मुखी भै उक्त प्रश्नको जवाफ खोज्नु नै श्रेयस्कर हुने र आफूलाई सच्याई अग्रगमनको दिशामा निश्चित गन्तव्यको निर्धारण गरी गतिशील हुन आजको अपरिहार्य आवश्यकता हो अन्यथा हामी यस्तो खाडलमा गै जाकिन्छौं जहाँबाट बाहिर निस्कन सयकडौं वर्षको अथक परिश्रम पनि कम पर्न सक्छ ? अतः नेपाल र नेपालीको भविष्यलाई डोऱ्याउने राजनीतिको गन्तव्य निश्चित गर्न माथि लेखिए बमोजिम जनआन्दोलनको भावनालाई चिन्नु सर्वाधिकरुपमा अनिवार्य आवश्यकता तर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गर्न चाहन्छु।

२०५२/०५३ सालदेखि प्रारम्भ भएको ने.क.पा. माओवादीको जनआन्दोन विस्तारै हिंसक आन्दोलनको रुप ग्रहण गरेको र यस्को सञ्चालकहरू कहाँ कस्को संरक्षकत्वमा आफ्नो गतिविधिमा मलजल गर्दै यस देशभित्र सार्वजनिक र व्यक्तिगत सम्पतिको हानी नोक्सानी र लुटको कथा वा सुरक्षा निकाय माथीको हमला र कब्जाको बारेमा समय खेर फाल्नु मेरो उद्देश्य होइन तर संक्षेपमा भन्नु पर्दा जस्को सहयोगबाट तथाकथित जनयुद्ध सफल हुने सपना साकार नहुने देखि इज्जत जोगाउने गरी कुनै सम्झौतामा पुग्न सकिन्छ कि भन्ने सोचाइमा माओवादी पुगी सकेको अवस्थामा नेपाली राजनीतिलाई बलपूर्वक आफ्नो कब्जामा राख्न सफल नेपाली कांग्रेसका नेता स्व. गिरिजाप्रसाद कोइराला मित्र राष्ट्रको मित्रनेताहरूको सहयोगमा १२ बुँदे दिल्ली सम्झौतामा सामेल भै नेपाली काँग्रेस एमाले लगायतको अन्य दलहरूको सहभागितामा संचालित आन्दोलनमा माओवादीहरूको पनि सक्रिय सहभागिता हुन थालेपछि निश्चित र निर्विवादरुपले सडकमा जनसैलाव देखिएको हो, यसमा विवाद गर्नु आफैले आफैलाई धोका दिनु हुन जान्छ। त्यसैले यसको भित्र

रहेको विषय वस्तुको अध्ययन गरिनु वल्कि आजको गन्तव्य निर्धारणको सन्दर्भमा उपयोग हुन सक्छ।

त्यस समय नेपाली काँग्रेसको नेतृत्वमा सञ्चालित आन्दोलनमा जनसहभागिता न्युन रुपको थियो, त्यो आन्दोलन रत्नपार्कको ओरपर मात्र केन्द्रित थियो, त्यसैले कुनै पनि किसिमले असरदायी दवाव श्रृजना गर्न सकेको देखिदैनथ्यो। तर बाह्रबुँदे दिल्ली सम्झौता पछि त्यो आन्दोलनमा एकाएक यस्तो जनसहभागिता देखियो जसलाई नियन्त्ण गर्न हम्मे हम्मे परेको कुरो आज पनि मेरो दिमागमा ताजै छ। यदि त्यसलाई दबाउन तत्कालिन सरकारले आवश्यक बल प्रयोग गरेको भए सोचेभन्दा बढी जोखिमपूर्ण हुन सक्दथ्यो त्यसैले अप्रिय घटनाको मात्र कमसेकम होस भन्ने चाहना दरबारकै भएकाले जुन प्रकारको जनसहभागिता त्यो आन्दोलनमा रह्यो र त्यही आन्दोलनको आडमा जसरी निहित स्वार्थी प्रवृत्तिहरूले खेल खेले त्यसबाट झन अप्रिय घटनाहरूको मात्रा अझ बढ्न सक्दथ्यो तर त्यसो नहुनुको एकमात्र कारण दरबारको सुझबुझ पूर्ण नेतृत्व थियो भन्दा मलाई कुनै प्रकारको झिझक महसुस भएको छैन। जे होस जसरी होस सो जनआन्दोलन एउटा सम्झौतामा टुंगियो। सम्झौता मुलरुपमा निरंकुशताको अन्त र तत्कालिन संविधानले व्यवस्था गरेको प्रतिनिधिसभाको पुनर्स्थापना र प्रजातन्त्रको बहाली जुन शाही घोषणाले जनआन्दोलनमा विराम लाग्यो त्यो शाही घोषणा ठिक थियो थिएन वा त्यो शाही घोषणा स्वेच्छाले भएको थियो थिएन र त्यसको परिपालना भयो कि भएन मेरो लेखको त्यो विषय होइन तर त्यस आन्दोलनमा सहभागी भएको केही उल्लेख्य र निर्णायक प्रवृतिको बारेमा चर्चा गर्न मन लागेकोले केही अभिव्यक्ति गर्ने धृष्टता गरेको छु।

आजको समय जनयुद्धको नामले र द्वन्दकालमा आतंकवादी भनिने क्रियाकलापबाट जनसाधारण र भद्रभलाद्मीको जीवन दुभर भएको अवस्थामा जसरी भए पनि देशमा शान्ति आओस भन्ने व्यक्तिहरूको अत्याधिक तादात र इमान्दारीपूर्वक राजनैतिक दर्शनबाट निर्देशित नियन्त्रित व्यक्ति हरूको अल्प उपस्थिति तथा निहित स्वार्थी भावनाबाट अभिप्रेरित केही राजनैतिक नेतृत्व र सोझा साझा जनतालाई दिग्भ्रमित गरी भविष्यको ललिपप देखाइएको भरमा डोरिएका केही जनहरू समेतको सहभागितामा भएको जनआन्दोलनमा आजको लुटतन्त्र र निरंकुशतन्त्रको पृष्ठपोषण गर्ने कतै पनि कुनै भावना र प्रवृति समाहित भएको देखिएको थिएन। तसर्थ आजको व्यवस्था र अवस्था जनआन्दोलन-२ को भावनाको विलकुलै विपरति वल्कि सत्ता कब्जा गर्ने त्यो पनि नेपाल र नेपालीको लागि नभै आफ्नो मालिकको लागि मात्र उद्देशीत छ भन्ने कुराको प्रमाण हालको प्रधानमन्त्री र मन्त्री परिषद्को क्रियाकलापले नै पुष्टि गरेको सचेत नागरिकले अनुभुत गरेकै कुरा हो। जुन संविधानको आधारमा आफू पदासीन भएको हो (सोही संविधान नेपालको अन्तरिम संविधान २०६३) को धारा ३८ को उपधारा ६ को देहाय (ख) को व्यवस्थाले पदच्युत भएको अवस्थालाई सहज रुपमा स्वीकार न गर्नुको र सोही संविधानको धारा ३८ (१) र धारा ४३ को व्यवस्थालाई नजर अन्दाज गर्नुबाट पनि निरंकुशता र निहित स्वार्थलाई परिलक्षित गरेको अवस्था छ।

अत: अन्तमा भन्नुपर्दा जनआन्दोलनको कारण र परिणामको सही राष्ट्रियताको परिप्रेक्षमा बुझ्नबाट पलायन हुनु र सही मूल्यांकन नगर्नाकै कारण आज नेपाल एकातिर राजनैतिक निरंकुशता र अर्को तर्फ चरम भ्रष्टाचार र नाफा एवं कमिशनखोरको चंगुलमा फसी अराजक, अशान्ति र कानुनी राज्यको शुन्यताको दिशामा र अन्तत: औपनिवेशिक अवस्था तर्फ उन्मुख भएको टड्कारो सत्यलाई इन्कार गर्न खोज्दा हामी झन संकटग्रस्त अवस्थामा फस्दै जाने निर्विवाद अवस्थाबाट समयमा सचेत हुन र रहन सर्वाधिक उत्तम उपाय हुन सक्छ निकाशको लागि। सत्यलाई स्वीकार नगरेसम्म र सहअस्तित्वलाई इन्कार गरी रहदासम्म निकास सम्भव हुँदैन यो नै अटल सत्य हो भन्ने मेरो धारणा विनम्रतापूर्वक सकारात्मक चिन्तनको लागि प्रस्तुत छ।

*लेखक: गुठीका केन्द्रीय सल्लाहकार तथा पूर्व महान्यायधिवक्ता हुनुहुन्छ।*

# हार्दिक





# शुभकामना

विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरूमा
सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

## दि फुलबारी होटल लिमिटेड

कास्की, पोखरा

# गुठीको गतिविधिहरू

### शुभकामना आदान प्रदान

गुठी २०६८ सालको विजया दशमी तथा शुभ दिपावलीको अवसरमा गुठीका सदस्य एवं बन्धुहरूलाई आमन्त्रण गरेर शुभकामना आदान प्रदानको कार्यक्रम गुठी भवन गोठाटारमा आयोजना गरेको थियो। गुठीका पूर्व अध्यक्षहरू, सल्लाहकारहरू, वर्तमान कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू तथा अन्य पुँवार खड्का बन्धुहरू सहभागी रहेको उक्त कार्यक्रममा बन्धु वान्धवहरूवीच विजयादशमी तथा शुभदिपावलीको शुभकामना आदान प्रदान गरी बन्धु एकता प्रकट गरिएको थियो। उक्त कार्यक्रममा गुठीको प्रकाशन "पुँवार सन्देश" पत्रिका पनि वितरण गरिएको थियो।

### ब्रोसर प्रकाशन

पुँवार खड्का गुठीले देश भित्र र बाहिर रहेका पुँवार खड्काहरूलाई संगठित गर्दै गुठीलाई गतिशिल बनाउन प्रचार प्रसार गर्ने उद्देश्यले एक ब्रोसर (संक्षिप्त परिचय) प्रकाशन गरेको छ। उक्त ब्रोसर (संक्षिप्त परिचय) मुलकुका विभिन्न जिल्लाहरूका साथै मुलुक बाहिर पनि प्रेशित गरिएको छ।

### वेभसाईट निर्माण

गतिविधि, क्रियाकलाप र पुँवार खड्का सम्बन्धी विविध विषयमा गुठीको सम्पूर्ण पुँवार खड्काहरू वीच जानकारी रहोस र गुठीमा आवद्ध रहनु सहज हुने उद्देश्यले एउटा वेभसाइटको लामो समय देखि आवश्यकता रहेको महशुस गरेको थियो। अत उक्त 'वेभसाइट' निर्माणको निमित्त गुठीका सल्लाहकार, पदाधिकारी एवं सदस्यहरूको आर्थिक सहयोगबाट निर्माण अन्तिम अवस्थामा पुगेको छ र निकट भविष्यमै पुँवार खड्का गुठीको छुट्टै वेभसाइट रहनेछ।

### साधारण सभा सम्पन्न

पुँवार खड्का गुठीको १४ औं साधारण सभा गुठीको केन्द्रीय कार्यालय भवन गोठाटारमा २०६९ असार २३ गते सम्पन्न भएको थियो। गुठीको केन्द्रीय अध्यक्ष रुद्रबहादुर खड्काको अध्यक्षतामा भएको उक्त साधारण सभाको प्रमुख अतिथि गुठीका सल्लाहकार एवं पूर्व मन्त्री गणेशबहादुर खड्का हुनु हुन्थ्यो। साधारण सभाको कार्यक्रममा अतिथि वक्ताहरूमा पुँवार खड्काका छोरी पूर्वमन्त्री मिना खड्का (पाण्डे) पूर्व सभासद सीता खड्का (मैनाली) ले आफूहरू यसरी माइती पक्षले सम्झेर आमन्त्रण गरेकोमा हर्षित हुँदै आफूहरू सधैं गुठीको साथ रहने बताउनु भएको थियो। त्यस्तै पूर्व न्यायधिश जनार्दन बहादुर खड्का लगायत सल्लाहकार पुस्करबहादुर खड्का, डोटी जि.वि.स.का पूर्व सभापति भरत खड्काले पनि उक्त साधारण सभालाई सम्बोधन गर्नु भएको थियो भने अन्य सहभागीहरूले मन्तव्य व्यक्त गर्नु भएको थियो। महासचिव दीपक खड्काले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। गुठीले आ.व. ०६८।६९ को कोषाध्यक्ष सुधामबहादुर खड्काबाट प्रस्तुत लेखा परिक्षण प्रतिवेदन पारित गरिएको थियो सो सभामा गुठीका उपाध्यक्ष श्रीसहदेव खड्काले स्वागत मन्तव्य राख्नु भएको थियो।

### शैक्षिक पुरस्कार वितरण

गुठीबाट स्थापित "स्व. पदमकुमारी खड्का" शैक्षिक पुरस्कार दोलखा जिल्लाका प्रवेशिका परीक्षामा उत्कृष्ट अंक ल्याउने सुश्री लक्ष्मी दहाललाई गत भाद्र २३ गते शिक्षा दिवसको समारोहमा गुठीका प्रतिनिधि श्रीद्वारिका खड्का एवं रणदिप खड्काबाट वितरण गरिएको थियो।

**संगठन विस्तार**

गुठीको संगठन विस्तारको क्रममा उपाध्यक्ष द्वय सहदेव खड्का र बोलेन्द बहादुर खड्का तथा सदस्य हरिशरण खड्का पश्चिमाञ्चलको बाग्लुङ तथा म्याग्दी जिल्लामा र महासचिव दीपक खड्का सु.प.को कैलाली र म.प.का वर्दिया जिल्ला भ्रमण गई पुँवार खड्का बन्धुसँग सम्पर्क गरी गुठीको संगठन विस्तारको लागि प्रयास गर्नु भएको थियो ।

**गुठीलाई आर्थिक सहयोग प्रदान**

पुँवार खड्का गुठीका केन्द्रीय सदस्य श्री भरत कुमार खड्काले गुठीको कोष वृद्धिको निमित्त पटक पटक गरेर रु. १५०००।- प्रदान गर्नु भएको छ। उहाँले आगामी दिनमा यसै गरी निरन्तर सहयोग जारी राख्ने प्रतिवद्धता प्रकट गर्नुभएको छ । पुँवार खड्का गुठीको कार्यसमिति वैठकले उहाँलाई धन्यवाद ज्ञापन गरेकोछ ।





हार्दिक शुभकामना

विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सरोज खड्का**
**हाइवे कन्स्ट्रक्सन प्रा.लि**
काठमाडौं






हार्दिक शुभकामना

विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ओम सूर्य बचत तथा ऋण सहकारी संस्था लि.**
वटु, काठमाडौं



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**माउण्ट एभेरेष्ट ब्रुअरी परिवार**

चितवन



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मारुती सिमेन्ट परिवार**

सिराह



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख,
समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जेम्स स्कूल परिवार**

धापाखेल,ललितपुर



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. चुडाबहादुर खड्का**

## तामे शैलुङ्ग लेखापढी तथा कानूनी सेवा

डिल्ली बजार, काठमाडौं, फनेन नं. ९८५१०९४२९१



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली
२०६९ को शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण
आदरणीय दाजुभाई दिदिबहिनीहरुमा सुख, समृद्धि एवं उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ओलम्पिया वर्ल्ड कलेज**

**ओलम्पिया वर्ल्ड स्कूल**

बबरमहल, काठमाडौं

# पुवाँर खड्का गुठी

## केन्द्रीय समितिका वर्तमान कार्य समिति

**संरक्षक**

पूर्वमन्त्री

श्री खुमबहादुर खड्का — दाङ

**सल्लाहकार**

पूर्वराज्य मन्त्री

श्री गणेश बहादुर खड्का — दैलेख

श्री चन्द्रबहादुर खड्का — दोलखा

श्री ललित बहादुर खड्का — म्याग्दी

श्री पुष्करबहादुर खड्का — दोलखा

श्री लक्ष्मीबहादुर 'निराला' खड्का — सिरहा

श्री बलदेव खड्का — दोलखा

श्री रामबहादुर खड्का — दोलखा

**अध्यक्ष**

श्री रुद्रबहादुर खड्का — दोलखा
०१-४४६४६२१

**उपाध्यक्ष**

श्री सहदेव खड्का — दोलखा
०१-४४९६००१

**उपाध्यक्ष**

श्री बोलेन्द्रबहादुर खड्का — दोलखा
०१-४४८९१३०

**महासचिव**

श्री दीपक खड्का — दोलखा
०१-४४७२३१७

**सचिव**

श्री निरञ्जन खड्का — रामछाप
९८४१७३२००१

**सह-सचिव**

श्री टिकाध्वज खड्का — महोत्तरी
९८४१५१३११२

**कोषाध्यक्ष**

श्री सुधाम बहादुर खड्का — दोलखा
०१-४४८४०५४

**सह-कोषाध्यक्ष**

श्री बाबुराम खड्का — सिन्धुपाल्चोक
९८५१०६७००१

**सदस्यहरू:**

श्री हरीशरण खड्का — दोलखा
०१-४४९२५०९

श्री रामेश्वर खड्का — काठमाडौं
०१-४४८८०२६

श्री मनोहरी खड्का — काठमाडौं
९८५१०१०१८४

श्री दिर्घबहादुर खड्का — रामेछाप
०१-४४८८६४१

श्री दीपक खड्का — संखुवासभा
९८५१०५३९१९

श्री प्रदीप खड्का — भक्तपुर
०१-६६१०३९५

श्री रहर बहादुर खड्का — दोलखा
९८५१०८९०६३

श्री भरत खड्का — झापा
९७५१०१०९६४

श्रीमती शान्ती खड्का — काठमाडौं
४४९९००७५

श्री जनार्दन खड्का — भक्तपुर
०१-६६३१७८८

श्री केशर कुमार खड्का — दोलखा
०१-४८११६०८

श्री सुमन खड्का — म्याग्दी
०१-४४७३१७३

श्रीमती सुशीला खड्का — भक्तपुर
०१-६६३४२६६

श्री सुरेन्द्र खड्का — काठमाडौं
९८८१६५५०००



# हार्दिक शुभकामना



विजयादशमी तथा दिपावली २०६९ को
शुभ उपलक्ष्यमा देश तथा विदेशमा रहनु भएका
सम्पूर्ण आदरणीय पुँवार खड्का बन्धु वान्धव,
दाजुभाई, दिदिबहिनी तथा शुभेच्छुकहरुमा सुख,
समृद्धि सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय

# शुभकामना

## पुँवार खड्का गुठी

केन्द्रीय कार्यालय
गोठाटार, काठमाडौं





# विजया दशमी

तथा

दीपावली-२०६९ को

पावन उपलक्ष्यमा सम्पूर्ण पेट्रोलियम व्यवसायी तथा
आदरणीय ग्राहकवर्गहरूमा सुख, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर
प्रगतिको लागि हार्दिक मंगलमय

# शुभ-कामना



**नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसियशन**

कार्यसमिति सचिवालय, कोटेश्वर, काठमाडौं


बचतले दिन्छ
FREEDOM
SAVINGS ACCOUNT
भविष्यमा हरदम
एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank India)
Consistent, Strong & Dependable
१० - १६ वर्षसम्मका बालबालिकाहरुलाई आफ्नै बचत खाता खोल्ने सुविधा
ATM कार्ड सित्तैमा पाइने
न्यूनतम मौज्दात : रु. १००/- मात्र
नाबालक आफैले पैसा जम्मा गर्न र झिक्न सकिने